# आर्थिक वर्ष २०७६/७७ को

# मन्त्रालयगत प्रगति विवरण


प्रदेश सरकार

प्रदेश नं ५

## आर्थिक मामिला तथा योजना मन्त्रालय

बुटवल, नेपाल


२०७७

# भूमिका

नेपालको संविधानको धारा २०७ को उपधारा (२) मा प्रत्येक आर्थिक वर्षको वार्षिक अनुमान प्रदेश सभा समक्ष पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र त्यस्तो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक, सामाजिक विकासका लागि प्रदेश सरकारले गरेको लगानी, स्वीकृत क्रियाकलाप र खर्च गर्ने निकायहरुको वित्तीय खर्चको वास्तविकता प्रदेश सभासमक्ष प्रस्तुत गर्ने संवैधानिक व्यवस्था अनुरुप सम्बन्धित मन्त्रालय र निकायहरुबाट प्राप्त विवरण एकीकृत गरी प्रदेश सभा समक्ष पेश गरिएको छ ।

यस विवरणले सार्वजनिक निकायहरुको कार्य सम्पादनलाई थप पारदर्शी र उत्तरदायी बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने कुरामा म विश्वस्त छु । प्रस्तुत विवरणमा सबै मन्त्रालय तथा निकायहरुको संक्षिप्त परिचय, उद्देश्य, रणनीति, कार्यक्षेत्र, विद्यमान नीतिगत तथा कानूनी व्यवस्था, संगठनात्मक संरचना, आर्थिक वर्ष २०७५/७६ को आषाढ मसान्तसम्मको यथार्थ खर्च विवरण, चालु आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्मको यथार्थ खर्च, आषाढ मसान्तसम्मको अनुमानित खर्च र प्रदेश सञ्चित कोषमा प्राप्त भएको आम्दानीको विवरण समावेश गरिएको छ । साथै सो अवधिसम्मको यथार्थ खर्च, स्थानीय तहलाई गरिएको वित्त हस्तान्तरणको अवस्था, सम्पादन भएका महत्वपूर्ण कार्यहरु र बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको प्रगति लगायतका महत्वपूर्ण विवरणहरु समेत संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

चालु आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनमा गत आ.व. २०७५/७६ को अवधिको तुलनामा प्रगति तथा खर्चको अनुपात बढेको पाइएको छ । प्रस्तुत प्रगति विवरणबाट मन्त्रालयको भौतिक तथा वित्तीय गतिविधि, सम्पादित महत्वपूर्ण कार्यहरु र मन्त्रालयगत सार्वजनिक स्रोत परिचालनको बारेमा प्रदेश सभालाई यथार्थ स्थिति जानकारी हुने विश्वास लिएको छु । प्रस्तुत प्रतिवेदन प्रदेश सरकारका सार्वजनिक निकायहरुको गतिविधिमा जिज्ञासु सरोकारवाला सबैलाई उपयोगी हुने देख्दछु । प्रतिवेदन तयार गर्नका लागि आवश्यक विवरण उपलब्ध गराई सहयोग पुऱ्याउने मन्त्रालय तथा निकाय र प्रतिवेदनलाई एकीकृत गरी सम्पादन गर्ने आर्थिक मामिला तथा योजना मन्त्रालयका कर्मचारीलाई धन्यवाद दिन चाहन्छु ।

**शंकर पोखरेल**
**मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्री**

# विषय-सूची


**परिच्छेद १ ....................................................................................................१**

परिचय ........................................................................................................ १

१.१ पृष्ठभूमि.................................................................................................१

१.२ प्रदेशको आर्थिक वर्ष २०७६/७७ को बजेट र खर्चसँग सम्बन्धित विवरण ................................२

१.३ प्रदेशको आर्थिक वर्ष २०७६/७७ स्रोत परिचालनसँग सम्बन्धित विवरण ..................................२

१.४ आर्थिक वर्ष २०७६/७७ को वित्तीय संघीयता कार्यान्वयन सम्बन्धी विवरण .............................. ४

१.५ प्रदेश अर्थतन्त्र.............................................................................................५

**परिच्छेद-२ ..................................................................................................१०**

प्रदेश सभा सचिवालय.......................................................................................... १०

२.१ पृष्ठभूमि................................................................................................. १०

२.२ दीर्घकालीन सोच .......................................................................................... १०

२.३ उद्देश्य..................................................................................................... १०

२.४ रणनीतिहरु ................................................................................................ १०

२.५ कार्यक्षेत्र .................................................................................................. १०

२.६ कानुनी तथा नीतिगत व्यवस्था ............................................................................११

२.७ संगठन संरचना तथा जनशक्ति ...........................................................................१२

२.८ आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु...........................................१३

२.९ आर्थिक वर्ष २०७६/७७ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण................ १४

२.१० वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण........................................... १४

२.११ राजस्व संकलनको विवरण................................................................................. १८

२.१२ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण .................................... १८

२.१३ समस्या तथा चुनौतीहरु.................................................................................... १८

२.१४ समस्या समाधानका लागि चालिएका कदमहरु........................................................... १९

२.१५ आगामी कार्यदिशा ......................................................................................... १९

२.१६ निष्कर्ष...................................................................................................... १९

**परिच्छेद-३ ..................................................................................................२०**

प्रदेश लोक सेवा आयोग ....................................................................................... २०

३.१. पृष्ठभूमि................................................................................................. २०

३.२. दीर्घकालीन सोचः ........................................................................................ २०

३.३ उद्देश्यः.................................................................................................... २०

३.४. रणनीतिहरु ........ २०
३.५ आयोगको काम, कर्तव्य र अधिकारः ........ २१
३.६. कानुनी तथा नीतिगत व्यवस्थाः ........ २१
३.७ संगठन संरचना तथा जनशक्ति ........ २२
३.८ सम्पादन भएका महत्वपूर्ण कार्यहरु ........ २३
३.९ तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण ........ २३
३.१० वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण ........ २४
३.११ राजस्व संकलनको विवरण ........ २५
३.१२ समस्या तथा चुनौतीहरु ........ २५
३.१३ समस्या समाधानका लागि चालिएका कदमहरु ........ २५
३.१४ आगामी कार्यदिशा ........ २५
३.१५ निष्कर्ष ........ २६
**परिच्छेद-४ ........ २७**
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ २७
४.१ पृष्ठभूमि ........ २७
४.२ दीर्घकालीन सोच ........ २७
४.३ ध्येय ........ २७
४.४ लक्ष्य ........ २७
४.५ उद्देश्य ........ २७
४.६ रणनीति ........ २८
४.७ कार्यक्षेत्र ........ २८
४.८ कानुनी तथा नीतिगत व्यवस्थाहरु ........ २९
४.९ संगठन संरचना तथा जनशक्ति ........ ३१
४.१० तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण ........ ३३
४.११ वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण ........ ३३
४.१२ राजस्व संकलनको विवरण ........ ३७
४.१३ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण ........ ३७
४.१४ समस्या तथा चुनौतीहरु ........ ३८
४.१५ समस्या समाधानका लागि चालिएका कदमहरु ........ ३८
४.१६ आगामी कार्यदिशा ........ ३८
**परिच्छेद-५ ........ ३९**
आन्तरिक मामिला तथा कानून मन्त्रालय ........ ३९

५.१ पृष्ठभूमि........................................................................................................................................ ३९
५.२ दीर्घकालीन सोच ............................................................................................................................ ३९
५.३ उद्देश्य............................................................................................................................................ ३९
५.४ रणनीतिहरु ..................................................................................................................................४०
५.५ कार्यक्षेत्र ......................................................................................................................................४०
५.६ कानुनी तथा नीतिगत व्यवस्था .......................................................................................................... ४१
५.७ सांगठनिक संरचना र जनशक्ति ......................................................................................................... ४३
५.७.१ सांगठनिक संरचना ...................................................................................................................... ४३
५.८ आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न भएका महत्वपूर्ण कार्यहरु ...........................................................४४
५.९ आर्थिक वर्ष २०७६/७७ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण ................४६
५.१० आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरुको प्रगति विवरण४७
५.११ राजस्व संकलनको विवरण..........................................................................................................५४
५.१२ विकास आयोजना तथा कार्यक्रमहरूबाट सिर्जित रोजगारीको विवरण....................................५४
५.१३ समस्या तथा चुनौतीहरू ...............................................................................................................५४
५.१४ समस्या समाधानका लागि चालिएका कदमहरू ...........................................................................५५
५.१५ आगामी कार्यदिशा........................................................................................................................५५
५.१६ निष्कर्ष...........................................................................................................................................५६
**परिच्छेद-६ ..................................................................................................................................५८**
आर्थिक मामिला तथा योजना मन्त्रालय ...........................................................................................५८
६.१ पृष्ठभूमि........................................................................................................................................५८
६.२ दीर्घकालीन सोच ............................................................................................................................५८
६.३ उद्देश्य............................................................................................................................................५८
६.४ रणनीतिहरु ....................................................................................................................................५८
६.५ कार्यक्षेत्र ........................................................................................................................................५८
६.६ कानुनी तथा नीतिगत व्यवस्था ..........................................................................................................६०
६.७ संगठन संरचना र जनशक्ति विवरण.................................................................................................. ६१
६.७.१ संगठन संरचना ............................................................................................................................ ६१
६.८ प्रदेश लेखा नियन्त्रक कार्यालय ....................................................................................................... ६२
६.९ आर्थिक वर्ष २०७६/७७ फागुन मसान्तसम्ममा सम्पादन भएका महत्वपूर्ण कार्यहरु ..................६४
६.१० कानुन निर्माणको अवस्था ...............................................................................................................६६
६.११ वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण ........................................................६६
६.१२ प्रदेश राजस्व विवरण ...................................................................................................................... ७३

६.१२ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः ....................................७४

६.१३ समस्या तथा चुनौतीहरु ....................................७४

६.१४ समस्या समाधानका लागि चालिएका कदमहरु ....................................७५

६.१५ आगामी कार्य दिशा ....................................७५

६.१६ निष्कर्ष ....................................७६

**परिच्छेद-७ ....................................७७**

भौतिक पूर्वाधार विकास मन्त्रालय ....................................७७

७.१ पृष्ठभूमि ....................................७७

७.२ दीर्घकालीन सोच ....................................७७

७.३ उद्देश्य ....................................७७

७.४ रणनीतिहरु ....................................७७

७.५ कार्यक्षेत्र ....................................७७

७.६ कानुनी तथा नीतिगत व्यवस्था ....................................७९

७.७.२ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः .................................... ८१

७.८ कानून निर्माणको अवस्था ....................................८५

७.९ चालु आर्थिक वर्ष ०७६/७७ को यस मन्त्रालयको नीति तथा कार्यक्रमहरुः ....................................८५

७.५ राजस्व संकलनको विवरणः ....................................९९

७.१० विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः ....................................१००

७.११ समस्या तथा चुनौतीहरुः ....................................१००

७.१२ समस्या समाधानका लागि चालिएका कदमहरुः ....................................१००

७.१३ आगामी कार्यदिशाः ....................................१००

७.१४ निष्कर्ष .................................... १०१

**परिच्छेद-८ ....................................१०२**

सामाजिक विकास मन्त्रालय .................................... १०२

८.१ पृष्ठभूमि .................................... १०२

८.२ दीर्घकालीन सोच .................................... १०२

८.३ उद्देश्य .................................... १०२

८.४ रणनीतिहरु .................................... १०२

८.५ कार्यक्षेत्र .................................... १०३

८.६ कानुनी तथा नीतिगत व्यवस्था ....................................१०६

८.७ संगठन संरचना तथा जनशक्ति ....................................१०८

८.७.२ दरबन्दी तेरिज ....................................१०९

८.८ आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरुः ........ १११
८.९ आर्थिक वर्ष २०७६/७७ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण ........ ११२
८.१० राजस्व संकलनको विवरण ........ १२३
८.११ मन्त्रालय अन्तर्गतका विकास आयोजनाका कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण ........ १२३
८.१२ समस्या तथा चुनौतीहरु ........ १२३
८.१३ समस्या, समस्या समाधानका प्रयास तथा आगामी कदमः ........ १२४
८.१४ निष्कर्ष ........ १२४
**परिच्छेद-९ ........ १२५**
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ........ १२५
९.१ पृष्ठभूमि ........ १२५
९.२ दीर्घकालीन सोच ........ १२५
९.३ उद्देश्य ........ १२५
९.४ रणनीतिहरु ........ १२६
९.५ कार्यक्षेत्र ........ १२८
९.६ कानुनी तथा नीतिगत व्यवस्था ........ १३१
९.७ संगठन संरचना र जनशक्ति ........ १३२
९.८ सम्पादन भएका महत्वपूर्ण कार्यहरू ........ १३६
९.९ तयार भएका ऐन नियमावली तथा कार्यविधिको विवरण ........ १३७
९.१० वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण ........ १३८
९.११ राजस्व संकलनको विवरण ........ १५१
९.११.१ आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश राजस्व संकलन विवरण ........ १५१
९.१२ समस्या तथा चुनौतीहरू ........ १५१
९.१३ समस्या समाधानका लागि चालिएका कदमहरू ........ १५२
९.१४ आगामी कार्यदिशा ........ १५२
९.१५ निष्कर्ष ........ १५२
**परिच्छेद-१० ........ १५३**
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ........ १५३
१०.१ पृष्ठभूमि ........ १५३
१०.२ दीर्घकालीन सोच ........ १५३
१०.३ उद्देश्य ........ १५३
१०.४ रणनीतिहरु ........ १५४
१०.५ कार्यक्षेत्र ........ १५५

१०.६ कानुनी तथा नीतिगत व्यवस्था ..........१५६
१०.७ संगठन संरचना तथा जनशक्ति ..........१६०
१०.८ सम्पादन भएका महत्वपूर्ण कार्यहरु .......... १६३
१०.९ तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण..........१६५
१०.१० वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण ..........१६६
१०.११ राजस्व संकलनको विवरण ..........१७४
१०.१२ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण..........१७४
१०.१३ समस्या तथा चुनौतीहरु ..........१७५
१०.१४ समस्या समाधानका लागि चालिएका कदमहरु ..........१७५
१०.१५ आगामी कार्यदिशा..........१७५
१०.१६ निष्कर्ष ..........१७६

**परिच्छेद-११ .......... १७७**

मुख्य न्यायाधिवक्ताको कार्यालय ..........१७७
११.१ पृष्ठभूमि ..........१७७
११.२ दीर्घकालीन सोच..........१७७
११.३ उद्देश्य ..........१७७
११.४ रणनीतिहरु..........१७७
११.५ कार्यक्षेत्र..........१७८
११.६ कानुनी तथा नीतिगत व्यवस्था..........१७९
११.७ संगठन संरचना तथा जनशक्ति..........१८०
११.८ सम्पादन भएका महत्वपूर्ण कार्यहरु .......... १८१
११.९ वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण.......... १८२
११.१० राजश्व संकलनको विवरण ..........१८४
११.११ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण..........१८४
११.१२ समस्या तथा चुनौतीहरु ..........१८४

**परिच्छेद-१२ .......... १८६**

प्रदेश योजना आयोग..........१८६
१२.७ संगठन संरचना र जनशक्ति विवरण ..........१८७
१२.७.१ संगठन संरचना..........१८८
१२.८ आर्थिक वर्ष २०७६/७७ फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु..........१८९
१२.९ कानुन निर्माणको अवस्था .......... १९३
१२.१०. विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारी विवरणः ..........१९४

१२.११ समस्या तथा चुनौतीहरु ......................................................................................१९५
१२.१२ समस्या समाधानका लागि चालिएका कदमहरु ..........................................................१९५
१२.१२ आगामी कार्यदिशा.....................................................................................................१९५
१२.१४ निष्कर्ष .......................................................................................................................१९५
**परिच्छेद-१३ ..................................................................................................................१९७**
निष्कर्ष र सुझाव...........................................................................................................१९७
१३.१ निष्कर्ष.........................................................................................................................१९७
१३.२ सुझाव...........................................................................................................................१९८

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

मुलुकको समग्र विकास तथा सार्वजनिक हित प्रवर्द्धन गर्न सार्वजनिक निकायहरुले आफ्ना विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आएका हुन्छन्। यस्ता क्रियाकलापहरु सम्पादन गर्न ती निकायहरुले सार्वजनिक कोषको समेत परिचालन गर्नुपर्ने हुन्छ। सम्पादित क्रियाकलाप र सोको लागि प्रयोग भएको आर्थिक स्रोत समेतको विवरण सरोकारवालाको जानकारीका लागि आवधिक रुपमा सार्वजनिक गर्नु सार्वजनिक निकायको प्रमुख दायित्व हो। सुशासनका विभिन्न आयामहरुमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व महत्वपूर्ण पक्षको रुपमा रहेको हुन्छ । सार्वजनिक निकायहरुले आफ्नो जवाफदेहिता कायम राख्दै पारदर्शिताका माध्यमबाट उत्तरदायित्व वहन गर्न सम्पादित क्रियाकलापहरु आवधिक रुपमा प्रकाशन गर्नुपर्ने हुन्छ ।

नेपालको संविधानको धारा २०७ मा प्रदेशको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेश सभा समक्ष राजस्वको अनुमान, प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू, प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरू समेत खुलाई वार्षिक अनुमान पेश गर्नुपर्ने र सो बमोजिमको अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नुपर्ने व्यवस्था रहेको छ । प्रदेश नं. ५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १३ मा प्रदेश अर्थमन्त्रीले संविधानको धारा २०७ मा उल्लेखित विवरणका अतिरिक्त अघिल्लो आर्थिक वर्षमा गरिएको अनुमान अनुसार राजस्व संकलनको विवरण समेत समावेश गर्नुपर्ने व्यवस्था समेत रहेको छ । उल्लेखित कानुनी प्रावधानका आधारमा प्रदेश सरकार अन्तर्गतका विभिन्न मन्त्रालय तथा निकायहरुबाट आर्थिक वर्ष २०७६/७७ को आठ महिनाको अवधि (वि सं २०७६ साउन देखि फागुन मसान्त सम्म) मा भए गरेका कार्यहरुको विवरण समावेश गरी यो प्रतिवेदन तयार गरिएको छ ।

प्रस्तुत प्रगति विवरणमा प्रदेश सरकारका सबै मन्त्रालय/आयोग/सचिवालय/प्रतिष्ठानको लागि आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा प्रथम आठ महिनाको खर्च र उपलब्धिहरुको विवरण समावेश गरिएको छ । आर्थिक वर्ष २०७६/७७ को प्रदेश सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटले निर्धारित गरेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थालाई निकायगत रुपमा छुट्टाछुट्टै रुपमा प्रस्तुत गरिएको छ । सो अवधिमा प्रदेश सरकारलाई नेपाल सरकारबाट प्राप्त भएको अनुदान र राजस्व बाँडफाँटको रकम, प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको रकमहरु उल्लेख गरिएको छ । प्रदेशले संकलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँट भएको सवारी साधन करको रकम तथा स्थानीय तहबाट प्रदेश सरकारलाई प्राप्त राजस्व बाँडफाँटको रकम समेत समावेश गरिएको छ ।

प्रदेश योजना आयोगबाट प्रकाशित प्रदेशको वस्तुगत विवरण, अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षण, विभिन्न मन्त्रालयहरुबाट प्राप्त तथ्याङ्कहरुका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । प्रस्तुत प्रतिवेदनमा संलग्न गरिएका विवरणहरु सम्बन्धित मन्त्रालय/निकायहरुबाट जे-जस्तो अवस्थामा प्राप्त भएका छन् सोही रुपमा नै प्रस्तुत गरिएका छन् ।

## १.२ प्रदेशको आर्थिक वर्ष २०७६/७७ को बजेट र खर्चसँग सम्बन्धित विवरण

- आर्थिक वर्ष २०७६/७७ को लागि प्रदेश सरकारको कुल बजेट रू. ३६ अर्ब ४१ करोड ६८ लाखमध्ये सञ्चित कोषमाथि व्ययभार हुने रकम रू. ६१ लाख ९१ हजार र विनियोजन ऐन बमोजिम खर्च हुने रकम रू. ३६ अर्ब ४१ करोड ६ लाख ९ हजार रहेको छ ।
- विनियोजित रकममध्ये फागुन मसान्तसम्म चालुतर्फ रू. ५ अर्ब ७३ करोड ६७ लाख ८० हजार र पुँजीगततर्फ रू. ५ अर्ब ६७ करोड ३७ लाख २२ हजार गरी जम्मा रू. ११ अर्ब ४० करोड ५ लाख २ हजार खर्च भएको छ | जुन विनियोजित बजेटको चालुतर्फ ३२.१० प्रतिशत, पुँजीगततर्फ ३०.५४ प्रतिशत गरी जम्मा ३१.३१ प्रतिशत खर्च भएको देखिन्छ।
- गत आर्थिक वर्ष २०७५/७६ को सोही अवधिमा चालुतर्फ रू.२ अर्ब ३० करोड ९८ लाख ५३ हजार र पुँजीगततर्फ रू १ अर्ब ९३ करोड ३५ लाख ८५ हजार गरी जम्मा रू ४ अर्ब २४ करोड ३७ लाख ३८ हजार खर्च भएको थियो। जुन उक्त आर्थिक वर्ष को कुल बजेटको चालुतर्फ १३.३३ प्रतिशत, पुँजीगततर्फ १८.०५ प्रतिशत गरी जम्मा कुल बजेटको १५.११ प्रतिशत रहेको थियो।
- गत आर्थिक वर्षको उक्त अवधिको खर्चको तुलनामा यस आर्थिक वर्षमा चालुतर्फ १८.७७ प्रतिशत पुँजीगततर्फ १२.१९ प्रतिशत र कुल १६.२० प्रतिशत बढी रहेको छ ।
- चालु आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा मन्त्रालयगत विनियोजित बजेटमा सबै भन्दा बढी खर्च गर्ने मन्त्रालयको रुपमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय रहेको छ । जसले ३१.८० प्रतिशत खर्च गरेको छ भने सबैभन्दा कम खर्च गर्ने मन्त्रालयको रुपमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय रहेको छ । जसले आफ्नो मन्त्रालयको लागि विनियोजित बजेटको ८.७० प्रतिशत मात्र खर्च गरेको छ ।
- गत आर्थिक वर्ष २०७५/७६ मा नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान र समपुरक अनुदानमध्ये खर्च नभई बाँकी रकम रु ३ अर्ब ७१ करोड ८५ लाख चालु आर्थिक वर्ष २०७६/७७ संघीय सञ्चित कोषमा फिर्ता गरिएको छ ।
- प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र स्वीकृत बजेट कार्यान्वयन गर्न सो अवधिमा विभिन्न २१३ कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ भने आवश्यकताको आधारमा थप कार्यविधिहरु तर्जुमाको क्रममा रहेका छन् ।

## १.३ प्रदेशको आर्थिक वर्ष २०७६/७७ स्रोत परिचालनसँग सम्बन्धित विवरण

- नेपालको संविधान तथा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले कृषि आयमा लाग्ने कर प्रदेश सरकारको एकल अधिकारको सूचीमा समावेश गरेको र सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर र नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त शुल्क प्रदेश र स्थानीय तहको साझा अधिकारको क्षेत्रको रुपमा उल्लेख गरेको छ ।
- प्रदेश सरकारको एकल अधिकारको क्षेत्र अन्तर्गत कृषि आयमा कर लगाउन सक्ने प्रावधान रहेकोमा प्रदेश आर्थिक ऐन, २०७६ ले सो करको दर समेत निर्धारण गरेको र उक्त कर

व्यवसायीहरुले स्वेच्छिक रुपमा बुझाउन सक्ने व्यवस्था भए तापनि आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा सो करवापतको राजस्व संकलन हुन सकेको छैन ।

- आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँडको रकम रू. ४ अर्ब ३९ करोड १ लाख ९२ हजार, वित्तीय समानीकरण अनुदानवापत प्राप्त रकम रू. ५ अर्ब ६५ करोड ५० लाख ७५ हजार, सशर्त अनुदानवापत प्राप्त रकम रू. ५ अर्ब १४ करोड १६ लाख ३५ हजार, विशेष अनुदान वाफत ३४ करोड ५१ लाख ५६ हजार समपुरक अनुदानवापत ४० करोड ७ लाख ८० हजार स्थानीय तहबाट प्रदेश सञ्चित कोषमा राजश्व बाँडफाँडबाट प्राप्त रकम (घर जग्गा रजिष्ट्रेशन शुल्क समेत) रू. ५९ करोड १२ लाख ९४ हजार र प्रदेश अन्तरगतका निकायहरुबाट रु. १ अर्ब २८ करोड ६५ लाख ९० हजार गरी जम्मा रकम रु. १८ अर्ब ३९ करोड ४७ लाख ७५ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ।
- गत आर्थिक वर्ष २०७५/७६ को सोही अवधिमा नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँडको रकम रू. ३ अर्ब ८५ करोड ३१ लाख ५१ हजार, वित्तीय समानीकरण अनुदानवापत प्राप्त रकम रू ५ अर्ब १५ करोड २२ लाख ७५ हजार, सशर्त अनुदानवापत प्राप्त रकम रू. ७ अर्ब ३१ करोड ४२ लाख ७९ हजार, स्थानीय तहबाट प्रदेश सञ्चित कोषमा राजश्व बाँडफाँडबाट प्राप्त रकम (घर जग्गा रजिष्ट्रेशन शुल्क समेत) रू. ३७ करोड ८२ लाख २८ हजार, र प्रदेश अन्तरगतका निकायहरु बाट रु. १ अर्ब, २९ करोड, ३२ लाख, १७ हजार गरी जम्मा रकम रु. १७ अर्ब ९९ करोड ११ लाख ५० हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको थियो ।
- उल्लेखित रकम गत आर्थिक वर्ष २०७५/७६ को सोही अवधिको तुलनामा क्रमश: ४० करोड ३६ लाख २५ हजार रकम बढी रहेको छ ।
- फागुन मसान्तसम्ममा प्रदेश र स्थानीय तहबीच बाँडफाँड हुने राजस्व अन्तर्गत यातायात व्यवस्था कार्यालयबाट सवारी साधन कर लगायत अन्य यायायात सेवावापत १ अर्ब २८ करोड ५० लाख ९२ हजार, घरजग्गा रजिष्ट्रेशन शुल्क वापत ४५ करोड ८३ लाख ८८ हजार र स्थानीय तहबाट संकलन भएको रकम रु. १३ करोड २९ लाख ५ हजार गरी जम्मा १ अर्ब ८७ करोड ६३ लाख ८५ हजार सङ्कलन भएको राजस्व व्यवस्थापन सूचना प्रणाली (New RMIS) मा देखिन आउँछ।उक्त रकम महालेखा नियन्त्रक कार्यालयमार्फत प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्नेमा हालसम्म जम्मा भएको देखिँदैन । उक्त रकम गत आर्थिक वर्षको सोही अवधिमा १ अर्ब ४९ करोड ४ लाख ३६ हजार रहेको थियो । जुन गत आर्थिक वर्ष भन्दा २५.९ प्रतिशतले बढी रहेको छ ।
- उल्लेखित रकम बाहेक प्रदेश सरकारका मातहतका निकायहरुबाट संकलन हुने शुल्क तथा दस्तुरहरुवापत चालु आर्थिक वर्षको दोस्रो चौमासिकसम्ममा रु २४ करोड ३७ लाख ७५ हजार जम्मा भएको छ । जुन रकम गत आर्थिक वर्ष २०७५/७६ को सोही अवधिको रु १९ करोड ६ लाख ८ हजार को तुलनामा २९.९ प्रतिशतले बढी रहेको छ ।

- गत आर्थिक वर्ष २०७५/७६मा प्रदेश सरकारको आन्तरिक राजश्व र रोयल्टी गरी जम्मा २ अर्ब ४० करोडको लक्ष्य राखिएकोमा असार मसान्तसम्म २ अर्ब ८० करोड संकलन भई लक्ष्यको १२० प्रतिशत प्रगति भएको देखिन्छ ।
- यस आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सरकारको आन्तरिक राजश्व र रोयल्टी गरी जम्मा ४ अर्ब ८९ करोडको लक्ष्य राखिएकोमा फागुन मसान्त सम्म २ अर्ब ४६ करोड संकलन भई लक्ष्यको ५० प्रतिशत प्रगति भएको देखिन्छ र असार मसान्तसम्म यो प्रगति १२० प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

## १.४ आर्थिक वर्ष २०७६/७७ को वित्तीय संघीयता कार्यान्वयन सम्बन्धी विवरण

- गत आर्थिक वर्ष २०७५/७६ मा वित्तीय समानीकरण अनुदानवापत रू. ५० करोड, सशर्त अनुदानवापत रू. १ अर्ब र समपुरक अनुदानमा रु ५० करोड गरी जम्मा २ अर्ब विनियोजन गरिएकोमा वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानको सबै रकम तथा समपुरक अनुदानअन्तर्गत ८६ वटा स्थानीय तहका १४२ वटा आयोजना छनोट गरी रू. ३८ करोड ५२ लाख १४ हजार १ सय ५० को बजेट खर्चको आधारमा वित्त हस्तान्तरण गरिएको थियो ।
- समानीकरण अनुदान प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु नपर्ने भएको र अन्य अनुदानमा उक्त आर्थिक वर्षमा हस्तान्तरित रकममध्ये खर्च हुन नसकी रु ३० करोड ८८ लाख ६८ हजार चालु आर्थिक वर्षमा प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ ।
- प्रदेश भित्रका स्थानीय तहहरुको लागि आर्थिक वर्ष २०७६/७७ मा वित्तीय समानीकरण अनुदानवापत रू. ५० करोड, सशर्त अनुदानवापत रू. १ अर्ब ३८ करोड ९६ लाख, समपुरक अनुदानवापत रु १ अर्ब ५० करोड र विशेष अनुदानवापत १ अर्ब गरी जम्मा ४ अर्ब ३८ करोड ९६ लाख विनियोजन गरिएको छ । जुन प्रदेशको कुल बजेटको १२.०५ प्रतिशत हुन आउँछ ।
- आयोजना तथा कार्यक्रमहरु स्थानीय तहहरुमार्फत कार्यान्वयन हुँदा बढी प्रभावकारी हुने र जनताका आवश्यकताहरुको प्रत्यक्ष सम्बोधन हुने अपेक्षाका साथ गत आर्थिक वर्ष २०७५/७६ मा विनियोजित स्थानीय तह अनुदानमा भारी मात्रामा (११९.४८ प्रतिशतले) वृद्धि गरिएको थियो ।
- चालु आर्थिक वर्षमा स्थानीय तह विनियोजित बजेटको सीमाभित्र रही स्थानीय तहहरुको प्रस्तावका आधारमा समपुरक अनुदानतर्फ १०० वटा स्थानीय तहका ३६१ वटा आयोजना र विशेष अनुदानतर्फ ९८ वटा स्थानीय तहका १४९ वटा आयोजना स्वीकृत गरिसकिएको छ । जुन आयोजनाहरु स्थानीय तहहरुमार्फत कार्यान्वयन भइरहेका छन् ।
- फागुन मसान्तसम्म स्थानीय तह वित्त हस्तान्तरण अन्तर्गत समपुरक अनुदानतर्फ रु. १ अर्ब ३ करोड ७० लाख १७ हजार, समानीकरण अनुदानतर्फ ३६ करोड २५ लाख २६ हजार, विशेष अनुदानतर्फ ५९ करोड ०९ लाख ४६ हजार र सशर्त अनुदानतर्फ १ अर्ब १ करोड ४८ लाख ८० हजार गरी जम्मा रु ३ अर्ब ५३ लाख ३९ हजार हस्तान्तरण गरिसकिएको छ ।

- विशेष अनुदान सम्वन्धी व्यवस्थालाई कानूनसम्मत बनाई कार्यान्वयनमा सहजता ल्याउन विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ भने समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ मा थप सरलीकृत गरी प्रथम संशोधन गरिएको छ।

## १.५ प्रदेश अर्थतन्त्र

कोभिड-१९को असर आर्थिक सूचकाङ्कहरुमा देखिन थालेको छ । गत आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७६/७७ मा अर्थतन्त्र निकै संकुचित भएको छ ।केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७६/७७ मा नेपालको अर्थतन्त्रको आकार ३७ खर्व ६७ अर्ब ४ करोड रहने छ । यस प्रदेशको अर्थतन्त्रको आकार ५ खर्व ३४ अर्ब ११ करोड रहने अनुमान छ जुन नेपालको कुल गार्हस्थ्य उत्पादनको १४.२ प्रतिशत हुन आउँछ । यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर गत आर्थिक वर्षको तुलनामा घटेको छ जुन आधारभूत मूल्यमा २% हुने देखिन्छ। तीन वर्षको आर्थिक वृद्धिदरको प्रवृति तलको चित्रमा देखाइएको छ ।

चित्र नं १ आर्थिक वृद्धि दरको प्रवृति




(स्रोत: केन्द्रीय तथ्यांक विभाग, २०७७)

केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्कको आधारमा आर्थिक वर्ष २०७६/७७ मा यस प्रदेशको प्रति व्यक्ति कुल ग्राहस्थ्य उत्पादन वि.सं. २०५८ को स्थीर मूल्यमा रु. २४९५३ पुगेको अनुमान गरिएको छ । प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन आर्थिक वर्ष २०७५ /७६ मा रु. २४७९२ रहेको थियो । राष्ट्रिय स्तरमा आर्थिक वर्ष २०७६ /७७ मा प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन स्थीर मूल्यमा रु. ३४५१६ रहने अनुमान छ ।आर्थिक वर्ष २०७५/७६ मा उक्त आय रू. ३४४५३ रहेको थियो ।

**तालिकानं. १.१ प्रदेशगत आर्थिक र सामाजिक सूचकाङ्क**

| आर्थिक सामाजिक सूचकाङ्कहरु | प्रदेश नं. १ | प्रदेश नं.२ | बागमती | गण्डकी प्रदेश | प्रदेश नं.५ | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| जनसंख्या (प्रतिशत) | १७.१ | २०.४ | २०.९ | ९.१ | १७.० | ५.९ | ९.६ | १०० |
| जनघनत्व प्रति वर्ग कि.मी. | १७५ | ५५९ | २७२ | ११२ | २०२ | ५६ | १३१ | |
| क्षेत्रफल (प्रतिशतमा) | १७.६ | ६.६ | १३.८ | १५.३ | ११.८ | २१.६ | १३.३ | १०० |
| आर्थिक वृद्धि दर आधारभूत मुल्यमा (प्रतिशत) | ३.४ | २.३ | १.२ | २.७ | २.० | ३.६ | ४.१ | २.३ |
| कुल गार्हस्थ्य उत्पादनमा (आधारभूत मुल्यमा) | १५.८ | १३.८ | ३५.८ | ८.९ | १४.२ | ४.३ | ७.२ | १०० |
| बैंक तथा वित्तीय संस्थाको शाखा (संख्या) | १५६८ | १३५८ | २५०२ | १२७९ | १८५५ | ३७९ | ६९९ | ९६४० |
| कुल निक्षेपमा प्रदेशगत भाग | ६.५९ | ४.५२ | ७०.२३ | ७.५६ | ८.१२ | ०.९० | २.०८ | १०० |
| कुल कर्जामा प्रदेशगत भाग | ११.८८ | ८.९१ | ५५.६२ | ७.८२ | ११.७३ | १.१४ | २.९० | १०० |
| उद्योग दर्ता संख्या | ७७१ | ५५३ | ५४१९ | ६०४ | ६७८ | ७२ | ११५ | ८२१२ |
| स्थानीय सडक संजाल (कि.मि.) | १२३३१ | ५८७१ | १५४२५ | ११२९८ | ८९३१ | २७२५ | ४८१४ | ६१३९५ |
| बेरोजगारी संख्या (हजारमा) | १३६ | ३१७ | १६१ | ६० | १४४ | १३० | ५९ | ९०८ |

*(स्रोत: आर्थिक सर्वेक्षण, २०७६/७७, संघीय अर्थ मन्त्रालय)*

कुल जनसंख्याको १७ प्रतिशत जनसंख्या रहेको यस प्रदेशमा २०२ जनघनत्व रहेको छ । बेरोजगारीको संख्या १ लाख ४४ हजार रहेको छ ।यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या १८५५ रहेको छ ।देश भित्र रहेको कुल निक्षेपमा यस प्रदेशको देन ८.१२ प्रतिशत रहेको छ ।निक्षेप भन्दा कर्जाको माग झन्डै ४ प्रतिशतले बढी देखिन्छ ।प्रदेश नं.१ र प्रदेश नं.२ को तुलनामा बैंकको संख्या बढी भएर पनि कर्जा प्रवाह दर भने कम देखिन्छ ।

चित्र नं २ आर्थिक वर्ष २०७६/७७ मा कृषि एवम् गैर कृषि क्षेत्रको वृद्धि दर




*(स्रोत केन्द्रीय तथ्याङ्क विभाग, २०७७)*

प्रदेश नं. ५ को अर्थतन्त्रमा कृषि क्षेत्रमा २.८ प्रतिशत र गैर कृषि क्षेत्रको १.८ प्रतिशत वृद्धि दर हुने देखिन्छ ।गत आर्थिक वर्षको अवस्थालाई तुलना गर्दा कोविड़-१९ को असर कृषि क्षेत्रमा भन्दा गैर कृषि क्षेत्रमा बढी पर्ने देखिन्छ ।

औद्योगिक वर्गीकरण अनुसार प्रदेश अर्थतन्त्रमा भएको योगदान विभिन्न आर्थिक वर्षमा केही मात्रामा घटबढ भइरहेको छ । आर्थिक वृद्धिमा फरक फरक अवस्था आउँदा तिनीहरुको योगदानमा पनि फरक अवस्था देखिन्छ ।

**तालिका नं.- १.२ प्रदेश नं. ५ को अर्थतन्त्रमा औद्योगिक वर्गीकरण अनुसारको योगदान र वृद्धिदर**

*(प्रतिशतमा)*

| औद्योगिक वर्गीकरण | औद्योगिक वर्गीकरण अनुसारको योगदान | | | |
|---|---|---|---|---|
| | आर्थिक वर्ष | | | |
| | २०७३ /७४ | २०७४/७५ | २०७५/७६ | २०७६ /७७ |
| कृषि तथा वन | ३३.१९ | ३१.४७ | ३२.८६ | ३२.९८ |
| मत्स्यपालन | ०.७९२ | ०.७६१ | ०.८३ | ०.८८ |
| खानी तथा उत्खनन् | ०.६६३ | ०.६९६ | ०.६८ | ०.६२ |
| उद्योग | ६.३११ | ६.४०७ | ६.४७ | ५.८३ |
| विद्युत, ग्याँस तथा पानी | ०.७३४ | ०.७०८ | ०.७० | ०.७७ |
| निर्माण | ८.९३४ | ९.४२७ | ९.४१ | ८.८९ |
| थोक तथा खुद्रा व्यापार | ९.०७ | ९.७२१ | १०.२९ | ९.८८ |
| होटल तथा रेष्टुरेन्ट | १.६४५ | १.७२१ | १.५४ | १.१८ |
| यातायात,संचारतथा भण्डारण | ७.३६ | ७.०६४ | ६.९७ | ६.२१ |
| वित्तीय मध्यस्थता | ३.७७५ | ४.३७५ | ४.४२ | ४.६८ |
| रियलस्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | ६.४८४ | ६.७२९ | ६.८० | ६.९७ |
| सार्वजनिकप्रशासन र रक्षा | ३.३८६ | ३.१८२ | ३.२९ | ३.८३ |
| शिक्षा | ८.८८७ | ८.९२ | ८.८६ | ९.५५ |
| स्वास्थ्यर सामाजिक कार्य | २.४३६ | २.३५८ | १.९८ | २.२० |
| अन्यसामुदायिक, सामाजिक तथा व्यक्तिगत क्रियाकलापहरु | ६.३३२ | ६.४६३ | ४.९० | ५.५५ |
| कुल | १०० | १०० | १०० | १०० |

(स्रोतः केन्द्रीय तथ्यांक विभाग, २०७७)

औद्योगिक वर्गीकरण अनुसार कोविड-१९को असर निम्न चित्रमा देखाइएको छ ।उद्योग, होटल तथा रेस्टुराँ, निर्माण, खानि उद्योगमा चालु वर्षमा ऋणात्मक वृद्धि दर हुने देखिन्छ ।




(स्रोतः केन्द्रीय तथ्यांक विभाग, २०७७)

# परिच्छेद-२
# प्रदेश सभा सचिवालय

## २.१ पृष्ठभूमि

प्रदेश सञ्चालनका लागि निर्माण गरिएका दुई निकायमध्ये प्रदेशको नीति निर्माण गर्ने र कानून अनुसार प्रदेश सञ्चालनको पहरेदारी गर्ने सबैभन्दा अग्रणी निकाय प्रदेश सभा हो । प्रदेश सभाको यस्तो अग्रणी भूमिकालाई अध्ययन, अनुसन्धान र व्यवस्थापकीय सहयोग प्रदेश सभा सचिवालयले गर्ने गर्दछ । प्रदेश सभाको काम, कारवाही सुचारू रूपले सञ्चालन तथा व्यवस्थापन गर्न प्रदेश सभा सचिवालय गठन भएको हो ।

संविधानले लिएका उद्देश्यहरु हासिल गर्नका लागि प्रदेश सभाले विधायिकी सरकार गठन तथा नियन्त्रण जस्ता कार्यहरु गर्दछ । ती कार्यहरु मर्यादित रुपमा व्यवस्थापन गर्न संविधानको धारा १८२ मा सभामुख र उपसभामुखको व्यवस्था गरेको छ । प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ मा विभिन्न समितिहरु, संसदीय दलहरु, प्रमुख सचेतकहरु, सचेतकहरु जस्ता संरचना तथा पदहरु रहने व्यवस्था छ । उल्लिखित संरचनाको प्रभावकारी र मर्यादित रुपमा व्यवस्थापन गर्नका लागि कर्मचारीहरुको आवश्यकता पर्ने हुनाले प्रदेश सभा सचिवालय स्थापना भएको हो ।

## २.२ दीर्घकालीन सोच

- जनमुखी, स्वच्छ, जवाफदेही प्रदेश सभा ।

## २.३ उद्देश्य

- प्रदेश सभालाई स्वच्छ, जवाफदेही, परिणाममुखी र पारदर्शी बनाई कानून र नीति निर्माण प्रकृयालाई प्रभावकारी बनाउने ।

## २.४ रणनीतिहरु

- प्रदेश सभाको क्षमताको उच्चतम उपयोग गरी संविधान कार्यान्वयन गर्न आवश्यक कानून निर्माण गरी जनप्रतिनिधिको भूमिकालाई उच्च बनाउने ।
- प्रदेश सभा सचिवालयलाई पूर्ण स्वायत्त निकाय बनाउनु पर्ने तथा सुविधा सम्पन्न, सक्षम र आकर्षक बनाउने ।

## २.५ कार्यक्षेत्र

- नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरी आफ्नो कार्य सञ्चालन गर्ने,
- प्रदेशको काम, कारबाही संघीय संरचना अनुसार सञ्चालन गर्ने,
- संवैधानिक प्रावधान अनुसार प्रदेश सभा मार्फत ऐन कानून निर्माण गर्ने, नीति कार्यक्रम तय गर्ने,
- जनताका सरोकारका विषयहरूमा छलफल गर्ने,
- प्रदेश सभाको बैठकको सुव्यवस्था कायम राख्न र अन्य कामकारवाही नियमित एवम् प्रभावकारी बनाउने ।
- प्रदेश सभा तथा प्रदेश सभाका समितिलाई विधायिकी कार्यमा सहयोग गर्ने,

- प्रदेश सभाको काम कारबाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभा, प्रदेश सभाका समिति र सदस्यलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,
- प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने,
- प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने,
- प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका कार्यलयलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,
- संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभा परिसरमा सुरक्षा व्यवस्थापन गर्ने ।

## २.६ कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान २०७२ को धारा १९५ अनुसार प्रदेश प्रमुखले प्रदेश सभामुखको सिफारिसमा प्रदेश सभाको सचिव नियुक्त गर्नेछ भन्ने उल्लेख भए अनुसार प्रदेश नं. ५, प्रदेश सभाको प्रदेश सभा सचिव नियुक्त भई प्रदेश सभाको काम कारवाही सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सचिवालय स्थापना भएको छ । सचिवालयको स्थापना र तत्सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने गरेको छ। साथै सचिवालयले आफूलाई तोकिएको कार्य जिम्मेवारी पूरा गर्न अन्य प्रचलित कानूनका अतिरिक्त देहायका कानूनहरुको अधिनमा रही क्रियाकलाप सञ्चालन गर्दै आएको छ ।

- नेपालको संविधान,
- सार्वजनिक खरिद ऐन, २०६३,
- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७५,
- प्रदेश नं. ५, प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५,
- प्रदेश नं. ५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५,
- सार्वजिनक खरिद नियमावली, २०६४,
- भ्रमण खर्च नियमावली, २०६४,
- प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४,
- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५
- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको स्वास्थ्य उपचार कोष सम्बन्धी कार्यविधि, २०७६
- प्रदेश नं. ५ प्रदेशसभाको संसदीय निगरानी व्यवस्थापन (कार्यसञ्चालन) कार्यविधि, २०७६
- कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्वन्धी मापदण्ड,२०७६

## २.७ संगठन संरचना तथा जनशक्ति

नेपाल सरकारबाट स्वीकृत भए बमोजिम प्रदेश सभा सचिवालयको संगठन संरचना र जनशक्ति सम्बन्धी विवरण निम्नानुसार रहेको छ ।

### २.७.१ संगठन संरचना




(स्रोत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

तालिकानं.-२.१ दरबन्दी र पदपूर्तिको अवस्था (मातहत कार्यालयसमेत)

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सभा सचिव | - | - | - | १ | १ | ० | संवैधानिक |
| २ | सचिवालय सचिव | संसद | - | - | १ | ० | १ | |
| २ | उप-सचिव | प्रशासन | सा.प्र. | रा.प.द्वितीय | २ | १ | १ | |
| ३ | उप-सचिव | न्याय | कानून | रा.प.द्वितीय | १ | १ | ० | |
| ४ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | रा.प.तृतीय | ४ | ३ | १ | |
| ५ | लेखा अधिकृत | प्रशासन | लेखा | रा.प.तृतीय | १ | १ | ० | |
| ६ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृतीय | १ | १ | ० | |
| ७ | कम्प्यूटर अधिकृत | विविध | - | रा.प.तृतीय | १ | ० | १ | |
| ८ | नायव सुब्बा | प्रशासन | सा.प्र. | रा.प.अनं. प्रथम | ७ | ४ | ३ | |
| ९ | कम्प्यूटर अपरेटर | विविध | - | रा.प.अनं. प्रथम | १ | १ | ० | |
| १० | माइक सञ्चालक | विविध | - | रा.प.अनं. प्रथम | २ | २ | ० | २ जना करारमा |
| ११ | इलेक्ट्रसियन | विविध | - | रा.प.अनं. प्रथम | १ | १ | ० | |
| १२ | सह-लेखापाल | प्रशासन | लेखा | रा.प.अनं. द्वितीय | १ | १ | ० | |
| १३ | मर्यादापालक प्रनि | प्रहरी | - | - | १ | १ | ० | काजमा रहेको |
| १४ | मर्यादापालक | - | - | - | ६ | ६ | ० | ४१ जना काजमा |
| १५ | ह. सवारी चालक | | | श्रेणी विहीन | ३ | ३ | ० | २ जना करारमा |
| १६ | कार्यालय सहयोगी | | | श्रेणी विहीन | ३ | ३ | ० | ३ जना करारमा |
| जम्मा | | | | | ३७ | ३० | ७ | |

*(स्रोतः प्रदेश सभा सचिवालय )*

## २.८ आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- प्रदेश सभा अन्तर्गतका विभिन्न संसदीय समितिहरुले आफू मातहतका निकायहरुमा संसदीय निगरानी अनुगमन गरी प्रतिवेदन तयार गरी प्रकाशन गरेको
- लैङ्गिक हिंसा विरुद्धको सोह्र दिने अभियानका क्रममा सरोकारवालाहरुबीच एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको
- सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रम विज्ञ तथा सरोकारवालाहरुबीच सम्पन्न गरेको
- प्रदेश सभा स्थापना दिवस २०७६ विविध कार्यक्रमहरु ( सरसफाई कार्यक्रम, रक्तदान कार्यक्रम, भलिबल प्रतियोगिता तथा मूल समारोह कार्यक्रम) आयोजना गरी सम्पन्न गरेको
- प्रदेश सरकारले दाङ जिल्लामा आयोजना गरेको प्रदेश एक्स्पो कार्यक्रममा स्टल राखी प्रदेश सभा सम्बन्धी जानकारीमूलक कार्यक्रम गरेको
- कपिलवस्तु तथा बर्दिया जिल्लामा सरोकारवालाहरुसँग प्रदेश सभा र गाउँ/नगर सभाका बैठकका कार्यविधिमाथिको समीक्षात्मक कार्यक्रम सम्पन्न गरेको

## २.९ आर्थिक वर्ष २०७६/७७ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण

- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको स्वास्थ्य उपचार कोष सम्बन्धी कार्यविधि, २०७६
- प्रदेश नं. ५ प्रदेशसभाको संसदीय निगरानी व्यवस्थापन (कार्यसञ्चालन) कार्यविधि, २०७६
- कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्वन्धी मापदण्ड, २०७६

## २.१० वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण

| ब.व.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १७५ | प्रदेश सभा भवनको विस्तृत आयोजना प्रतिवेदन | प्रकृयामा रहेको |
| १७६ | क) विद्युतीय निगरानी (सर्भिलेन्स सिष्टम)<br>ख) पुस्तकालय तथा संवाद केन्द्रको स्तरोन्नति<br>ग) बैठकको प्रत्यक्ष प्रसारण<br>घ) ई-लेजिस्लेसन | क) प्रकृयामा रहेको<br>ख) प्रकृयामा रहेको<br>ग) सम्पन्न भएको<br>घ) निर्माण प्रकृयामा रहेको |
| १७७ | प्रदेश सभा स्वास्थ्य उपचार कोष | कोष स्थापना प्रकृयामा रहेको |

**तालिका नं. २.२ ब. शी. नं. २०२०००११ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान**

**(रु. हजारमा)**

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिकसम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १ | प्रदेश सभा र सचिवालयका प्राविधिक, अप्राविधिक कर्मचारीहरुलाई सुचना प्रविधि सम्बन्धी न्यु भर्सन रिफ्रेसिङ तालिम | ३ | ९०० | ० | ० | ० | ० | ३ | १०० | ९०० | १०० |
| २ | शुभकामना आदान प्रदान कार्यक्रम (तीज प्रदेश एक्स्पो र होली) | ३ | ८२५ | ३ | १०० | ८२५ | १०० | ३ | १०० | ८२५ | १०० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिकसम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| ३ | प्रदेश सभा स्थापना दिवस विशेष कार्यक्रम | १ | १००० | १ | १०० | ७६० | ७६ | १ | १०० | ७६० | ७६ |
| ४ | प्रदेश सभा विशेष समितिका सभापति र सदस्यहरुको क्षमता अभिबृद्धि कार्यक्रम | ६ | ३००० | ० | ० | ० | ० | ६ | १०० | ३००० | १०० |
| ५ | विषयगत समितिहरुको अन्तर प्रदेश अध्ययन भ्रमण | ६ | ३००० | ० | ० | ० | ० | ६ | १०० | ३००० | १०० |
| ६ | संवाद केन्द्रमा विज्ञहरुसंगको अन्तरक्रिया कार्यक्रम | ६ | १८०० | २ | ३३ | १९७ | ११ | ६ | १०० | १८०० | १०० |
| ७ | सरोकारवालाहरुसंग प्रदेश सभा र गाउँ नगर सभाका बैठकका कार्यविधि माथिको समीक्षा | ४ | २००० | २ | ५० | १००० | ५० | ४ | १०० | २००० | १०० |
| ८ | संसदको प्रोफाईल निर्माण | १ | १५०० | ० | ० | ० | ० | १ | १०० | १५०० | १०० |
| ९ | सभामुख निवासमा अतिथि कक्ष निर्माण | १ | ४००० | ० | ० | ० | ० | १ | १०० | ४००० | १०० |
| १० | संसदीय समितिका कार्यालय अगाडि सवारी पार्किङ शेड निर्माण | ३० | ५०० | ० | ० | ० | ० | ३० | १०० | ५०० | १०० |
| ११ | विषयगत समितिहरुमा अडियो माईक्रोफोन सिष्टम जडान | १ | ५०० | ० | ० | ० | ० | १ | १०० | ५०० | १०० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिकसम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १२ | नेकपा संसदीय दलको कार्यालयमा एम्प्लीफायर र स्कीपर जडान | १ | १०० | १ | १०० | ७६ | ७६ | १ | १०० | १०० | १०० |
| १३ | उपसभामुख निवासको संरचनात्मक सुधार | १ | ५०० | ० | ० | ० | ० | १ | १०० | ५०० | १०० |
| १४ | सभा भवन, संसदीय दलका कार्यालयहरु, संसदीय समितिका कार्यालयहरु आदिमा रंगरोगन | ५ | ५०० | ० | ० | ० | ० | ५ | १०० | ५०० | १०० |

*(स्रोतः प्रदेश सभा सचिवालय )*

**तालिका नं. २.३, ब. शी. नं. २०२०००१२ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान (रु. हजारमा)**

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १ | ई विडिङ तालिम | १ | २५० | ० | ० | ० | ० | १ | १०० | २५० | १०० |
| २ | क्षमता विकास तालिम | २ | १००० | ० | ० | ० | ० | २ | १०० | १००० | १०० |
| ३ | स्थानीय निकाय र प्रदेश सभा सचिवालयका बीचमा अन्तरक्रिया कार्यक्रम | ४ | २००० | ० | ० | ० | ० | ४ | १०० | २००० | १०० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| ४ | जिल्लामा त्रैमासिक समिक्षा कार्यक्रम | ४ | २००० | ० | ० | ० | ० | ४ | १०० | २००० | १०० |
| ५ | संसदीय कार्यप्रक्रिया र कार्यपद्धतिको अन्तरप्रदेश संघीय / अध्ययन, अनुसन्धान र अवलोकन कार्यक्रम | ७ | ३५०० | २ | २८.५७ | ६०० | १७.१५ | ७ | १०० | ३५०० | १०० |
| ६ | प्रदेश सभाले गरेको कार्यको त्रैमासिक समीक्षा प्रेस मिट | ४ | १६० | ० | ० | ० | ० | ४ | १०० | १६० | १०० |
| ७ | सचिवालय परिसरमा प्रहरी ब्यारेक निर्माण, गाडी पार्किङ सेड निर्माण, जेनेरेटर हाउस निर्माण | १ | ४५०० | ० | ० | ० | ० | १ | १०० | ४५०० | १०० |
| ८ | ने.का. संसदीय दलको कार्यालयमा शौचालय निर्माण | १ | ५०० | ० | ० | ० | ० | १ | १०० | ५०० | १०० |
| ९ | भवन पार्टिसन | २ | २०० | ० | ० | ० | ० | २ | १०० | २०० | १०० |
| १० | सचिवालय प्रदेश द्वारमा मेटल डिटेक्टर गेट निर्माण | १ | ५०० | १ | १०० | ३९६ | ७९.२ | १ | १०० | ३९६ | ७९.२ |

*(स्रोतः प्रदेश सभा सचिवालय )*

**तालिका नं.- २.४ आर्थिक वर्ष २०७५/७६ मा विनियोजित बजेट तथा २०७६ असार मसान्तसम्मको खर्च**

*(रु. हजारमा)*

| ब.उ.शी.नं. | बजेट शीर्षक | खुद बजेट | असार मसान्तसम्मको खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ७०५२१२०१३ | सभामुख उपसभामुखको पारिश्रमिक र सुविधा (सञ्चित कोषमाथि व्ययभार हुने चालु) | ३८०० | ३५११ | ९२.४० |
| ७०५२१२११३ | चालु | १९०३७६ | १४२९०० | ७५.०६ |
| ७०५२१२११४ | पुंजीगत | १२२४०५ | १०९१९४ | ८९.२१ |

*(स्रोतः प्रदेश सभा सचिवालय )*

**तालिका नं. २.५ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७७ असार मसान्तसम्मको खर्चको अनुमान (रु.हजारमा)**

| ब.उ.शी.नं. | बजेट शीर्षक | विनियोजित बजेट | दोस्रो चौमासिक सम्मको खर्च | प्रतिशत | असार मसान्तसम्मको अनुमानित खर्च % |
|---|---|---|---|---|---|
| २०२०००११३ | सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा (स. कोषमाथि व्ययभार हुने चालु) | ५३९१ | ३०९० | ४२.६२ | १०० |
| २०२०००११३ | प्रदेश सभा चालु | २१७३६३ | ८५२१० | २८.६८ | १०० |
| २०२०००११४ | प्रदेश सभा पुंजीगत | ३२३४० | २३७६ | ०.८६ | १०० |
| २०२०००१२३ | प्रदेश सभा सचिवालय चालु | ७१६३१ | १७४५३ | १८ | १०० |
| २०२०००१२४ | प्रदेश सभा सचिवालय पुँजीगत | १३७४९ | ८६४ | २.८७ | १०० |
| | **जम्मा** | **३४०४७४** | **१०८९९३** | **३२.०१** | **१००** |

*(स्रोतः प्रदेश सभा सचिवालय )*

## २.११ राजस्व संकलनको विवरण

- प्रदेश सभामा राजश्वको क्षेत्र नभएको ।

## २.१२ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण

- प्रदेश सभामा विकास निर्माण कार्य नभएकोले रोजगारी सिर्जना नभएको ।

## २.१३ समस्या तथा चुनौतीहरु

- प्रदेश सभाको परिसर अत्यन्तै साँघुरो भएका कारण बैठक सञ्चालन लगायत अन्य विशेष समारोहमा ट्राफिक व्यवस्थापनमा कठिनाई भएको ।

- पुराना भवनहरु रहेका कारण प्लम्विङ, वायरिङ, निर्माण एवम् मर्मत सम्भार गरिरहनुपर्ने ।
- प्रदेश सभा सचिवालयलाई प्रदेश सरकारका तर्फबाट विभिन्न संघ संस्थाहरुसँग सम्झौता गरी भवनहरु उपलब्ध गराईएकोमा ती सम्झौताहरुको अनिश्चितताका कारण वैधानिक मान्यतामा समस्या पैदा भई ती संघ संस्थाहरुको विभिन्न मागहरु पटक पटक आउने गरेको।
- सचिवालयका भवनहरु एउटै भवनमा नभई बस्तीका विभिन्न गल्लीहरुमा छरिएर रहेको कारण सुरक्षा चुनौती विद्यमान रहेको ।
- प्रहरी व्यारेक र मर्यादापालकहरुको निवासको व्यवस्थापन गर्न नसकिएको ।
- प्रदेश सरकारबाट स्वीकृत अस्थायी दरबन्दी अनुसार कर्मचारीको पर्याप्तता हुन नसकेकाले कार्यालय व्यवस्थापनमा कठिनाई भएको ।

## २.१४ समस्या समाधानका लागि चालिएका कदमहरु

- पुराना भवनहरुमा आवश्यकता अनुसार प्लम्बीङ, वायरिङ, निर्माण एवम् मर्मत सम्भार गरिएको
- सचिवालयका भवनहरु एउटै परिसरभित्र नभई बस्तीका विभिन्न गल्लीहरुमा छरिएर रहेको हुँदा सुरक्षा चुनौती समाधान गर्न केन्द्रीय विद्युतीय निगरानी प्रणाली जडान कार्य प्रक्रियामा रहेको
- प्रहरी ब्यारेक निर्माण कार्य प्रक्रियामा रहेको
- मर्यादापालकहरुको निवासको उचित प्रबन्ध मिलाइएको

## २.१५ आगामी कार्यदिशा

मध्यमकालीन खर्च संरचना तथा वार्षिक कार्यक्रम कार्यान्वयन गरी प्रदेश सभाको संचालन तथा सुदृढीकरणका लागि आवश्यक कदमहरु चाल्दै सचिवालयले जनप्रतिनिधिहरुको भूमिकालाई उच्च बनाउने तथा सक्षम र आधुनिक सचिवालयको रुपमा विकास गर्ने दिशातर्फ अग्रसर रहने छ ।

## २.१६ निष्कर्ष

प्रदेश सभा तथा अन्तर्गतका समितिहरुले सम्पादन गर्ने कार्यहरु मर्यादित ढङ्गले व्यवस्थापन गरी यी कार्यहरुलाई प्रशासनिक र आर्थिक रुपले व्यवस्थित गर्न प्रदेश सभा सचिवालयको संवैधानिक व्यवस्था अनुरुप नै जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित प्रदेश सभाको स्थापना गर्ने, प्रदेश सभाको कानून निर्माण र संसदीय निगरानी गर्ने कार्यलाई प्रभावकारी बनाउने उद्देश्यसहित अगाडि बढ्ने कुरामा प्रतिबद्ध छ ।

# परिच्छेद-३
# प्रदेश लोक सेवा आयोग

## ३.१. पृष्ठभूमि

नेपालको संविधानको भाग २३ धारा २४४ अनुसार प्रत्येक प्रदेशमा लोक सेवा आयोग रहने संवैधानिक व्यवस्था भए बमोजिम संघीय संसदबाट प्रदेश लोक सेवा आयोग ऐनको आधार र मापदण्ड २०७५ जारी भए पश्चात प्रदेश सभाबाट लोक सेवा आयोग ऐन २०७६ पारित भएको छ । उक्त ऐनको दफा ३ बमोजिम आयोगका अध्यक्ष र सदस्यको नियुक्तिका लागि माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा रहेको तीन सदस्यीय सिफारिस समितिको सिफारिस बमोजिम प्रदेश प्रमुखज्यूबाट आयोगका अध्यक्ष र दुई जना सदस्यको नियुक्ति भएको छ । आयोगका अध्यक्षको पद तथा गोपनीयताको सपथ प्रदेश प्रमुखज्यूबाट र सदस्यको सपथ ग्रहण आयोगका अध्यक्षबाट गराउने व्यवस्था रहेको छ । सोही बमोजिम अध्यक्षको सपथ ग्रहण २०७६।४।२८ गते भई सोही दिन देखि प्रदेश लोक सेवा आयोग, प्रदेश नं. ५ को कार्यालय बुटवलमा सञ्चालन भएको छ।

## ३.२. दीर्घकालीन सोचः

गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च चरित्र भएका जनशक्ति छनोट गरी प्रदेश सरकार र स्थानीय तहलाई सुशासन प्रवर्द्धनमा सहयोग गर्ने ।

## ३.३ उद्देश्यः

- वैज्ञानिक परीक्षा पद्धतिको सुनिश्चित गर्ने ।
- समय सापेक्ष पाठयक्रम तर्जुमा गरी दक्ष उम्मेदवार छनोट गर्ने ।
- लोक सेवाका मूलभूत मान्यताः योग्यता, निश्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने ।

## ३.४. रणनीतिहरु

- प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ६१ र ६२ मा व्यवस्था भए अनुसार आयोगको नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिका निर्माण तथा अद्यावधिक गर्दै जाने ।
- आयोगको लागि आवश्यक हुने विभिन्न विषय क्षेत्रका विज्ञको रोस्टर सूची तयार गर्ने ।
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न तहका पदको पाठयक्रम निर्माण र अद्यावधिक गर्दै जाने ।
- आयोगको भौतिक पूर्वाधार, जनशक्ति र प्रविधिको विकास गर्दै आयोगको सक्षमता वृद्धि गर्ने ।
- लोक सेवा आयोगका मूलभूत मान्यता, योग्यता, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने ।

- गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम, चरित्रवान र सामाजिक उत्तरदायित्व बहन गर्न सक्ने जनशक्ति छनोट गर्ने ।
- प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय तहहरुलाई सुशासनका लागि सहयोग गर्ने ।

## ३.५ आयोगको काम, कर्तव्य र अधिकारः

प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ७ मा उल्लेख भए बमोजिम यस आयोगका काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् ।

- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु ।
- प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परिक्षा सञ्चालन गर्नु ।
- प्रदेश निजामती सेवा, अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा परामर्श दिनु ।
- संगठित संस्थाको सेवाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कार्यवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिनु ।
- प्रदेश निजामती सेवाको शर्त सम्बन्धी विषयमा प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कार्यवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिनु ।
- कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिनु ।
- आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्नु पर्ने विषयमा र प्रदेश सरकारी सेवाको र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा परामर्श दिनु ।

## ३.६. कानुनी तथा नीतिगत व्यवस्थाः

- संविधानको भाग २३ धारा २४४ मा प्रदेश लोक सेवा आयोगको व्यवस्था
- संघीय संसदबाट प्रदेश लोक सेवा आयोग ऐनको आधार र मापदण्ड २०७५
- प्रदेश सभाबाट प्रदेश लोक सेवा आयोग ऐन २०७६
- प्रदेश लोक सेवा आयोग नियमावली २०७६
- प्रदेश लोक सेवा आयोगको खर्चको मापदण्ड २०७६

### ३.७ संगठन संरचना तथा जनशक्ति




**तालिकानं.-३.१ दरबन्दी र पदपूर्तिको अवस्था (मातहत कार्यालय समेत)**

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | नि.सचिव | शिक्षा | प्रशासन | अधिकृतस्तर दशौं | १ | | ११ तह |
| २ | अधिकृत | प्रशासन | सा.प्रशासन | अधिकृतस्तर सातौ | १ | | ८ तह |
| ३ | अधिकृत | प्रशासन | सा.प्रशासन | अधिकृतस्तर छैठौं | १ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | कम्प्युटर अधिकृत | विविध | | अधिकृतस्तर छैठौं | १ | | |
| ५ | लेखा अधिकृत | प्रशासन | लेखा | अधिकृतस्तर छैठौं | १ | | |
| ६ | सहायक | प्रशासन | | सहायक पाँचौ | ३ | १ | २ |
| ७ | ह.स.चा. | | | श्रेणी विहीन | १ | ० | १ |
| ७ | का.स. | | | श्रेणी विहीन | २ | २ | |
| **जम्मा** | | | | | **११** | **३** | |

*(श्रोतः प्रदेश लोक सेवा आयोग)*

## ३.८ सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- यस अवधिमा आयोगले आफ्नो काम, कर्तव्य र भावी कार्यदिशा सम्वन्धमा लोक सेवा आयोग अनामनगर काठमाडौंसँग दुईवटा अन्तरक्रिया तथा प्रदेश सरकारसँग एक र प्रदेश कार्यालय तथा स्थानीय तहहरुसँग तीनवटा अन्तरक्रिया कार्यक्रम गरी सुझावहरु संकलन गरिरहेको ।
- आयोगले प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ तर्जुमा गरी कानून मस्यौदा कार्यदल एवं अन्य सरकोरवालाको सुझाव लिई अन्तिम रुप दिएको र स्वीकृत भएको
- आयोगले आफ्नो कार्यसम्पादनको लागि विज्ञहरुको रोष्टर तयार गरिरहेको ।
- आयोगले कर्मचारी पदपूर्तिका लागि पाठ्यक्रम निर्माण गर्ने कार्य प्रारम्भ गरेको ।
- आयोगको लागि आवश्यक जनशक्ति सहितको संगठन संरचना स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्ताव पेश गरेको ।
- प्रदेशस्तरमा पदपूर्ति गर्नुपर्ने विभिन्न सेवा, समूह, उपसमूह र तहका कर्मचारीको कार्यविवरण तथा शैक्षिक योग्यता तोकी आयोगलाई उपलब्ध गराइदिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गरिएको ।
- प्रदेश सरकारबाट माग भएको वखत कर्मचारी पदपूर्तिको प्रक्रिया प्रारम्भ गर्ने गरी आयोगले तयारी गरिरहेको ।
- कार्यालयको वेवसाइट निर्माण भएको र यसलाई अझ वढी सम्पन्न गर्ने प्रक्रियामा रहेको ।
- आयोगको कार्यसञ्चालन मस्यौदा तयार भएको ।
- प्रदेश भित्रका नवलपरासी रुपन्देही कपिलवस्तु पाल्पा अर्घाखाँची दाङ बाँके र वर्दिया गरी ८ जिल्लामा कर्मचारी व्यवस्थापन सम्बन्धी अन्तरक्रिया सम्पन्न भएको ।
- आयोगले समाचार पत्र प्रकाशन गरेको ।

## ३.९ तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण

- प्रदेश लोक सेवा आयोग नियमावली, २०७६
- आयोगको आचार संहिता

➢ प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तु सम्वन्धी मापदण्ड, २०७६

## ३.१० वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण

नीति तथा कार्यक्रम र बजेट वक्तव्यको समयमा लोकसेवा आयोग गठन नभएकोले उल्लेख नगरिएको |

**तालिका नं. ३.२ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान** *(रु. हजारमा)*

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १ | सीप विकास सम्बन्धी कार्यक्रम | १० | २०० | | | ० | ० | | | २०० | १०० |
| २ | पाठ्यक्रम निर्माण सम्बन्धी अन्तरक्रिया गोष्ठी कार्यशाला | | १००० | | | ० | ० | | | १००० | १०० |
| ३ | विज्ञहरुको रोष्टर तयारी तथा नियम कार्यविधि मापदण्ड निर्देशिका तर्जुमा | | १००० | | | ४०० | ४० | | | १००० | १०० |
| ४ | बुलेटिन तथा ब्रोसर तथा पुस्तक प्रकाशन | | ७०० | | | ३५ | ५ | | | ७०० | १०० |
| ५ | रिक्त पदको माग संकलन | १२ | २०० | | | ० | ० | | | २०० | १०० |
| ६ | मन्त्रालय तथा मातहतका निकाय तथा स्थानीय निकायसंग अन्तरक्रिया तथा कार्यशाला गोष्ठी | १२ | १२०० | | | ८८८ | ७४ | | | १२०० | १०० |
| ७ | पदाधिकारी तथा कर्मचारीको वैदेशिक exposure भ्रमण सम्बन्धी कार्यक्रम | १ | ५०० | | | ० | ० | | | ५०० | १०० |
| ८ | भ्रमण खर्च कर्मचारी | | ४०० | | | १२४ | ३१ | | | ४०० | १०० |
| ९ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | | ४०० | | | १२६ | ३१ | | | ४०० | १०० |

तालिका नं.- ३.३ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७७ फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७७ असार मसान्तसम्मको खर्चको अनुमान *(रु. हजारमा)*

| ब.उ.शी.नं. | बजेट शीर्षक | विनियोजित बजेट | फागुन मसान्त सम्मको खर्च | प्रतिशत | असार मसान्तसम्मको अनुमानित खर्च % |
|---|---|---|---|---|---|
| ६०२०००० ११३ | चालु | १९८३९.०० | ७००८.८४० | ३५.३२ | ८८.३९ |
| ६०२०००० ११४ | पुंजीगत | २२४९५.०० | १९३५१.१२० | ८६.०२ | ९३.७७ |
| | जम्मा | ४२३३४.०० | २६३५९.९६ | ६२.२६ | ९१.२५ |

*(स्रोतः प्रदेश लोक सेवा आयोग)*

## ३.११ राजस्व संकलनको विवरण

### ३.५.१ आर्थिक वर्ष २०७६/७७ मा प्रदेश राजस्व संकलन विवरण

तालिका नं. ३.४ आर्थिक वर्ष २०७६/७७ को दोश्रो चौमासिक सम्म राजस्व संकलन विवरण र असार मसान्तसम्मको संशोधित अनुमान *(रु. हजारमा)*

| क.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत | असार मसान्तसम्मको संशोधित अनुमान |
|---|---|---|---|---|---|
| | १४२२९ | २२ | २२.०० | १०० | |

*(स्रोतः प्रदेश लोक सेवा आयोग)*

## ३.१२ समस्या तथा चुनौतीहरु

- जनशक्तिको कमी
- पूर्वाधार तथा बजेटको अपर्याप्तता
- निजामती कर्मचारी ऐन नियमहरु संघदेखि स्थानीय तहसम्म निर्माण हुन वाँकी रहेकाले आयोगलाई कार्यतालिका निर्माण गरी पदपूर्तिको काम गर्न कठिनाइ भइरहेको

## ३.१३ समस्या समाधानका लागि चालिएका कदमहरु

- आयोगको संगठन संरचना स्वीकृतिका लागि प्रदेश सरकारसमक्ष पेश गरिएको
- प्राप्त बजेट बमोजिमको सवारी साधन तथा मेसिनरी साधन समेतका पुर्वाधारको व्यवस्था भइरहेको
- प्रदेश सरकार र स्थानीय तहसंग अन्तरक्रिया गोष्ठीको माध्यमबाट प्रदेश तथा स्थानीय स्तरमा कर्मचारी व्यवस्थापनका सम्वन्धमा छलफल गर्ने र सुझाव लिने दिने काम भइरहेको ।

## ३.१४ आगामी कार्यदिशा

- आवश्यक साधन स्रोतको समुचित प्रवन्ध गर्ने,
- समय सापेक्ष पाठ्यक्रम तर्जुमा गर्ने,

- विज्ञ समूहको रोष्टर निर्माण गर्ने,
- वैज्ञानिक परीक्षा प्रणालीको सुनिश्चितता गर्ने,
- समयको माग बमोजिमको दक्षता पहिचान गर्ने,
- लोक सेवाका मुलभूत मान्यता योग्यता, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने,
- चुस्त, दुरुस्त, गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च चरित्र भएका जनशक्ति छनोट गर्दा प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय सरकारलाई सुशासनका लागि सहयोग गर्दै सुखी नेपाली समृद्ध नेपाल निर्माणको सपनालाई साकार बनाउन निरन्तर प्रयत्नशील रहने ।

## ३.१५ निष्कर्ष

"नेपालको संविधान" को धारा २४४ मा प्रदेशमा प्रदेश लोक सेवा अयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने र संघीय संसद्ले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था रहेको छ ।प्रदेश सभाबाट पारित भई मिति २०७६।२।२१ मा प्रमाणीकरण भएको प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ३ बमोजिम प्रदेशमा लोक सेवा आयोगको गठन भई आयोगका अध्यक्षले सपथ ग्रहण गरी पदवहाली गरेसँगै प्रदेश लोक सेवा आयोगको कार्यालय मिति २०७६।४।२८ मा बुटवलमा स्थापना भएको छ ।

प्रदेश लोक सेवा आयोगमा हाल अधिकृत र सहायकस्तर कर्मचारी, हलुका सवारी चालक तथा कार्यालय सहयोगीसहित जम्मा १० जना कर्मचारी कार्यरत रहेका छन् । आयोगका लागि आवश्यक जनशक्ति र संगठन तालिका स्वीकृतिका लागि प्रदेश सरकारमा पठाइएको छ । आवश्यकता अनुसार प्रदेश सरकारलाई आयोगमा कर्मचारी पठाउन आयोगले अनुरोध गरेको छ । प्रदेश लोक सेवा आयोगको आर्थिक वर्ष २०७६।७७ को कार्यक्रमका मुख्य विषयहरुमा लोक सेवा आयोगसँग समन्वय गर्ने, कार्यालयको स्थापनामा आवश्यक फर्निचर, मेसिनरी सामानको व्यवस्था गर्ने, नियमावली, निर्देशिका, आचारसंहिता तयारी गर्ने, विज्ञहरुको रोष्टर तयार गर्ने, प्रदेश सरकार र मन्त्रालयहरु र कार्यालयहरु एवं स्थानीय तहहरुसँग अन्तरक्रिया गर्ने, पाठ्यक्रम निर्माण र शैक्षिक योग्यता निर्धारण गर्न गोष्ठी अन्तरक्रिया गरी सुझाव लिने, वेवसाइट निर्माण गर्ने, आयोगको वुलेटिन र ब्रोसर प्रकाशन गर्ने, पाठ्यक्रम निर्माण गर्ने र माग बमोजिम पदपूर्तिका लागि परीक्षाहरु सञ्चालन गर्न पूर्वाधार तयार गर्ने रहेका छन्। यसै आर्थिक वर्षमा स्थापना भएको हुँदा आवश्यकताअनुसार नियमभित्र रही कार्यक्रम संशोधन गरी काम गर्दै जान सकिनेछ ।

# परिच्छेद-४
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## ४.१ पृष्ठभूमि

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेशस्तरीय सार्वजनिक प्रशासनको प्रमुख निकायको रुपमा रहेको छ। यस कार्यालयले प्रदेश स्तरीय सार्वजनिक नीति तर्जुमाको संयोजन गरी नीति कार्यान्वयनको अनुगमन सम्वन्धी कार्य गर्दछ। प्रदेशबाट निर्माण हुने कानून, विधेयक, अध्यादेश स्वीकृतिको प्रक्रियालाई अगाडि बढाउने नियम तथा आदेश स्वीकृत गरी जारी गराउने कार्य गर्दछ।

यस कार्यालयले प्रदेश सरकारका मन्त्रालय एवम् निकायहरुबाट सम्पादन हुने कार्यहरुको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय तथा अनुगमन मूल्याङ्कनको कार्य गर्दछ। प्रदेशमा सुशासन प्रवर्द्धन, शासकीय सुधार तथा भ्रष्टाचार नियन्त्रण, मानव अधिकारको संरक्षण र प्रवर्द्धन, प्रदेश स्तरीय प्रशासनिक, आर्थिक, सामाजिक, राजनीतिक, भौतिक पूर्वाधार विकास तथा शान्ति सुव्यवस्थाको गतिविधि बारेमा जानकारी लिने तथा अनुगमन गर्ने कार्यहरु समेत यस कार्यालयबाट सम्पादन हुने गर्दछन।

## ४.२ दीर्घकालीन सोच

संविधानबमोजिम प्रदेशको कार्यकारिणी अधिकारको प्रयोग र प्रदेशको समृद्धि तथा प्रदेशवासीको खुसीका निमित्त अनुकुल वातावरण तयार गर्ने उत्कृष्ट निकाय ।

## ४.३ ध्येय

प्रदेशको सार्वजनिक नीति तर्जुमा तथा निर्णय प्रक्रियालाई तथ्यपरक तथा नतिजामूलक बनाउनु र माननीय मुख्यमन्त्रीलाई कर्तव्य र जिम्मेवारी समयमै, दक्षतापूर्ण एवम् प्रभावकारी हिसावले वहन गर्न सहयोग गर्नु ।

## ४.४ लक्ष्य

प्रदेश सरकार (मन्त्रिपरिषद्)का निर्णयहरुलाई तथ्यपरक एवम् कानूनसम्मत गराउन व्यवस्थित तरिकाले तथ्य तथा सूचनामा आधारित प्रस्तावहरु तयार गर्नु, गराउनु ।

- प्रदेश अन्तर्गतका निकायहरुको कार्यप्रक्रिया तथा सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दै सुशासन प्रवर्द्धन गर्नु ।
- प्रदेशको समृद्धिका लागि विकास योजना, कार्यक्रम तथा आयोजनाको तर्जुमा तथा कार्यान्वयन हुने वातावरण सृजना गर्नु र विकास नतिजा हासिल गर्न समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नु

## ४.५ उद्देश्य

- प्रदेश सरकार (मन्त्रिपरिषद्) का निर्णयहरुलाई तथ्यपरक एवम् नतिजामूलक वनाउनु,
- प्रदेश सरकारका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु, गराउनु,

- प्रदेशको प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममुखी, उत्तरदायी र सक्षम बनाउनुका साथै प्रदेशका संरचना र जनशक्तिको व्यवस्थित परिचालन गरी सेवा प्रवाहलाई प्रभावकारी वनाउनु,
- सदाचारिताको प्रवर्द्धन, प्रभावकारी कानुनी व्यवस्था एवम् शुन्य सहनशीलतामार्फत भ्रष्टाचार नियन्त्रण गर्नु,
- प्रदेशको समृद्धिका निमित्त बढी प्रतिफलदायी विकास नीति, योजना, कार्यक्रम र आयोजना तर्जुमा हुने वातावरण सिर्जना गर्नु,
- विकास निर्माण कार्यलाई समन्वयात्मक रुपमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारीतामार्फत नतिजामूलक वनाउनु,

## ४.६ रणनीति

- प्रदेश सरकारका नीति, निर्णय प्रक्रियालाई आवश्यक सूचना तथा तथ्याङ्क व्यवस्थित रुपमा उपलब्ध गराइनेछ,
- नीति एवम् निर्णय प्रक्रियालाई विश्वसनीय वनाउन सहभागितामूलक पद्धति अवलम्वन गरिनेछ,
- विद्युतीय शासन प्रणालीको विकास एवम् विस्तार गरिनेछ,
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी वनाउन संस्थागत सुदृढीकरण गरिनेछ,
- जनआकांक्षा र जनगुनासो व्यवस्थापन प्रणालीको विकास गरिनेछ,
- सार्वजनिक सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक एवम् प्रभावकारी बनाइनेछ,
- मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धन हुने वातावरण सिर्जना गरिनेछ,
- मन्त्रालयहरु, प्रमुख विकास आयोजनाहरु, सेवा प्रदायक निकायहरु र अन्य निकायहरुमा कार्यसम्पादन सूचकमा आधारित नतिजामूलक व्यवस्थापन पद्धति लागू गरिनेछ,
- भौतिक पूर्वाधार विकासमा प्रभावकारिता अभिवृद्धिका लागि सहकार्य, समन्वय र सहभागितामूलक विधि अवलम्वन गरिनेछ ।
- निर्णय निर्माण एवम् कार्यान्वयनमा सहजीकरण र एकरुपता कायम गर्न एकीकृत तथ्याङ्क पद्धतिको विकास गरिनेछ ।

## ४.७ कार्यक्षेत्र

प्रदेश नं. ५ प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयबाट सम्पादन हुने कार्यहरू देहायबमोजिम तोकिएका छन्:

- प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालयसम्वन्धी
- प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन
- प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण
- प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन
- प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण
- प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र सम्बोधन
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन
- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय
- संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन
- प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन
- अन्तरप्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्वन्ध
- प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन
- निर्वाचन कार्यमा सहयोग र समन्वय
- प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन
- प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण
- प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन
- गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्वन्धी कानून तर्जुमा

## ४.८ कानुनी तथा नीतिगत व्यवस्थाहरु

### ४.८.१ प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा निकायहरुले अवलम्वन गर्ने समष्टिगत नीति तथा कानून

प्रदेश नं. ५ प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा निकायहरुले आफ्नो छुट्टै विशिष्ट नीति तथा कानूनका अतिरिक्त मूलतः देहायका नीति तथा कानूनको अधिनमा रही आफ्नो नियमित कार्य सम्पादन गर्दै आएका छन् ।

- नेपालको संविधान
- निजामति सेवा ऐन, २०४९
- सुशासन सञ्चालन तथा व्यवस्थापन ऐन, २०६४
- निजामती सेवा नियमावली, २०५०
- सुशासन सञ्चालन तथा व्यवस्थापन नियमावली, २०६५
- प्रदेश सरकार (कार्यसम्पादन) नियमावली,  २०७४
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन, २०७४
- प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४,
- प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४
- प्रदेश सार्वजनिक खरिदसम्बन्धी अन्तरिम व्यवस्था गर्न बनेको कार्यविधि, २०७५
- नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन, २०७४
- प्रदेश नं. ५ सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मीतव्ययितासम्बन्धी निर्देशिका, २०७५
- प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट

### ४.८.२ यस कार्यालयले अवलम्वन गर्ने विशिष्ट नीति तथा कानून

यस कार्यालयले ४.८.१ मा उल्लेखित नीति तथा कानूनको अतिरिक्त आफ्नो कार्य सम्पादनमा अवलम्बन गर्ने विशिष्ट नीति तथा कानूनहरु निम्नानुसार रहेका छन् ।

- कर्मचारी समायोजन ऐन, २०७५
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- प्रदेश सेवाका कर्मचारी व्यवस्थापन कार्यविधि २०७५
- मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७५
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- प्रदेश नं. ५ आर्थिक सामाजिक विकासको स्थिति पत्र

यसका अतिरिक्त गठन आदेशहरु, नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरु, प्रदेश सभाका निर्णयहरु, प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरु आदि।

## ४.९ संगठन संरचना तथा जनशक्ति

### ४.९.१ मन्त्रालयको संगठन संरचना




**दरबन्दी तेरिज**

प्रमुख सचिव(रा.प.विशिष्ट)- १
सचिव, रा.प.प्रथम(प्र.)- २
सचिव, रा.प.प्रथम(न्याय/कानून)- १
उपसचिव, रा.प.द्धि.(प्र./सा.प्र.)- ७
उपसचिव, रा.प.द्धि(न्याय/कानून)- १
शा.अ.,रा.प.तृ.(प्र./सा.प्र.)- ८
ले.अ.,रा.प.तृ.(प्र./सा.प्र.)- १

कम्प्युटर अधिकृत, रा.प.तृ. विविध- १
ना.सु, रा.प.अनं.प्र., सा.प्र- १०
कम्प्युटर अपरेटर, रा.प.अनं.प्र., विविध- ४
सहलेखापाल, रा.प.अनं.द्धि.प्र., लेखा- १खरिदार, रा.प.अनं.द्धि., सा.प्र-२
ह.स.चा., श्रेणीविहिन- ६
का.स., श्रेणीविहिन-७
**जम्मा- ५२**

### तालिकानं.-४.१ दरबन्दी र पदपूर्तिको अवस्था

| पद | सेवा तथा समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रमुख सचिव | प्रशासन | रा.प. विशिष्ट | १ | १ | ० | |
| सचिव | प्रशासन | रा.प. प्रथम | २ | १ | १ | |
| सचिव | न्याय, कानून | रा.प. प्रथम | १ | १ | ० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उपसचिव | प्रशासन,सा.प्र. | रा.प. द्वितीय | ७ | १ | ६ | |
| उपसचिव | न्याय,कानून | रा.प. द्वितीय | १ | ० | १ | |
| शाखा अधिकृत (सातौं/आठौं) | प्रशासन,सा.प्र. | रा.प. तृतीय | ८ | ४ | ४ | १ जना तथ्याङ्क अधिकृत समेत |
| लेखा अधिकृत (सातौं/आठौं) | प्रशासन,लेखा | रा.प. तृतीय | १ | १ | ० | |
| कम्प्युटर अधिकृत (सातौं/आठौं) | विविध | रा.प. तृतीय | १ | ० | १ | |
| नायव सुब्बा (स.पाचौं/अ.छैटौं) | प्रशासन,सा.प्र. | रा.प. अनं. प्रथम | १० | ९ | १ | |
| कम्प्युटर अपरेटर (स.पाचौं/अ.छैटौं) | विविध | रा.प. अनं. प्रथम | ४ | ३ | १ | |
| खरिदार (स.चौथो/पाचौं) | प्रशासन,सा.प्र. | रा.प. अनं. द्वितीय | २ | १ | १ | |
| सह लेखापाल | प्रशासन,लेखा | रा.प. अनं. द्वितीय | १ | १ | ० | |
| हलुका सवारी चालक | सवारी चालक | श्रेणीविहीन | ६ | ५ | १ | |
| कार्यालय सहयोगी | | श्रेणीविहीन | ७ | ७ | ० | करार (७) |
| जम्मा | | | ५२ | ३५ | १७ | |

**तालिकानं.-४.२ प्रदेशको दरबन्दी र पदपूर्ति र कर्मचारी समायोजनको अवस्था**

| सि.न. | विवरण | जम्मा दरबन्दी | समायोजन पदस्थापन | रिक्त दरबन्दी | पदपुर्ति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक सेवा तर्फ | ११२८ | ८४६ | २८२ | ७५.०० | |
| २. | अप्राविधिक सेवा तर्फ | ५९९ | ५०४ | ९५ | ८४.१४ | |
| ३. | स्वास्थ्य सेवा | ८७५ | ३९५ | ४८० | ४५.१५ | |
| ४. | श्रेणी विहीन कर्मचारी | १३३६ | ६४२ | ६९४ | ४८.०६ | |
| जम्मा | | ३९३८ | २३८७ | १५५१ | ६०.६२ | |

*(श्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)*

## ४.१० तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण

यो आर्थिक वर्षको दोस्रा चौमासिक अवधिसम्ममा बनेका ऐन, नियमावली तथा कार्यविधिहरुः

| क.स | ऐन, नियम, कार्यविधि | कैफियत |
|---|---|---|
| १ | प्रदेशको अभिलेख संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | ०७६।०६।०१ मा प्रमाणीकरण |
| २ | प्रदेश नं ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्वन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक | ०७६।०६।०१ मा प्रमाणीकरण |
| ३ | प्रदेश नं ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | ०७६।०६।०५ मा प्रमाणीकरण |
| ४ | सुशासनको प्रत्याभूति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | संसदमा विचाराधीन |
| ५ | स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संसोधन र एकीकरण गर्न बनेको विधेयक,२०७६ | संसदमा पेश |
| ६ | प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | संसदमा पेश |
| ७ | प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ | मन्त्रिपरिषदबाट स्वीकृत |
| ८ | प्रदेश पूर्वाधार विकास प्राधिकरण (गठन तथा कार्यसञ्चालन ) आदेश, २०७६ | मन्त्रिपरिषदबाट स्वीकृत |

## ४.११ वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण

| नीति/बजेटको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १०३ | प्रदेशको विकासका लागि महत्वपूर्ण ठानिएका बढीमा दश वटा प्रादेशिक गौरवका आयोजनाहरु छनोट गरी कार्यान्वयन गर्दै लगिनेछ। द्रुतगतिमा विशेष महत्वका पूर्वाधार विकास गर्न अधिकार सम्पन्न पूर्वाधार विकास प्राधिकरण स्थापना गरिनेछ। पूर्वाधार विकास परियोजना संचालन गर्ने आयोजना वा कार्यालय प्रमुखसँग कार्य सम्पादन करार गरिनेछ। | द्रुत गतिमा विशेष महत्वका पूर्वाधार विकास गर्न अधिकार सम्पन्न पूर्वाधार विकास प्राधिकरण स्थापना भएको । प्रदेश गौरवको आयोजना छनोटको लागि प्रदेश योजना आयोगबाट तयारी भइरहेको । |
| १०७ | प्रदेश योजना आयोग अन्तर्गत प्रदेश परियोजना बैंक स्थापना गरिनेछ। जनप्रतिनिधि तथा जनस्तरबाट प्रस्ताव भएका परियोजनाहरुलाई परियोजना बैंकमा दर्ता गरी आवश्यक प्रारम्भिक अध्ययनपश्चात् लगानी गर्न उपयुक्त हुने ठहर भएमा प्राथमिकता तोकेर परियोजनाहरु कार्यान्वयन गर्दै जाने नीति लिइनेछ। | प्रदेश योजना आयोग अन्तर्गत प्रदेश परियोजना बैंक स्थापनाको चरणमा रहेको । |
| १४२/१६३ | कानुनी व्यवस्था गरी प्रदेशको नीति निर्माणमा थिंक ट्यांकको | कानुनी व्यवस्था गरी प्रदेशको नीति |

| नीति/बजेटको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | रुपमा प्रदेश योजना आयोगको संस्थागत सुदृढीकरण गरिनेछ। | निर्माणमा थिंक ट्यांकको रुपमा प्रदेश योजना आयोगको संस्थागत सुदृढीकरण भएको। प्रदेश योजना आयोग गठन आदेश संसोधन गरी आयोगको छुट्टै सचिवालय स्थापना भएको । |
| १४३ | **सूचना शक्ति हो, तथ्याङ्क शक्तिको स्रोत हो** भन्ने तथ्यलाई हृदयंगम गरी प्रदेशको तथ्यांकको व्यवस्थापनका लागि संरचनागत व्यवस्था गरिनेछ। आधारभूत तथ्यांकका लागि अन्य निकायमा आश्रित हुनु नपर्ने अवस्था सृजना गरिनेछ। | तथ्यांकको व्यवस्थापनका लागि संरचनागत व्यवस्थाको आवश्यकताको विषयमा तयारी भइरहेको । |
| १४८ | गरिबीको मारमा परेका घरपरिवारहरुलाई लक्षित गरी उनीहरुलाई शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, आयआर्जनलगायतका कार्यक्रमका माध्यमबाट गरिबीबाट मुक्त गर्ने उद्देश्य लिई चालु आर्थिक वर्षमा ३५ गाउँपालिकामा संचालित मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमलाई आर्थिक वर्ष २०७६/७७ मा सबै गाउँपालिकामा विस्तार गरिनेछ। | मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमलाई सबै गाउँपालिकामा विस्तार गरिएको। सबै गाउँपालिकामा उक्त कार्यक्रमको लागि विनियोजित बजेट विशेष अनुदानको रुपमा सबै स्थानीय तहमा पठाइएको । |
| १५० | सबै स्थानीय तहबाट पारित भएका कानूनको संकलन, अभिलेखांकन र विश्लेषण गरी सोका आधारमा स्थानीय तहलाई आवश्यक सुझाव दिने व्यवस्था मिलाइनेछ। स्थानीय तहका न्यायिक समितिहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रम संचालन गरिनेछ। | स्थानीय तहका न्यायिक समितिहरुको क्षमता अभिवृद्धिका लागि रुपन्देही, नवलपरासी, कपिलवस्तु, अर्घाखाची, प्यूठान र रोल्पाका जिल्लाका न्यायिक समितिहरुको क्षमता अभिवृद्धि गरिएको |
| १५१ | जिल्ला समन्वय समितिलाई अनुगमन र समन्वयको प्रभावकारी इकाईको रुपमा विकास गरिनेछ। | जिल्ला समन्वय समितिलाई अनुगमन र समन्वयको प्रभावकारी इकाईको रुपमा विकास गर्ने प्रयास भएको । प्रदेशको नीति कार्यक्रम अनुगमनको जिम्मा जि.स.स लाई दिई संस्थागत गर्ने प्रयास गरिएको । |
| १६३/१६४ | सरकारी सेवाका पदाधिकारी एवम् कर्मचारीहरुमा सदाचारिताको विकासका लागि प्रदेशको सदाचारिता नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ। प्रदेश सुशासन सम्बन्धी कानून तर्जुमा गरी प्रदेश सरकारबाट गरिनेछ। प्रदेश सुशासन सम्बन्धी कानून तर्जुमा गरी प्रदेश सरकारबाट गरिने क्रियाकलाप तथा खर्चलाई पारदर्शी बनाइनेछ। भ्रष्टाचार र अनियमिततालाई कडाईका साथ निगरानी र दण्डित गरिनेछ। | प्रदेश सुशासन सम्बन्धी कानून तर्जुमा भई संसदमा पेश भएको । भ्रष्टाचार र अनियमिततालाई कडाईका साथ निगरानी र दण्डित गर्न मातहतका कार्यालयहरुको अनुगमन बढाइएको । अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त उजुरी उपर छानविन गर्ने र उक्त निकायहरुलाई प्रतिवेदन पेश गर्ने गरिएको । |
| १६४/१६५ | प्रदेश लोकसेवा आयोग गठन गरी आगामी वर्ष प्रदेश र स्थानीय | प्रदेश लोक सेवा आयोग गठन भई |

| नीति/बजेटको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | तहमा कर्मचारी पदपूर्ति गरी कर्मचारी सम्बन्धमा देखिएको समस्या समाधान गरिनेछ। प्रदेश सरकारी सेवासम्बन्धी कानून तर्जुमा गरिनेछ। प्रदेशका सबै निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरिनेछ। | संगठनात्मक संरचना तयार भएको। प्रदेश सरकारी सेवासम्बन्धी कानून तर्जुमा भइरहेको । प्रदेशका सबै निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गर्न तयारी भएको । |
| १६५/१६६ | कर्मचारीमा उच्च मनोबलसहित कार्य गर्ने वातावरण तयार गरी उचित प्रोत्साहन गरिनेछ। कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि प्रदेशमा प्रशिक्षण केन्द्र स्थापना गरी संचालन गरिनेछ। प्रदेश सेवामा प्रवेश गर्ने सम्पूर्ण कर्मचारीहरुलाई आधारभूत तालिम दिइनेछ। | कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि नेपालगञ्जमा रहेको ग्रामीण विकास प्रशिक्षण केन्द्रको स्तरोन्नति भइरहेको । |
| १६६ | नेपालको संविधानको अनुसूची ६, ७ र ९ तथा कार्य विस्तृतीकरणबाट प्रदेशलाई प्राप्त अधिकार तथा जिम्मेवारी पूरा गर्न सक्ने गरी आवश्यक आर्थिक स्रोत, संगठन संरचना र जनशक्ति विकासको कार्ययोजना तयार गरी अघि बढाइनेछ। यसका लागि आवश्यकता अनुसार नेपाल सरकार तथा स्थानीय सरकारहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ। संविधानको धारा २३३ अनुसार प्रदेशहरुबीच अनुभव तथा सहयोग आदान प्रदानको प्रकृयालाई समेत अघि बढाइनेछ। | नेपाल सरकार तथा स्थानीय सरकारहरुसँग आवश्यक समन्वय र सहकार्य भइरहेको । प्रदेश समन्वय परिषदको तेश्रो बैठक यसै आर्थिक वर्षमा सम्पन्न भई निर्णयहरु कार्यान्वयन भइरहेको। प्रदेशको तर्फबाट अन्तरप्रदेश परिषद, राष्ट्रिय विकास समस्या समधान समिति लगायतका संयन्त्रहरुमा प्रदेश तथा स्थानीय समस्याहरु प्रस्तुत गरिएको |

### तालिका नं. ४.३ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान(मुख्य मुख्य कार्यक्रमहरु)

(रु.हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १. | कर्मचारी तालिम | २५० | ५००० | ७ | ३ | १५० | ३ | १० | ४ | २५० | ५ |
| २. | आयोजना व्यवस्थापन सूचना प्रणालीको विकास | १ | १९०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३. | प्रादेशिक एवम् राष्टिय गौरवका आयोजनाहरुको समीक्षा | ३ | ६०० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ४ | सेवाग्राही सन्तुष्टि सर्वेक्षण | १२ | १५०० | ० | ० | ० | ० | २ | १७ | २५० | १७ |
| ५ | विकास आयोजनाहरुको कार्यान्वयन अवस्थाको अनुगमन | १५ | १५०० | १ | ७ | १०८ | ७ | २ | १३ | १२० | ८ |
| ६ | प्रदेशस्तरका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण | १ | ११०० | | | १६६ | १५ | | | ५०० | ४५ |
| ७ | प्रदेश समन्वय परिषद्को वैठक | २ | ४००० | | | १८४० | ४६ | | | | ४६ |
| ८ | प्रदेश र स्थानीय तहहरुविच कानून निर्माणमा सामञ्जस्यता कायम गर्न अन्तरक्रीया, छलफल तथा अभिमूखीकरण | १२ | १२०० | ८ | ६६.६७ | ८०९ | ६७ | १० | ८३ | १००० | ८३ |
| ९ | न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुका लागि न्यायिक कार्यविधि सम्बन्धी क्षमता विकास कार्यक्रम | १३ | १३०० | १२ | ९२ | १२९० | ९९.२ | १२ | ९२.३१ | १२९० | ९९.२ |
| १० | प्राप्त उजुरी छानवीन तथा कल सेन्टर सञ्चालन | ३ | १६०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम | ८६ | २५१०० | ४१ | ४८ | १२१३१ | ४८ | ८२ | ९५ | २४०९६ | ९६ |
| १२ | कार्यालय भवन, मुख्यमन्त्री निवास र कर्मचारी निवास भवनको सुधार | | ९००० | | | ४९२ | ५ | | | १००० | ११ |

(स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)

**तालिका नं. ४.४ आर्थिक वर्ष २०७५/७६ मा विनियोजित बजेट तथा असारमसान्तसम्मको वित्तीय प्रगतिको विवरण (रु. हजारमा)**

| विवरण | कुल बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | २५०३.५३ | २०००.३२ | ७९.९ |
| पुँजीगत | १२२६.५० | १०२६.२९ | ८३.६७ |
| कुल | ३७३०.०३ | ३०२६.६१ | ८१.७८ |

*(स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय.)*

**तालिका नं. ४.५ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७७ असार मसान्तसम्मको खर्चको अनुमान रु. हजारमा**

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | फागुन मसान्तसम्मको खर्च (दोस्रो चौमासिकसम्मको) | वित्तीय प्रगति % | असार मसान्तसम्मको खर्च अनुमान |
|---|---|---|---|---|---|
| १ | चालु | १५९१०० | ५५३२८ | ३४.७७ | ९० |
| २ | पुँजीगत | ४२३०० | ७७०८ | १८.२२ | ८५ |
| ३ | कुल जम्मा | २०१२०० | ६३०३६ | ३१.२९ | ८८ |

*(स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय.)*

## ४.१२ राजस्व संकलनको विवरण

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय राजस्व संकलन गर्ने कार्यालय नभएकोले राजस्व संकलन नभएको।

## ४.१३ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण

प्रदेशका ७३ वटै गाउँस्थानीय तहहरुमा मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन गरी गरिबीको रेखामुनि रहेका जनताहरुलाई जीवनस्तरमा सुधार हुने गरी कार्यक्रम सञ्चालन गरिएको ।आयमुलक र सीप मुलक विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको ।प्रदेश संचितकोषबाट खर्च हुने गरी प्रत्यक्ष रुपमा २६ जनालाई अधिकृत स्तरको सुविधा दिने गरी सहजकर्ताको रुपमा नियुक्त दिई रोजगार प्रवर्द्धनमा सहयोग भएको ।

## ४.१४ समस्या तथा चुनौतीहरु

प्रदेश सरकार संचालनको प्रारम्भदेखि नै मुख्य रुपमा देखापरेका जनशक्ति अभाव, भौतिक एवं वित्तीय साधन र स्रोतको न्यूनता रहेको छ। प्रदेश सरकार नयाँ संरचना भएकोले प्रभावकारी सेवा प्रवाह र कार्यसम्पादनद्वारा आम जनमानसमा यसको आवश्यकता र महत्व स्थापित गर्नुपर्ने चुनौती छ। साथै संघीय शासन प्रणालीमा तहगत सरकारहरु बीचमा समन्वय र सन्तुलन कायम गर्न प्रदेश सरकारले निर्वाह गर्नुपर्ने भूमिका समेत चुनौतीपूर्ण छ। समयमै संघीय कानूनहरु प्राप्त नभएका, विकास आयोजनाहरु संचालनका लागि आवश्यक पूर्वाधार, जनशक्ति र स्रोत प्रयाप्त मात्रामा प्राप्त नहुनु, आफ्नै स्रोतको न्यूनताको कारण संघीय सरकारमा निर्भर रहनुपर्ने अवस्थाको कारणले स्रोत व्यवस्थापनको चुनौती छ। संघीय शासन प्रणाली तुलनात्मक रुपमा खर्चिलो प्रणाली भएको र यसबाट जनतामा प्रणालीप्रति नकारात्मक भावनाको विकास हुनसक्ने सम्भावनालाई सेवा प्रवाहको माध्यमबाट चिर्दै शासन प्रणालीप्रति सकारात्मक भावनाको विकास गर्नु चुनौतीपूर्ण छ। राष्ट्रिय आवश्यकता बमोजिम तीन वटै तहका सरकारहरुले संचालन गर्ने विकास निर्माण एवं सेवा प्रवाहका क्रियाकलापहरुमा सामञ्जस्ता ल्याई दोहोरोपन कायम नहुने गरी संचालन गर्नुपर्ने चुनौती छ। नयाँ संरचनाका कारण पूर्ण व्यवस्थित हुन नसकेका प्रशासकीय संरचनाहरुलाई प्रविधिमैत्री र व्यवस्थित गरी सेवा प्रवाहमा सुधार ल्याउनुपर्ने चुनौती छ। संविधान बमोजिम साझा अधिकार सूचीमा रहेका विषयहरुलाई खण्डीकरण गरी प्रदेशले प्राप्त गर्ने अधिकारहरुको अभ्यासको आधार प्राप्त गर्नुपर्ने चुनौती छ। बढ्दो भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने र राज्यले लिएको भ्रष्टाचारप्रतिको शुन्य सहनशीलताको नीतिलाई आत्मसात गरी दिगो विकासका लक्ष्य एवं राष्ट्रको दीर्घकालीन सोचबमोजिम प्रदेशको समृद्ध प्रदेश, खुसी जनताको लक्ष्य हासिल गर्नु चनौतीपूर्ण छ।

## ४.१५ समस्या समाधानका लागि चालिएका कदमहरु

प्रचलित नेपालको संविधान, नेपाल सरकारको कार्यविस्तृतीकरण प्रतिवेदन, प्रदेश सरकारको कार्यविभाजन नियमावली, आवधिक योजना, नीति तथा कार्यक्रम र बजेटले निर्देशित गरेका विषयहरुलाई यस कार्यालयले आत्मसात गरेको छ । सोही अनुसार कार्यसम्पादनमा आईपरेका समस्याहरुलाई समधान गर्ने गरी कार्य गरिरहेको छ ।

## ४.१६ आगामी कार्यदिशा

- प्रभावकारी/नतिजामुलक अनुगमन प्रणालीको विकास गर्ने ।
- तहगत समन्वयको ढाँचा निर्धारण गरी कार्यान्वयन गर्ने ।
- आयोजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने संयन्त्र विकास गर्ने ।
- स्रोतको न्यूनता पूर्तिको लागि राजस्वको दायरा विस्तार गर्न आवश्यक रणनीति अवलम्बन गर्ने।
- न्यून स्रोतको प्रभावकारी/ मितव्ययी र पारदर्शी परिचालन गर्ने ।
- प्रदेश भित्रको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन कार्यलाई प्रभावकारी बनाउने ।
- प्रदेशको विकास, समृद्धि, सुशासन र सेवा प्रवाहलाई प्रभाकारी बनाउदै समृद्ध प्रदेश खुसी जनताको सोचलाई साकार बनाउने कार्यदिशा रहेको छ ।

# परिच्छेद-५
# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## ५.१ पृष्ठभूमि

नेपालको संविधान बमोजिम प्रदेश सरकार गठन भई प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ ले यस मन्त्रालयलाई मूलतः प्रदेश नं. ५ मा शान्ति सुरक्षा, कानुनी राय तथा परामर्श, आवश्यक कानूनको निर्माण र सूचना तथा सञ्चार क्षेत्रको जिम्मेवारी सुम्पिएको छ । सोही संवैधानिक व्यवस्था बमोजिम प्रदेश नं. ५ मा मिति २०७४ साल फागुन ३ गते आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्थापना भई कार्यारम्भ भएको छ ।प्रदेशको शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, निर्देशन, सुपरिवेक्षण, मूल्याङ्कन र प्रतिवेदनका साथै कानून, न्याय तथा प्रदेश सभा मामिला लगायत संघसँगको समन्वय र सहकार्य गर्नु यस मन्त्रालयको मुख्य दायित्व हो। प्रदेश प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वयमा प्रभावकारिता कायम गरी सुशासन प्रवर्द्धन गर्न मन्त्रालय प्रतिवद्ध छ।

## ५.२ दीर्घकालीन सोच

शान्त, सुरक्षित र प्रविधिमैत्री प्रदेश र खुसी जनता ।

## ५.३ उद्देश्य

- नेपालको संविधान तथा अन्य कानूनद्वारा प्रत्याभूत नागरीक स्वतन्त्रता, मौलिक हक तथा मानव अधिकार लगायतका लोकतान्त्रिक मूल्यमान्यताको सम्मान गर्दै कानूनको शासनको सुनिश्चितता प्रदान गर्ने,
- प्रादेशिक स्तरमा प्रशासन सञ्चालन गरी शान्ति सुरक्षाको प्रत्याभूति प्रदान गर्ने,
- प्रदेशका जनताको आकांक्षा बमोजिमको कानुनी संरचना, न्याय अनुभूत गर्न सक्ने न्याय प्रवन्ध र प्रदेश सञ्चालनको लागि आवश्यक कानून निर्माण गर्ने,
- प्रदेशलाई सूचना तथा सञ्चारमैत्री बनाउन सूचना तथा सञ्चार प्रविधिमा जनताको पँहुच बढाउने,
- शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्ने,
- प्रादशिक ऐन, अध्यादेश नियम र गठन आदेश बनाउने सन्दर्भमा परामर्श दिने, मस्यौदा गर्ने, मस्यौदा जाँच गर्ने, प्रदेश सरकारको लागि आवश्यक पर्ने प्रादेशिक तथा राष्ट्रिय कानुनी विवादको सम्बन्धमा आवश्यक पर्ने राय परामर्श दिने,
- प्रदेशभित्र सूचना तथा सञ्चार प्रविधिको पँहुच अभिवृद्धि गर्दै दूरसञ्चार क्षेत्रमा उपलब्ध भएका नविनतम प्रविधिको प्रयोग मार्फत् प्रदेशभर सर्वसुलभ रुपमा भरपर्दो सेवा उपलब्ध गराउँदै संविधान प्रदत्त सूचना तथा संचारको हक कार्यान्वयन गर्ने,
- सूचना तथा सञ्चार प्रविधिलाई शान्ति, सुव्यवस्था, विकास, समृद्धि र सेवा प्रवाहसँग आवद्ध गरी प्रदेशभर सुशासन कायम गर्ने,

## ५.४ रणनीतिहरु

- शान्तिसुरक्षा कायम राख्न प्रादेशिक सुरक्षासँग सम्बन्धित निकायहरूको संस्थागत क्षमता बढाउने,
- संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य सरोकारवालासँग सहयोग, समन्वय र सहकार्य गरी सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने,
- आपराधिक गतिविधि कम गर्न सुरक्षासम्बन्धी सामाजिक चेतना अभिवृद्धि गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिन सूचना तथा सञ्चार प्रविधि नीति तर्जुमा गरी कार्यान्वयन गर्ने,
- विपद् व्यवस्थापनको सन्दर्भमा जोखिम न्यूनीकरण पूर्व तयारी, प्रतिकार्य र पुनः लाभका क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहको समन्वयमा कार्य सञ्चालन गर्ने,
- सामुदायिक प्रहरीमा जोड दिदै प्रदेश प्रहरीलाई जनमैत्री र जनतालाई प्रहरीमैत्री बनाउने,
- कानून उल्लङ्घन गर्नेलाई कानूनको दायरामा ल्याई दण्ड सजायको व्यवस्था गर्ने,

## ५.५ कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र अनुसार कार्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन् ।

- प्रदेश शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्य
- अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा
- संघीय र प्रदेश सुरक्षा निकायसंगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय
- संघीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन
- प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय
- प्रदेशसभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्वन्धी
- कानून, न्याय तथा प्रदेश सभा मामिला सम्वन्धी
- अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग
- आधारभूत मानव अधिकारको संरक्षण, नागरीक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग
- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी
- सामुदायिक प्रहरी
- प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन
- प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन
- प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय
- गुनासो र विवाद व्यवस्थापन
- संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन
- फौजदारी कार्यविधि कानूनको कार्यान्वयन
- अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति

- निवारक नजरबन्द र स्थानहद सम्बन्धी
- अन्तरप्रदेश सम्बन्ध
- सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान
- स्थानीय प्रशासनको सन्चालन, व्यवस्थापन र समन्वय
- पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शांङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
- उपाधि,सम्मान तथा विभूषणको सिफारिस
- प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन
- प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापन सम्वन्धी
- सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्वन्धी
- प्रदेशस्तरको विद्युतीय संचार माध्यम सञ्चालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण
- प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
- प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन
- प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन
- प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन
- साइवर सुरक्षा अनुगमन
- छापासंचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, बर्गीकरण, सञ्चालन र नियमन
- प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण
- श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन
- प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी
- केबुल वितरणको इजाजत, नवीकरण र नियमन
- सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन
- चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन

## ५.६ कानुनी तथा नीतिगत व्यवस्था

यस मन्त्रालयले ४.८.१ मा उल्लेखित नीति तथा कानूनको अतिरिक्त आफ्नो कार्य सम्पादनमा अवलम्बन गर्ने विशिष्ट नीति तथा कानूनहरु निम्नानुसार रहेका छन् ।

- मुलुकी देवानी (संहिता) २०७४
- मुलुकी अपराध (संहिता) ऐन, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- प्रदेश नं. ५, जाँचबुझ आयोग ऐन, २०७५
- प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५
- प्रदेश नं. ५,अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५
- प्रदेश नं. ५ संघ संस्थाहरूको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५
- मुलुकी देवानी कार्यविधि, (संहिता) २०७४
- मुलुकी फौजदारी कार्यविधि, (संहिता) २०७४
- प्रदेश नं. ५ प्रदेश सञ्चार नीति, २०७५
- प्रदेश नं. ५, विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७५
- प्रदेश नं. ५ प्रदेश मामिला सूचना केन्द्र सञ्चालन निर्देशिका, २०७५
- प्रदेश नं. ५, टेलीसेन्टर सञ्चालन निर्देशिका, २०७५
- प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६
- सूचना तथा संचार प्रविधि प्रतिष्ठान ऐन, २०७६
- प्रदेश नं. ५ संघ संस्था दर्ता नियमावली, २०७६
- प्रदेश पदक नियमावली, २०७६
- प्रदेश प्रशारण नियमावली, २०७६
- विपद् व्यवस्थापन कार्य संचालन निर्देशिका, २०७६
- चलचित्र तथा वृत्तचित्र उत्पादनका लागि अनुदान सम्बन्धी निर्देशिका, २०७६
- प्रदेश नं. ५, टेलिभिजन तथा रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण सम्बन्धी निर्देशिका,२०७६
- द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम ( संचालन तथा व्यवस्थापन) निर्देशिका,२०७६

## ५.७ सांगठनिक संरचना र जनशक्ति

नेपाल सरकारले स्वीकृत गरेको आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ५ को संगठन संरचना र दरबन्दी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### ५.७.१ सांगठनिक संरचना



## ५.७.२. मन्त्रालयको संगठन संरचना र जनशक्तिको अवस्था

| क्र.सं. | पद | दरबन्दी | सेवा/समूह | पद संख्या | उपलब्ध जनशक्ति | | रिक्त |
|---|---|---|---|---|---|---|---|
| | | | | | पदपूर्ति पद | पदपूर्ति संख्या | |
| १ | सचिव | रा.प. प्रथम | प्रशासन/सा.प्र. | १ | रा.प. प्रथम | १ | ० |
| २ | उपसचिव | रा.प. द्बितीय | प्रशासन/सा.प्र. | २ | अधिकृत नवौ | १ | १ |
| ३ | उपसचिव | रा.प. द्बितीय | कानून | १ | रा.प. द्बितीय | १ | ० |
| ४ | शाखा अधिकृत | शाखाअधिकृत | प्रशासन/सा.प्र. | ६ | अधिकृत सातौं —६ | ६ | ० |
| ५ | कानून अधिकृत | कानूनअधिकृत | न्याय/कानून | २ | कानून अधिकृत | २ | ० |
| ६ | लेखा अधिकृत | लेखा अधिकृत | प्रशासन/लेखा | १ | लेखा अधिकृत(अ.सा.) | १ | ० |
| ७ | नायव सुब्बा | रा.प.अन.प्रथम | प्रशासन/सा.प्र. | ९ | अधिकृत छैठौं — २ सहायक पाचौं — ५ | ८ | १ |
| ८ | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | विविध | ४ | कम्युटर अधिकृत - १ कम्प्युटर अपरेटर — १ | २ | २ |
| ९ | खरिदार | रा.प.अन.द्बितीय | प्रशासन/सा.प्र. | १ | सहायक पाचौं — १ | १ | ० |
| १० | सहलेखापाल | रा.प.अनं.द्बितीय | प्रशासन/लेखा | १ | सहलेखापाल(सहाय कचौथों)-१ | १ | ० |
| ११ | हलुका सवारी चालक | श्रेणी विहीन | ——— | ४ | | ४ | ० |
| १२ | कार्यालय सहयोगी | श्रेणी विहीन | ——— | ६ | | ६ | ० |
| जम्मा | | | | ३८ | | ३४ | ४ |

## ५.८ आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न भएका महत्वपूर्ण कार्यहरु

- संविधान दिवस, माघी पर्व, प्रदेश स्थापना दिवस लगायतका दिवस तथा उत्सवहरू सम्पन्न भएका छन् ।
- विपद व्यवस्थापन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि स्थापना गरिएको विपद् व्यवस्थापन कोषमा यस आर्थिक वर्षमा रू ४ करोड जम्मा गरिएको छ।यस आर्थिक वर्षमा विपद्का विभिन्न घटनाहरूबाट प्रभावित १८६ घरपरिवारलाई रु.९१,४५,०००।- रुपैयाँ राहत वितरण

भइसकेको छ ।

- ५ नं. प्रदेश प्रहरी तालिम केन्द्रको भवन निर्माण र खानेपानी प्लान्ट निर्माणको लागि ५ नं. प्रदेश प्रहरी तालिम केन्द्रलाई बजेट तथा अख्तियारी दिइएको छ ।
- प्रदेशभित्र ४ वटा स्थानमा प्रहरी चौकी र १ स्थानमा ईलाका प्रहरी कार्यालय निर्माणका लागि सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरूलाई बजेट तथा अख्तियारी प्रदान गरिएको छ ।
- ५ नं. प्रदेश प्रहरी कार्यालय र सबै जिल्ला प्रहरी कार्यालयहरूलाई आवश्यक पिक अप भ्यान खरिदका लागि बजेट तथा अख्तियारी प्रदान गरिएको छ ।
- सि.सि.टि.भी. प्रणालीलाई विस्तार गर्ने स्थानको पहिचान गरी सि.सि.क्यामेरा जडान गर्न प्रक्रिया अगाडि बढाइएको छ ।
- रोल्पा जिल्लामा कारागार निर्माणको लागि जिल्ला प्रशासन कार्यालय, रोल्पालाई बजेट तथा अख्तियारी प्रदान गरिएको छ ।
- लुम्बिनी प्रादेशिक अस्पतालसँग सम्झौता गरी द्वन्द्व प्रभावित घाइते तथा अपाङ्गको उपचार भइरहेको छ। आर्थिक वर्ष २०७६/७७ मा हालसम्म ३६ जना द्वन्द्व प्रभावित घाइते तथा अपाङ्गले उपचार सेवा लिएका छन् ।
- नेपाल टेलिभिजन कोहलपुर प्रशारण केन्द्रसँग सम्झौता भई प्रदेश डायरी र समृद्ध प्रदेश कार्यक्रम सञ्चालन भइरहेको । टेलिभिजनहरुबाट सभा समारोहको प्रत्यक्ष प्रसारण तथा रेडियो परिसंवाद कार्यक्रम सञ्चालन भएको ।
- रुपन्देहीको बुटवलमा र दाङ्गको घोराहीमा सरोकारवालाहरूको उपस्थितिमा सरोकारवालाहरूसँग कानून तर्जुमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- रूपन्देही, रोल्पा, रूकुम (पूर्व) र गुल्मी जिल्लामा विपद् पूर्व तयारी तथा व्यवस्थापन गोष्ठी संचालन गरिएको छ ।साथै विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाको मस्यौदा तयार गरी सबै मन्त्रालयका प्रतिनिधिको उपस्थितिमा मस्यौदा माथि छलफल गरी मस्यौदालाई अन्तिम रूप दिइएको छ ।
- सात वटा जिल्लामा कानून तर्जुमा सम्बन्धी तालिम तथा अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।
- सामुदायिक रेडियो प्रसारक संघको भवन निर्माणका लागि सामुदायिक रेडियो प्रसारक संघसँग सम्झौता भई कार्य अगाडि बढेको छ ।
- चलचित्र तथा वृत्तचित्र उत्पादन सम्बन्धी निर्देशिका स्वीकृत भई उत्पादन प्रकृया अगाडि बढाइएको छ।
- संचार सम्वद्ध संघसंस्था तथा क्लबहरूलाई अनुदान सम्बन्धी निर्देशिका स्वीकृत भई कार्य प्रक्रिया अगाडि बढाइएको छ ।
- जिल्ला कारागार नवलपरासी (ब.सु.पश्चिम) मा भएका ३०० भन्दा बढी कैदीबन्दीहरूको सहभागितामा

कैदीबन्दीहरूको सकारात्मक सोच विकास कार्यक्रम सम्पन्न भएको छ ।

- रूपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाका ३ वटा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सहभागितामा लागु पदार्थ दुर्व्यसन न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।
- नेपाल सरकार, गृह मन्त्रालय र यस मन्त्रालयको संयुक्त आयोजनामा २०७६/७/१८ र १९ गते बुटवलमा प्रदेश स्तरीय सुरक्षा गोष्ठी सम्पन्न भएको छ ।
- सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान गठन भई काम सुरू भएको छ ।
- रोल्पा जिल्लाको सुनछहरी गाँउपालिका र गुल्मी जिल्लाको सत्यवती गाउँपालिकामा पहिरोबाट प्रभावित क्षेत्रको स्थलगत अवलोकन गरी क्षतिको विवरण समेत संकलन गरेर सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाइएकोमा अर्थ मन्त्रालयबाट बजेटसमेत विनियोजन भई पहिरो प्रभावितको पुनर्स्थापना गर्ने कार्य अगाडि बढेको छ
- जिल्लामा पूर्व सूचना प्रणाली स्थापनाको लागि आवश्यक कार्यक्रम र बजेटको माग गरी सोको आधारमा ११ जिल्ला प्रशासन कार्यालयलाई विपद् पूर्वसूचना प्रणाली स्थापनाका लागि बजेट तथा अख्तियारी प्रदान गरिएको छ ।
- विकट पालिकाहरूमा हेलिप्याड निर्माणको लागि ११ जिल्लाका २२ वटा विभिन्न स्थानमा हेलिप्याड निर्माणको लागि जिल्ला प्रशासन कार्यलयहरूलाई हेलिप्याड निर्माणको लागि बजेट तथा अख्तियारी प्रदान गरी जिल्ला प्रशासन कार्यालयमार्फत काम अगाडि बढाइएको छ ।
- सशस्त्र प्रहरी बल, नेपाल नं. २६ गण हेडक्वाटर, नवलपरासी, सुस्ता गाउँपालिका नवलपरासी र जिल्ला प्रशासन कार्यालय दाङ्ग र जिल्ला प्रशासन कार्यालय बाँकेलाई वि.ओ.पि. निर्माणको लागि बजेट तथा अख्तियारी प्रदान गरिएको छ ।
- विभिन्न स्थानमा सुरक्षा चेक जाँच पोष्ट निर्माण गर्नको लागि ५ नं. प्रदेश प्रहरी कार्यालय दाङ, जिल्ला प्रहरी कार्यालयहरू रूपन्देही, कपिलवस्तु, प्यूठान, गुल्मी, अर्घाखाँची, रोल्पा, पाल्पा, दाङ, बाँके, बर्दिया र नवलपरासीलाई बजेट तथा अख्तियारी प्रदान गरिएको छ ।

## ५.९ आर्थिक वर्ष २०७६/७७ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण

- प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६
- सूचना तथा संचार प्रविधि प्रतिष्ठान ऐन, २०७६
- प्रदेश नं. ५ संघ संस्था दर्ता नियमावली, २०७६
- प्रदेश पदक नियमावली, २०७६
- प्रदेश प्रशारण नियमावली, २०७६
- विपद् व्यवस्थापन कार्य संचालन निर्देशिका, २०७६
- चलचित्र तथा वृत्तचित्र उत्पादनका लागि अनुदान सम्बन्धी निर्देशिका, २०७६
- प्रदेश नं. ५, टेलिभिजन तथा रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण सम्बन्धी निर्देशिका,२०७६
- द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम ( संचालन तथा व्यवस्थापन) निर्देशिका,२०७६
- लागु औषध प्रभावितको लागि पुनर्स्थापना केन्द्र संचालन अनुदान सम्बन्धी कार्यविधि, २०७६

➢ सञ्चारसम्बद्ध संघ संस्थाहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६

## ५.१० आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरुको प्रगति विवरण

| बुदा नं. | नीति तथा कार्यक्रम | कार्य प्रगति |
|---|---|---|
| १५० | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना र सञ्चालन | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना भई सञ्चालनमा आएको छ |
| १५१ | प्रदेश टेलिभिजन तथा रेडियो कार्यक्रम सञ्चालन | नेपाल टेलिभिजन, कोहलपुर प्रशारण केन्द्रसँग सम्झौता भई कार्यक्रम सञ्चालन भइरहेको छ । |
| १५२ | सूचना प्रविधि नवप्रवर्तन केन्द्र र सूचना प्रविधि पार्कको स्थापना | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान गठन भई सूचना प्रविधि पार्क, सूचना प्रविधि नवप्रवर्तन केन्द्र र डाटा सेन्टर स्थापनाको लागि विनियोजन भएको बजेट सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानलाई अख्तियारी प्रदान गरिएको छ |
| १६९ | द्वन्द्व प्रभावित घाइते तथा अपाङ्गको उपचार | लुम्बिनी प्रादेशिक अस्पतालसँग सम्झौता गरी द्वन्द्व प्रभावित घाइते तथा अपाङ्गको उपचार भैरहेको छ । हालसम्ममा ३६ जना द्वन्द्व प्रभावित घाइते तथा अपाङ्गको उपचार प्राप्त गरी लाभ हासिल गरेका छन् । |
| | द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम | द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम सञ्चालनको लागि सूचना प्रकाशन गरी तालिम लिन इच्छुक द्वन्द्व प्रभावित र तालिम प्रदायकको छनोट गर्ने कार्य भइरहेको छ । |
| १७० | विपद् व्यवस्थापन कोष | विपदमा परेका नागरिकहरूलाई राहतस्वरूप रकम उपलव्ध गराउने प्रयोजनका लागि स्थापना गरिएको विपद् व्यवस्थापन कोषमा यस आर्थिक वर्षमा रू ४ करोड जम्मा गरिएको छ।यस आर्थिक विपद्बाट प्रभावित १८४ घरपरिवारलाई रु.९१,४५,०००।— रुपैयाँ राहत वितरण भइसकेको छ । |
| | विपद् प्रतिकार्य तालिम केन्द्रको स्थापना र सञ्चालन | सशस्त्र प्रहरी बल, नेपाल मुख्यालय नं. ५ विन्ध्यावासिनी वाहिनीसँग सुरक्षा वेस क्याम्प शमशेरगञ्ज बाँकेमा विपद् प्रतिकार्य तालिम केन्द्र स्थापनाको लागि पत्राचार एवं छलफल गरी तालिम केन्द्र स्थापनाको लागि बजेट तथा अख्तियारी प्रदान गर्नको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा सहमतिको लागि पठाइएको छ । |
| १७१ | विपद्को उच्च जोखिममा रहेका स्थानीय तहलाई विपद् प्रतिकार्य तालिम सञ्चालन | सबै जिल्ला प्रशासन कार्यालयहरूबाट विपद् जोखिमको आधारमा स्थानीय तहको प्राथमिकीकरण अनुसारको विवरण संकलन गरी स्थानीय तहहरूको छनोट भइसकेको छ |
| | विकट पालिकाहरूमा हेलिप्याड निर्माण | सबै जिल्ला प्रशासन कार्यालयहरूबाट हेलिप्याड निर्माण गर्न स्थानीय तहको छनोट गरी प्रदेशभित्रका विभिन्न २२ स्थानमा हेलिप्याड निर्माणको लागि जिल्ला प्रशासन कार्यालयलाई बजेट तथा अख्तियारी प्रदान गरिएको छ । |

| | | |
|---|---|---|
| | विपद पूर्वसूचना प्रणाली स्थापना | सबै जिल्ला प्रशासन कार्यालयहरूबाट विपद् पूर्वसूचना प्रणाली स्थापनाको लागि आवश्यक कार्यक्रम र बजेटको माग गरी माग र उपलब्धताको आधारमा विपद पूर्वसूचना प्रणाली स्थापनाको लागि विनियोजित बजेटको अख्तियारी प्रदान गरिएको छ । |
| १७२ | लागु औषध दुर्व्यसन न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम | नवलपरासी (ब.सु.प.) र रूपन्देहीका ३ वटा शिक्षण संस्थामा लागु औषध दुर्व्यसन न्यूनीकरणको लागि जनचेतनामूलक कार्यक्रम संचालन भइसकेको छ । |
| | लागु औषध पुर्नस्थापना केन्द्र सञ्चालन अनुदान | लागु औषध पुर्नस्थापना केन्द्र सञ्चालन अनुदान सम्बन्धी कार्यविधि, २०७६ तयार गरी सूचना प्रकाशन गरी पुनर्स्थापना केन्द्रको विवरण संकलन भएको छ । |
| १७३ | सि.सि.टि.भी. प्रणाली जडान | सि.सि.टि.भी. खरिद गर्नको लागि बोलपत्र सम्बन्धी कार्य अगाडि बढाइएको छ । |

**तालिका नं. ५.२ आर्थिक वर्ष २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रमको दोस्रो चौमासिक सम्मको प्रगति विवरण र असार मसान्तसम्मको अनुमानित प्रगति विवरण**

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेटखर्च % | परिमाण | परिमाण% | बजेट | बजेटखर्च % |
| १ | प्रदेश प्रहरी अतिरिक्त क्रियाकलाप सञ्चालन | ४ | १०००० | ० | ० | ० | ० | ४ | १०००० | ९९०० | १०० |
| २ | प्रदेश स्तरीय सञ्चारकर्मी क्षमता विकास कार्यक्रम | २ | २५०० | १ | ५० | ८४८०० | ४२.४० | २ | १०० | २५०० | १०० |
| ३ | विपद् प्रतिकार्य तालिम केन्द्रको स्थापना तथा सञ्चालन | १ | १०००० | ० | ० | ० | ० | १ | १०० | १०००० | ९० |
| ४ | विपद् व्यवस्थापन सामाग्री भण्डारण केन्द्र प्रि-फेव भवन निर्माण | १ | ७००० | ० | ० | ० | ० | १ | १०० | ५००० | ७० |
| ५ | विपद् पूर्वसूचना प्रणाली स्थापना | १० | ७५०० | ० | ० | ० | ० | १० | १०० | ७५०० | १०० |
| ६ | विकट पालिकाहरूमा हेलिप्याड निर्माण | १० | १०००० | ० | ० | ० | ० | १० | १०० | १०००० | १०० |
| ७ | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यक्रम(तारवार र पर्खाल निर्माण) | १५ | ३५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| क स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेटखर्च % | परिमाण | परिमाण% | बजेट | बजेटखर्च % |
| ८ | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यक्रम(तारवार र पर्खाल निर्माण) | १५ | ५००० | ० | ० | ० | ० | १५ | १०० | १००० | २० |
| ९ | मानव वन्यजन्तु द्वन्द्व अवस्थाको अध्ययन र स्थान पहिचान | १२ | १००० | ० | ० | ० | ० | १२ | १०० | १००० | १०० |
| १० | स्थानीय न्यायिक समितिको क्षमता विकास कार्यक्रम | १२ | १२०० | ८ | ६६.६७ | ५४३.४४ | ४५.२९ | १२ | १०० | १२०० | १०० |
| ११ | कानून तर्जुमा सम्बन्धमा सरोकारवालाहरूसँग अन्तर्क्रिया कार्यक्रम | १२ | १००० | २ | १६.६७ | ३७.५ | ३७.५ | १२ | १०० | १००० | १०० |
| १२ | प्रदेश सभा सदस्यहरूका लागि कानून तर्जुमा गोष्ठी | २ | १००० | ० | ० | ० | ० | २ | १०० | १००० | १०० |
| १३ | कानून तर्जुमा समिति बैठक तथा अन्तर्क्रिया कार्यक्रम | १५० | ३००० | ६५ | ४३.३३ | ९१० | ३०.३३ | १५० | १०० | ३००० | १०० |
| १४ | विपद् पूर्वतयारी सम्बन्धी गोष्ठी | १२ | १५०० | ६ | ५० | ८३२ | ५५.४७ | १० | ८४.४४ | १५०० | १०० |
| १५ | १२ जिल्लाका विपद्को उच्च जोखिममा रहेका २० वटा स्थानीय तहलाई विपद् प्रतिकार्य तालिमा सञ्चालन | २० | ६००० | ० | ० | ० | ० | २० | १०० | ६००० | १०० |
| १६ | प्रादेशिक फोरेन्सीक ल्याव स्थापना र सञ्चालन | १ | ५००० | ० | ० | ० | ० | १ | १०० | ५००० | ९५ |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेटखर्च % | परिमाण | परिमाण% | बजेट | बजेटखर्च % |
| १७ | सशस्त्र प्रहरी बल, नेपाल वि.ओ.पी. निर्माण | ४ | १०००० | ० | ० | ० | ० | ४ | १०० | १०००० | १०० |
| १८ | उच्च अदालत वार एसोसियसन बुटवललाई मानव अधिकार राष्ट्रिय गोष्ठी र केन्द्रीय कार्यकारिणी परिषद् बैठक सञ्चालनको लागि अनुदान | १ | ५०० | १ | १०० | ५ | १०० | १ | १०० | ५ | १०० |
| १९ | सुरक्षा चेकजाँच पोष्ट निर्माण | १२ | २५०० | ० | ० | ० | ० | १२ | १०० | २५०० | १०० |
| २० | सुरक्षा चेकजाँच पोष्ट मर्मत सुधार | १२ | २४०० | ० | ० | ० | ० | १२ | १०० | २४०० | १०० |
| २१ | पिक अप भ्यान खरिद | २० | ६०००० | ० | ० | ० | ० | २० | १०० | ६०००० | १०० |
| २२ | रोल्पा कारागार निर्माण | १ | १०००० | ० | ० | ० | ० | ० | २० | ८० | ८० |
| २३ | प्रदेश प्रहरी तालिम केन्द्र भवन निर्माण | १ | १५००० | ० | ० | ० | ० | १ | १०० | १५००० | १०० |
| २४ | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान गठन तथा सञ्चालन | १ | ५००० | १ | १०० | ५००० | १०० | १ | १०० | ५००० | १०० |
| २५ | डाटा सेन्टर स्थापना | १ | १५००० | | | | | १ | १०० | १५००० | ५० |
| २६ | टेलिसेन्टर स्थापना | ३ | १५०० | | | | | ३ | १०० | १५०० | १०० |
| २७ | सूचना प्रविधि पार्क निर्माण | १ | १०००० | | | | | | | | |
| २८ | विपद् व्यवस्थापन सामाग्री खरिद | ३ | २५० | ० | ० | ० | ० | ३ | १०० | २५० | १०० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेटखर्च % | परिमाण | परिमाण% | बजेट | बजेटखर्च % |
| २९ | प्रहरी चौकी तथा इलाका प्रहरी कार्यालय निर्माण | ५ | ८०००० | ० | ० | ० | ० | ० | ३० | ६०००० | ७५ |
| ३० | प्रदेश सुरक्षा नीति तर्जुमा | १ | १००० | ० | ० | ० | ० | १ | १०० | १००० | १०० |
| ३१ | ट्राफिक प्रहरीलाई आवश्यक पर्ने मेसिनरी औजार खरिद | ५० | ५००० | ० | ० | ० | ० | ५० | १०० | ५००० | १०० |
| ३२ | कारागार व्यवस्थापन कार्यक्रम (रोल्पा कारागार निर्माण) | १ | ९००० | ० | ० | ० | ० | ०.२५ | २५ | ९००० | १०० |
| ३३ | कारागार सुधार कार्यक्रम (कारागार भवन निर्माण) | १ | १०००० | ० | ० | ० | ० | ० | ५ | २००० | २० |
| ३४ | पहाडी जिल्लामा अतिथिगृह मर्मत तथा सञ्चालन | ४ | ६००० | | | | | ४ | १०० | ६००० | १०० |
| ३५ | प्रादेशिक तहका पत्रकार सम्बद्ध संस्था र क्लवहरूलाई अनुदान | ५ | २५०० | ० | ० | ० | ० | ५ | १०० | २५०० | १०० |
| ३६ | चटयाङ्गवाट एफ.एम. को सुरक्षा कार्यक्रम | १०० | १०००० | ० | ० | ० | ० | १०० | १०० | १०००० | १०० |
| ३७ | प्रादेशिक ट्राफिक चेतना प्रवर्द्धन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन र प्रचारप्रसार | १५ | ३५०० | ० | ० | ० | ० | १५ | १०० | ३५०० | १०० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेटखर्च % | परिमाण | परिमाण% | बजेट | बजेटखर्च % |
| ३८ | जिल्ला स्तरीय सुरक्षा व्यवस्थापन तथा अपराध नियन्त्रण सम्बन्धी अन्तर्क्रिया तथा छलफल गोष्ठी | १४ | २००० | ० | ० | ० | ० | १४ | १०० | २००० | १०० |
| ३९ | जलजला दिप फाउण्डेसन, रोल्पालाई मगर थिएटर निर्माणको अनुदान | १ | ५० | ० | ० | ० | ० | १ | १०० | ५० | १०० |
| ४० | थारू साँस्कृतिक संरक्षण केन्द्र दाङलाई थारू थिएटर निर्माणको लागि अनुदान | १ | ५० | १ | ३० | १४२५ | २८.५ | १ | १०० | ५० | १०० |
| ४१ | द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम | १२ | ४०००० | ४ | ३३.३३ | | | १२ | १०० | ४०००० | १०० |
| ४२ | द्वन्द्व प्रभावित घाइते तथा अपाङ्गको उपचार | ३ | १५००० | १ | ३३.३३ | ४००० | ५००० | ३ | १०० | १०००० | ६६.६६ |
| ४३ | लागुऔषध दुर्व्यसन न्यूनीकरणको लागि जनचेतनामूलक कार्यक्रम | ५ | २५०० | ३ | ६० | ८५६ | ३४.२४ | ५ | १०० | २५०० | १०० |
| ४४ | लागुऔषध प्रभावितको लागि पुर्नस्थापना केन्द्र सञ्चालन अनुदान | १ | १०००० | ० | ० | ० | ० | १ | १०० | १०००० | १०० |
| ४५ | लैङ्गिक तथा लक्षित वर्गमैत्री पत्रकारिता क्षमता विकास कार्यक्रम | २ | ५००० | १ | ५० | ४३५० | ८७ | १ | ५० | ४३५० | ८७ |
| ४६ | प्रदेशस्तरिय सञ्चारकर्मी क्षमता विकास कार्यक्रम | २ | २५००० | १ | ५० | ८४०० | ४२.४० | २ | १०० | २५००० | १०० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | बजेट | बजेटखर्च % | परिमाण | परिमाण% | बजेट | बजेटखर्च % |
| ४७ | प्रदेश टेलिभिजन तथा रेडियो कार्यक्रम सञ्चालन | ३ | २०००० | १ | ३३.३३ | ३०६६ | १५.३३ | ३ | १०० | २०००० | १०० |
| ४८ | कारागारका कैदी वन्दीको व्यावसायिक सीप विकास कार्यक्रम | १० | ३००० | ० | ० | ० | ० | १० | १०० | ३००० | १०० |
| ४९ | कारागारका कैदीवन्दीको सकारात्मक सोच विकास कार्यक्रम | १ | ५०० | १ | १०० | ४९४ | ९८.७ | १ | १०० | ४९४ | ९८.७ |
| ५० | विपद् व्यवस्थापन कोष | १ | ४०००० | १ | १०० | ४०००० | १०० | १ | १०० | ४०००० | १०० |
| ५१ | प्रदेश स्तरीय सुरक्षा गोष्ठी | ४ | ३००० | १ | २५ | १४०२ | ४६.७६ | २ | ५० | ३००० | १०० |
| ५२ | प्रदेश एक्स्पो कार्यक्रम संचालन तथा व्यवस्थापन | १ | ७० | १ | १०० | ३५ | ५० | १ | १०० | ७० | १०० |
| ५३ | सूचना तथा संचार प्रविधि प्रतिष्ठान | १ | ३७५०० | १० | २० | ४६१९ | १३ | १ | १०० | ३७५०० | १०० |

स्रोत आन्तरिक मामिला तथा कानून मन्त्रालय

**तालिका नं. ५.३ आर्थिक वर्ष २०७५/७६ मा विनियोजित बजेट तथा २०७६ असारमसान्तसम्मको खर्च**

*(रु. हजारमा)*

| ब.उ.शी.नं. | बजेट शीर्षक | खुद बजेट | असार मसान्तसम्मको खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ७०५३२३११३ | चालु | २३१०१० | १५५४४८.६६८ | ६७.२९ |
| ७०५३२३११४ | पुंजीगत | ११४०२५ | ८३५९०.४९५ | ७३.३० |
| जम्मा | | ३४५०३५ | २३९०३९.१६३ | ६९.२८ |

स्रोत आन्तरिक मामिला तथा कानून मन्त्रालय

**तालिका नं. ५.४ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ दोस्रो चौमासिक सम्मको वित्तीय प्रगति र २०७७ असार मसान्तसम्मको खर्चको अनुमान रु. हजारमा**

| बजेट शीर्षक | विनियोजित बजेट | दोस्रो चौमासिक सम्मको खर्च | प्रतिशत | असार मसान्तसम्मको अनुमानित खर्च % |
|---|---|---|---|---|
| चालु | २६३५१३ | ७८२०३ | २९.६८ | ९५ |
| पुँजीगत | ४५१४४० | २१६४० | ४.१४ | ८५ |
| जम्मा | ७१४९५३ | ९९८४३ | १३.९६ | ९० |

स्रोत आन्तरिक मामिला तथा कानून मन्त्रालय

## ५.११ राजस्व संकलनको विवरण

यस मन्त्रालयबाट चालु आर्थिक वर्ष २०७६/७७ मा हालसम्म संघसंस्था दर्ताबाट रू ५५०००।- राजस्व संकलन भएको छ ।

**तालिका नं. ५.६ आर्थिक वर्ष २०७६/७७ को दोस्रो चौमासिकसम्मको राजस्व संकलन विवरण र असार मसान्तसम्मको संशोधित अनुमान (रु.हजारमा)**

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत | असार मसान्तसम्मको संशोधित अनुमान |
|---|---|---|---|---|---|
| १ | संघसंस्था दर्ता | २०० | ५५ | २७.५ | १०० |

स्रोत आन्तरिक मामिला तथा कानून मन्त्रालय

## ५.१२ विकास आयोजना तथा कार्यक्रमहरूबाट सिर्जित रोजगारीको विवरण

यस मन्त्रालयबाट सञ्चालित विकास आयोजना तथा कार्यक्रमबाट हालसम्ममा रोजगारी सिर्जना हुन नसकेको अवस्था छ ।

## ५.१३ समस्या तथा चुनौतीहरू

- संघीय सम्बद्ध कानूनहरू तर्जुमा नभएको कारण प्रादेशिक कानूनहरू निर्माण गर्न ढिलाई हुनु ।
- मन्त्रालय मातहत प्रादेशिक इकाई तथा कार्यालयहरू नहुँदा कार्यक्रम कार्यान्वयनमा कठिनाई भएको ।
- निर्माण सम्बन्धी कार्यको लागि आवश्यक जग्गा प्राप्तिमा कठिनाई भएकोले ( सूचना प्रविधि पार्क, सूचना प्रविधि नवप्रवर्तन केन्द्र, कारागार निर्माण) लगायतका कार्यक्रमहरू अगाडि बढाउन कठिनाई भएको ।
- खरिद प्रक्रियामा दक्ष र प्राविधिक जनशक्तिको अभाव ।
- कार्यक्रम संशोधन तथा बजेट पठाउने लामो प्रक्रिया (PLMBIS)को कारणबाट समेत ढिलो हुने गरेको ।
- प्रदेश एक्स्पो आयोजना गर्ने क्रममा मन्त्रालयको जनशक्ति परिचालित गर्नुपरेको कारणले नियमित कार्य सम्पादनमा बाधा उत्पन्न भएको ।

## ५.१४ समस्या समाधानका लागि चालिएका कदमहरू

- ५ नं. प्रदेश प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, नेपाल मुख्यालय नं.५ विन्ध्यावासिनी वाहिनी, जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला प्रहरी कार्यालयहरू र लुम्बिनी प्रादेशिक अस्पताल र स्थानीय तहसँगको समन्वय र सहकार्यमा काम अगाडि बढाइएको छ ।
- मन्त्रालयको संगठन संरचनामा प्राविधिक कर्मचारी राख्नको लागि संगठन तथा व्यवस्थापन समितिको बैठकमा छलफल भइरहेको छ ।
- जनशक्ति व्यवस्थापनको लागि ओ.एण्ड एम. कार्य सुरु भएको ।
- रिक्त दरबन्दी पदपूर्तिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पटकपटक अनुरोध भएको।
- अन्य मन्त्रालय र कार्यालयहरू, सुरक्षा निकायहरू समेतलाई प्राविधिक सहयोगको लागि अनुरोध गरी प्राविधिक कार्य सम्पादन गरिएको ।
- सूचना प्रविधि पार्क र सूचना प्रविधि नवप्रवर्तन केन्द्रको स्थापनाको लागि आवश्यक पर्ने जग्गा प्राप्तिको लागि भूमि तथा अभिलेख व्यवस्थापन विभाग/मन्त्रालयहरुमा पटक पटक अनुरोध गर्दा समेत प्राप्त हुन नसकेको ।
- सार्वजनिक खरिद सम्बन्धी तालिमको लागि सार्वजनिक खरिद अनुगमन कार्यलयसँग पटक पटक अनुरोध गरिएको ।

## ५.१५ आगामी कार्यदिशा

मन्त्रालयको आर्थिक वर्ष २०७६/७७ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको पूर्ण कार्यान्वयनको लागि निरन्तर कार्य गरिरहेको छ । विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसबाट विश्व आक्रान्त बनिरहेको बेला कार्यक्रम कार्यान्वयनमा यसको प्रभाव पर्छ कि भन्ने संशय बढ्दै गएको छ । तथापि यस मन्त्रालयबाट सञ्चालन गरिने कार्यक्रमहरूलाई तोकिएको समयभित्रै सम्पन्न गर्न मन्त्रालयले तदारूकताका साथ कार्य अगाडि बढाइरहेको छ ।बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि मन्त्रालयको आगामी कार्यदिशा देहायबमोजिम रहनेछ ।

- ५ नं. प्रदेश प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल, बिन्ध्यावासिनी बाहिनी, जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला प्रहरी कार्यालहरूलाई बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि अख्तियारी प्रदान गरिएका कार्यक्रमहरूको निरन्तर अनुगमन र निर्देशन गरी तोकिएको समयभित्रै सम्पन्न गर्ने ।
- सूचना तथा सञ्चार
- सञ्चार प्रविधि प्रतिष्ठानलाई प्रदेशभित्र विद्युतीय शासन प्रवर्द्धनको लागि परिचालन गरिनेछ ।सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा विनियोजित बजेटलाई सोही बमोजिम कार्यक्रम संशोधन र रकमान्तर गरी कार्यक्रम सञ्चालन गर्ने ।
- सार्वजनिक खरिद र सार्वजनिक निर्माण अन्तर्गतका कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाई तोकिएको मितिभित्रै सम्पन्न गर्ने । बहुवर्षीय योजनामा लैजानुपर्ने सार्वजनिक निर्माणका कार्यलाई स्रोत सुनिश्चितताको लागि आवश्यक प्रवन्ध मिलाउने ।
- विभिन्न किसिमका तालिम तथा गोष्ठीहरूलाई आगामी दुई महिनाभित्रै सम्पन्न गर्ने ।

## ५.१६ निष्कर्ष

प्रदेश स्तरीय शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, निर्देशन, सुपरीवेक्षण, मूल्याङ्कन र प्रतिवेदनका साथै कानून, न्याय तथा प्रदेश सभा मामिला लगायत मानवअधिकार, विपद् व्यवस्थापन लगायतका विषयहरू यस मन्त्रालयको मुख्य जिम्मेवारी भित्र पर्दछन्। स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वयमा प्रभावकारिता कायम गरी सुशासन प्रवर्द्धन गर्न मन्त्रालयले प्रतिवद्ध भई कार्य सम्पादन गर्दै आएको छ।

आर्थिक वर्ष २०७६/७७ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमहरूको पूर्ण कार्यान्वयनको लागि मन्त्रालय निरन्तर प्रयासरत छ। हालसम्ममा विनियोजित बजेटमध्ये चालुतर्फ २९.६८ प्रतिशत र पुँजीगततर्फ ४.१४ प्रतिशत रकम खर्च भएको छ ।समग्रमा मन्त्रालयको हालसम्ममा १६.९१ प्रतिशत रकम खर्च भएको छ। हालसम्मको खर्च अवस्थालाई हेर्दा मन्त्रालयको खर्च न्यून रहेको छ।

बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयमातहत प्रादेशिक इकाई तथा कार्यालयहरू नहुनु,निर्माण सम्बन्धी कार्यको लागि आवश्यक जग्गा प्राप्ति हुन नसक्नु खरिद प्रक्रियामा दक्ष र प्राविधिक जनशक्तिको अभाव हुनु, महाशाखा प्रमुखलाई दोहोरो जिम्मेवारी हुनु मुख्य समस्याको रूपमा रहेका छन् ।जसले गर्दा विनियोजित बजेट निर्धारित समयभित्र खर्च नभई मन्त्रालयको कार्यसम्पादनमा ढिलाई हुन गएको छ ।

स्वीकृत वार्षिक कार्यक्रमको कार्यान्वयन र विनियोजित बजेटको परिचालनको लागि मन्त्रालयले ५ नं. प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला प्रहरी कार्यालयहरू, सशस्त्र प्रहरी बल, नेपाल, लुम्बिनी प्रादेशिक अस्पतालसँग र स्थानीय तहसमेतको समन्वय र सहकार्यमा कार्यक्रम कार्यान्वयनलाई तीव्रताकासाथ अगाडि बढाइरहेको छ ।

बजेट तथा कार्यक्रमको हालसम्मको प्रगति उत्साहपूर्ण नभए तापनि निराशाजनक नरहेको अवस्था छ । सार्वजनिक खरिद सम्बन्धी कार्य अगाडि बढेको छ । कारागार निर्माण, इलाका प्रहरी कार्यालय तथा प्रहरी चौकी निर्माण, विकट पालिकाहरूमा हेलिप्याड निर्माण, ५ नं. प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयहरूलाई सवारी साधन खरिद, विपद् पूर्व सूचना प्रणाली स्थापना, सशस्त्र प्रहरी बल नेपाल वि.ओ.पि. निर्माण र सुरक्षा चेकजाँच पोष्ट निर्माण लगायतका कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि करिव अठ्ठाइस करोड रूपैयाँ सम्बन्धित निकायहरूलाई अख्तियारी प्रदान गरिएको छ । ती कार्यक्रमहरू यसै आर्थिक वर्षमा कार्यान्वयन भईसक्ने मन्त्रालयको विश्वास रहेको छ। साथै सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान गठन भई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विनियोजित बजेट सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानबाट परिचालन हुने गरी काम अगाडि बढाइएको छ ।यसले आगामी चार महिनामा मन्त्रालयको पुँजीगत बजेट समेत सोंचेअनुरुप खर्च हुने अवस्था रहेको छ ।

यसरी मन्त्रालयको आर्थिक वर्ष २०७६/७७ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहसँग समेत समन्वय गरी कार्य भइरहेको हुनाले तोकिएको समयभित्रै बजेट तथा

कार्यक्रमको कार्यान्वयन हुने अवस्था छ । मन्त्रालयले चालु आ. व. मा विनियोजित बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन गरी प्रदेशस्तरीय शान्ति सुरक्षा र सुव्यवस्था, कानून,न्याय तथा प्रदेश सभा मामिला, मानवअधिकार, विपद् व्यवस्थापन, सूचना तथा सञ्चार प्रवर्द्धन, स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वयमा प्रभावकारिता कायम गर्न सफल हुने विश्वास रहेको छ ।

# परिच्छेद-६
# आर्थिक मामिला तथा योजना मन्त्रालय

## ६.१ पृष्ठभूमि

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको छ। प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थीरता सम्बन्धी नीति तर्जुमा र नियमन, प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन र प्रदेशस्तरीय वित्तीय संस्थाहरु सञ्चालन एवम् व्यवस्थापनसम्बन्धी कार्यका लागि यो मन्त्रालयको स्थापना भएको हो ।

## ६.२ दीर्घकालीन सोच

प्रदेश नं. ५ लाई समृद्ध प्रदेश खुसी जनताको मूल नाराका साथ द्रुततर विकास गर्दै सवल वित्तीय र आर्थिक व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी समग्र प्रदेशस्तरीय अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्ने ।

## ६.३ उद्देश्य

संविधान प्रदत्त अधिकारको अधिकतम उपयोग गर्दै उपलब्ध स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पुऱ्याउने ।

## ६.४ रणनीतिहरु

- आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान दिने ।
- कृषि पर्यटन शिक्षा स्वास्थ्य र भौतिक पूर्वाधार विकास जस्ता सामाजिक आर्थिक पूर्वाधार र बढी मात्रमा गरिबी निवारणोन्मुख क्षेत्रमा अनुकुल हुने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने ।
- बढी भन्दा बढी राजस्व वृद्धिका उपाय अवलम्बन गर्ने ।
- स्थानीय सरकारहरुवीचको साझेदारीमा सम्पन्न गर्न सकिने आयोजनाहरुलाई प्राथमिकता दिने।
- विभिन्न मन्त्रालय र निकायहरुको लागि भएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने ।
- माग तथा सामाजिक न्यायमा आधारित आयोजना कार्यान्वयनमा जोड दिने ।

## ६.५ कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहायअनुसार रहेका छन्:

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थीरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,
- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
- संघीय नीति अनुरुप सहवित्तीयकरण,
- प्रदेश आर्थिक कार्यविधि सम्वन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
- प्रदेश संचित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्वन्धी,
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,
- संघीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण,
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- संघसंगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,
- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,
- बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,
- प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसंगको समन्वय र सहकार्य ।

## ६.६ कानुनी तथा नीतिगत व्यवस्था

यस मन्त्रालयले ४.८.१ मा उल्लेखित नीति तथा कानूनको अतिरिक्त आफ्नो कार्य सम्पादनमा अवलम्बन गर्ने विशिष्ट नीति तथा कानूनहरु निम्नानुसार रहेका छन् ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४
- प्रदेश आर्थिक ऐन, २०७५
- प्रदेश विनियोजन ऐन, २०७५
- प्रदेश नं. ५, प्रदेश वित्त व्यवस्थापन ऐन २०७५
- प्रदेश नं. ५, प्रदेश कर तथा गैरकर सम्बन्धी ऐन, २०७५
- व्यय अनुमानको विवरण, २०७५
- विनियोजन विधेयक २०७६ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति
- संचित कोष सञ्चालन कार्यविधि, २०७४
- समपुरक अनुदान व्यवस्थापन कार्यविधि,(प्रथम संसोधन) २०७६
- नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५
- आर्थिक वर्ष २०७६/७७७ को वार्षिक कार्यक्रम पुस्तिका
- सार्वजनिक खरिद सम्वन्धी प्रदेश नियमावली, २०७६
- प्रदेश मनोरञ्जन कर नियमावली, २०७६
- प्रदेश विज्ञापन कर नियमावली, २०७६
- प्रदेश नं. ५ को आर्थिक सामाजिक विकासको स्थिति पत्र ।

## ६.७ संगठन संरचना र जनशक्ति विवरण

यस मन्त्रालयमा आर्थिक मामिला तथा योजना मन्त्रीको राजनीतिक नेतृत्व तथा नेपाल प्रशासन सेवा, राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको कर्मचारीको प्रशासनिक नेतृत्व रहने व्यवस्था रहेको छ । मन्त्रालयमा ४ वटा महाशाखा र १० वटा शाखा रहने गरी तयार गरिएको संगठन संरचना बमोजिम कुल दरबन्दी ४८ जना रहेको छ ।

### ६.७.१ संगठन संरचना




### तालिका नं.-६.१ दरबन्दी र पदपूर्तिको अवस्था

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ | १ | ० | |
| २ | उपसचिव | प्रशासन | राजश्व | रा.प.द्वितीय | २ | २ | ० | |
| ३ | उपसचिव | प्रशासन | सामान्य प्रशासन | रा.प.द्वितीय | १ | ० | १ | |
| ४ | उपसचिव | प्रशासन | लेखा | रा.प.द्वितीय | १ | ० | १ | |

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ५ | शाखा अधिकृत | प्रशासन | सामान्य प्रशासन | आठौं/सातौं | ६ | ६ | ० | |
| ६ | शाखा अधिकृत | प्रशासन | राजश्व | आठौं/सातौं | ६ | १ | ५ | |
| ७ | लेखा अधिकृत | प्रशासन | लेखा | आठौं/सातौं | १ | १ | ० | |
| ८ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृतीय | १ | १ | ० | |
| ९ | अर्थशास्त्री | विविध | | आठौं/सातौं | १ | ० | १ | |
| १० | तथ्याङ्क अधिकृत | आ.यो. तथा त. | तथ्याङ्क | आठौं/सातौं | १ | १ | ० | |
| ११ | क. इन्जिनियर | विविध | | आठौं/सातौं | १ | ० | १ | |
| १२ | क.अधिकृत | विविध | | आठौं/सातौं | १ | १ | ० | |
| १३ | नायव सुव्वा | प्रशासन | सामान्य प्रशासन | छैठौं/पाचौं | ३ | ३ | ० | |
| १४ | नायव सुव्वा | प्रशासन | राजश्व | छैठौं/पाचौं | ६ | ० | ६ | |
| १५ | क. अपरेटर | विविध | | छैठौं/पाचौं | ४ | ४ | ० | १ करार |
| १६ | खरिदार | प्रशासन | सामान्य प्रशासन | पाचौं/चौथो | २ | ० | २ | |
| १७ | सह-लेखापाल | प्रशासन | लेखा | पाचौं/चौथो | १ | १ | ० | |
| १८ | ह.स.चा. | | | श्रेणीविहीन | ४ | ४ | ० | ३ करार |
| १९ | का.स. | | | श्रेणीविहीन | ५ | ४ | १ | २ करार |
| जम्मा | | | | | ४८ | ३० | १८ | |

## ६.८ प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश सरकारको समग्र लेखा व्यवस्थापन गर्ने उद्देश्यले यस मन्त्रालय अन्तर्गत रहने गरी प्रदेश लेखा नियन्त्रक कार्यालय स्थापना भई सञ्चालनमा आएको छ । जसको संगठन संरचना र दरबन्दी विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ६.८.१ संगठन संरचना




**तालिका नं.-६.२ दरबन्दी र पदपूर्तिको अवस्था**

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश लेखा नियन्त्रक | प्रशासन | लेखा | नवौं/दशौं | १ | १ | ० |
| २ | लेखा अधिकृत | | लेखा | सातौं/आठौं | ४ | ४ | ० |
| ३ | लेखापाल | प्रशासन | लेखा | पाँचौं/छैठौं | ४ | ४ | ० |
| ४ | कम्प्युटर अपरेटर | विविध | विविध | पाँचौं/छैठौं | १ | १ | ० |
| ५ | सह लेखापाल | प्रशासन | लेखा | चौथो/पाँचौं | ४ | ४ | ० |
| ५ | हलुका सवारी चालक | | | | २ | १ | १ |
| ६ | का.स. | | | | ४ | ४ | ० |
| **जम्मा** | | | | | **२०** | **१९** | **१** |

## ६.९ आर्थिक वर्ष २०७६/७७ फागुन मसान्तसम्ममा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- ३ वटा नियमावली, ४ वटा कार्यविधि तथा निर्देशिका पारित भई लागू भएको र १ वटा नियमावली, ३ वटा कार्यविधि तथा निर्देशिका मस्यौदा तयार गरिएको।
- विभिन्न मन्त्रालयहरुबाट तर्जुमा गरिएका ९२ ऐन/नियमावली तथा कार्यविधिउपर सहमति प्रदान गरिएको।
- विनियोजित बजेटको सीमाको अधीनमा रही १०० स्थानीय तहका ३६१ वटा समपुरक अनुदानका आयोजना स्वीकृत ।
- विशेष अनुदानतर्फका विनियोजित बजेटको सीमाको अधीनमा रही १०० स्थानीय तहका १५१ वटा आयोजना छनोट गरिएको |
- सशर्त, समपुरक र विशेष अनुदानको आयोजना कार्यान्वयनका लागि स्थानीय तहलाई सहजीकरण गर्ने गरिएको ।
- चालु आर्थिक वर्ष २०७६/७७ का लागी संघ र प्रदेशको साझेदारीमा संचालन गरिने २५ वटा समपुरक आयोजना तथा विशेष आयोजना प्रस्ताव गरिएको जसमध्ये समपुरकतर्फ १२ वटा तथा विशेषतर्फ ६ वटा आयोजना स्वीकृत भई आएको र कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयलाई पठाइएको।
- आगामी आर्थिक वर्ष २०७७/७८ का लागि समपुरकतर्फका १५ वटा तथा विशेषतर्फका ७ वटा आयोजना राष्ट्रिय योजना आयोगमा प्रस्ताव गरिएको |
- गत आर्थिक वर्ष २०७५/७६ मा बहुउद्देश्यीय सभाहल निर्माणको लागि बहुवर्षीय स्रोत सुनिश्चितता लिएका १८ वटा पालिकामा स्रोत सुनिश्चितता गरिएको रकम रु. ९ करोड ८४ लाख २७ हजार वित्त हस्तान्तरण गरिएको |
- आर्थिक वर्ष२०७६/७७ मा वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको पहिलो र दोस्रो किस्तावापत विनियोजित बजेटको ७५ प्रतिशतले हुन आउने रकम सबै स्थानीय तहलाई अनुदान हस्तान्तरण गरिएको |
- गत आर्थिक वर्ष २०७५/७६ का सशर्त अनुदानतर्फका आयोजनाहरु कार्यान्वयनका लागि उपलब्ध गराइएको रकममध्ये उक्त आर्थिक वर्षमा स्थानीय तहबाट खर्च हुन नसकी बाँकी रहेको रकम मध्ये रु ३४ करोड १७ लाख ७५ हजार ८सय १० प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्न लगाइएको।
- प्रदेश नं. ५ का २२ वटै मालपोत कार्यालयहरुसँग घरजग्गा रजिष्ट्रेशन शुल्कवापत संकलित राजस्व रकम प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषमा दाखिला गर्ने सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- राजश्वका सम्भावित स्रोतहरुको अध्ययन अनुसन्धान गर्न राजश्व परामर्श समितिको निर्णय अनुसार विशेषज्ञ सेवाको लागि TOR स्वीकृत गरी प्रस्ताव आह्वानको सूचना प्रकाशित गरी अध्ययन कार्य भइरहेको |

- आर्थिक वर्ष २०७६/७७ को बजेट कार्यान्वयन गर्नको लागि सबै मन्त्रालय र कार्यालयलाई मार्गदर्शन पठाइएको।
- नेपाल सरकार अर्थ मन्त्रालयको समन्वयमा विषयगत मन्त्रालयका बजेट तथा योजना र लेखासँग सम्बन्धित कर्मचारीलाई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS)सम्वन्धी तालिम संचालन गरिएको |
- प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा निकायहरुको वार्षिक कार्यक्रम स्वीकृत गरिएको, आवश्यकता र औचित्यको आधारमा बजेट रकमान्तर, बजेटथप, बहुवर्षीय आयोजनाको लागि स्रोत सुनिश्चितता र कार्यक्रम संसोधन गरिएको |
- प्रदेश सरकारको बजेट कार्यान्वयनको सम्वन्धमा देखा परेका समस्याहरुको समाधानका लागि मन्त्रालयको तर्फबाट सहजीकरण गर्ने कार्य भइरहेको |
- प्रदेश सरकारले संचालन गर्ने लगानी सम्मेलन सफल बनाउन विश्व बैंक लगायत अन्तराष्ट्रिय विकास साझेदार संस्थाका प्रतिनिधि र माननीय मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्रीज्यूको समुपस्थितिमा सरोकारवाला प्रतिनिधिसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिएको र सरोकारवाला प्रतिनिधिहरुसंग सार्वजनिक निजी साझेदारी संवाद कार्यक्रम सम्पन्न गरिएको तथा लगानी सम्मेलन तयारी अवधारणा पत्रको मस्यौदा तयार गरिएको |
- लगानी सम्मेलनको लागि विभिन्न आवश्यक समिति, सचिवालय गठन गरी जिम्वारी तोकेर कार्य विभाजन सहित अगाडि बढेको |
- प्रदेशमा उत्पादन हुने वस्तुको उत्पादनका लागि प्रविधि र पूर्वाधारको प्रयोगको सहयोग तथा उत्पादन र ब्रान्डिङ्ग एवम् बिक्री प्रवन्धको लागि सीप परियोजनासँगको सहकार्यमा पाल्पाली ढाकाको उत्पादन तथा प्रवर्द्धनको कार्यक्रम संचालन गरिएको |
- दाङ्ग जिल्लाको वेलझुण्डीमा संचालित प्रदेश एक्स्पोमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयका गतिविधि, बजेट तथा वार्षिक कार्यक्रमका सम्वन्धमा स्टल राखी सामाग्री वितरण तथा वृतचित्र प्रदर्शनी गरिएको |
- महालेखा परीक्षकको कार्यालयद्वारा आर्थिक वर्ष २०७५/७६ को अन्तिम लेखापरीक्षण सम्पन्न गराई प्रारम्भिक प्रतिवेदन प्राप्त गरिएको सो प्रतिवेदन बमोजिम यस मन्त्रालयको नाममा कुनै पनि प्रकारको बेरुजु नरहेको ।
- अनुदान व्यवस्थापन, राजश्व बाँडफाँड, बजेट तथा आयोजना कार्यान्वयन सम्बन्धमा १०९ स्थानीय तहका प्रमुख,/अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतहरुसँग अन्तरक्रिया कार्यक्रम गरिएको ।
- गत आर्थिक वर्ष २०७५/७६ को मन्त्रालयगत रुपमा वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गरिएको
- यस आर्थिक वर्ष २०७६/७७ को मन्त्रालयगत रुपमा अर्ध-वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गरिएको |
- प्रदेश स्तरको प्रथम चौमासिक तथा अर्ध वार्षिक समीक्षा र दोश्रो चौमासिक गोष्ठी सम्पन्न गरिएको |

- राजश्व दाखिला तथा अनुदानका आयोजनाको अनुगमनलाई प्राथमिकतामा राखी हाल सम्म ४५ वटा स्थानीय तहका, ७ वटा मालपोत कार्यालय र ४ वटा यातायात कार्यालयको अनुगमन गरी प्रतिवेदन तयार गरिएको ।

## ६.१० कानुन निर्माणको अवस्था

आर्थिक वर्ष २०७६/७७ को पुस मसान्तसम्म यस मन्त्रालयसँग सम्वन्धित विषयमा कानून निर्माणको अवस्था ।

**क) प्रदेश सभामा पेश गर्नु पर्ने कानूनहरु**

- प्रदेश सार्वजनिक, निजी साझेदारी तथा लगानी सम्वन्धी विधेयक
- प्रदेश बैंक तथा वित्तीय संस्था स्थापना र संचालन सम्वन्धी विधेयक

**ख) प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट पारित भएका कानूनहरु**

- सार्वजनिक खरिद सम्वन्धी प्रदेश नियमावली, २०७६
- प्रदेश मनोरञ्जन कर नियमावली, २०७६
- प्रदेश विज्ञापन कर नियमावली, २०७६

**ग) प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट पारित गर्न बाँकी कानूनहरु**

- भ्रमण खर्च नियमावली, २०७६

**घ) प्रदेशसरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत कानूनहरु**

- विशेष अनुदान व्यवस्थापन कार्यविधि, २०७६
- सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को पहिलो संसोधन
- समपुरक अनुदान व्यवस्थापन (प्रथम संशोधन) कार्यविधि, २०७५

**ङ) प्रदेशसरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गर्नुपर्ने कानूनहरु**

- सशर्त अनुदान व्यवस्थापन कार्यविधि
- कन्टिन्जेन्सी रकम खर्च व्यवस्थापन कार्यविधि
- प्रदेश तथ्याङ्क नियमावली

## ६.११ वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण

| ब. ब. को बुँदा नं. | कार्यक्रमको नाम | प्रगति |
|---|---|---|
| ३७, ३८ | १२ वटा आयोजनालाई लगानी जुटाउने/ सम्भाव्यता अध्ययनका लागि लगानी बोर्डसँग समन्वय गर्ने | समन्वय भइरहेको |

| ब. ब. को बुँदा नं. | कार्यक्रमको नाम | प्रगति |
|---|---|---|
| ३७, ७९ | लगानी सम्मेलन आयोजना गर्ने | कार्यान्वयनको चरणमा रहेको PPP Dialogue सम्पन्न<br>प्रदेश योजना आयोगबाट परियोजना बैंक तयारी भइरहेको<br>सचिवालय तथा समिति गठन गरी कार्य अगाडि बढाएको |
| १८१ | प्रत्येक चौमासिकमा हुने प्रगति समीक्षालाई वित्तीय र भौतिक प्रगतिका अतिरिक्त नतिजा सूचकका आधारमा गर्ने | प्रथम चौमासिक अर्ध बार्षिक र दोश्रो चौमासिक समीक्षा सम्पन्न |
| ३६, १९४ | आन्तरिक स्रोत वृद्धि गर्ने | मनोरञ्जन कर नियामावली र विज्ञापन कर नियामावली पारित, राजश्व परामर्श समितिको बैठकको निर्णयानुसार **TOR**स्वीकृत भई विशेषज्ञ सेवा लिने प्रक्रियामा रहेको |
| १९५ | राजस्वको चुहावट नियन्त्रण गर्ने | नेपालगञ्ज, गुलरीया, तुलसीपुर, घोराही, लमही, अर्घाखाँची मालपोत कार्यालय र बाँके, दाङ, भालुवाङ यातायात व्यवस्था कार्यालयको अनुगमन गरिएको |
| १९६ | नेपाल सरकारसँग समन्वय गरी समयमै प्रदेश सरकारको विभाज्य कोष खातामा राजश्व जम्मा गर्ने | महालेखा नियन्त्रक कार्यालयसंग निरन्तर समन्वय भइरहेको |
| | समपुरक अनुदानका लागि आयोजनाहरुको छनोट गर्ने | विनयोजित बजेटको सीमामा रही १०० वटा स्थानीय तहबाट ३६१ वटा आयोजना छनोट |
| | बजेट तथा कार्यक्रम समीक्षा | निरन्तर भइरहेको |
| | विशेष अनुदान कार्यविधि बनाउने | कार्यविधि तयार भई स्वीकृत भएको |
| | ब्याज अनुदान कार्यविधि तयार गर्ने | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग छलफल गरी सहमति प्रदान गरिएको |
| | स्थानीय तहबाट गत आर्थिक वर्षमा दाखिला नभएको राजस्व एकिन गर्ने | अन्तरक्रिया क्रमशः भइरहेको/<br>स्थानीय तहहरुबाट माग गरिए अनुसारको विवरण प्राप्त भइरहेको र हालसम्म रु. २९ करोड ४५ लाख ९२ हजार प्रदेश संचित कोषमा दाखिला भएको |
| | सशर्त अनुदानको बाँकी रकम एकिन गर्ने | रु. ३० करोड ८८ लाख ६७ हजार प्रदेश संचित कोषमा दाखिला भएको |
| | मालपोत, नापी र यातायात कार्यालयहरुको अनुगमन गर्ने | नेपालगञ्ज, गुलरीया, तुलसीपुर, घोराही, लमही, अर्घाखाँची र चन्दौटा मालपोत कार्यालय र बाँके, दाङ, रुपन्देही र भालुवाङ यातायात व्यवस्था कार्यालयको अनुगमन गरिएको |

| ब. ब. को बुँदा नं. | **कार्यक्रमको नाम** | **प्रगति** |
|---|---|---|
| | मन्त्रालयगत योजना अनुगमन गर्ने | अनुगमन कार्य निरन्तर भैरहेको |
| | विभाज्य कोष तथा राजश्व सम्बन्धी अन्तरक्रिया कार्यक्रम | १०९ वटै स्थानीय तह, मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय र कोष तथा लेखा नियन्त्रका कार्यालयसँग अन्तरक्रिया सम्पन्न |
| | प्रदेश कर तथा गैरकर सम्बन्धी अध्ययन, अनुसन्धान र अन्तरक्रिया | |
| | साझा करको रकम विभाज्य र संचित कोषमा दाखिला सम्बन्धी अन्तरक्रिया | |
| | विभिन्न जिल्लामा राजश्व, धरौटी, विनियोजन लगायत आर्थिक प्रशासनसँग सम्वन्धित विषयमा अन्तरक्रिया कार्यक्रम | |
| | बजेट तथा कार्यक्रम कार्यान्वयनको अनुगमन मूल्याङ्कन समपुरक र सशर्त अनुदानसमेत | मिति २०७६।०८।१० देखि १७ सम्म बाँके (बैजनाथ, जानकी, खजुरा, कोहलपुर, नरैनापुर, नेपालगञ्ज) र वर्दिया (बाँसगढी, गुलरिया, बढैयाताल) मिति २०७६।०८।१७ देखि २३ सम्म अर्घाखाँची (छत्रदेव, मालारानी, सन्धिखर्क र भूमिकास्थान) रुपन्देही (सियारी र लुम्विनी सांस्कृतिक) मिति २०७६।०९।१० देखि १६ सम्म दाङ (गढहवा, रासी, लमही, घोराही, तुलसीपुर, बबई र दंगिशरण), रुपन्देही (बुटवल, तिलोत्तमा, ओमसतिया) र) मिति २०७६।१०।२२ देखि २९ सम्म कपिलवस्तुका १० वटा पालिका र २०७६/११/१६देखी २० सम्म गुल्मीका ३ पालिका र अर्घाखाँचीका ३ पालिका |

**तालिका ६.३ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान (रु. हजारमा)**

| क्र. सं. | कार्यक्रमको नाम | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असारसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| १ | विभाज्यकोष तथा राजश्व सम्बन्धी अन्तरक्रिया कार्यक्रम | १२ पटक | १२०० | ६ पटक | ५० | ० | ० | ९ | ७५ | ९०० | ७५ |

| क्र. सं. | कार्यक्रमको नाम | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असारसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | रकम | परिमाण | परिमाण % | रकम | रकम % | परिमाण | परिमाण % | रकम | रकम % |
| २ | प्रदेश कर तथा गैरकर सम्बन्धी अध्ययन, अनुसुन्धान र अन्तरक्रिया | ६ पटक | १२०० | ६ पटक | १०० | ० | ० | ६ | १०० | ५०० | ४२ |
| ३ | साझा करको रकम विभाज्य र संचित कोषमा दाखिला सम्बन्धी अन्तरक्रिया | १२ पटक | ३६०० | ६ पटक | ५० | १८०० | ५० | ९ | ७५ | २७०० | ७५ |
| ४ | बजेट तथा कार्यक्रम समिक्षा | ३ पटक | १५० | २ पटक | ६६ | ० | ० | ३ | १०० | १५० | १०० |
| ५ | कर्मचारी क्षमता विकास तथा कानून निर्माण | ८ जना | १००० | १ जना | १३ | ० | ० | ८ | १०० | १००० | १०० |
| ६ | बजेट तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन समपुरक र सशर्त अनुदान समेत | २० पटक | ४००० | १२ पटक | ६० | ० | ० | २० | १०० | ३००० | ७५ |
| ७ | मन्त्रालयहरुसँगको अन्तरसम्वाद कार्यक्रम | ६ पटक | ३०० | १ पटक | १७ | ० | ० | ६ | १०० | ३०० | १०० |
| ८ | वित्तीय संघीयता सम्बन्धी अन्तरदेशीय भ्रमण | १ पटक | २००० | - | ० | ० | ० | १ | १०० | २००० | १०० |
| ९ | सांसदहरुसँगको बजेट/योजना सम्बन्धी अन्तरक्रिया | २ पटक | ३००० | ० | ० | ० | ० | २ | १०० | ३००० | १०० |
| १० | विज्ञहरुसँगको अन्तरक्रिया | ५ पटक | २५०० | २ पटक | ४० | ० | ० | ५ | १०० | १५०० | ६० |
| ११ | मालपोत, नापी र यातायात कार्यालयहरुको अनुगमन | १२ पटक | १२०० | ६ पटक | ५० | ० | ० | १२ | १०० | ८०० | ६७ |
| १२ | मन्त्रालयगत योजना अनुगमन | २४ पटक | २४०० | ८ पटक | ३३ | ० | ० | २४ | १०० | १५०० | ६३ |
| १३ | लगानीसम्मेलनआयोजना | १ पटक | ५००० | - | ० | ३८२ | ८ | १ | १०० | ५००० | १०० |
| १४ | अन्तर प्रदेश अध्ययन अवलोकन भ्रमण तथा अनुभव आदान प्रदान | ६ पटक | १२०० | ० | ० | ० | ० | ६ | १०० | १२०० | १०० |

| क्र. सं. | कार्यक्रमको नाम | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असारसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| १५ | स्थानीय तहको क्षमता अभिवृद्धि कार्यक्रम | ६ पटक | १८०० | ० | ० | ० | ० | ६ | १०० | १५०० | ८३ |
| १६ | बजेट/MTEF तर्जुमा तालिम | ४ पटक | २००० | १ पटक | २५ | ० | ० | ४ | १०० | १००० | ५० |
| १७ | आर्थिक प्रशासन सुदृढिकीकरण कार्यक्रम | २ पटक | ५०० | - | ० | ७५ | १५ | २ | १०० | ५०० | १०० |
| १८ | जिल्ला तथा स्थानीय तहगत रुपमा योजना तर्जुमा बजेट तथा आयोजना तर्जुमाका लागि सुझाव संकलन | ६ पटक | १२०० | - | ० | ० | ० | ६ | १०० | १२०० | १०० |

(स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय)

### तालिका ६.४ प्र.ले.नि.का. को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान

| क्र. सं. | कार्यक्रमको नाम | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असारसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| १ | New RMIS सम्बन्धी तालिम | २ | २०० | ० | ० | ० | ० | २ | १०० | २०० | १०० |
| २ | आर्थिक प्रशासन सम्बन्धी पुनर्ताजगी/अभिमुखीकरण तालिम | २ | ४०० | ० | ० | ० | ० | २ | १०० | ४०० | १०० |
| ३ | विभिन्न जिल्लामा राजस्व, धरौटी विनियोजन लगायत आर्थिक प्रशासन सम्बन्धी अन्तरक्रिया | ३ | ६०० | ० | ० | ० | ० | २ | ६६ | ५६० | ९९ |
| ४ | मन्त्रालय तथा अन्य निकायसँग वित्तीय व्यवस्थापन र सार्वजनिक खरिद सम्बन्धी अन्तरक्रिया | ३ | ६०० | २ | ६६ | २५७ | ४३ | ३ | १०० | ६०० | १०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | स्थानीय निकायमा कार्यरत आर्थिक प्रशासन शाखा प्रमुखसँग अन्तरक्रिया | १ | ५०० | १ | १०० | ४२५ | ८५ | १ | १०० | ४२५ | ८५ |
| ६ | कार्यालय भवन पार्टेशन तथा मर्मत | १ | ५०० | ० | ० | ० | ० | १ | १०० | ५०० | १०० |

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

**तालिका नं.-६.५ आर्थिक वर्ष २०७५/७६ मा विनियोजित बजेट तथा २०७६ असार मसान्तसम्मको वित्तीय प्रगति (यस मन्त्रालयको) रु.हजारमा**

| ब.उ.शी.नं. | बजेट शीर्षक | विनियोजित बजेट | असार मसान्तसम्मको खर्च | असार मसान्तसम्मको खर्च % |
|---|---|---|---|---|
| ७०५३२३११३ | चालु | ६२०५० | २५५८५.६० | ४१.२० |
| ७०५३२३११४ | पुँजीगत | ३९५०० | १९२६० | ४८.८० |

(स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय)

**तालिका नं.-६.६ आर्थिक वर्ष २०७५/७६ मा विनियोजित बजेट तथा २०७६ असार मसान्तसम्मको वित्तीय प्रगति (प्रदेशको एकीकृत) रु.हजारमा**

| ब.उ.शी.नं. | बजेट शीर्षक | विनियोजित बजेट | असार मसान्तसम्मको खर्च | असार मसान्तसम्मको खर्च % |
|---|---|---|---|---|
| ७०५३२३११३ | चालु | ११८५८४४२ | ६८७७१०२ | ५७.९९ |
| ७०५३२३११४ | पुँजीगत | १८८८३८५० | १२६३१४४६ | ६६.८९ |

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

**तालिका नं.-६.७ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७७ असारसम्मको खर्चको अनुमान (मन्त्रालय)**

| क्र.सं | विवरण | स्वीकृत बजेट | खर्च | खर्च प्रतिशत | असार मसान्तसम्मको अनुमान |
|---|---|---|---|---|---|
| १ | चालु खर्च | ११८९३७ | २९७७५ | २५.०३ | ९० |
| २ | पुँजीगत खर्च | ४०६६५ | ७२७ | १.७९ | ८५ |
| कुल | | १५९६०२ | ३०५०२ | १९.११ | ८८ |

(स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय)

**तालिका नं.-६.८ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७७ असारसम्मको खर्चको अनुमान (प्रदेशको एकीकृत)**

| क्र.सं | विवरण | स्वीकृत बजेट | खर्च | खर्च प्रतिशत | असार मसान्तसम्मको अनुमान |
|---|---|---|---|---|---|
| १ | चालु खर्च | १७८४०३२१ | ५७३६७८० | ३२.१ | ९० |
| २ | पुँजीगत खर्च | १८५७६४७९ | ५६७३७२२ | ३०.५४ | ९० |
| | कुल | ३६४१६८०० | ११४००५०२ | ३१.३१ | ९० |
| ३ | अनुदान हस्तान्तरण | ४३८९८०० | ३००५३३९ | ६८.४६ | १०० |

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

**तालिका नं.-६.९ प्रदेश संचित कोषमा प्राप्त रकमको विवरण**

| शीर्षक | अनुमान/लक्ष्य | संचित कोषमा प्राप्त रकम | प्रगति% |
|---|---|---|---|
| **राजस्वतर्फ** | | | |
| मू अ कर | ५९४७३८० | ३४०६४८५ | ५७.२८ |
| अन्तशुल्क | ३९६४९२ | ९८३७०७ | २४.८१ |
| रोयल्टी | ३००००० | ० | ० |
| नदीजन्य पदार्थबाट प्राप्त आय | ४५१५०० | १२९५४८ | २८.७० |
| मनोरन्जन कर | १०००० | २४९ | २.४९ |
| विज्ञापन कर | १०००० | ३१०७ | ३१.०७ |
| घरजग्गा रजिष्ट्रेशन | १५००००० | ४५८३८९ | ३०.५६ |
| सवारी साधन कर | १६००००० | ८८०११० | ५५.० |
| अनुदान/ निकासा फिर्ता | ० | ३४१७७६ | - |
| अन्य राजश्व | १०२२५०० | ६४८७५८ | ६३.४६ |
| **जम्मा** | **१४८०६३००** | **६८५२१२९** | **४६.२८** |
| **अनुदानतर्फ** | | | |
| समानीकरण अनुदान | ७५४०१०० | ५६५५०७५ | ७५.०० |
| सशर्त अनुदान | ७७७०४०० | ५१४१६३५ | ६६.१७ |
| विशेष अनुदान | ५००००० | ३४५१५६ | ६९.०३ |

| | | | |
|---|---|---|---|
| समपुरक अनुदान | ८०००० | ४००७८० | ५०.०९ |
| गत वर्षको नगद मौज्दात | ५००००० | ७५२४६६८ | १५०.४९ |
| **जम्मा (राजस्व +अनुदान)** | **३६४१६८००** | **२५६५०६७६** | **७०.४४** |

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

## ६.१२ प्रदेश राजस्व विवरण

### ६.१०.१ आर्थिक वर्ष २०७५/७६ मा प्रदेश राजस्व संकलन विवरण

प्रदेशको एकल अधिकारको क्षेत्रमा रहेको कृषि आयमा कर कुनै पनि राजस्व संकलन नभएको तर प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेका सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन कर, मनोरञ्जन कर, विज्ञापन कर, नदीजन्य पदार्थको शुल्क तथा अन्य प्रशासनिक सेवाशुल्क तथा दस्तुर रहेको छ ।

**तालिका नं.-६.१० आर्थिक वर्ष २०७५/७६ को असार मसान्त सम्म प्रदेश राजस्व संकलनको विवरण**

***(रु. हजारमा)***

| सि.न | शीर्षक | लक्ष्य | संकलित रकम | प्रगति % मा |
|---|---|---|---|---|
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६८०००० | ८१६६०० | १२०.०९ |
| २ | सवारी साधन कर | ११४०००० | १५५५००० | १३६.४० |
| ३ | ढुङ्गा, गिट्टी, बालुवा | ४००००० | १६६००० | ४१.५० |
| ४ | वन रोयल्टी | ५०००० | ० | ०.०० |
| ५ | खानी रोयल्टी | ५०००० | ० | ०.०० |
| ६ | पर्यटन सेवा शुल्क रोयल्टी | १०००० | ० | ०.०० |
| ७ | सेवा शुल्क दस्तुर दण्ड जरिवाना(अन्य राजस्व) | ५०००० | २६५१३८ | ५३०.२८ |
| ८ | विज्ञापन कर | १०००० | ६३ | ०.६३ |
| ९ | मनोरञ्जन कर | १०००० | ० | ०.०० |
| **जम्मा** | | २४००००० | २८०२८०१ | ११६.७८ |

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

**तालिका नं.-६.११ आर्थिक वर्ष २०७६/७७ को दोश्रो चौमासिक सम्म प्रदेश राजस्व संकलन विवरण र असार मसान्तसम्मको संशोधित अनुमान** *(रु. हजारमा)*

| सि.न | शीर्षक | लक्ष्य | संकलित रकम | प्रगति % मा | असार मसान्तसम्मको अनुमान |
|---|---|---|---|---|---|
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १५००००० | ४५८३८९ | ३०.५६ | १०० |
| २ | सवारी साधन कर | १६००००० | ८८०११० | ५५.० | १२० |
| ३ | ढुङ्गा, गिट्टी, बालुवा | ४५१५०० | १२९५४८ | २८.७० | ५० |
| ४ | वन रोयल्टी | ३६००० | ० | ०.०० | १०० |
| ५ | खानी रोयल्टी | ५०००० | ० | ०.०० | १०० |
| ६ | पर्यटन सेवा शुल्क रोयल्टी | १०००० | ० | ०.०० | १०० |
| ७ | जलस्रोत सम्वन्धित रोयल्टी | २४००० | ० | ०.०० | १०० |
| ८ | विद्युत सम्वन्धित रोयल्टी | १८०००० | ० | ०.०० | १०० |
| ९ | सेवा शुल्क दस्तुर दण्ड जरिवाना(अन्य राजस्व) | १०२२५०० | ६४८७५८ | ६३.४६ | १२० |
| १० | विज्ञापन कर | १०००० | ३१०७ | ३१.०७ | ७५ |
| ११ | मनोरञ्जन कर | १०००० | २४९ | २.४९ | ५० |
| **जम्मा** | | **४८९४०००** | **२४६१९३७** | **५०.३** | **१२०** |

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

## ६.१२ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः

यस मन्त्रालयले सञ्चालन गर्ने विकासका आयोजना नभएकोले रोजगारीको विवरण नभएको ।

## ६.१३ समस्या तथा चुनौतीहरु

- प्रदेशको पुँजीगत खर्च अपेक्षा गरिएअनुरुप हुन नसकेको ।
- मन्त्रालयले अधिकांश समय विषयगत मन्त्रालयहरुको कार्यक्रम संशोधनमा केन्द्रित गर्नुपर्ने भएको
- साना तिना कार्यक्रममा अनावश्यक कार्यविधि बनाई प्रक्रिया लम्ब्याउने गरेको र हालसम्मसमेत कार्यविधिउपर सहमति माग गर्ने गरिएको
- पालिकाबाट अनुदान बाहेकका आयोजनाको लागि समेत बजेट प्रस्ताव गर्ने गरेको।
- पालिकाले गत आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने सशर्त समपुरक र विशेष अनुदानको रकम समयमै फिर्ता नगरेको ।

- बहुवर्षीय स्रोत सुनिश्चितता नलिएका सशर्तबाट सञ्चालित अधुरा बहुउद्देश्यीय सभाहल तथा खेलमैदानको लागि थप बजेट माग भइरहेको ।
- मन्त्रालय तथा निकायहरुले स्वीकृत वार्षिक कार्यक्रममा नपरेका नयाँ आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गर्ने गरेको ।
- स्थानीय तहले संकलन गरेको साझा करको अध्यावधिक विवरण प्राप्त गर्ने संयन्त्रको विकास भई नसकेको। साझा करबाट संकलित रकम कतिपयले स्थानीय तहहरुले समयमै दाखिला नगरेको ।
- प्रदेश र स्थानीय तहबीचको कोष प्रवाह संयन्त्र तयार हुन नसकेको
- संचित कोषको प्रतिवेदनको ढाँचा र प्रणाली स्थापित हुन नसकेको

## ६.१४ समस्या समाधानका लागि चालिएका कदमहरु

- PLMBIS र TSA मा देखिएको समस्या समाधान गरिएको
- बजेट तर्जुमाका लागि PLMBIS प्रदेश सरकारका निकायहरुमा समेत लागू गर्न अर्थ मन्त्रालयको समन्वयमा तालिम प्रदान गरिएको।
- राजस्व संकलन गर्ने निकायहरुसँग मासिक प्रतिवेदन लिने कार्यको थालनी गरिएको (पत्र मार्फत/फोन मार्फत)।
- सवारी साधन करको रकम विभाज्य कोषमा जम्मा गर्न महालेखा नियन्त्रक कार्यालयसँग समन्वय भैरहेको।
- घर जग्गा रजिष्ट्रेशन शुल्कको रकम प्रदेश संचितकोषमा जम्मा गर्न मालपोत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालयहरुसँग अन्तरक्रिया र पत्राचार समेत गरिएको।
- स्थानीय तहहरुले संकलन गरेको साझा करको रकम बाँडफाँड गरी प्रदेश संचित कोषमा जम्मा गर्न अन्तरक्रिया र पत्राचार गरिएको।

## ६.१५ आगामी कार्य दिशा

- प्रदेशको अलगै डाटा सेन्टर वनाई समग्र सूचना तथा सफ्टवेयर प्रणालीको विकास गर्नुपर्ने
- PLMBIS,TSA,NRMIS,Vehicle Registration System, Driving licenses registration System,
- अनुदान व्यवस्थापन सूचना प्रणाली प्रदेश तथ्याङ्क कार्यालय स्थापना गरी प्रदेशको एकीकृत तथ्याङ्क व्यवस्थापन गर्नुपर्ने ।
- साझा करको रकम प्रदेश संचितकोषमा जम्मा हुने व्यवस्था मिलाउने ।
- संचितकोषको स्वचालित प्रतिवेदन प्रणाली स्थापना गर्ने ।
- संघबाट स्रोत सुनिश्चितता प्राप्त भएका र समपुरक, सशर्त तथा विशेष अनुदानका आयोजनाहरु प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने ।
- आय व्ययको स्वचालित प्रतिवेदन प्रणाली स्थापना गर्ने ।
- Accounting Software लागू गर्ने ।
- बजेट कार्यान्वयनमा प्रभावकारिता ल्याई पुँजीगत खर्चमा वृद्धि गर्न विषयगत मन्त्रालयहरुलाई ध्यानाकर्षण गराउनुपर्ने ।
- आर्थिक वर्ष २०७७/७८ को बजेट तयारी
- सशर्त अनुदानको कार्यविधि तर्जुमा गर्नुपर्ने

## ६.१६ निष्कर्ष

प्रदेशको समग्र आर्थिक अनुशासन कायम गरी प्रदेश सरकारले गर्ने खर्च जुटाउन स्रोत व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी रहेको यस मन्त्रालयले स्थापना कालदेखि आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । हालसम्म आर्थिक वर्ष २०७४/७५ को आंशिक तथा आर्थिक वर्ष २०७५/७६ र आर्थिक वर्ष २०७६/७७ समेत गरी तीनवटा बजेट तर्जुमा गरी प्रदेश संसदमा पेश गरी स्वीकृत गराइसकेको छ । विषयतग मन्त्रालयहरुलाई बजेट कार्यान्वयनमा सहजीकरण गर्नुका साथै नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँट र प्रदेश सरकारको तर्फबाट स्थानीय तहहरुमा अनुदान हस्तान्तरणसमेत गर्दै आएको छ । प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेको राजस्व संकलन र सोको बाँडफाँटको व्यवस्थापन समेत गर्ने गरेको छ । विषयगत मन्त्रालयहरुका विभिन्न बजेट कार्यान्वयन इकाइहरुको स्थापना भएकोले पुँजीगत खर्च साविकको भन्दा बढ्दो क्रममा रहेको छ । यसका साथै अनुदान व्यवस्थापन र राजस्व बाँडफाँट तथा बजेट कार्यान्वयन सम्बन्धमा समय समयमा स्थानीय तहहरुसँगको समन्वय र सहकार्यले प्रदेश र स्थानीय तहहरुबीचको सम्बन्ध थप प्रगाढ बन्दै गएको छ ।प्रदेशको समग्र विकासको लागि स्रोत साधन व्यवस्थापनका साथै विषयगत मन्त्रालयहरुको पुँजीगत खर्चमा बढोत्तरीका माध्यमबाट **समृद्ध प्रदेश सुखी जनता**को दीर्घकालीन लक्ष्य हासिल गर्ने दिशामा यो मन्त्रालय क्रियाशील रहँदै आएको छ ।

# परिच्छेद-७
# भौतिक पूर्वाधार विकास मन्त्रालय

## ७.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिको कार्यान्वयन गर्ने क्रममा मिति २०७४/१०/१९ मा भौतिक पूर्वाधार विकास मन्त्रालयको स्थापना भएको हो । प्रदेशभित्र सडक, पूल, सिंचाइ, खानेपानी, उर्जा, यातायात व्यवस्थापन लगायतका पूर्वाधारहरुको अध्ययन अनुसन्धान तथा आयोजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन गर्नु यस मन्त्रालयको प्रमुख भूमिका रहेको छ ।

## ७.२ दीर्घकालीन सोच

राष्ट्रिय सबल अर्थतन्त्रमा टेवा पुग्ने गरी प्रदेश स्तरमा आर्थिक सामाजिक विकास, गरिबी निवारण र दिगो शान्तिको लागि स्तरीय, भरपर्दो, सुलभ र सुरक्षित भौतिक पूर्वाधारहरुको विकास र विस्तार गर्ने।

## ७.३ उद्देश्य

प्रदेशको भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई परिपुरक हुने गरी विभिन्न भौतिक पूर्वाधारहरुको निर्माणबाट आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन सडक, पूल, सिंचाइ, खानेपानी, उर्जा, आवास, भवन तथा शहरी विकास जस्ता भौतिक पूर्वाधारहरुको समष्टिगत विकास, विस्तार प्रवर्धन तथा सम्वर्धन गर्नुका साथै प्रदेश स्तरमा भरपर्दो यातायात व्यवस्थापन गर्ने ।

## ७.४ रणनीतिहरु

- प्रदेशका स्थानीय तहहरुको पहुँच र आर्थिक बृद्धिलाई योगदान पुग्ने गरी भौतिक पूर्वाधारहरुको विकास, विस्तार र सुदृढीकरण गर्ने ।
- भौतिक पूर्वाधारको विकासलाई रोजगारीका अवसर सिर्जना गर्ने माध्यमको रुपमा प्रयोग गर्ने ।
- भौतिक पूर्वाधारको विकासलाई नागरीक एवम् वातावरण मैत्री बनाउने।
- विपन्न र सीमान्तकृत वर्ग तथा जोखिममा रहेका नागरीकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास सुविधाको व्यवस्था गर्ने ।
- सवै प्रकारका विपद जोखिम न्यूनीकरण हुने पूर्वाधारहरुको विकास र विस्तार गर्ने ।
- शहर गाउँ अन्तरसम्वन्धलाई सुदृढीकरण गर्ने गरी पूर्वाधारहरुको विकास र विस्तार गर्ने ।
- स्थानीय श्रम, सीप, स्रोत, साधन र प्रविधिको उपयोगलाई प्राथमिकता दिई जनसहभागिता र जनस्वामित्वमा पूर्वाधारहरुको विकास गर्ने ।

## ७.५ कार्यक्षेत्र

- प्रदेशस्तरको उर्जा, विद्युत, सिंचाइ, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन ।

- प्रदेशस्तरमा उर्जा, विद्युत, सिंचाइ तथा खानेपानीसम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन ।
- उर्जा, विद्युत, सिंचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन ।
- राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सिमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन ।
- प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन ।
- प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय ।
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन ।
- मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन ।
- जलगुण तथा वायूगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन ।
- प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन ।
- प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण ।
- प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन ।
- वातावरणमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन ।
- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन
- रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रबर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन ।
- प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नती, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन ।
- प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन ।
- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन ।
- प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन ।
- प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन ।
- प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण ।
- सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन ।

## ७.६ कानुनी तथा नीतिगत व्यवस्था

यस मन्त्रालयले ४.८.१ मा उल्लेखित नीति तथा कानूनको अतिरिक्त आफ्नो कार्य सम्पादनमा अवलम्बन गर्ने विशिष्ट नीति तथा कानूनहरु निम्नानुसार रहेका छन् ।

- जलस्रोत ऐन, २०४९
- सडक बोर्ड ऐन, २०५८
- सार्वजनिक सडक ऐन, २०३१
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- नेपाल इन्जिनियरिंग परिषद् ऐन, २०५५
- खानेपानी नियमावली, २०५५
- जलस्रोत नियमावली, २०५६
- सिंचाइ नियमावली, २०५०
- सवारी तथा यातायात व्यवस्था (छैठौं संशोधन) नियमावली, २०७३
- प्रदेश भवन ऐन,२०७५
- सडक,यातायात तथा परिवहन सम्बन्धी ऐन,२०७६
- जनता आवास कार्यान्वयन कार्यविधि, २०७५ (प्रथम संशोधन)
- घरेलु सौर्य उर्जा अनुदान कार्यविधि,२०७४
- खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०७६
- विपद् प्रभावित क्षेत्रमा एकीकृत बस्ती तथा पूर्वाधार विकास कार्यक्रम कार्यविधि,२०७६
- सडक छेउमा फिलिङ स्टेशन स्थापनाका लागि मापदण्ड, २०७६

## ७.७ संगठन संरचना तथा जनशक्ति

नेपाल सरकारबाट स्वीकृत भए बमोजिम यस मन्त्रालयको र मन्त्रालय मातहात रहेका निकायहरुको संगठन संरचना र जनशक्ति सम्बन्धी विवरण निम्नानुसार रहेको छ ।

### ७.७.१ मन्त्रालयको संगठन संरचना



### ७.७.२ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

| क्र.सं. | पद | सेवा | समूह | उप-समूह | तह/श्रेणी | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | ईन्जिनियरिङ्ग | सिभिल | समूहकृत नहुने | रा.प.प्रथम | १ | १ | ० | |
| २ | निर्देशक | ईन्जिनियरिङ्ग | सिभिल | जनरल | एघारौं | १ | ० | १ | |
| ३ | उप-सचिव | प्रशासन | सा.प्र. | - | नवौं/दशौं | ५ | १ | ४ | |
| ४ | सि.डि.ई | ईन्जिनियरिङ्ग | सिभिल | हाईवे | नवौं/दशौं | २ | १ | १ | |
| ५ | सि.डि.ई | ईन्जिनियरिङ्ग | सिभिल | जनरल | नवौं/दशौं | १० | ५ | ५ | |
| ६ | सि.डि.ई | ईन्जिनियरिङ्ग | सिभिल | हा.पा./इरि. | नवौं/दशौं | १ | १ | ० | |
| ७ | सि.डि.ई | ईन्जिनियरिङ्ग | एगृ.इरि. | - | नवौं/दशौं | २ | २ | ० | |
| ८ | सि.डि.ई | ईन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | नवौं/दशौं | १२ | ११ | १ | |
| ९ | सि.डि.ई | ईन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | नवौं/दशौं | ६ | ६ | ० | |
| १० | सि.डि.ई | ईन्जिनियरिङ्ग | सिभिल | वि.आ. | नवौं/दशौं | ५ | १ | ४ | |
| ११ | सि.डि.हा.जी. | ईन्जिनियरिङ्ग | जियोलोजी | हा.जि. | नवौं/दशौं | ३ | ३ | ० | |
| १२ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | - | सातौं/आठौं | २० | १६ | ४ | |
| १३ | लेखा अधिकृत | प्रशासन | लेखा | - | सातौं/आठौं | ७ | ६ | १ | |
| १४ | कानून अधिकृत | न्याय | कानून | - | सातौं/आठौं | १ | १ | ० | |
| १५ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | हाईवे | सातौं/आठौं | ८ | १ | ७ | |
| १६ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | जनरल | सातौं/आठौं | ३४ | २० | १४ | |
| १७ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | सातौं/आठौं | ३९ | २८ | ११ | |
| १८ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | एगृ.इरि. | - | सातौं/आठौं | ४ | ४ | ० | |
| १९ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | हा.पा. | सातौं/आठौं | ४ | ० | ४ | |

| क्र.सं. | पद | सेवा | समूह | उप-समूह | तह/श्रेणी | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| २० | ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | सातौं/आठौं | २० | १७ | ३ | |
| २१ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | वि.आ. | सातौं/आठौं | १७ | ४ | १३ | |
| २२ | मे.ईन्जिनियर | ईन्जिनियरिङ्ग | मेकानिकल | ज.मे. | सातौं/आठौं | ५ | ० | ५ | |
| २३ | हा.जि. | ईन्जिनियरिङ्ग | जियोलोजी | हा.जि. | सातौं/आठौं | ६ | ५ | १ | |
| २४ | ना.सु./अधिकृत | प्रशासन | सा.प्र. | - | पाचौं/छैठौं | ६१ | ५७ | ४ | |
| २५ | लेखापाल | प्रशासन | लेखा | - | पाचौं/छैठौं | ४४ | ४१ | ३ | |
| २६ | कम्प्यूटर अपरेटर | विविध | - | - | पाचौं/छैठौं | २८ | २६ | २ | |
| २७ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग | एगृ.इरि. | - | पाचौं/छैठौं | ० | ० | ० | |
| २८ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | हाईवे | पाचौं/छैठौं | ३ | ० | ३ | |
| २९ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | पाचौं/छैठौं | ६० | ४८ | १२ | |
| ३० | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | जनरल | पाचौं/छैठौं | ५८ | ३० | २८ | |
| ३१ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | पाचौं/छैठौं | १८ | ९ | ९ | |
| ३२ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | वि.आ. | पाचौं/छैठौं | १२ | ३ | ९ | |
| ३३ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | हा.पा. | पाचौं/छैठौं | ० | ० | ० | |
| ३४ | सि.ए.अर्गनाईजर | ईन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | पाचौं/छैठौं | ८ | ३ | ५ | |
| ३५ | अ.ग्र.हा.जी. | ईन्जिनियरिङ्ग | जियोलोजी | हा.जि. | पाचौं/छैठौं | ३ | १ | २ | |
| ३६ | खा.पा.स.टे. प्रथम | ईन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | पाचौं/छैठौं | १८ | १४ | ४ | |
| ३७ | महिला कार्यकर्ता | विविध | - | - | पाचौं/छैठौं | ४ | ३ | १ | |
| ३८ | ल्याब टेक्निसियन | ईन्जिनियरिङ्ग | सिभिल | जनरल | पाचौं/छैठौं | ९ | १ | ८ | |
| ३९ | मेकानिकल सुपरभाईजर | ईन्जिनियरिङ्ग | मेकानिकल | ज.मे. | पाचौं/छैठौं | ८ | ७ | १ | |
| ४० | सिनियर मेकानिक्स | ईन्जिनियरिङ्ग | मेकानिकल | नि.उ.सम्भार | पाचौं/छैठौं | ३ | ३ | ० | |

| क्र.सं. | पद | सेवा | समूह | उप-समूह | तह/श्रेणी | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ४१ | इले. ओभरसियर | ईन्जिनियरिङ्ग | इलेक्ट्रिकल | ज.इलेक्ट्रिकल | पाचौं/छैठौं | ३ | ३ | ० | |
| ४२ | एशोसिएशन अर्गनाईजर | ईन्जिनियरिङ्ग | एगृ.इरि. | - | चौथो/पाचौं | ६ | ५ | १ | |
| ४३ | खा.पा.स.टे. द्वितीय | ईन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | चौथो/पाचौं | ८ | ७ | १ | |
| ४४ | सह-लेखापाल | प्रशासन | लेखा | - | चौथो/पाचौं | ११ | ११ | ० | |
| ४५ | सहायक कम्प्यूटर अप. | विविध | - | - | चौथो/पाचौं | ३ | ३ | ० | |
| ४६ | ल्याब असिस्टेन्ट | ईन्जिनियरिङ्ग | हाइवे | | चौथो/पाचौं | ३ | ० | ३ | |
| ४७ | खरिदार | प्रशासन | सा.प्र. | - | चौथो/पाचौं | २५ | २४ | १ | |
| ४८ | ह.स.चा. | ईन्जिनियरिङ्ग | मेकानिकल | | | ३४ | ३० | ४ | |
| ४९ | का.स. | प्रशासन | | | | १०० | ९१ | ९ | |
| | | | | **जम्मा** | | **७४३** | **५५४** | **१८९** | |

*स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय*

भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं ५

यातायात पूर्वाधार निर्देशनालय, बुटवल

जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

(रुपन्देही, नवलपरासी पश्चिम, कपिलवस्तु, पाल्पा, गुल्मी,

सडक पूर्वाधार विकास कार्यालय, (रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, रोल्पा, रुकुम-पूर्व, प्यूठान, अर्घाखाँची, गुल्मी र पाल्पा)

## ७.८ कानून निर्माणको अवस्था

| क्र.स. | प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट र मन्त्रालयस्तरबाट स्वीकृत भएका नीति, कार्यविधि र निर्देशिकाहरु | प्रदेश सभामा पेश हुने विधेयकहरु | मन्त्रालय स्थापना भएपश्चात २०७६ फागुन मसान्तसम्म पारित भएका कानूनहरु |
|---|---|---|---|
| १. | जनता आवास कार्यान्वयन कार्यविधि, २०७५ (प्रथम संशोधन) | प्रदेश सडक ऐन,२०७६ | प्रदेश भवन ऐन,२०७५ |
| २. | घरेलु सौर्य उर्जा अनुदान कार्यविधि,२०७४ | | सडक,यातायात तथा परिवहन सम्बन्धी ऐन,२०७६ |
| ३. | खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०७६ | | |
| ४. | विपद् प्रभावित क्षेत्रमा एकीकृत बस्ती तथा पूर्वाधार विकास कार्यक्रम कार्यविधि,२०७६ | | |
| ५. | सडक छेउमा फ्युल फिलिङ स्टेशन स्थापनका लागि मापदण्ड, २०७६ | | |
| ६. | भवन नियमावली (सहमतिका लागि कार्यदलमा पठाइएको, सहमति प्राप्तपछि म.प.मा पेश हुने) | | |

## ७.९ चालु आर्थिक वर्ष ०७६/७७ को यस मन्त्रालयको नीति तथा कार्यक्रमहरुः

| ब.व.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| **खानेपानी तथा सरसफाईतर्फ** | | |
| ११० ,१११ | सघन खानेपानी विकास कार्यक्रम ब.उ.शि.न ३३७०५०१२ | अधिकांश आयोजनाहरुमा कार्य सुरु भएको |
| ११२ | सरसफाइ तथा ढल व्यवस्थापन कार्यक्रम ब.उ.शि.न ३३७०५०१३ | आधुनीक शौचालय निर्माणको लागि डी.पी.आर. तयार भइसकेको |
| ९३ ,१११ | खानेपानी गुणस्तर तथा स्रोत संरक्षण कार्यक्रम ब.उ.शि.न ३३७०५०१४ | कपिलवस्तु जिल्लामा पानी परीक्षण प्रयोगशालाको डी.पी.आर.भैसकेको स्रोत संरक्षणको लागि स्थान छनोट गरी सर्भेक्षण कार्य |
| | खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम ब.उ.शि.न ३३७०५०१५ | मर्मत सुधार तथा विस्तार कार्य भैरहेको |
| | माग भई आएका खा.पा.आहरुको सम्भाव्यता अध्ययन गरी संभाव्य आयोजनाहरुको मन्त्रालयवाट स्वीकृति लिई डि.पि.आर तयार गर्ने | निमार्ण कार्य भैरहेको |

| ब.व.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | ब.उ.शि.न ३३७०५०१२ | |
| | P WASH योजना तैयारी<br>ब.उ.शि.न ३३७०००११ | प्रदेशको १०९ वटा स्थानीय तहको खानेपानी तथा सरसफाई योजना तैयारी गर्ने कार्यको लागि निर्देशिका तयार गरी स्वीकृत भएको, प्रदेशका १०९ वटै स्थानीय तह सँग WASH Plan निर्माणका लागी सम्झौता सम्पन्न भई १०९ वटा स्थानीय तहका प्रति तह २ जना र मन्त्रालयले छनोट गरेको ६९ जनासहित २८७ जनालाई वास तालिम दिई तथ्यांक संकलनका लागि कार्य स्थल खटाइएको |
| ९३,१११ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम<br>ब.उ.शि.न ३३७००१२० | खा.पा.सुरक्षा योजना लागू गर्न सम्पन्न ४० वटा खानेपानी आयोजनाहरु छनोट सम्पन्न भईकार्य जारी रहेको |
| ११०,१११ | उच्च प्रविधियुक्त केन्द्रीय खानेपानी कार्यक्रम ब.उ.शि.न ३३७००१२० | अधिकाशं आयोजनाहरुमा कार्य भइरहेको |
| | ढल निर्माण तथा प्रशोधन कार्यक्रम<br>ब.उ.शि.न ३३७००१२० | क.ब. का दुई वटा आयोजनाको लागि IEE कार्य सम्पन्न गरी बोलपत्र आवहान गर्ने तयारी भएको |
| **जलस्रोत तथा सिंचाइतर्फ** | | |
| | **प्रदेश तर्फ** | |
| १२३ | **मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सघनसिंचाइ कार्यक्रम** :क्रमागत र नयाँ गरी ९८ वटा मझौलातथा लघु सिंचाइ योजनाको निर्माण गरिनेछ । | योजनाहरु निर्माणाधीन रहेको, कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको |
| १२४ | **भूमिगत स्यालो तथा डिप ट्यूववेल सिंचाइ कार्यक्रम** :८८ वटा भूमिगत सिंचाइ आयोजनाहरु निर्माण गरिनेछ। | कार्यान्वयनको प्रकृया अगाडि बढाइएको, योजनाहरु निर्माणाधीन रहेको |
| १२५ | **जलाशय निर्माण तथा पोखरी संरक्षण कार्यक्रम** :दाङ जिल्लामा जलाशय आयोजना निर्माण गरिने छ। | DPR तयारी तथा कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको |
| १२५ | **सिंचाइ आयोजना मर्मत सुधार तथा विस्तारकार्यक्रम** :निर्माण पूरा भएका ठुला तथा मझौला सिंचाइ आयोजनाहरुको मर्मत सुधार र विस्तार हुने | निर्माण कार्य भइरहेको |
| १२६ | **जल उत्पन्न प्रकोप न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम** :विभिन्न | योजनाहरुको ल.ई. तयार भैरहेको, ल.ई. तयार भएका योजनाहरुको ठेक्कापट्टाको प्रकृयामा भएको, सम्झौता भएका |

| ब.व.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | स्थानका २० वटा नदीहरुमा नदी नियन्त्रणको कार्य गरिने छ। | ठेक्काहरुमा निर्माण कार्य भइरहेको |
| **सशर्ततर्फ** | | |
| १२६ | **टार बजार संरक्षण कार्यक्रम** :वाणगंगा नदी नियन्त्रण र रामग्राम स्तुप संरक्षण कार्य सम्पन्न गरिनेछ। | ठेक्कापट्टा / सम्झौताको प्रकृयामा भएको, सम्झौता भएका ठेक्काहरुमा निर्माण कार्य भइरहेको |
| १२६ | **नदी नियन्त्रण कार्य** :२१ वटा नदीमा नदी नियन्त्रणको कार्य गरिनेछ। | योजनाहरुको ठेक्कापट्टा / सम्झौताको प्रकृयामा भएको, सम्झौता भएका ठेक्काहरुमा निर्माण कार्य भइरहेको |
| १२६ | **जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना** :राग्न्सीपहिरो रुकुम, सेरा पहिरो रुकुम र डाँडाकटेरी पहिरो अर्घाखाँचीको व्यवस्थापन कार्य गरिनेछ। | ल.ई. तयार भई योजनाहरु ठेक्कापट्टा /सम्झौताको प्रक्रियामा भएको, सम्झौता भएका ठेक्काहरुमा निर्माण कार्य भइरहेको |
| १२५ | **मर्मत संभार आयोजनाहरु**:मर्चवार सिंचाइ प्रणाली,रामपुर फाट सिंचाइ योजना र नारायणपुर सिंचाइ प्रणालीहरुको मर्मत संभार गर्ने | ल.ई. तयार भई योजनाहरु ठेक्कापट्टा /सम्झौताको प्रकृयामा भएको, सम्झौता भएका ठेक्काहरुमा निर्माण कार्य भइरहेको |
| १२५ | **समृद्ध तराई मधेश सिंचाइ विशेष कार्यक्रम** : (क्रमागत) ५३ वटा सतह तथा भूमिगत सिंचाइ योजनाहरुको निर्माण सम्पन्न गर्ने | निर्माण कार्य भइरहेको |
| १२५ | **नयाँ प्रविधिमा आधारित कार्यक्रम (क्रमागत)** :३५ वटा योजनाहरुको निर्माण सम्पन्न गर्ने | निर्माण कार्य भइरहेको |
| १२५ | **भूमिगत स्यालो तथा डिप ट्यूववेल सिंचाइआयोजना (क्रमागत)**: २७ वटा योजनाहरुको निर्माण सम्पन्न गर्ने | निर्माण कार्य भइरहेको |
| १२५ | **वाणगंगा सिंचाइ व्यवस्थापन प्रणाली**: वाणगंगा सिंचाइ प्रणालीको मर्मत सुधार र विस्तार हुने | ठेक्कापट्टा / सम्झौताको प्रकृयामा भएको, सम्झौता भएका ठेक्काहरुमा निर्माण कार्य भइरहेको |
| १२५ | **प्रगन्ना सिंचाइ व्यवस्थापन प्रणाली** प्रगन्ना सिंचाइ प्रणालीको मर्मत सुधार र विस्तार हुने | ठेक्कापट्टा / सम्झौताको प्रकृयामा भएको, सम्झौता भएका ठेक्काहरुमा निर्माण कार्य भइरहेको |
| **आवास तथा भवन महाशाखातर्फको** | | |
| १२९ | आवास व्यवस्था तथा बस्ती विकास कार्यक्रम ४७ वटा | जम्मा आयोजना ४७ वटामध्ये २६ वटा खरिद प्रक्रियामा, १८ वटा निर्माणाधीन, ३ वटाको ल.ई. भइरहेको । |
| १३३,१३४ | सरकारी भवन निर्माण तथा सभाहल निर्माण कार्यक्रम १३ वटा आयोजना | जम्मा १३ वटा आयोजनामध्ये ४ वटा खरिद प्रक्रियामा, १ वटा निर्माणाधीन, ८ वटाको ल.ई. भएको । |
| १३१, | सहरी पूर्वाधार विकास कार्यक्रम ३२ | जम्मा ३२ वटा आयोजनामध्ये १७ वटा खरिद प्रक्रियामा, ८ |

| ब.व.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १३२ | वटा | वटा निर्माणाधीन, १ सम्पन्न, ३ वटा महानगरको अध्ययन तथा कार्यान्वयनको लागि प्राधिकरण गठन प्रक्रियामा रहेको । |
| १२८ | आवास, भवन मर्मत तथा विस्तार कार्यक्रम ४ वटा | ४ वटा कार्यालयमार्फत नियमित रुपमा सरकारी कार्यालय तथा आवास मर्मत कार्य निरन्तर भइरहेको । |
| १२९ | जनता आवास कार्यक्रम आवास संख्या ३२१४ वटा | जम्मा ३२१४ आवासमध्ये ३०४ वटा सम्पन्न, २६१७ वटा कार्यान्वयनमा रहेको, २९३ वटा छनोट प्रक्रियामा । |
| | आवास, भवन तथा सहरी विकास अनुसन्धान तथा परामर्श सेवा कार्यक्रम | भवन नियमावली, २०७६, जनता आवास कार्यविधि, २०७५(संशोधन), विपद् प्रभावित क्षेत्रमा एकीकृत बस्ती तथा पूर्वाधार विकास कार्यक्रम कार्यविधि, २०७६ तयार भएको । |
| **सडक तर्फको** | | |
| १०३ | रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) | पूर्वाधार विकास कार्यालय, प्युठानबाट पेश भएको प्युठान जिल्लामा रहेको दाखाक्वाडी-बर्जिबाङ्ग-भिग्री खण्ड (५ कि.मी.) र रोल्पा जिल्लाको दहवन, निगालपानी (०+००० देखि ११+५००) को लागत अनुमान स्वीकृत भई प्रदेश योजना आयोगबाट वहुवर्षीय आयोजनाको रुपमा स्वीकृत भई बोलपत्र आह्वान भएको ।पूर्वाधार विकास कार्यालय, गुल्मीबाट संचालित अघिल्लो आर्थिक वर्षको निर्माण कार्य भइरहेको साथै तानसेन-रिडी वाइपास खण्ड (पाल्पा) र सन्धीखर्क-धारापानी-चुजाठाँटी खण्ड (अर्घाखाँची) को को लागत अनुमान स्वीकृत भई प्रदेश योजना आयोगबाट बहुवर्षीय आयोजनाको रुपमा स्वीकृत भई बोलपत्र आह्वान भएको। प्रदेश सडक ऐन, २०७६ पेश भएको। |
| | दामोदर मार्ग कुइरेपानी सर्रा सडक | गत आर्थिक वर्ष को बहुवर्षीय ठेक्कालाई निरन्तरता दिई करिब ९० प्रतिशत कार्य सम्पन्न भएको । विद्युत पोल व्यवस्थापन गर्ने विषयमा नेपाल विद्युत प्राधिकरणसँग छलफल भएको । |
| | धागो कारखाना चरङ्गे झुम्सा सडक | पूर्वाधारविकास कार्यालय, रुपन्देहीबाट गत आर्थिक वर्षमा संचालित ठेक्का सम्पन्न भई चालु आर्थिक वर्षको बाँकी बजेट कार्यान्वयनको लागि सडक पूर्वाधार विकास कार्यालय, पाल्पाबाट गत आर्थिक वर्षको कार्य ९० प्रतिशत सम्पन्न, चालु आर्थिक वर्षको ठेक्का अन्तर्गत आशयको सूचना निकालिएको । |
| १८० | पूर्वाधार विकास सञ्चालन गर्ने आयोजना वा कार्यालय प्रमुखसँग कार्य सम्पादन करार गरिने | कार्य सम्पादन करार सम्झौता भएको । |
| ११६ | स्थानीयतहका केन्द्रहरुलाई प्रदेशका मुख्य सडक सञ्जालहरुसँग जोडने | २९ वटा स्थानीय गा.पा. पहुँच मार्गमध्ये २७ वटा कार्यान्वयन भएको ।<br>-चन्द्रकोट गा.पा. पहुँचमार्ग, गुल्मीको चालु आर्थिक वर्षको संघीय सरकारसँगको समपुरक आयोजना अन्तर्गत बहुवर्षीय ठेक्का भएको ।<br>-धुर्कोट गा.पा. पहुँचमार्ग गुल्मीको बहुवर्षीय ठेक्का गरिएको, |

| ब.व.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | अन्य गा.पा. पहुँचमार्गको बहुवर्षीय खरिद गुरुयोजना तयारको क्रममा रहेको ।<br>-गेरुवा गा.पा. पँहुचमार्ग, पशुपतिनगर मंगलपुर सडक १२ कि.मी., योजना नेपाल सरकार, सडक विभागमार्फत काम हुने। |
| ११८ | पर्यटनस्थल पहुँच मार्ग निर्माण गरिने | १४ वटा आयोजनामध्ये १२ वटा कार्यान्वयनको चरणमा रहेको<br>-तम्घास रेसुङ्गा मार्गमा नेपाल सरकारको हस्तान्तरित आयोजना अन्तर्गत पूरा खण्डमा ठेक्का भएकोले काम गर्नु नपर्ने । अन्य आयोजना रकमान्तरको प्रक्रियामा रहेको ।त्यसैगरी गैरीगाँउ डाँडागाँउ हुँदै तिनपाहेनी धार्मिक स्थल ट्रेकिङ्गमार्गको नयाँ तरिकाबाट सिमेन्ट प्रयोग नगरी काम गर्ने गरी सम्बन्धित कार्यालयबाट ठेक्का आव्हान हुने क्रममा रहेको । |
| ११९ | उद्योगस्थल पहुँच मार्ग निर्माण गरिने | ४ वटा उद्योग स्थल पहुँच मार्ग ठेक्का प्रक्रियामा रहेको, |
| ११९ | कृषि सडक निर्माण गरिने | ४ वटा उद्योग कृषि सडक ठेक्का प्रक्रियामा रहेको |
| ११५ | प्रदेशस्तरीय सडकहरुको निर्माण र स्तरोन्नति गर्ने | ११६ मध्ये ११० वटा आयोजना ठेक्का प्रक्रिया पुरा भई निर्माण कार्य शुरु भएको । |
| ११५ | प्रदेशक्षेत्र स्तरीय सडकहरुको निर्माण र स्तरोन्नति गर्ने | ११३ मध्ये १११ वटा आयोजना कार्यान्वयन भइरहेको।ठेक्का प्रकृया पूरा भई आधिकांश आयोजना सम्झौताको चरणमा रहेका |
| ११७ | नेपाल भारत सीमा क्षेत्र जोड्ने सडकहरु निर्माण गर्ने | १७ वटा सीमा सडकहरुको ठेक्का प्रक्रिया अन्तिम चरणमा रही अधिकांश आयोजनामा सम्झौतासमेत भई काम शुरु भएको । |
| १२० | विभिन्न जिल्लामा सडक तथा चक्रपथ निर्माण गर्ने | सैनामैना चक्रपथ, तिलोत्तमा चक्रपथ, बनगाई मोतीपुर भलवाड डोहटे सडक, कृष्णनगर RTOबालापुरदरवा खैरी मराम सडक आयोजना अन्तर्गत अघिल्लो आर्थिक वर्षको साथै विभिन्न आयोजनाको भेरियसन चेकजाँचको काम भइरहेको । |
| १०८,१०९ | प्रदेशको रणनीतिक, स्थानीय तह पहुँच मार्ग र यातायात गुरुयोजनामा परेका सडकहरुमा १०० मि लम्वाइ र अधिकतम २० करोडको लागतको सडक पुल निर्माण हुने | २५ वटा क्रमागत सडक पुलको निर्माण कार्य जारी रहेको साथै प्राथमिकीकरणका आधारमा छनोट भएका ३० वटा नयाँ सडक पुलको डिपिआर चेकजाँच एवम् ल.ई. तयारीको काम अगाडि बढीरहेको ।त्यसै गरी नेपाल सरकारबाट हस्तान्तरित स्थानीय सडक पुल अन्तर्गत २६ वटा क्रमागत सडक पुलको काम भइरहेको । |
| १२२ | नेपाल सरकारवाट हस्तान्तरण भई आएका सडकतर्फका आयोजनाहरु निर्माण गर्ने | केन्द्र सरकारबाट हस्तान्तरण भएका २७ वटा रणनीतिक सडक तथा १६८ वटा सम्भावित प्रादेशिक सडक आयोजना निर्माणाधीन अवस्थामा रहेको । |

तालिका नं. ७.१ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान (रु.हजारमा)

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| **खानेपानी तथा सरसफाईतर्फ** | | | | | | | | | | | |
| १. | सघन खानेपानी विकास कार्यक्रम | २०३ | १३०१५०० | १९४ | ९६ | ५५९८२० | ४३ | २०३ | १०० | १०४१२०० | ८० |
| २. | सरसफाइ तथा ढल व्यवस्थापन कार्यक्रम | १० | ४८००० | ७ | ७० | ३४८ | १ | १० | १०० | ३९८४० | ८३ |
| ३. | खानेपानी गुणस्तर तथा स्रेत संरक्षाण कार्यक्रम | २ | १६००० | २ | १०० | ५४३४ | ३४ | २ | १०० | १२००० | ७५ |
| ४. | खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | १७८ | ७०००० | १५१ | ८५ | २३१८५ | ३३ | १७८ | १०० | ५८१०० | ८३ |
| ५. | माग भई आएका खा.पा.अ. हरुको संभाव्यता अध्ययन गरी संभाव्यआयोजनाहरुकोमन्त्रालयबाट स्वीकृति लिई डि.पि. आर तयार गर्ने | ४३८ | २७४०० | ३५२ | ८० | ३०६६ | ११ | ४३८ | १०० | २४११२ | ८८ |
| ६. | नयाँ माग भएका खा.पा. आ. हरुको डि.पि. आर पश्चात कार्यान्वयन गर्ने | ५० | ५४५०० | ४३ | ८६ | २०५१५ | ३८ | ५० | १०० | ४५२३५ | ८३ |
| ७. | स्थान विशेष खानेपानी | १०० | ५००० | २० | २० | ० | ० | १०० | १०० | ३९०० | ७८ |

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| | आयोजनाहरुको मन्त्रालयबाट स्वीकृति लिई कार्यान्वयन गर्ने | | | | | | | | | | |
| ८. | P WASH योजना तयारी | १०९ | ११००० | १०९ | १०० | ४६०० | ४२ | १०९ | १०० | ९१३० | ८३ |
| ९. | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ३६ | ९५०० | २५ | ६९ | ४९१३ | ५२ | ३६ | १०० | ७८८५ | ८३ |
| १०. | उच्च प्रविधियुक्त केन्द्रीय खानेपानी कार्यक्रम | ४९३ | १२८९१२० | ४९० | ९९ | ६६९०३१ | ५२ | ४९३ | १०० | १०९५७५२ | ८५ |
| ११. | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | ३ | १०७६८ | २ | ६७ | ५७० | ५ | ३ | १०० | ८९३७ | ८३ |
| १२. | खानेपानी तथा सह लगानी कार्यक्रम | २ | १४६८६ | | ० | ० | ० | २ | १०० | १२१८९ | ८३ |
| १३. | डिप ट्युववेल मर्मत सुधार | ५ | २५३२९ | ५ | १०० | ८६१४ | ३४ | ५ | १०० | १८९९६ | ७५ |
| १४. | तराइ मधेश खानेपानी सुधार कार्यक्रम | १४६ | ६०७५६३ | १४६ | १०० | ३६३७६२ | ६० | १४६ | १०० | ४९२१२६ | ८१ |
| १५. | **जम्मा** | | **३४९०३६६** | **१५४६** | **१०७२** | **१६६३८५८** | **४८** | **४५** | **१४००** | **२८६९४०४** | **८२** |

**<u>जलस्रोत तथा ऊर्जा विकासतर्फ</u>**

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| १६. | मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सघन सिं. कार्यक्रम | १०६ | ७३६९०० | ७६ | ७२ | ३३१६०५ | ४५ | १०६ | १०० | ७३०९०० | ९९ |
| १७. | भूमिगत स्यालो तथा डिप ट्यूववेल सिंचाइ कार्यक्रम | ६१ | ३०६१०० | ४३ | ७० | १३१६२३ | ४३ | ६१ | १०० | २७८६०० | ९१ |
| १८. | जलाशय निर्माण तथा पोखरी संरक्षण कार्यक्रम | ४ | ३५००० | ३ | ७५ | ० | ० | ४ | १०० | ३५००० | १०० |
| १९. | सिंचाइ आयोजना मर्मत सुधार तथा बिस्तार कार्यक्रम | ७५ | १११२०० | ५० | ६७ | ४६७०४ | ४२ | ७५ | १०० | १०१२०० | ९१ |
| २०. | जल उत्पन्न प्रकोप न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम | ७१ | १७०८०० | ५१ | ७२ | ८०२७६ | ४७ | ७१ | १०० | १७०७०० | १०० |
| २१. | टार बजार संरक्षण कार्यक्रम | २ | १०००० | २ | १०० | २५०० | २५ | २ | १०० | १०००० | १०० |
| २२. | नदी नियन्त्रण कार्य | १३ | १४०६०० | ९ | ६९ | ४९२१० | ३५ | १३ | १०० | १४०६०० | १०० |
| २३. | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ३ | १०००० | २ | ६७ | ४३०० | ४३ | ३ | १०० | १०००० | १०० |
| २४. | मर्मत संभार आयोजनाहरु | ३ | २८७०० | २ | ६७ | १११९३ | ३९ | ३ | १०० | २८७०० | १०० |
| २५. | समृद्ध तराई मधेशसिंचाइ विशेष कार्यक्रम (क्रमागत) | २८ | २२३५०० | १९ | ६८ | ९१६३५ | ४१ | २८ | १०० | २२३५०० | १०० |

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| २६. | नयाँ प्रविधिमा आधारित कार्यक्रम (क्रमागत) | ८ | ४३००० | ६ | ७५ | १३३३० | ३१ | ८ | १०० | ४३००० | १०० |
| २७. | भूमिगत स्यालो तथा डिप ट्यूववेल सिंचाइ आयोजना (क्रमागत) | ४३ | १००५०० | ३१ | ७२ | ४८२४० | ४८ | ४३ | १०० | ५९०३० | ५९ |
| २८. | मझौला सिंचाइ आयोजना (क्रमागत) | ४८ | २८९५०० | ३४ | ७१ | १३३१७० | ४६ | ४८ | १०० | २७२२०५ | ९४ |
| २९. | बाणगंगा सिंचाइ व्यवस्थापन प्रणाली | ७ | ९५८०० | ५ | ७१ | २३९५० | २५ | ७ | १०० | ६०४४० | ६३ |
| ३०. | प्रगन्ना सिंचाइ व्यवस्थापन प्रणाली | ४ | ४०००० | २ | ५० | १४००० | ३५ | ४ | १०० | ४०००० | १०० |
| ३१. | **जम्मा** | **४७६** | **२३४१६००** | **३३५** | **७०** | **९८१७३६** | **४२** | **३३५** | **१००** | **२२०३८७५** | **९४** |
| ३२. | **<u>ऊर्जातर्फ</u>** | | | | | | | | | | |
| ३३. | ऊर्जासँग सम्बन्धित आयोजनाहरूको विभिन्न अध्ययनकार्यहरु | | ६४००० | | ५ | ० | ० | ० | ० | ० | ० |
| ३४. | १० वटा जलविद्युत आयोजनाको पूर्व सम्भाव्यता अध्ययन (क्रमागत) | | ४००० | | १०० | २६०० | ० | ० | ० | २६०० | ६५ |

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| ३५. | नौमुरे जलाशययुक्त आयोजनाको लागि पूर्व तयारी कार्यहरु (community Support Program) | | १५०० | | ० | ० | ० | ० | ० | ० | ० |
| ३६. | अन्तर प्रादेशिक एवं प्रदेशस्तरीय जलविद्युत आयोजना विकाससम्बन्धी प्रारम्भिक कार्यहरु | | २००० | | ० | ० | ० | ० | ० | ० | ० |
| ३७. | ३३ के.भी एवं ११ के.भी. प्रसारण लाइनको निर्माण | | ९००० | | १० | ० | ० | ० | ० | ० | ० |
| ३८. | ग्रामीण एवं सामुदायिक विद्युतीकरण (नयाँ एवं पुनर्स्थापनासमेत) कार्यक्रम | | ९०००० | | १० | ० | ० | ० | ० | ० | ० |
| ३९. | २५ के.भी.ए देखि २०० के.भी.ए सम्मको ट्रान्सफर्मर खरिद | | १०००० | | १० | ० | ० | ० | ० | ० | ० |
| ४०. | घरेलु सौर्य ऊर्जा प्रणाली जडानको लागि प्रदेश सरकारको अनुदान | | ११३००० | | ० | ० | ० | ० | ० | ० | ० |

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| ४१. | ग्रिडमा आवद्ध नेट मिटरिंग सौर्यविद्युत प्रणालीजडान कार्यक्रम | | ९००० | | १० | ० | ० | ० | ० | ० | ० |
| ४२. | ग्रिडमा आवद्ध नमुना सौर्य विद्युत आयोजनानिर्माण | | २०००० | | ० | ० | ० | ० | ० | ० | ० |
| ४३. | बायो ग्यासमा आधारित विद्युत (Waste to Energy) प्लान्ट निर्माण | | ५००० | | १० | ० | ० | ० | ० | ० | ० |
| ४४. | उच्च दक्षता भएका विद्युतीय सामग्रीमा अनुदान (उर्जा दक्षताकार्यक्रमहरु) | | ५००० | | ० | ० | ० | ० | ० | ० | ० |
| ४५. | बायो ब्रिकेट उत्पादन एवं सुधारिएको चुलो जडान कार्यक्रम | | २००० | | ० | ० | ० | ० | ० | ० | ० |
| ४६. | बायोडिजल उत्पादनको यान्त्रिकीकरणमा सहयोग कार्यक्रम | | २५०० | | ० | ० | ० | ० | ० | ० | ० |
| ४७. | बायोडिजल उत्पादनकर्तालाई प्रोत्साहन अनुदान | | ५०० | | ० | ० | ० | ० | ० | ० | ० |
| ४८. | लघु तथा साना जलविद्युत | | ७००० | | १० | ० | ० | ० | ० | ० | ० |

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| | आयोजना निर्माण एवं सहयोग कार्यक्रम | | | | | | | | | | |
| ४९. | बायोग्याँस प्रविधि जडान कार्यक्रम | | ७००० | | १० | ० | ० | ० | ० | ० | ० |
| ५०. | **जम्मा** | | **३५१५००** | | | **२६००** | ० | ० | ० | **२६००** | **०.७३** |
| | **सडक तर्फ** | | | | | | | | | | |
| | **समानीकरणतर्फ (सडक)** | | | | | | | | | | |
| ५१. | प्रदेशस्तरका प्रमुख राजमार्ग | १९ | ९८५००० | १२ | ६३ | ९८५०० | १० | १८ | ९५ | ९८५००० | १०० |
| ५२. | प्रदेशक्षेत्र स्तरीय सडक | ११३ | ६०००७० | ८९ | ७९ | १२००१४ | २० | १११ | ९८ | ५६२४८० | ९४ |
| ५३. | प्रदेशस्तरीय सडक | ११६ | ५९२०२३ | १०२ | ८८ | १५३९२६ | २६ | ११६ | १०० | ५८१६२३ | ९८ |
| ५४. | स्थानीयतह पहुँच मार्ग | २९ | ७५०००० | २७ | ९३ | ११२५०० | १५ | २७ | ९३ | ७५०००० | १०० |
| ५५. | पर्यटनस्थल पहुँच मार्ग | १४ | २५६००० | १३ | ९३ | १७९२० | ७ | १३ | ९३ | २५६००० | १०० |
| ५६. | सीमाक्षेत्र सडक कार्यक्रम | १७ | २५५००० | १५ | ८८ | २८०५० | ११ | १७ | १०० | २५५००० | १०० |
| ५७. | समपुरकआयोजना | ६ | ५००००० | ६ | १०० | ८०००० | १६ | ६ | १०० | ५००००० | १०० |

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| ५८. | सडक पुल | २५ | ६७३६४६ | २० | ८० | १८१८८४ | २७ | २५ | १०० | ७४२३२० | ११० |
| ५९. | झोलुङ्गे पुल | ७ | २३७२५ | ३ | ४३ | १२१०० | ५१ | ४ | ५७ | २२५०० | ९५ |
| ६०. | कृषिसडक | ४ | ८०००० | ० | ० | ८०० | १ | ४ | १०० | ८०००० | १०० |
| ६१. | उद्योगस्थल पहुँच मार्ग | ४ | १४००० | ० | ० | ० | ० | ० | ० | १४००० | १०० |
| ६२. | अन्यपहूँच मार्ग | ४ | ४०००० | ० | ० | २४०० | ६ | ४ | १०० | ४०००० | १०० |
| ६३. | नियमितमर्मत संभार | ११२ | २२६५०० | ९३ | ८३ | ४३०३५ | १९ | ११२ | १०० | २५५००० | ११३ |
| ६४. | आवधिकमर्मत संभार | ७७ | २२३२०० | ५५ | ७१ | ५८०३२ | २६ | ७६ | ९९ | २००००० | ९० |
| सशर्ततर्फ (सडक) | | | | | | | | | | | |
| ६५. | रणनीतिक सडक | २९ | ११७९००० | २६ | ९० | ३१८३३० | २७ | २६ | ९० | १३४४००० | ११४ |
| ६६. | प्रादेशिक सडक | १६९ | १०९१२६८ | १५६ | ९२ | ५२३८०९ | ४८ | १५४ | ९१ | ५००००० | ४६ |
| 67. | SNRTP | १९ | २८४३७८ | १९ | १०० | ४२६५६.७ | १५ | १९ | १०० | ३०१६८२ | १०६ |
| ६८. | स्थानीय सडक पुल | २६ | १४८४०० | २० | ७७ | १३३५६ | ९ | २६ | १०० | १४८४०० | १०० |
| ६९. | झोलुङ्गे पुल | ८ | ४६००० | ४ | ५० | ९६६० | २१ | ८ | १०० | ४६००० | १०० |
| ७०. | वृहत लुम्बिनी चक्रपथ | १ | १२०००० | १ | १०० | ४५६०० | ३८ | १ | १०० | १२०००० | १०० |

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| | **जम्मा** | **७९९** | **८०८८२१०** | **६६१** | **८३** | **१८६२५७२** | **२३** | **७६७** | **९६** | **७७०४००५** | **९५** |
| | **<u>आवास तथा भवनतर्फ</u>** | | | | | | | | | | |
| ७१. | आवास व्यवस्था तथा बस्ती विकास कार्यक्रम | ४७ | ४५०००० | ४७ | १०० | ३४९२० | ८ | ४५ | ९६ | ३३७५०० | ७५ |
| ७२. | सरकारी भवन निर्माण तथा सभाहल निर्माण कार्यक्रम | १३ | २६३००० | १२ | ९२ | ७७८४ | ३ | १३ | १०० | १९७२५० | ७५ |
| ७३. | सहरी पूर्वाधार विकास कार्यक्रम | ३२ | १८३००० | १३ | ४१ | १०६५० | ६ | २५ | ७८ | १३७२५० | ७५ |
| ७४. | आवास, भवन मर्मत सुधार तथा विस्तार कार्यक्रम | १ | ११९००० | ०.६९ | ६९ | ३२६७७ | २७ | ४ | १०० | ८९२५० | ७५ |
| ७५. | आवास, भवन तथा सहरी विकास अनुसन्धान तथा परामर्श सेवा कार्यक्रम | १ | १०००० | ० | ० | ० | ० | २८ | १०० | ७५०० | ७५ |
| ७६. | जनता आवास कार्यक्रम | ३२१४ | ७५१४०० | ३००६ | ९४ | १२२१०२ | १६ | ३२१४ | १०० | ५६३५५० | ७५ |
| ७७. | **जम्मा** | **३३०८** | **१७७६४००** | **३०७९** | **९३** | **२०८१३५** | **१२** | **३३२९** | **५७४** | **१३३२३००** | **७५** |

(स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय)

**तालिका नं. ७.२ आर्थिक वर्ष २०७५/७६ मा विनियोजित बजेट तथा २०७६ असार मसान्तसम्मको वित्तीय प्रगति** **(रु.हजारमा)**

| ब.उ.शी.नं. | बजेट शीर्षक | वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति (%) |
|---|---|---|---|---|
| ७०५३२३११३ | चालु | ४९९१८९ | ३६९२४२ | ७३.९८ |
| ७०५३२३११४ | पुँजीगत | ११२८२३२६ | ७५६९२०८ | ६७.०९ |
| **जम्मा** | | **११७८१५१५** | **७९३८४९०** | **६७.३८** |

(स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय)

**तालिका नं. ७.३ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७७ असार मसान्तसम्मको खर्च** **(रु.हजारमा)**

| क्र.सं. | ब.उ.शी.नं. | बजेट शीर्षक | विनियोजित बजेट | फागुन मसान्त सम्मको खर्च | खर्च प्रतिशत | असार मसान्तसम्मको अनुमानित खर्च% |
|---|---|---|---|---|---|---|
| १. | ३३७०००११३ | चालु | ५१५००० | २७९५७० | ५४.२९ | **९०** |
| २. | ३३७०००११४ | पुँजीगत | १६४७६४३७ | ५४३७५६० | ३३.०१ | **८०** |

(स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय)

## ७.५ राजस्व संकलनको विवरणः

**तालिका नं. ७.४ आर्थिक वर्ष ०७६/७७ को अर्धवार्षिक राजस्व संकलन विवरण र असार मसान्तसम्मको संशोधित अनुमानः** रु.हजारमा

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | असार मसान्तसम्मको संशोधित अनुमान |
|---|---|---|---|---|
| १. | ३३१५८-सवारी कर | लक्ष्य नतोकिएको | ८५९२१३ | |
| २. | १४२५६-स.द.कि र स.चा.अ.प | | ३२२८५३ | |
| ३. | १४२२५-यातायात क्षेत्रको आय | | ९३७७५ | |
| ४. | १४३१२ | | ८४ | |
| ५. | ३३३४१ | | ६९८६४१ | |
| ६. | ११११११ | | ७२०० | |
| **जम्मा** | | | **१९८१७६६** | |

(स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय)

## ७.१० विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः

**सडक तर्फः**

चालु आर्थिक वर्षको अर्धवार्षिक सम्ममा ३१५० जना/महिनाले रोजगारी प्राप्त ।

**जलस्रोत तथा सिंचाइतर्फः**

प्रत्यक्ष रुपमा २१२३ जना र अप्रत्यक्ष रुपमा २६५२ जनाले औसत ३ महिनाको रोजगारी प्राप्त ।

**खानेपानीतर्फः**

प्रत्यक्ष रुपमा १६६४ जना र अप्रत्यक्ष रुपमा २१५९ जनाले औसत ३ महिनाको रोजगारी प्राप्त।

**सहरी विकास तथा भवनतर्फः**

प्रत्यक्ष १३२५ जना र अप्रत्यक्ष १६४२ जनाले औसत ३ महिनाको रोजगारी प्राप्त।

## ७.११ समस्या तथा चुनौतीहरुः

यस मन्त्रालयद्धारा कार्यसम्पादन गर्ने क्रममा आइपरेका समस्या तथा चुनौतीहरु देहाय अनुसार प्रस्तुत गरिएको छ ।

- आवश्यक प्राविधिक कर्मचारीको अभाव।
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच आयोजनामा दोहोरोपना ।
- केन्द्रबाट हस्तान्तरित आयोजनाहरुमा न्यून बजेट विनियोजन ।

## ७.१२ समस्या समाधानका लागि चालिएका कदमहरुः

- जनशक्तिको अभाव हटाउन स्वीकृत दरबन्दीको प्राविधिक पदको पदपूर्तिको लागि परामर्श सेवामार्फत सेवा खरिद गर्न आवश्यक बजेट व्यवस्था गरिएको ।
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच आयोजनामा हुने दोहोरोपना हटाउन आवश्यक समन्वय शुरु गरिएको।
- बजेटको अभावको समस्या समाधान गर्न र सशर्तका आयोजनाहरु समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गर्न केन्द्रबाट हस्तान्तरित आयोजनाहरुको लाथि थप बजेट माग गरिएको बजेटमध्ये सुनिश्चितता भई केही थप बजेट समेत प्राप्त भएको ।

## ७.१३ आगामी कार्यदिशाः

- नागरिकमा आधारित हासिल गर्ने लाभ र लागतको मूल्याङ्कन गरी योजना छनोट गर्ने ।
- योजनाको प्रभावकारी अनुगमनको व्यवस्था गरी योजनाको गुणस्तरीयता कायम गर्ने तर्फ अग्रसर हुने।
- योजना छनोट र कार्यान्वयनमा प्राथमिकीकरण ।
- खानेपानी तथा सरसफाई क्षेत्रमा आगामी तीन वर्ष भित्र **"एक घरः एक धारा"** को अभियान सफल पारी नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउने र वडा,गाँउ,नगर, जिल्ला र प्रदेशलाई पूर्ण सरसफाई उन्मुख घोषणा गर्ने ।

- गाँउपालिका पहुँच मार्गलाई आगामी तीन वर्ष भित्र कालोपत्रे गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने।
- प्रदेश स्तरीय सडक, अन्तराष्ट्रिय सिमा जोड्ने सडक, पूल, झलुङ्गे पूलको गुणस्तरीय कायम गर्ने।
- विद्युतको पहुँच नपुगेका घरधुरीमा वैकल्पिक ऊर्जा प्रवर्द्धन गरी सोलार बत्ती पुऱ्याई 'उज्यालो प्रदेश' बनाउने ।
- जलाशययुक्त क्षेत्रको निर्माण र सिंचाइ गर्न सक्ने कृषियोग्य भू-भागमा सिंचाई सुविधा उपलब्ध गराउने ।
- दलित, सीमान्तकृत, लोपोन्मुख जातिका लागि आवास निर्माणका लागि जनता आवास कार्यक्रम सञ्चालन गर्ने ।
- सुरक्षित यातायातलाई मध्यनजर राखी सडक निर्माण कार्यलाई जोड दिइने ।

## ७.१४ निष्कर्ष

मन्त्रालयको कार्यविस्तृतीकरण अनुसार देखिएका जिम्मेवारी पूरा गरी नागरिकलाई विकासको प्रतिफल प्रदान गर्नेतर्फ मन्त्रालयका गतिविधिहरु केन्द्रित रहेका छन् । प्रदेश सरकारले नीति तथा कार्यक्रममा समावेश गरेका विषयवस्तुमा केन्द्रित रही बजेट निर्माणमार्फत आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन भइरहेको अवस्था छ।कार्यालय स्थापना, प्राविधिक जनशक्ति व्यवस्थापन र प्रदेश कानूनको निर्माणसमेत समस्याका रुपमा रहे तापनि उक्त कार्यहरुको कुशलतापूर्वक व्यवस्थापन भइरहेको छ। पुँजीगत खर्च गर्ने क्षमताको विकास सार्वजनिक खरिद ऐन पूर्णरुपमा परिपालन, निर्माण व्यवसायीको आचारसंहितामा कडाई, परामर्श सेवा भित्रका दुर्बल पक्षको निराकरण, पारदर्शिता नागरिकको सूचनाको हकलाई सम्मान गर्ने वातावरण सिर्जना गरी सुशासन कायम गरी प्रदेश सरकारले अगाडि सारेको **"समृद्ध प्रदेशःखुसी जनता"**को नारालाई सार्थक बनाउन मन्त्रालय प्रतिबद्ध रहेको छ ।

# परिच्छेद-८
## सामाजिक विकास मन्त्रालय

### ८.१ पृष्ठभूमि

संघीयता कार्यान्वयनसँगै २०७४ सालमा स्थापना भएको प्रदेश सरकारको संगठन संरचना बमोजिम स्वास्थ्य, शिक्षा, समाजकल्याण, महिला बालबालिका तथा जेष्ठ नागरीक, श्रम तथा रोजगार, भाषा, कला, संस्कृति, युवा तथा खेलकूद र सरसफाई जस्ता क्षेत्रहरुमा काम गर्नको लागि सामाजिक विकास मन्त्रालयको गठन भएको हो ।

### ८.२ दीर्घकालीन सोच

स्वस्थ, शिक्षित, सुसंस्कृत, सुरक्षित, अनुशासित, कर्मशील युवा समृद्ध खुसी प्रदेश ।

### ८.३ उद्देश्य

- समावेशी, समतामूलक, प्रबिधियुक्त जीवन पर्यन्त गुणस्तरीय शिक्षा र उच्च शिक्षा प्रदान गर्नु ।
- विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउनु ।
- महिला बालबालिका तथा जेष्ठ नागरीकहरुलाई सामाजिक सुरक्षा प्रदान गर्नु ।
- सक्षम, सीपयुक्त, अनुशासित र कर्मशील युवा शक्तिको विकास गर्नु ।
- प्रदेशका सांस्कृतिक सम्पदा तथा भाषिक सम्पत्तीको संरक्षण गर्नु ।
- श्रमिकहरुको हकहितको संरक्षण गर्दै श्रमशक्ति र श्रमबजारको प्रबर्द्धन र रोजगारी वृद्धि गर्नु ।

### ८.४ रणनीतिहरु

- प्रबिधिलाई शिक्षाको गुणस्तर विकासमा उपयोग गर्ने ।
- गुणस्तरीय प्राबिधिक तथा उच्च शिक्षाको पहुँच बिस्तार गर्ने ।
- शिक्षालयहरुमा पूर्वाधारको विकास गरी तालिम प्राप्त सक्षम शिक्षकबाट प्रभावकारी सिकाइ सुनिश्चित गर्ने।
- धार्मिक तथा विशेष शिक्षालाई मूलप्रवाहीकरण गर्ने ।
- आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवाको सुदृढीकरण तथा बिस्तार गर्ने ।
- पोषण तथा रोगहरुको रोकथाममा सचेतना बृद्धि गर्ने ।
- परम्परागत तथा बैकल्पिक चिकित्सा पद्धतिको बिस्तार गर्ने ।
- जेष्ठ नागरीक असहाय अपाङ्गहरुलाई  घरघरमै स्वास्थ्य सेवा पुर्याउने ।
- खेलकूदलाई बृत्तिविकाससँग समेत जोड्ने ।
- अल्पकालीन तथा दीर्घकालीन आश्रयस्थलको निर्माण तथा सञ्चालन गरी पारिवारिक पुनर्मिलन गराउने ।

- स्वरोजगारका अवसरहरु प्रदान गर्दै साना कामहरुको लागि बिदेशिनु पर्ने अवस्थाको अन्त्य गर्ने
- प्रदेशका भाषिक सांस्कृतिक र धार्मिक सम्पदाहरुको अभिलेखीकरण तथा प्रचारप्रसार गरी तिनको संरक्षण तथा सम्बर्द्धन गर्ने ।
- महिलाहरुको जीवनस्तर उठाउन र निर्णय प्रकृयामा सहभागी गराउन सीप विकास तथा आय आर्जनमा जोड दिने र बिभिन्न किसिमका विभेदहरुबाट मुक्त गर्ने ।
- बालअधिकारको प्रत्याभूत गराउने ।

## ८.५ कार्यक्षेत्र

शिक्षा, स्वास्थ्य, महिला, बालबालिका तथा जेष्ठ नागरीक, सामाजिक सुरक्षा तथा समाज कल्याण, युवा खेलकूद, भाषा संस्कृति र पुरातत्व, श्रम तथा रोजगार तथा सरसफाई लगायतका क्षेत्रहरु समेट्ने यस मन्त्रालयका निम्न लिखित कार्यक्षेत्रहरु रहेका छन् ।

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।
- शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन ।
- .प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।
- प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्वन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्यसामाग्री निर्माण, उत्पादन र वितरण ।
- प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन ।
- प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन ।
- माध्यामिक तहको परिक्षा व्यवस्थापन ।
- प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन ।
- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन ।
- प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन ।
- स्वास्थ्य सेवा सम्वन्धी प्रदेशस्तरिय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन ।

- स्वास्थ्य सेवा सम्वन्धी प्रदेशस्तरिय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन
- प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन ।
- राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्वन्धी सामग्रीको उत्पादन तथासंचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन।
- राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्यस्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन ।
- खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन ।
- राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन ।
- प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन ।
- औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण ।
- खोप र परिवार नियोजन ।
- संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन ।
- प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्यलेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह ।
- प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन ।
- सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन ।
- स्वास्थ्यक्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्यसेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन ।
- सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम ।
- राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन ।
- स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन ।
- आयूर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन ।
- प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रदेशिक नीति, कानून तथा मापदण्डतर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन ।

- खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।
- सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता ।
- जनसंख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय ।
- महिलाहक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन रनियमन ।
- लैङ्गिकहिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा रकार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनस्थापन।
- महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान ।
- लैंगिकउत्तरदायी बजेट र लैङ्गिक परिक्षण ।
- बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनातर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध रसेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना ।
- प्रदेशस्तरमा ज्येष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन ।
- समाजकल्याण र संघसस्था सम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन ।
- युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन।
- खेलकूद सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन ।
- खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन ।
- राष्ट्रिय र प्रादेशिक खेलकूद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता ।
- लोपोन्मुख, सीमान्तकृत, गरीब, जेष्ठ नागरीक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन ।
- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य ।
- प्रदेश भित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसंग समन्वय विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी।

- भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन ।
- ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवम् कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन ।
- प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन ।
- प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सास्कृतिक धरोहर सम्वन्धी नीति, कानून, मापदण्ड तथा योजनातर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खननतथा पुनर्निर्माण ।
- धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन रव्यवस्थापन ।
- धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन रव्यवस्थापन ।
- रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन रनियमन ।
- श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन ।
- श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना ।
- औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण ।
- कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन ।

## ८.६ कानुनी तथा नीतिगत व्यवस्था

यस मन्त्रालयले ४.८.१ मा उल्लेखित नीति तथा कानूनको अतिरिक्त आफ्नो कार्य सम्पादनमा अवलम्बन गर्ने विशिष्ट नीति तथा कानूनहरु निम्नानुसार रहेका छन् ।

- संग्रहालय सवलीकरण अनुदान निर्देशिका, २०७५
- मुख्यमन्त्री रनिङ शिल्ड प्रतियोगीता सञ्चालन निर्देशिका, २०७५
- ऐतिहासीक धार्मिक सांस्कृतिक तथा पूरातात्विक महत्वका स्थलहरुको मर्मत सम्भार तथा पुनर्निर्माण कार्यका लागि आर्थिक सहयोग सम्बन्धी निर्देशीका, २०७५
- खेल सम्बन्धी इन्डोर तथा अउटडोर संरचना निर्माण साझेदारी कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७५
- रङ्गशाला मर्मत कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७५
- स्वयंसेवक परिचालन कार्यविधि, २०७५
- प्रादेशिक स्वास्थ्य कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
- ८४ वर्ष पुगेका ज्येष्ठ नागरीकलाई घरमै स्वास्थ्य सेवा पुऱ्याउने निर्देशिका, २०७५
- महिला बालबालिका तथा समाज कल्याणका क्षेत्रमा काम गर्ने संस्थालाई दिइने अनुदान सम्बन्धी कार्यविधि, २०७५

- गैर सरकारी क्षेत्रबाट कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०७५
- प्रदेश श्रम सल्लाहकार परिषद गठन सम्बन्धी कार्यविधि, २०७५
- सामाजिक विकास संस्था ऐन, २०७५
- सामाजिक विकास संस्था नियमावली, २०७५
- प्रदेश नं. ५ बालबालिकासम्बन्धी ऐन, २०७६
- प्रदेश खेलकुद विकास ऐन, २०७६
- प्रदेश स्वास्थ्य संस्थास्थापना,सञ्चालन,नवीकरण तथा स्तरोन्नति ऐन, २०७५
- प्रस्तावमा आधारित नयाँ तथा संचालनमा आएका प्राविधिक तथा बहु प्राविधिक शिक्षालयहरुलाई सहयोग निर्देशिका, २०७६
- पाठ्यक्रम तथा पाठ्यसामग्री विकास कार्यविधि, २०७६
- उच्च शिक्षामा विपन्न लक्षित छात्रवृति व्यवस्थापन निर्देशिका, २०७६
- युवा, खेलकुद, भाषा तथा लिपिसम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन आर्थिक वर्ष २०७६/७७
- ८४ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई घरमा स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका, २०७६
- सामाजिक विकास सम्वन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन
- एक शैक्षिक संस्था एक उद्यमकार्यक्रम सञ्चालन कार्याविधि, २०७६
- स्वास्थ्य क्षेत्रका सामुदायिक संस्थाहरुलाई पुँजीगत अनुदान वितरण निर्देशिका, २०७६
- सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार विकास सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७६
- आयआर्जनका लागि व्यावसायिक संरचना निर्माणका लागि विद्यालयलाई पुँजीगत अनुदान निर्देशिका, २०७६
- स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन मार्गदर्शन २०७६-७७
- प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि, २०७६
- शैक्षिक परामर्श सेवा तथा भाषाशिक्षणसम्बन्धी कार्यविधि, २०७६
- अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठन सम्बन्धी कार्यविधि, २०७६
- प्रदेश श्रम सल्लाहकार परिषद् गठनसम्बन्धी कार्यविधि, २०७६
- विशेष शिक्षा सहयोग निर्देशिका, २०७६
- युवा प्रतिभा पहिचान निर्देशिका,२०७६
- एड्भान्स तालिम निर्देशिका २०७५
- अनुदान सम्बन्धी कार्यविधि २०७५
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

## ८.७ संगठन संरचना तथा जनशक्ति

नेपालको संविधानको धारा ५६ बमोजिम सङ्घीयता कार्यान्वयनसँगै २०७४ फागुन ३ गते स्थापना भएको प्रदेश सरकारको संगठन संरचनाबमोजिम स्वास्थ्य, शिक्षा, महिला,बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक, समाजकल्याण, श्रम तथा रोजगार,भाषा, लिपि, विज्ञान प्रविधि, युवा तथा खेलकुद र सरसफाई जस्ता क्षेत्रहरुका कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि सामाजिक विकास मन्त्रालयको गठन भएको हो ।

### ८.७.१ संगठन संरचनामा मन्त्रालयगत निकायहरुः




स्रोतः सामाजिक विकास मन्त्रालय

## ८.७.२ दरबन्दी तेरिज




स्रोतः सामाजिक विकास मन्त्रालय

### तालिका नं.-८.१ दरबन्दी र पदपूर्तिको अवस्था तालिका

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी | पदपूर्ति संख्या | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ | १ | ० |
| २ | उप सचिव | प्रशासन | प्रशासन | नवौं/दशौं | १ | १ | ० |
| ३ | उप सचिव | शिक्षा | शिक्षा | नवौ/दशौ | ३ | ३ | ० |
| ४ | प्र.म.वि .अधिकृत | विविध | | नवौ/दशौ | १ | १ | ० |
| ५ | वरिष्ठ जनस्वास्थ्य प्रशासक | स्वास्थ्य | हे.ई | नवौ/दशौ | १ | ० | १ |
| ६ | वरिष्ठ।उपस्वास्थ्य प्रशासक | स्वास्थ्य | प.हे.ए।ए.ची | नवौ/दशौ | १ | १ | ० |

| क्र. स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी | पदपूर्ति संख्या | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|---|---|
| ७ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | सातौ/आठौ | ३ | ३ | ० |
| ८ | लेखा अधिकृत | प्रशासन | लेखा | सातौ/आठौ | १ | १ | |
| ९ | शाखा अधिकृत | शिक्षा | शि.प्र. | सातौ/आठौ | ५ | ५ | |
| ११ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृ. | १ | १ | |
| १२ | म. बि. अधिकृत | बिबिध | | सातौ/आठौ | २ | २ | |
| १३ | आयुर्बेद चिकित्सक | स्वास्थ्य | आयुर्बेद | आठौ | १ | १ | |
| १४ | कम्प्यूटर इञ्जिनियर | विविध | विविध | रा प तृतीय | १ | ० | १ |
| १५ | क.न.अधिकृत | स्वास्थ्य | क.नर्सिङ | सातौ/आठौ | १ | | १ |
| १६ | ब. ज.स्वा. अधिकृत | स्वास्थ्य | हे.ई. | सातौ/आठौ | १ | | १ |
| १७ | ब.फार्मेसी अधिकृत | स्वास्थ्य | फार्मेसी | सातौ /आठौ | १ | | १ |
| १८ | ब. स्वा.शि.अधिकृत | स्वास्थ्य | हे.ए. | सातौ/आठौ | १ | १ | |
| १९ | नायब सुब्बा | प्रशासन | सा.प्र. | पाचौ/छैठौ | ४ | ४ | |
| २० | प्रा.स. | शिक्षा | शि.प्र. | पाचौ/छैठौ | ५ | २ | ३ |
| २१ | क.अ. | विविध | | पाचौ/छैटौ | ३ | २ | १ |
| २२ | म.बि.निरीक्षक | बिबिध | | पाचौ/छैठौ | २ | १ | १ |
| २३ | स.ले.पा. | प्रशासन | लेखा | चौथो/पाचौ | १ | १ | |
| २४ | ह.स.चा. | | | श्रेणी बिहिन | ५ | ५ (३ जना करार सेवाबाट) | |
| २५ | का.स. | प्रशासन | | श्रेणी बिहिन | ८ | ८ करार सेवा बाट) | |
| | जम्मा | | | | ५४ | ४४ | १० |

स्रोतः सामाजिक विकास मन्त्रालय

## ८.८ आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- कक्षा १० को गणित तथा विज्ञान विषयको नतिजा सुधार अभियान संचालनः प्रदेशका ७४२ विद्यालयहरुमा विज्ञान र ८८८ विद्यालयहरुमा गणित गरी झण्डै ५३०० विद्यार्थीहरुलाई उपचारात्मक कक्षाहरु संचालन
- सामुदायिक क्याम्पसका शिक्षकहरुलाई अनुसन्धान कार्यशाला सम्पन्न गरी २० वटा विषयमा क्याम्पसहरुको सहयोगमा अनुसन्धान कार्य सम्पन्न हुदै
- ४५ वटा सामुदायिक क्याम्पसहरुमा भवन निर्माण पुस्तकालय आईसीटी ल्यावहरु निर्माणको सम्झौता भइरहेको ।
- प्रदेशमा लुम्विनी बौद्ध विश्वविद्यालयको सहकार्यमा ५ वर्षे बी ए एल एल बी र पद्मोदय क्याम्पसमा बी एस्सी कक्षाहरु संचालन ।
- नेपाल संस्कृत र लुम्विनी बौद्ध विश्वविद्यालयहरुको सहकार्यमा अनुसन्धान कार्यहरु संचालन ।
- प्रदेश स्तरीय खेलकुद प्रवर्द्धनका लागि ५ वटा संघ संस्थालाई सहयोग ।
- विभिन्न दिवसीय कार्यक्रमहरु संचालन ।
- महिला उद्यमशीलता प्रोत्साहन गर्न र औद्योगिक प्रदर्शनीमा उद्यमी महिलाहरुको व्यवसायिक सहभागिता बढाउन सहयोग ।
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन ।
- सचेतनामूलक कार्यक्रम (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यकका अधिकार र जातीय छुवाछुत विरुद्ध) संचालन ।
- आर्थिक वर्ष २०७६/७७ को सामाजिक विकास मन्त्रालयका कार्यक्रमहरुको स्थानीय तहसम्म प्रबोधीकरण
- सामुदायिक अस्पतालहरुमा विशेषज्ञ सेवा संचालनमा सहजीकरणको लागि प्रस्तावमा आधारित पुँजीगत अनुदान यन्त्र उपकरण तथा मेशिनरी औजार ।
- आँखा अस्पतालहरुको सेवा सबलीकरण तथा सहजीकरणको लागि प्रस्तावनामा आधारित पुँजीगत अनुदान यन्त्र उपकरण
- नेपाल रेडक्रस सोसाइटीलाई जिल्ला स्तरमा ब्लड बैंक सुदृढीकरणको लागि पुँजीगत अनुदान यन्त्र उपकरण तथा औजार
- राजयोग सभागृह बुटवलमा भवन निर्माण कार्यमा सहकार्य
- स्वास्थ्यकर्मीहरुलाई भि आई ए तालिम, परिवार नियोजन साधन सम्बन्धी तालिम, एस वि ए तालिम, सुरक्षित मातृत्वको लागि अनसाईट कोचिङ मेन्टरिङ तालिम, कुष्ठरोग उपचार सम्बन्धी तालिम, चिकित्सकहरुको लागि मेडिको लिगल तालिम, अस्पताल नर्सिङ स्टाफहरुलाई ओटि म्यानेजमेन्ट तालिम, चिकित्सकहरुलाई भ्यासेक्टोमी तालिम, कम्प्रेहेन्सिभ परिवार नियोजना (COFP)

तालिम र चिकित्सकहरुको लागि नसर्ने रोग सम्बन्धी ५ दिने प्रशिक्षक प्रशिक्षण तालिमहरु सम्पन्न भएका छन् ।

- बहुप्राविधिक शिक्षालय निर्माणको लागि  स्थान छनोट ।
- पुस्तकालयहरुलाई सहयोग
- आयआर्जनका लागि व्यवसायिक संरचना निर्माणका लागि विद्यालयहरुलाई पुँजीगत अनुदान
- प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरुलाई सहयोग
- कक्षा११र १२ मा विज्ञान संचालित विद्यालयहरुलाई प्रस्तावमा आधारित गुणस्तर सुदृढीकरण कार्यक्रम
- मुस्लिम सीमान्तकृत तथा अल्पसंख्यक सामुदायका छात्राहरुलाई अ न मी, अ हे व छात्रवृत्ति ।
- मुक्त कमैया कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुलाई कक्षा ११ र १२ अध्ययनका लागि मासिक १००० का दरले छात्रवृत्ति ।
- कक्षा ११ र १२ मा सामुदायिक विद्यालयमा विज्ञान अध्ययनरत छात्राहरुलाई छात्रवृत्ति

## ८.९ आर्थिक वर्ष २०७६/७७ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण

ऐनहरु

- प्रदेश नं. ५ बालबालिकासम्बन्धी ऐन, २०७६
- प्रदेश खेलकुद विकास ऐन, २०७६
- प्रदेश स्वास्थ्य संस्थास्थापना,सञ्चालन,नवीकरण तथा स्तरोन्नति ऐन, २०७५

गठन आदेशहरुः

- प्रस्तावमा आधारित नयाँ तथा संचालनमा आएका प्राविधिक तथा बहु प्राविधिक शिक्षालयहरुलाई सहयोग निर्देशिका, २०७६
- पाठ्यक्रम तथा पाठ्यसामग्री विकास कार्यविधि, २०७६
- उच्च शिक्षामा विपन्न लक्षित छात्रवृति व्यवस्थापन निर्देशिका, २०७६
- युवा, खेलकुद, भाषा तथा लिपिसम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन आर्थिक वर्ष २०७६/७७
- ८४ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई घरमा स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका, २०७६
- सामाजिक विकास सम्वन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन
- एक शैक्षिक संस्था एक उद्यमकार्यक्रम सञ्चालन कार्याविधि, २०७६
- स्वास्थ्य क्षेत्रका सामुदायिक संस्थाहरुलाई पुँजीगत अनुदान वितरण निर्देशिका, २०७६
- सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार विकास सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७६

- आयआर्जनका लागि व्यावसायिक संरचना निर्माणका लागि विद्यालयलाई पुँजीगत अनुदान निर्देशिका, २०७६
- स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन मार्गदर्शन २०७६-७७
- प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि, २०७६
- शैक्षिक परामर्श सेवा तथा भाषाशिक्षणसम्बन्धी कार्यविधि, २०७६
- अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठन सम्बन्धी कार्यविधि, २०७६
- प्रदेश श्रम सल्लाहकार परिषद् गठनसम्बन्धी कार्यविधि, २०७६
- विशेष शिक्षा सहयोग निर्देशिका, २०७६
- युवा प्रतिभा पहिचान निर्देशिका,२०७६
- एड्भान्स तालिम निर्देशिका २०७५
- अनुदान सम्बन्धी कार्यविधि २०७५
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- महिला तथा खुला विद्यालयलाई सहयोग निर्देशिका, २०७६
- नमुना विद्यालय विकास एवं संचालन निर्देशिका, २०७६
- कक्षा ११ र १२ मा विज्ञान संचालित विद्यालयहरुलाई सहयोग निर्देशिका, २०७६
- धार्मिक विद्यालय सहयोग निर्देशिका, २०७६
- सामुदायिक विद्यालयमा गणित तथा विज्ञान विषयको नतिजा सुधार मागदर्शन,२०७६
- विपन्न नागरिकको लागि दम तथा ब्रोन्काइटिस रोग उपचार आर्थिक सहुलियत निर्देशिका, २०७६

**<u>गठन आदेशहरु</u>**

- रोल्पा अस्पताल विकास समिति (गठन) आदेश, २०७६
- रुकुम पूर्व अस्पताल विकास समिति (गठन) आदेश, २०७६
- रामपुर अस्पताल विकास समिति (गठन) आदेश, २०७६
- भिम अस्पताल विकास समिति (गठन)आदेश, २०७६
- बर्दिया अस्पताल विकास समिति (गठन) आदेश, २०७६
- प्युठान अस्पताल विकास समिति (गठन) आदेश, २०७६
- पृथ्वीचन्द्र अस्पताल विकाससमिति (गठन) आदेश, २०७६
- पाल्पा अस्पताल विकास समिति (गठन) आदेश, २०७६
- गुल्मी अस्पताल विकास समिति (गठन) आदेश, २०७६
- कपिलवस्तु अस्पताल विकास समिति (गठन) आदेश, २०७६
- अर्घाखाँची अस्पताल विकास समिति (गठन) आदेश, २०७६
- लुम्बिनी प्रादेशिक अस्पताल विकास समिति (गठन) आदेश, २०७६
- राप्ती प्रादेशिक अस्पताल विकास समिति (गठन) आदेश, २०७६

**मापदण्ड**

- अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समितिका सदस्य मनोनयन सम्बन्धी मापदण्ड, २०७६

**अब निर्माण हुनुपर्ने कानूनहरु**

**शिक्षा**

- उच्च शिक्षा तथा प्रदेश विश्वविद्यालय ऐन/छाता ऐन
- प्रदेश विश्वविद्यालय विधान
- सामुदायिक क्याम्पसमा विज्ञान, व्यवस्थापन (BBA, BCA), कानून र प्राविधिक विषय संचालन गर्न चाहने क्याम्पसहरुलाई प्रस्तावका आधारमा सहयोग कार्यविधि
- उत्कृष्ट शिक्षक तथा शैक्षिक संस्थाहरुलाई प्रोत्साहन कार्यक्रम निर्देशिका
- शैक्षिक अभियान संचालन निर्देशिका
- श्रमिक तथा विद्यालय बाहिर रहेका बालबालिकाका लागि शिक्षा कार्यक्रम
- धार्मिक विद्यालयहरु तथा उच्च शिक्षा सञ्चालन गर्ने धार्मिक संस्थाहरुलाई शैक्षिक व्यवस्थापन तथा गुणस्तर वृद्धि कार्यक्रम निर्देशिका
- सामुदायिक क्याम्पसहरुको सामाजिक परीक्षण निर्देशिका

**युवा तथा खेलकुद**

- प्रदेश स्काउट गठन ऐन
- युवा अन्वेषण केन्द्र व्यवस्थापन ऐन
- प्रदेश युवा परिषद् सम्बन्धी ऐन
- प्रदेश स्काउट सम्बन्धी नियमावली
- प्रदेश खेलुकद परिषद् सम्बन्धी नियमावली
- प्रदेश युवा परिषद् सम्बन्धी नियमावली
- युवा सम्बन्धी रेडियो कार्यक्रम सञ्चालन निर्देशिका
- खेलाडी प्रोत्साहन निर्देशिका, २०७६ (संशोधन)
- खेलकुद प्रवर्द्धनका लागि संघ संस्थालाई सहयोग निर्देशिका
- युवा प्रतिभाको खोजी र प्रोत्साहन निर्देशिका, २०७६ (संशोधन)
- युवा नेतृत्व विकासका लागि युवा संसद सञ्चालन निर्देशिका
- इन्डोर आउटडोर खेल संरचना निर्माण निर्देशिका/कार्यक्रम संचालन निर्देशिका
- युवासँग मुख्यमन्त्री कार्यक्रम संचालन निर्देशिका
- पर्यटन प्रवर्द्धनमा युवा कार्यक्रमा सञ्चालन निर्देशिका

## श्रम तथा रोजगार

- उत्कृष्ट श्रमिक तथा उद्योगीलाई सम्मान गर्ने सम्बन्धी निर्देशिका/कार्यविधि
- शैक्षिक सुचना शिक्षा सामग्री प्रकाशन, प्रसारण तथा वितरण सम्बन्धी निर्देशिका

## विज्ञान तथा प्रविधि

- प्रादेशिक विज्ञान प्रविधि प्रतिष्ठान गठन सम्बन्धी ऐन
- प्रादेशिक विज्ञान संग्रहालय स्थापना सम्बन्धी ऐन
- विज्ञान तथा प्रविधिको प्रदर्शनी लगायतका कार्यमा सहयोग गर्ने कार्यविधि

## सामाजिक विकास

- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन
- घरेलु हिंसा कसुर र सजाय ऐन
- सामाजिक सुरक्षा सम्बन्धी ऐन
- ज्येष्ठ नागरिक सम्बन्धी ऐन
- घरेलु हिंसा कसुर र सजाय नियमावली
- सामाजिक सुरक्षा सम्बन्धी नियमावली
- ज्येष्ठ नागरिक सम्बन्धी नियमावली
- बाल अधिकार सम्बन्धी नियमावली
- आपतकालीन बाल उद्दार कोष संचालन नियमावली
- CBR कार्यक्रम कार्यान्वयन गर्नका लागि संस्था छनोट सम्बन्धी मापदण्ड
- बाल विवाह अन्त्यका लागि प्रदेशिक रणनीति
- लैंगिक मैंत्री कार्यालय व्यवस्थापन सम्बन्धी मार्गदर्शन
- लैंगिक सम्पर्क कार्यविधि
- उत्कृष्ट महिला सहकारी संस्था छनोट सम्बन्धी मापदण्ड
- बाल हेल्पलाइन सम्बन्धी मापदण्ड

## स्वास्थ्य

- प्रदेश स्वास्थ्य ऐन
- प्रादेशिक स्वास्थ्य अनुसन्धान परिषद् ऐन
- प्रदेश खोप ऐन
- प्रदेश स्वास्थ्य संस्था स्थापना,संचालन,नविकरण तथा स्तरोन्नति नियमावली
- प्रदेश स्वास्थ्य तालिम संचालन कार्यविधि
- प्रदेश स्वास्थ्य कार्यक्रम संचालन कार्यविधि
- ८४ वर्ष उमेर पुगेकाहरुलाई घरघरमा स्वास्थ्य सेवा प्रदान गर्ने निर्देशिका

## सरसफाई

- फोहोरमैला व्यवस्थापन सम्बन्धी ऐन

**तालिका नं. ८.२ आर्थिक वर्ष २०७६।७७ को बजेट वक्तव्यमा उल्लिखित नीति एवम् कार्यक्रमको प्रगति विवरण**

| ब.व.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ८२ | प्रदेश विश्वविद्यालय स्थापना, प्राविधिक विद्यालय स्थापना,सामुदायिक क्याम्पसको गुणस्तर सुधार,विज्ञान र कानूनमा उच्च शिक्षा(७८) | प्रदेश विश्वविद्यालय विधेयक तयार हुँदै, ६० क्याम्पसहरुमा गुणस्तर सहयोग, कानूनमा बी.ए.एल.बी. र विज्ञानमा स्नातक कक्षा संचालन। |
| ८३ | न्युनतम शैक्षिक गुणस्तर मापदण्ड, मातृभाषामा पाठ्यपुस्तक, नमुना वालविकास तथा विद्यालय, विज्ञान र प्राविधिक धारलाई सहयोग (७९,८०,८१) | बालविकास मापदण्ड निर्माण हुँदै, नमुना बालविकास निर्माण हुदै, मातृभाषामा पाठ्यपुस्तक निर्माण गर्न कार्यविधि पारित, पुस्तकालयहरुलाई सहयोग सम्झौता सम्पन्न,विज्ञान संचालित विद्यालयहरुलाई सहयोग निर्धारण र सम्झौता, प्राविधिक विद्यालयहरुलाई दिइने सहयोग निर्धारण हुँदै । |
| ८४ | छात्रा छात्रवृत्ति | छात्रा छात्रृत्ति प्रदान गर्न विवरण सङ्कलन हुदै<br>सीमान्तकृत तथा मुस्लिम छात्राहरु अनमी अध्ययन गर्दै |
| ८५ | स्थानीय तह पिच्छे नमुना विद्यालय | नमुना विद्यालय छनोटको क्रममा रहेका । |
| ८७ | महिला सशक्तीकरण तथा सीप (९६) | सीप तालिम, सहकारी पुरस्कार, महिला उद्धमी सहयोग तथा लैङ्गिक हिंसा विरुद्धको अभियान संचालनमा । |
| ८८ | बालबालिका | बालहेल्प लाइनको सुरुवात हुँदै । |
| ८९ | लोपोन्मुख सीमान्तकृत तथा अल्पसंख्यक सीप विकास | सीप तालिम तथा जनचेतना कार्यक्रम संचालनमा रहेका |
| ९० | ज्येष्ठ नागरिक तथा अपाङ्ता प्राम | भौतिक पूर्वाधार विकास मन्त्रालयबाट काम हुँदै । |
| ९१ | युवा | खेलकूद प्रवर्द्धन,खेलाडी प्रोत्साहन, युवा सचेतना तथा खेलकूद कार्यक्रम संचालन हुदै |
| ९२ | कार्यक्रममा स्पष्ट उल्लेख नभएका कुराहरु | २ वटा रङ्गशालाहरुको निर्माणमा ईआई ई तथा डीपीआर पुरनरवलोकन हुदै |
| ९३ | | सीप विकासको लागि साविक सीप विकास तालिम केन्द्र रहेका स्थान दाङ र नेपालगञ्जमा तालिम संचालनको क्रममा । |
| ९५ | | प्रदेशको गौरवको आयोजनाको रुपमा विकास गर्दै ।पूर्वाधार निर्माणमा डीपीआर तयार गरिदै छ। |
| ९६ | | ८४ वर्ष उमेर पुगेकालाई घरघरमै स्वास्थ्य सेवा संचालनमा । प्रयोगशाला सुधार र बर्थिङसेन्टर गुणस्तर |

| ब.व.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | सुधार गर्न उपकरण खरिद टेण्डर भैसकेको । |
| ९९ | | आशयपत्र जारी भएको । |
| १०० | | भिटामिन के खुवाउने काम अस्पतालहरुमा सुरु भएको । |
| १०१ | | भेन्टिलेटर सहितको एम्बुलेन्स र अन्य एम्बुलेन्स खरिद अस्पतालहरु र स्वास्थ्य कार्यालयबाट हुदै। |

**तालिका नं. ८.३ आर्थिक वर्ष २०७६।७७ को स्वीकृत वार्षिक कार्यक्रमको दोस्रो चौमासिक सम्मको प्रगति विवरण र असार मसान्तसम्मको अनुमानित प्रगति विवरण** ***(रु.हजारमा)***

| क्रस. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण% | बजेट | बजेट खर्च % |
| १ | प्रस्तावका आधारमा सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार विकास सहयोग कार्यक्रम | ५० | १३५००० | २० | ४० | ५४००० | ४० | ५० | १०० | १३५००० | १०० |
| २ | सामुदायिक क्याम्पसमा विज्ञान,कानून, व्यवस्थापन (BBA,BCA,) र प्राविधिक कक्षा संचालन गर्न चाहने क्याम्पसहरुलाई प्रस्तावमा आधारित सहयोग कार्यक्रम | ४ | २०००० | २ | ५० | ५००० | २५ | २ | २ | १०००० | ५० |
| ३ | छात्रवृत्तिहरु | ८०० | ५८८०० | २० | २ | ८०० | २ | | | २२५०० | ४० |
| ४ | अनुसन्धान लगायतका कामहरु | १५ | १०००० | | २५ | | | | | १०००० | ९५ |
| ५ | नमुना विद्यालय | १२ | ९०००० | १२ | ५० | ३६००० | ४० | १२ | १०० | ९०००० | १०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | महिला विशेष र धार्मिक विद्यालयहरुलाई सहयोग | २०१ | ४८२०० | ६० | ३० | १४४०० | ३० | २०० | ९९ | ४७२०० | ९९ |
| ७ | विज्ञान र प्राविधिक शिक्षा संचालन भएका विद्यालय सहयोग | ३२ | ७४००० | १२ | ४० | २९६०० | ४० | ३२ | १०० | ७४००० | १०० |
| ८ | आयआर्जनका लागि व्यावसायिक संरचना | १० | १०००० | | ३५ | | संझौता सम्पन्न | | | १०००० | १०० |
| ९ | स्थानीय पाठ्यक्रम तथा मापदण्डहरु | ५ | ६७ ०० | | ० | | काम सुरु | | | ० | ० |
| १० | प्रदेश पुस्तकालय | १ | ८० ०० | | ० | | डीपीआर बन्दै | | | १२०० | १५ |
| ११ | बहुप्राविधिक शिक्षालय निर्माण | १ | १०००० | | ० | | डीपीआर बन्दै | | | ८००० | २० |
| १२ | स्वास्थ्य सम्बन्धी १० वटा विभिन्न शीर्षकका तालिमहरु | २०० | १०७०० | | ७०% | | ४०% | | | १०००० | ९० |
| १३ | औषधी तथा उपकरणहरु खरिद | १ | ५५००० | | ४०% | | टेण्डर भएको | | | ४५००० | ८० |
| १४ | सामुदायिक स्वास्थ्य संस्थाहरुलाई विभिन्न किसिमको अनुदान तथा सहकार्य | १ | ८ ०००० | | ३५ प्रतिसत | | प्रस्तावहरु स्वीकृत | | | ८०००० | १००० |
| १५ | ८४ वर्ष पुगेका जेष्ठ नागरिकहरुलाई घरमै स्वास्थ्य सेवा कार्यक्रम | ८८०० | २०००० | | ४० | | संचालनमा | | | २०००० | १०० |
| १६ | ट्रमा सेन्टर भवन निर्माण | १ | २०००० | | १५ | | भौतिक पुर्वाधार विकास मन्त्रालय मार्फत | | | ५००० | २५ |
| १७ | लुम्बिनी प्रादेशिक अस्पताल डाईग्नोष्टिक भवन निर्माण निरन्तरता | १ | ८०००० | | ६० | | ६० | | | ८०००० | १०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | रासी प्रादेशिक अस्पतालको तल्ला थप तथा कम्पाउण्ड वाल निर्माण बहुवर्षीय निरन्तरता | १ | ६०००० | | २० | | भौतिक पुर्वाधार मन्त्रालय मार्फत | | | ५४००० | ९० |
| १९ | लुम्बिनी प्रादेशिक अस्पतालको हालको ओ.टी. भवनमाथि क्याबिन निर्माण कार्य निरन्तरता | १ | ४ ०००० | | ६० | | ६० | | | ३५००० | ८५ |
| २० | दम जन्य तथा ब्रोङकाटिस उपचार व्यवस्थापन अस्पतालहरु | १ | ३ ०००० | | ३० | | अस्पतालहरुले सोधभर्ना माग्ने क्रममा | | | ३०००० | १० |
| २१ | रङ्गशालाहरु निर्माण | २ | १००००० | | १० | | | | | | ० |
| २२ | खेलकुद संरचना निर्माण | ८ | १२००० | ८ | ३५ | ३००० | ३५ | ८ | १०० | १२००० | १०० |
| २३ | खेलकुद प्रवर्द्धनका लागि संघ संस्थालाई सहयोग | १० | ५००० | ७ | ६४% | | ६४% | | | ४५०० | ९० |
| २४ | युवा अन्वेषण केन्द्र स्थापना र सञ्चालन | १ | ५००० | | ५% | | स्थान छनोट | | | १५०० | ३० |
| २५ | लैंगिक सशक्तीकरण तथा मूलप्रवाहीकरणका विभिन्न कार्यक्रम | १ | ४८६०० | | १५% | | ८% | | | ४०००० | ८२ |
| २६ | सचेतनामूलक कार्यक्रम(महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति लैंगिक तथा यौनिक अल्पसंख्यकका अधिकार र जातीय छुवाछुत विरुद्ध) | १२ | ५००० | ३ | २५ | ८०० | २० | | | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २७ | महिला उद्यमशिलता प्रोत्साहन (औद्योगिक प्रदर्शनिमा महिलाहरुको व्यवसायिक सहभागिता) | ३ | ७०० | ३ | १०० | ७०० | १०० | | | | |
| २८ | उत्कृष्ट महिला सहकारी संस्था पुरस्कार कार्यक्रम | १ | १५०० | | | | | | | | |
| २९ | बैंक तथा वित्तीय संस्थाहरुसँग संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रम | २ | २०० | १ | ५० | | | | | | |
| ३० | दिवसीय कार्यक्रम तथा अभियान कार्यक्रम | १० | ३००० | ६ | ६० | ८०० | २५ | | | ० | ० |
| ३१ | प्रदेश स्तरीय एकल महिला सञ्जालसँग अन्तरक्रिया कार्यक्रम | १ | ५०० | १ | १०० | ४०० | ८० | | | | |
| ३२ | सामुदायिक मनोसामाजिक विमर्शकर्ता १० दिने तालिम | १ | ५०० | १ | १०० | | | | | | |
| ३३ | भाषा सम्बन्धी कार्यक्रमहरु | ४ | ४००० | | ० | | माग सङ्कलन | | | ० | ० |

(स्रोतः सामाजिक विकास मन्त्रालय)

### तालिका नं.- ८.४ आर्थिक वर्ष २०७५/७६ मा विनियोजित बजेट तथा २०७६ असार मसान्तसम्मको खर्च विवरण

***(रु. हजारमा)***

| | शीर्षक | कुल बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| प्रदेश | चालु | ९०३९.५४ | ८०९२.५३ | ८९.५२ |

| | | | | |
|---|---|---|---|---|
| | पुँजीगत | ८७३०.२४ | ८५१४.५१ | ९७.५२ |
| प्रदेश जम्मा | | १७७६९.७८ | १६६०७.०४ | ९३.४ |
| सशर्त | चालु | १३४६६.५० | १०३२५.६८ | ७६.६७ |
| | पुँजीगत | ५३८.७४ | ५१०.०९ | ९४.६८ |
| | सशर्त जम्मा | १४००५.२४ | १०८३५.७७ | ७७.३६ |
| कुल जम्मा | | ३१७७५.०२ | २७४४२.८१ | ८६.३७ |

(स्रोतः सामाजिक विकास मन्त्रालय)

**तालिका नं.-८.५ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ दोस्रो चौमासिक सम्मको वित्तीय प्रगति** **रु. हजारमा**

| बजेट शीर्षक | कार्यक्रम/आयोजना | बजेट | दोस्रो चौमासिक सम्मको खर्च | प्रतिशत | असार मसान्त सम्मको अनुमानित खर्च |
|---|---|---|---|---|---|
| ३५००००१२३ | सामाजिक विकास मन्त्रालय | ९२८२३ | ३९०७० | ४२.०९ | ८० |
| ३५००००११३ | एकीकृत स्वास्थ्य तथा सरसफाइ कार्यक्रमहरु | ३३२१०० | २९१०६ | ८.७६ | ६५ |
| ३५००००१३३ | बाललअधिकार तथा सामाजिक न्याय कार्यक्रम | ८७००० | ६५५२ | ७.५३ | ६५ |
| ३५००००१४३ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम | १८६३५० | २०९२५ | ११.२३ | ५० |
| ३५००००१५३ | लैङ्गिक सशक्तीकरण तथा मूल प्रवाहीकरण कार्यक्रम | ४८६५० | ८५३७ | १७.५५ | ४० |
| ३५००००१६३ | श्रम तथा रोजगार कार्यक्रम | ४३५०० | २३४९ | ५.४ | २५ |
| ३५००००१७३ | भाषा तथा संस्कृति | ४००० | ० | ०. | २० |
| ३५००००१८३ | युवा तथा खेलकुद कार्यक्रम | १६६९०० | ८४९१ | ५.०९ | ४० |
| ३५००००१९३ | उच्च शिक्षा कार्यक्रम | २३२४०० | ४१२१९ | १७.७४ | ३० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५००००२०३ | व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरु | १६६५८ | ४८४५ | २९.०९ | ४० |
| ३५००००२१३ | प्रादेशिक अस्पताल सुदृढीकरण कार्यक्रम | ४११९६५ | ११६१४८ | २८.१९ | ८० |
| ३५००००२२३ | नमुना विद्यालय र विशेष शिक्षा कार्यक्रम | १४७७०८ | ४५८५७ | ३१.०५ | ४० |
| ३५०००१२०३ | सामाजिक विकास संघ सशर्त अनुदान | १५१८०९४ | ६८९२६१ | ४५.४ | ६० |
| ३५००१०११३ | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | २९९९६ | ११९५३ | ३९.८५ | ६० |
| ३५००२०११३ | स्वास्थ्य निर्देशनालय | २९४३९ | १२३३३ | ४१.८९ | ८० |
| ३५००२०१२३ | प्रादेशिक अस्पतालहरु | ६७२४६६ | ३११४६७ | ४६.३२ | ९० |
| ३५००२०१३३ | स्वास्थ्य कार्यालयहरु | १३४११६ | ७९६०४ | ५९.३६ | ९० |
| ३५००२०१४३ | आयुर्वेद चिकित्सालयहरु | ३३८०८ | १७४८४ | ५१.७२ | ८५ |
| ३५००२०१५३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु | ५१५०८ | २४८७४ | ४८.२९ | ९० |
| ३५००३०११३ | स्वास्थ्य तालिम केन्द्र | २१४४१ | १०४०३ | ४८.५२ | ८५ |
| ३५००४०११३ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | १६८२६ | ८१२२ | ४८.२७ | ८५ |
| ३५००५०११३ | शिक्षा तालिम केन्द्र | १६७५६ | ७२२८ | ४३.१४ | ८० |
| ३५००६०११३ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | २३२८१ | ४०२८ | १७.३ | ६५ |

| मन्त्रालयको लागि विनियोजित बजेट | | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ३५२२५०७ | १३११९२२ | ३७.२४ |
| पुँजीगत | ८११२२८ | १८७९४२ | २१.६ |
| जम्मा | ४३३३७३५ | १४९९८६४ | ३४.५ |

*(स्रोत:सामाजिक विकास मन्त्रालय)*

## ८.१० राजस्व संकलनको विवरण

रु. ५००० (परामर्श सेवाको अनुमतिबाट संकलित राजश्व)

**तालिका नं.-८.६ आर्थिक वर्ष २०७६।७७ को दोस्रो चौमासिक सम्मको राजस्व संकलन विवरण र असार मसान्तसम्मको संशोधित अनुमान**

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत | असार मसान्तसम्मको संशोधित अनुमान |
|---|---|---|---|---|---|
| १ | १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ४०००० | ५००० | १२.५ | ३०००० |

(स्रोतः सामाजिक विकास मन्त्रालय)

## ८.११ मन्त्रालय अन्तर्गतका विकास आयोजनाका कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण

मन्त्रालयवाट संचालित विकास आयोजनाहरुबाट सिर्जित रोजगारीमा १७१ जना स्वयम् सेवकहरु , २० जना स्कुल नर्स, १२ जना खेलकुद प्रशिक्षकहरु प्रत्यक्ष रोजगारीमा छन् भने यसका सामाजिक विकास शाखा तथा सीप कार्यालयहरु तथा प्राविधिक तथा व्यावसायिक तालिम परिषद्मार्फत दिइने ८००० भन्दा बढीलाई तालिम प्राप्त गरी स्वरोजगार हुन सहयोग पुर्याएको छ । यस बाहेक रङ्गशालाहरु विद्यालयहरु क्याम्पसहरु तथा अस्पतालहरुमा हुने भवन निर्माण आदिका कार्यहरुले सिजनल रोजगारी सिर्जना र संचालनमा सहयोग पुगेको छ ।

## ८.१२ समस्या तथा चुनौतीहरु

- संघीय सरकारले निर्माण गर्नुपर्ने ऐन नियमहरु नबन्दा प्रदेशले आफ्ना कानून बनाउन नपाउँदा कतिपय कार्यक्रमहरु सञ्चालन गर्न नसकिएको । जस्तैः शिक्षा ऐन,स्वास्थ्य ऐन।
- प्रदेश स्तरमा निर्माण गरिने कार्यविधि तथा निर्देशिकाहरु पूर्ण रुपमा निर्माण भई नसकेको कारण कार्यक्रम कार्यान्वयनमा ढिलाई ।
- खरिद प्रक्रिया परामर्श सेवा अनुसन्धान जस्ता विषयको प्रक्रिया लामो हुँदा समयमा काम गर्न नसक्नु
- कार्यान्वयन तहमा रहेर कार्य सम्पादन गरेको जनशक्तिलाइ नीति निर्माण तहको कार्य सम्पादन गर्ने सीप तथा क्षमता विकासका तालिम गोष्ठीको कमी ।
- कार्यन्वयन गर्ने संरचना ढिलो स्थापना हुनु र स्थापित निकायमा कर्मचारी पदपुर्ति समयमा हुन नसक्नु
- कतिपय क्षेत्रमा बजेटको अभाव तथा बजेट निर्माण हुँदा बस्तुगत बनाउन नसकिएको कारणले समेत कार्यक्रम संचालनमा कठिनाई ।
- कार्यक्रम सञ्चालनको मानक न्युन हुनु र कार्यक्रम कै गुणस्तर घट्नु ।
- निर्माण गरिने संरचनाहरुको विस्तृत लागत अनुमान तथा EIE नहुनु ।
- निर्माण गरिने संरचनाको जग्गा प्राप्तिमा समस्या ।

- लेखा प्रणाली संचालनमा एकीकृत सफ्टवेयरको अभाव ।

## ८.१३ समस्या, समस्या समाधानका प्रयास तथा आगामी कदमः

| क्र.सं. | समस्या | समस्या समाधानका प्रयास | आगामी कदम |
|---|---|---|---|
| १ | आवश्यक सूचना तथा तथ्याङ्कको अभाव | खण्डीकृत तथ्याङ्कको प्रयोग । | प्रदेश सूचना बैङ्कको स्थापना गर्नुपर्ने |
| २ | कार्यविधि तथा निर्देशिकाहरु निर्माणमा बढी समय खर्चिएको | मिल्दाजुल्दा कार्यविधिहरुको सहयोग लिइएको । | नमुनाहरु बनाउने वा कर्मचारी क्षमता बढाउने । |
| ३ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को खर्च गर्ने समस्या | सम्झौता गरी रकम निकासा दिने गरिएको | प्रदेशको आफ्नै संरचना हुनुपर्ने |
| ४ | सार्वजनिक खरिद प्रक्रियाका सम्बन्धमा पर्याप्त जानकारीको अभाव | परामर्श सेवाबाट समेत काम चलाइएको । | क्षमता वृद्धि तालिम।<br>प्रदेश सार्वजनिक खरिद अनुगमन तथा सहजीकरण इकाई स्थापना |
| ५ | प्राविधिक कार्यसँग सम्बन्धित संरचना र जनशक्तिको कमी | स्वयमसेवक प्राविधिकबाट काम चलाइएको । | प्रदेश सरकारका निर्माण कार्य हेर्न प्राविधिक wing को आवश्यकता रहेको । |
| ६ | स्वास्थ्य क्षेत्रका औजार उपकरण मेशिनरी औजारको लागि स्पेशिफिकेशन तयार गर्ने समस्या | उपलब्ध कर्मचारी र परामर्श सेवाबाट जेनतेन काम चलाइएको | प्रदेशमा स्पेशीफिकेशन बैङ्कको स्थापना |
| ७ | एकीकृत सफ्टवेयर नहुनु | म्यानुअल रुपमा काम गर्नु परेको | प्रदेशको एकीकृत लेखायोजना, सूचना तथ्याङ्क सम्बन्धी सफ्टवेयरको व्यवस्था |

## ८.१४ निष्कर्ष

प्रदेश सरकारको संगठन संरचना बमोजिम स्वास्थ्य, शिक्षा, महिला,बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक, समाजकल्याण, श्रम तथा रोजगार,भाषा, लिपि, विज्ञान प्रविधि, युवा तथा खेलकूद र सरसफाई जस्ता क्षेत्रहरुका कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि गठन भएको सामाजिक विकास मन्त्रालयले ऐन कानुनको सफल कार्यान्वयन गर्दै जनताको दैनिक जीवनसँग जोडिएका विषयमा अझ संवेदनशील भई आफ्नो जिम्मेवारीमा कटिबद्ध भई **समृद्ध प्रदेश खुसी जनता**को मूल मन्त्रलाई साकार पार्ने दिशातर्फ अगाडि बढीरहेको छ । यसका नीति तथा कार्यक्रमहरुलाई सफल कार्यान्वयन गर्न सम्पूर्ण सरोकारवाला निकायबाट सल्लाह सुझाव र सहयोगको अपेक्षासहित अगाडि बढ्दछ ।

# परिच्छेद-९
## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### ९.१ पृष्ठभूमि

नेपालको संविधानले प्रदेश नं. ५ मा उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास, विस्तार र समृद्धि गर्ने जिम्मेवारी रहेको यस मन्त्रालय २०७४ माघ महिनादेखि स्थापना भई सञ्चालनमा रहेको छ । प्रदेश भित्रको औद्योगिक तथा व्यापार व्यवसायको प्रवर्द्धन, विकास र नियमन, पर्यटन विकासका लागि योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन, खानी तथा खनिज पदार्थको अन्वेषण तथा व्यवस्थापन र नियमन, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनसम्बन्धी नियमन र व्यवस्थापन, विज्ञान प्रविधि र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने यस मन्त्रालयको जिम्मेवारी रहेको छ ।

### ९.२ दीर्घकालीन सोच

उद्योग तथा पर्यटन क्षेत्रको प्रवर्द्धन, प्राकृतिक स्रोतहरूको संरक्षण एवम् दिगो व्यवस्थापनबाट समृद्धि हासिल गर्दै "समृद्ध प्रदेश, खुसी जनता" प्रादेशिक लक्ष्य पूरा गर्न योगदान पुऱ्याउने ।

### ९.३ उद्देश्य

#### ९.३.१ उद्योग

- उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु।
- उद्योगको विकास र प्रवर्द्धनका लागि लगानी मैत्री वातावरण सृजना गर्नु ।
- औद्योगिक वस्तुहरूको निर्यात वृद्धि गरी व्यापार घाटामा कमी ल्याउनु ।

#### ९.३.२ पर्यटन

- ५ नं. प्रदेशलाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्नु ।
- पर्यटकीय गन्तव्यस्थल तथा उपजमा विविधीकरण र विकास गर्नु ।
- प्रदेश भित्रका प्रमुख पर्यटकीय उपजहरूको बजारीकरण तथा प्रवर्द्धन गर्नु ।

#### ९. ३.३ वन तथा जलाधार

- दीगो एवम् वैज्ञानिक वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु।

- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु ।
- जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकुलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्नु ।

### ९३.४ वाणिज्य तथा आपूर्ति

- आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धनमार्फत प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्नु ।
- तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्नु ।
- उपभोक्ताको हकहित संरक्षण गर्दै दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रूपमा आपूर्ति हुने व्यवस्था मिलाउनु ।
- आपूर्ति व्यवस्थालाई दिगो, सुनिश्चित, गुणस्तरीय र प्रभावकारी बनाउनु ।

### ९.३.५ वातावरण तथा जलवायु

- हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु ।
- बढ्दो शहरीकरणबाट उत्सर्जित प्रदूषण न्यूनीकरण गराउनु ।
- दीगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु ।

### ९.३.६ विज्ञान प्रविधि

- विज्ञान तथा प्रविधिको विकास, विस्तार र उपयोग क्षमता वृद्धि गर्नु ।

## ९.४ रणनीतिहरु

### ९.४.१ उद्योग

- उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधार व्यवस्था गर्न नीति निर्माण र कार्यान्वयनमा जोड दिने
- स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने ।
- लगानीमैत्री वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, संस्थागत, कानुनी तथा प्रक्रियागत सुधार गर्ने ।

- गुणस्तरयुक्त एवम् प्रतिस्पर्धात्मक औद्योगिक वस्तुको निर्यातलाई बढावा दिने ।

### ९.४.२ पर्यटन

- पर्यटन प्रर्वद्धन र पर्यटन विकास गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गर्ने ।
- ग्रामीण पर्यटनमार्फत यस क्षेत्रका लाभलाई जनस्तरसम्म पुऱ्याउने ।
- सबै मौसममा पर्यटकीय क्रियाकलापहरू सञ्चालनका लागि आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्ने
- स्थापित तथा नयाँ पर्यटकीय गन्तव्यस्थलहरूको एकीकृत र समन्वयात्मक रूपमा पूर्वाधार विकास गर्ने र पर्यटन क्षेत्रको विकास र विविधीकरण गर्ने ।

### ९.४.३ वन तथा भू संरक्षण

- विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, उत्पादकत्व र उत्पादन वृद्धिको लागि वनको सहभागितामूलक दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने ।
- जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूलाई पुनर्स्थापन तथा पुनर्निर्माण गर्ने ।
- वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने
- दिगो वन व्यवस्थापन र संरक्षणमार्फत वातावरणीय सन्तुलन कायम राखी जलवायु परिवर्तन न्यूनीकरणमा टेवा पुऱ्याउने ।

### ९.४.४ वाणिज्य तथा आपूर्ति

- निर्यात हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न उत्पादनशील आयात, मूल्य अभिवृद्धि र मूल्य श्रृङ्खला व्यवस्थापनमा जोड दिँदै निर्यात प्रवर्द्धन गर्ने ।
- वाणिज्य सम्बद्ध विद्यमान संरचना, पूर्वाधार एवम् आधारहरूको क्षमता अभिवृद्धि तथा सुदृढीकरणमा जोड दिँदै यसको अधिकतम उपयोग गर्ने ।
- वस्तु तथा सेवाको सहज एवम् मितव्ययी आपूर्तिका लागि सरकारी, निजी, सामुदायिक र सहकारी संस्थाहरूबीच प्रभावकारी समन्वय गर्ने ।
- दैनिक उपभोग्य वस्तु तथा सेवालाई सुलभ बनाउन नियमित रूपमा बजार अनुगमन गरी कानून अनुसार बजार नियमन गर्ने ।
- विपद्को समयमा पनि वस्तु तथा सेवाको आपूर्ति सहज बनाउन संस्थागत क्षमता विकास र विस्तार गर्ने तथा भण्डारण क्षमता वृद्धि गर्ने ।

### ९.४.५ वातावरण तथा जलवायु

- वातावरण व्यवस्थापनलाई आन्तरिकीकरण गर्दै वातावरण संरक्षण एवम् प्रदूषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी विकास कार्यक्रमको अभिन्न अङ्गका रूपमा सञ्चालन गर्ने
- जलवायु परिवर्तनको असर कम गर्न जलवायु अनुकुलन तथा न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने कार्यक्रमहरु सञ्चालनमा ल्याउने,
- जल तथा मौसमी सेवालाई विश्वसनीय भरपर्दो नियमित, गुणात्मक बनाउन सहयोग गरी जलवायु परिवर्तन तथा प्रकोपले पार्ने असरलाई न्यूनीकरण गर्ने कार्यमा परिचालन गर्ने ।

### ९.४.६ विज्ञान प्रविधि

- वैज्ञानिक अनुसन्धान, अन्वेषण र विकासलाई गतिशील बनाउन आवश्यक पर्ने पूर्वाधार र क्षमताको विकास गर्ने ।
- वैज्ञानिक खोज र अनुसन्धानबाट विकास गरीएका प्रविधिहरूलाई मुलुकको समग्र विकास प्रक्रियामा प्रभावकारी उपयोग गर्न परम्परागत र स्थानीय प्रविधिको सम्वर्द्धन र संरक्षण गर्ने।

## ९.५ कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र अनुसारका कार्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन् ।

- व्यापार/बाणिज्य र बजार प्रतिष्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण
- प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन
- ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन
- नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता
- व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन
- खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसंग समन्वय
- भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी
- प्रदेशका कलकारखाना र औद्योगिकीकरण सम्वन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन

- उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन
- प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्वन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार
- औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन
- सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन
- मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन
- संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन
- उपभोक्ता अदालत गठन र सञ्चालन
- अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्तिसम्वन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यबस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय
- लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन
- करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
- संघसँगको समन्वयमा कम्पनी स्थापनासम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन
- दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापनसम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन
- प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन
- संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमनसम्बन्धी
- प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन
- उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग
- स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता
- प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन
- पर्यटक प्रहरी व्यवस्थापन
- पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन
- प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- वन्यजन्तु र वन पैदावार ओसारपसारसम्वन्धी नियमन र अपराध नियन्त्रण
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधतासम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन

- प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन
- जैविक विविधता पार्क, हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन
- जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन
- वन तथा वातावरणसम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह
- वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग
- प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन
- प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थपन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँड
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन
- प्रदेशभित्र भूस्खलन नियन्त्रण
- प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन
- प्रदेशस्तरमा वातावरण सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना
- प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार
- प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन
- प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण
- प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन
- प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन
- प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण
- भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन
- संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण
- अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षरोपण व्यवस्थापन
- वृक्षरोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउबगैंचा स्थापना र व्यवस्थापन
- प्रदेशभित्र वृक्षरोपण तथा सम्भार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन
- वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सोसम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग
- वैज्ञानिक अध्ययन अनुसन्धान एंव विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास
- विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन

## ९.६ कानुनी तथा नीतिगत व्यवस्था

यस मन्त्रालयले ४.८.१ मा उल्लेखित नीति तथा कानूनको अतिरिक्त आफ्नो कार्य सम्पादनमा अवलम्बन गर्ने विशिष्ट नीति तथा कानूनहरु निम्नानुसार रहेका छन् ।

- वन ऐन, २०४९
- वातावरण संरक्षण ऐन, २०५३
- सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३
- पर्यटन ऐन, २०३५
- उपभोक्ता संरक्षण ऐन, २०७५
- औद्योगिक व्यवसाय ऐन, २०७३
- खानी तथा खनिज पदार्थ ऐन, २०४२
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- वन नियमावली, २०५१
- वातावरण संरक्षण नियमावली, २०५४
- उपभोक्ता संरक्षण नियमावली, २०५६
- खानी तथा खनिज पदार्थ नियमावली, २०५६
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि निर्देशिका, २०७३
- साझेदारी वन व्यबस्थापन निर्देशिका, २०६८
- निजी वन विकास निर्देशिका, २०६८
- खोटो संकलन निर्देशिका, २०६८
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०७४
- वनपैदावार विक्रि वितरण निर्देशिका, २०७३
- प्राइभेट फर्म दर्ता ऐन, २०७६
- प्रदेश नं. ५, प्रदेश पर्यटन ऐन, २०७५
- प्रदेश नं. ५, खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन २०७५
- साझेदारी ऐन, २०७६
- प्रदेश नं. ५, औद्योगिक व्यवसाय ऐन, २०७५
- प्राइभेट फर्म दर्ता नियमावली ,२०७६
- नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५
- होमस्टेमा पुँजीगत अनुदान दिने सम्बन्धी कार्यविधि, २०७६
- वार्षिक कार्यक्रम संचालन कार्यविधि २०७६

## ९.७ संगठन संरचना र जनशक्ति

### ९.७.१ संगठन संरचना



## तालिका नं. ९ .१ दरबन्दी र पदपूर्तिको अवस्था (मातहत कार्यालय समेत)

| क्र.स. | पद | सेवा | समुह | श्रेणी/तह | कुल दरबन्दी संख्या | पदपूर्ति संख्या | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | | |
| १ | प्रदेश सचिव | वन | समुहकृत नहुने | रा.प.प्रथम प्रा. | १ | १ | | - | |
| २ | प्रदेश वन निर्देशक | वन | ज.फ | एघारौ तह | १ | १ | | | का.मु |
| ३ | निर्देशक | वन | ज.फ | नवौ/दशौ | १ | १ | | - | |
| ४ | निर्देशक | प्रशासन | सा. प्रशासन | रा.प.द्धि. | १ | १ | | - | |
| ५ | वन संरक्षण तथा व्य. अधिकृत | वन | ज.फ | नवौ/दशौ | ४ | २ | | २ | |
| ६ | व. जलाधार व्य.अ | वन | स्वा.एण्ड वा.क | नवौ/दशौ | २ | २ | | - | |
| ७ | बरिष्ठ वालि विकास अधिकृत | वन | कृषि एग्रोनोमि | रा.प.द्धि.प्रा. | १ | - | | १ | |
| ८ | डिभिजन वन अधिकृत | वन | ज.फ. | नवौ/दशौ | १४ | १४ | | - | |
| ९ | प्रमुख उद्योग अधिकृत | प्रशासन | सा.प्र. | रा.प.द्धि.प्र | ३ | - | | ३ | |
| १० | योजना अधिकृत | वन | ज.फ | नवौ/दशौ | १ | १ | | - | |
| ११ | उप-सचिव | प्रशासन | सा.प्र. | रा.प./द्धि.प्र | ३ | १ | | २ | |
| १२ | अधिकृत | प्रशासन | सा.प्र. | सातौ/आठौ | २५ | २० | | ५ | |
| १३ | स.ब.अ. | वन | ज.फ | सातौ/आठौ | १४२ | १३९ | | ३ | |
| १४ | स.अनुसन्धान अधिकृत | वन | फ.री | सातौ/आठौ | १ | - | | १ | |
| १५ | सहायक .भू संरक्षण अधिकृत | वन | स्वा.एण्ड वा.क भू संरक्षण | सातौ/आठौ | ५ | ५ | | - | |
| १६ | प्रशिक्षण अधिकृत | विविध | - | रा.प.तृ. प्रा | २ | - | | २ | |
| १७ | ज.व्या.अधिकृत | वन | स्वा.एण्ड वा.क | अ.सातौ/आठौं | ३ | ३ | | - | |
| १८ | लेखा अधिकृत | प्रशासन | लेखा | अ.सातौ/आठौ | १० | ८ | | २ | |
| १९ | कानुन अधिकृत | न्याय | कानुन | रा.प.तृतीय | १ | १ | | - | |
| २० | क.ईन्जिनियर | बिविध | - | रा.प.तृतीय(प्रा) | १ | - | | १ | |
| २१ | खानी अधिकृत | ईन्जिनियर | माईनिङ | रा.प.तृतीय(प्रा) | १ | - | | १ | |
| २२ | स. वनस्पती अधिकृत | वन | वोटानिक | सातौ | १ | १ | | - | |
| २३ | वातावरण निरिक्षक | विविध | - | सातौ | १ | १ | | - | |
| २४ | ईन्जिनियर | ईन्जिनियर | सिभिल ई | रा.प.तृ. प्रा. | २ | - | १ | १ | |
| २५ | वालि विकास | कृषि | एग्रोनोमि | अ.सातौ/आठौं | २ | २ | | - | |

| क्र.स. | पद | सेवा | समुह | श्रेणी/तह | कुल दरबन्दी संख्या | पदपूर्ति संख्या | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | | |
| | अधिकृत | | | | | | | | |
| २६ | सहायक/अधिकृत | प्रशासन | सा.प्र. | सहायक पाचौ/अ.छैठौ | ४० | ३५ | | ५ | |
| २७ | भू .सं. सहायक | वन | स्वा .एण्ड वा.क | सहायक स्तर पाचौ/छैठौ | ५ | - | | ५ | |
| २८ | लेखापाल/अधिकृत | प्रशासन | लेखा | सहायक पाचौ/अ.छैठौ | २४ | १९ | | ५ | |
| २९ | प्राविधिक सहायक | वन | वोटानिक | अ.छैठौ | १ | १ | | - | |
| ३० | रेन्जर | वन | फरि | स. पाचौ | १ | १ | | - | |
| ३१ | रेन्जर | वन | ज.फ. | स. पाचौ/छैठौ | ७८ | ५० | | २८ | |
| ३२ | प्राविधिक सहायक | वन | भू संरक्षण | रा.प.अनं. प्र.प्रा | १ | - | | १ | |
| ३३ | सव- ईन्जिनियर | ईन्जिनियर | सिभिल ईरि | स. पाचौ/छैठौ | ४ | | ३ | १ | |
| ३४ | प्रमुख शिक्षक | विविध | - | सहायकस्तर पाचौ | १० | १ | | ९ | |
| ३५ | टाईपिष्ट | प्रशासन | सा.प्र. | वेग अनुसार | २ | २ | | - | |
| ३६ | प्रा. सहायक | ने.शिक्षा | पुरातत्व | सहायकस्तर पाचौ | १ | १ | | - | |
| ३७ | ना.सु. प्राविधिक | ईन्जि. | माङनिङ | रा.प.अनं. प्रथम प्रा. | २ | - | | २ | |
| ३८ | क.अपरेटर | विविध | - | स.पाचौ. | २ | १ | | १ | |
| ३९ | सहायक/ खरिदार | प्रशासन | सा.प्र | रा.प.अनं द्वि./पाचौ | १६ | १० | | ६ | |
| ४० | फरेष्टर | वन | ज.फ. | स.पाचौ. | ३० | २६ | | ४ | संघ (पुल) वाट कामकाज ८२ जना |
| ४१ | सह-लेखापाल | प्रशासन | लेखा | स.पाचौ. | २ | २ | | - | |
| ४२ | शिक्षक | विविध | - | रा.अनं. द्वि प्रा | ३ | - | | ३ | |
| ४३ | अपरेटर | विविध | - | रा.अनं. द्वि प्रा | ८ | ५ | | ३ | |
| ४४ | सुवेदार | विविध | - | रा.अनं. द्वि प्रा | ८ | - | | ८ | |
| ४५ | जमदार | विविध | | रा.अनं. द्वि . | १६ | १६ | | - | संघ (पुल) वाट कामकाज १३ जना |
| ४६ | हवल्दार | विविध | - | रा.अनं. तृतीय | ३४ | ८ | | २६ | |
| ४७ | वन रक्षक | वन | ज.फ | श्रेणी विहीन | ४५६ | ३५८ | | ९८ | |
| ४८ | सशस्त्र वन रक्षक | विविध | - | श्रेणी विहीन | १३६ | ९ | ८२ | ४५ | |

| क्र.स. | पद | सेवा | समुह | श्रेणी/तह | कुल दरबन्दी संख्या | पदपूर्ति संख्या | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | | |
| ४९ | फरेस्ट गार्ड | वन | फ.रि. | श्रेणी विहीन | १ | १ | | - | |
| ५० | चौकिदार | विविध | - | श्रेणी विहीन | १४ | २ | १० | २ | |
| ५१ | हेल्पर | विविध | - | श्रेणी विहीन | ८ | | ४ | ४ | |
| ५२ | ह.स.चा. | प्रशासन | - | श्रेणी विहीन | ३४ | ९ | २३ | २ | |
| ५३ | कार्यालय सहयोगी | प्रशासन | - | श्रेणी विहीन | ७३ | २८ | ४४ | १ | |
| जम्माः- | | | | | १२३९ | ७८९ | १६७ | २८३ | |

**घरेलु तथा साना उद्योग विकास समितिहरु**

| क्र.स. | पद | सेवा | समुह | श्रेणी/तह | कुल दरबन्दी संख्या | पदपूर्ति संख्या | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | | |
| १ | उपनिर्देशक | प्रशासन/ प्रा. | - | आठौं | १ | | | १ | |
| २ | व. अधिकृत | प्रशासन/ प्रा./लेखा | - | सातौं | ३ | ३ | | | प्रदेश सरकारवाट सातौ तहको अधिकृत खटाईएको |
| ३ | शाखा अधिकृत प्रा.अधिकृत/लेखा अधिकृत | - | - | छैटौ | ४ | २ | | २ | प्रदेश सरकारवाट छैटौ तहको अधिकृत खटाईएको |
| ४ | प्रमुख शिक्षक/लेखापाल नायव सुव्वा | - | | पाँच | ८ | १ | | ७ | प्रदेश सरकारबाट १ जना सहायक पाचौ खटाईएको |
| ५ | खरिदार /शिक्षक/सह-लेखापाल | - | - | चौथो | ७ | २ | | ५ | समितिका २ जना अस्थायीरुपमा कार्यरत |
| ६ | मुखिया | प्राविधिक प्रशासन | | तिन | २ | १ | | १ | १ जना समितिको अस्थायी कार्यरत |
| ७ | का.स. | प्रशासन | - | श्रेणी विहीन | ११ | | १० | १ | |
| जम्मा | | | | | ३६ | ९ | १० | १७ | |

**पर्यटन डिभिजन कार्यालयतर्फ आर्थिक वर्ष ०७६।०७७ को लागि अस्थायी दरबन्दी**

| क्र.स. | पद | सेवा | समुह | श्रेणी/तह | अस्थायी दरबन्दी संख्या | पदपूर्ति संख्या | | रिक्त संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | |
| १ | उपसचिव | प्रशासन | सा.प्र | अधिकृत नवौं/दशौ | २ | - | - | २ |
| २ | अधिकृत | प्रशासन | सा.प्र | अधिकृत सातौ/आठौ | २ | २ | | |
| ३ | ईन्जिनियर | इन्जिनियरीङ | सिभिल इ. जनरल | अधिकृतस्तर सातौं/आठौं | २ | - | - | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | सव- ईन्जिनियर | इन्जिनियरीङ | सिभिल इ. जनरल | सहायकस्तर पाचौं/अ. छैटौ | २ | | | २ |
| ५ | सहायक अधिकृत | प्रशासन | सा.प्र | सहायक पाचौं/अ. छैटौं | २ | २ | - | - |
| ६ | लेखापाल/अधिकृत | प्रशासन | लेखा | सहायक पाचौं/छैटौं | २ | १ | - | १ |
| ७ | हलुका सवारी चालक | | | श्रेणी विहीन | २ | - | - | २ |
| ८ | कार्यालय सहयोगी | प्रशासन | सा.प्र | श्रेणी विहीन | २ | - | - | २ |
| जम्मा | | | | | १६ | ५ | | ११ |

यस आर्थिक वर्ष को लागि पर्यटन पूर्वाधार सम्वन्धी  कार्य गर्न इन्जिनियरहरुको अस्थायी दरबन्दी डिभिजन वन कार्यालयहरुमा रुपन्देही, पाल्पा, गुल्मी, दाङ(दाङ), वाँकेमा  सिभिल ईन्जिनियरिङ जनरल अधिकृतस्तर सातौं, ईन्जिनियर पद संख्या पाँच रहेको र डिभिजन वन कार्यालय कपिलवस्तु (क.व)/ प्यूठानमा सहायकस्तर पाचौं सव ईन्जिनियर पद संख्या दुई को अस्थायी दरबन्दी रहेकोले यस आर्थिक वर्षमा ईन्जिनियरिङ सेवाका कर्मचारीहरुको पदपूर्ति वा सरुवा नगरिने व्यवस्था भएको ।

## ९.८ सम्पादन भएका महत्वपूर्ण कार्यहरू

- उद्योग प्रशासनतर्फ चालु आर्थिक वर्षमा ६६७६ वटा नयाँ साना, लघु तथा घरेलु उद्योगहरु दर्ता भई सञ्चालनमा रहेका,
- २०७६ पुष १६ गते नेपाल भ्रमण वर्ष २०२० को प्रदेश नं. ५ का मुख्यमन्त्री मा. शंकर पोखरेलज्यूबाट बर्दियाको ठाकुरद्वाराबाट उद्घाटन गरिएको ।
- लुम्बिनी भ्रमण वर्ष २०७६ अन्तर्गत मासिक पुर्णिमा उत्सव, साहित्यिक गोष्ठी, मायादेवी मन्दिरमा दैनिक दीप प्रज्ज्वलन भइरहेको ।
- बोटानिकल गार्डेन, तुल्सीपुरमा निर्माण कार्य भइरहेको ।
- धारापानी क्षेत्रमा पार्क सहित भौतिक पूर्वाधार निर्माणको कार्य भइरहेको ।
- जगदीशपुर तालमा बहुउद्धेश्यीय भवन र चरा अवलोकन टावर निर्माणको चालु आर्थिक वर्षमा विनियोजित बजेट बरावरको कार्य सम्पन्न भएको ।
- मानसरोवरको प्रतिकात्मक स्थलसहित बोटानिकल गार्डेनको निर्माण कार्य शुरू गरिएको ।
- पाल्पाको श्रीनगरमा साँस्कृतिक डबली निर्माण कार्य जारी रहेको ।
- बाबा वर्दगोरियामा मन्दिर धर्मशाला संरक्षण कार्य सम्पन्न भएको ।
- दाङको चखौरामा संग्रहालय निर्माण कार्यक्रमको  ८० प्रतिशत कार्य सम्पन्न भएको ।
- वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ स्वीकृत भई सोही बमोजिम वार्षिक कार्यक्रमहरु सञ्चालन गरिएको,

- दिगो वन व्यवस्थापन मार्फत काठ तथा दाउरा उत्पादन गरी आपूर्तिलाई सहज बनाउने कार्य भइरहेको
- १४ वटा स्थानमा आकस्मिक पहिरो ब्यबस्थापन तथा नदी खोला नियन्त्रण गरिएको,
- १५ कि. मि. ग्रामीण सडकमा भू-संरक्षणका कार्यक्रम संचालन गरिएको,
- १६ वटा स्थानमा गल्छि, पहिरो तथा खहरे रोकथामका कृयाकलापहरु संचालन गरिएको,
- २० कि मि नदीको किनार तटबन्धन मार्फत व्यवस्थापन गरिएको,
- २० वटा संवेदनशील सहरी जलाधार क्षेत्र संरक्षण गरिएको,

## ९.९ तयार भएका ऐन नियमावली तथा कार्यविधिको विवरण

**ऐन :**

| क्र.स | प्रमाणीकरण भई लागू भएका |
|---|---|
| १. | प्रदेश नं. ५, औद्योगिक व्यवसाय ऐन, २०७५ |
| २. | प्रदेश नं. ५, प्रदेश पर्यटन ऐन, २०७५ |
| ३. | प्रदेश नं. ५, खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन २०७५ |
| ४. | साझेदारी ऐन, २०७६ |
| ५. | प्राइभेट फर्म दर्ता ऐन, २०७६ |
| | **प्रदेश सभामा दर्ता भएका विधेयक** |
| १. | वातावरण संरक्षण विधेयक २०७६ |
| | **मस्यौदा तयार भएका विधेयक** |
| १. | बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धमा बनेको विधेयक |
| २. | प्रदेश ललितकला प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्ने विधेयक |

**नियमावली :**

| क्र.स | प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत भई लागू भएका |
|---|---|
| १. | प्राइभेट फर्म दर्ता नियमावली ,२०७६ |
| | **मस्यौदा तयार भएका नियमावली** |
| १. | साझेदारी नियमावली |
| २. | होमस्टे संचालन नियमावली |
| ३. | औद्योगिक व्यवसाय नियमावली |
| ४. | वातावरण संरक्षण नियमावली |

**कार्यविधिः**

| क्र.स | स्वीकृत भई लागू भएका |
|---|---|
| १. | नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ |
| २. | वार्षिक कार्यक्रम संचालन कार्यविधि२०७६ |
| ३. | होमस्टेमा पुँजीगत अनुदान दिने सम्बन्धी कार्यविधि, २०७६ |
| | **मस्यौदा तयार भएका कार्यविधिः** |
| १. | सुपथ मुल्य पसल संचालन कार्यविधि |

## ९.१० वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण

| ब.ब.को बुदा नं. | बजेट तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ५७ | स्थानीय समुदायको संलग्नातामा ग्रामीण पर्यापर्यटन र होमस्टेको प्रवर्द्धन प्रोत्साहनका लागि आवश्यक रकम विनियोजन गरिएको । | होमस्टे प्रवर्द्धधनका लागि होमस्टे संचालन नियमावलीको मस्यौदा तयार भएको साथै होमस्टेमा पुँजीगत अनुदान दिने सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत भई सोही बमोजिम कार्य भइरहेको। |
| ५८ | वनस्पतिको संरक्षण गर्दै सहरी हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले उपयुक्त स्थानहरूमा वनस्पति उद्यान तथा पर्यटकीय पार्कहरू निर्माण गरिनेछ । | तुल्सीपुरमा बोटानिकल गार्डेन, घोराहीमा वहुउदेश्यिय पार्क, बाँके, रूपन्देही र पाल्पामा वनस्पति उद्यान निर्माणको कार्य भैरहेको। |
| ६१ | भ्रमण वर्ष २०२० मा प्रदेशका पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन गर्ने उद्देश्य अनुरूप जिल्ला स्तरिय समिति गठन गर्ने व्यवस्था, लुम्बिनी विश्वविद्यालयको सहकार्यमा अन्तराष्ट्रिय बुद्धिष्ट कला साहित्य सम्मेलन गर्ने | नेपाल भ्रमण वर्ष २०२० लाइ सफल पार्न जिल्ला पर्यटन प्रवर्धन समिति गठन भई विभिन्न कार्यक्रमहरू संचालन भइरहेको । लुम्बिनीमा अन्तराष्ट्रिय बुद्धिष्ट कला साहित्य मेला संचालन गरिएको । |
| ६२ | पाल्पाको श्रीनगर र नुवाकोट, बर्दियाको ठाकुरद्वारा र दाङको घोरदौरामा निर्माणको प्रक्रियामा रहेका सांस्कृतिक डवलीहरू समयमै निर्माण गरिने, | पाल्पाको श्रीनगरमा सांस्कृतिक डबलीको वहुवर्षीय ठेक्कामार्फत निर्माणको कार्य भइरहेको। पाल्पाको नुवाकोटमा सांस्कृतिक डबली निर्माणका लागि वहुवर्षीय ठेक्काको प्रक्रियामा रहेको। दाङको घोरदौरामा सांस्कृतिक डवली निर्माणको कार्य भइरहेको । |
| ६३ | प्रदेशमा नयाँ पर्यटकीय गन्तव्यको विकास गर्ने र पर्यटकको बसाइ अवधि लामो बनाउने नीति अनुरूप सम्राट अशोकले अशोक स्तम्भ गाडेका ऐतिहासिक स्थल निग्लिहवामा कनकमुनि बुद्ध र गोटिहवामा ऋकुच्छन्द वुद्धको प्रतिमा स्थापना गरिनेछ । दंगिशरणको राजधानी सुकौरामा दंगीशरणको र बल्डेङगढीमा वलिहाङको सालिक निर्माण गरिनेछ । | कनकमुनि वुद्ध र ऋकुच्छन्द वुद्धको मूर्ति निर्माणका लागि सूचना प्रकाशन गरी ठेक्का सदर भई सम्झौताको चरणमा रहेको। निग्लिहवा र गोटीहवामा उद्यान निर्माणका लागि स्थान छनोट भई डिजाइनको कार्य भइरहेको। दाङको सुकौरामा दंगिशरण राजाको सालिक निर्माण कार्य गर्न उपभोक्ता समितिसँग सम्झौता भई कार्य भइरहेको। वल्डेङगढीमा वलिहाङराजाको सालिक निर्माणका लागि सरोकारवालाहरूसँग छलफल गरी वलिहाङराजाको स्वरुप तयार भएको । |
| ६५ | प्रदेश भित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक एवं पर्यटकीय स्थलहरूको पहिचान गरी रोष्टर तयार गर्ने, विशिष्ट सामाजिक साँस्कृतिक क्षेत्र पहिचान गर्न, प्रदेश नं. ५ को पर्यटन ब्राण्ड तयार गर्ने, पर्यटन महोत्सव गर्ने, साथै ट्राभल्स मार्टको व्यवस्था गर्ने । | प्रदेश भित्रको ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थलहरुको अभिलेखीकरणको कार्य भइरहेको,प्रदेशको पर्यटन ब्राण्ड निर्माणका लागि सूचना प्रकाशन गरिएको र प्राप्त प्रस्तावहरूको मूल्यांकन कार्य भइरहेको। विभिन्न स्थानहरूमा पर्यटन महोत्सव संचालन गर्न सहयोग गरिएको। ट्राभल एसोसियसनसँग ट्राभल मार्ट संचालन गर्न छलफल भइरहेको । |
| ६६ | आगामी वर्षदेखि पहाडी जिल्लाहरूमा हिल स्टेसन निर्माणको | हिल स्टेसनको संभाव्यता अध्ययन कार्यको लागि |

| ब.ब.को बुदा नं. | बजेट तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | शुरूवात गरिनेछ । पर्यटकीय विकासको संभावनालाई दृष्टिगत गरी ती स्थलको पर्यटकीय विकासको गुरूयोजना तयार गरिनेछ । बाँकेमा निर्माण शुरू भएको मानसरोवरको आकृतिसहितको वहुउद्देश्यीय पार्क आगामी ३ वर्षभित्र निर्माण गर्ने गरी बजेटको व्यवस्था भएको छ । | सेवाप्रदायक छनोट भई सम्झौताको चरणमा रहेको । प्रदेश ५ को पर्यटन सम्बन्धी रणनीतिक गुरूयोजना निर्माणका लागि परामर्शदातासंस्थासँग प्राविधिक र आर्थिक प्रस्ताव माग गरी मूल्याङकनको चरणमा रहेको । बाँकेमा मानसरोवरको आकृतिसहितको बहुउद्देश्यीय पार्क निर्माणको प्रकृया अगाडि बढाइएको |
| ६७ | रूकुम पूर्वमा रहेका तातोपानीका मुहानहरू संरक्षण गरी स्वास्थ्य पर्यटन प्रवर्द्धन गरिनेछ ।स्थानीय कला, संस्कृति, ऐतिहासिक महत्व लगायतका विषयलाई समेटी पर्यटन प्रवर्द्धनका लागि पर्यटक गाईड तयार गरी पर्यटकको बसाइ अवधि लम्बाउने कार्यक्रम संचालन गरिनेछ । | रूकुम पुर्वका डिमुर गैरा,रल र सिस्ने गरी ३ ठाउँमा तातोपानीका मुहानहरू संरक्षणको लागि डि.पि.आर निर्माण गर्ने कार्य भइरहेको । पर्यटक गाइड तालिमको लागि पाठ्यक्रमको मस्यौदा तयार भई सहभागी छनोट भइरहेको । |
| ७० | उद्यम विकास कोष स्थापना गरी उद्योगको विकास र विस्तारका लागि घरेलु तथा साना उद्योगहरू मार्फत युवाहरूलाई स्वरोजगारका लागि प्रोत्साहित गरिनेछ। स्वदेशी कच्चा पदार्थ र स्वदेशी श्रम प्रयोग गरी संचालन गरिने उद्योगलाई सरल कर्जा र निश्चित प्रतिशतसम्म ब्याज अनुदान कार्यक्रम संचालन गरिनेछ । | उद्यम विकास कोष नियमावली र संचालन कार्यविधिको प्रारम्भिक मस्यौदा तयार भएको। |
| ७१ | कुमाल जातिको माटोको भाडा बनाउने व्यवसायको प्रवर्द्धन तथा आधुनिकीकरण गर्न र विपन्न, महिला, दलित, मुक्त कमैया, कम्लरी, माझी, कुमाल, हलिया तथा सीमान्तकृत वर्ग र समुदायहरू लक्षित उद्यमशील तथा सीप विकास तालिमहरू संचालन गर्न बजेटको व्यवस्था भएको । | अर्घाखाँची, गुल्मी र दाङमा कुमाल जातिको लागि माटोको भाँडा बनाउने तालिम तथा उद्योग स्थापना गर्ने कार्य भइरहेको । |
| ७२ | बुद्धकालीन र बुद्ध संस्कृतिमा आधारित कला र संस्कृतिलाई आर्थिक विकासको क्षेत्रका रूपमा अघि वढाउने गरी मूर्तिकला, काष्ठकला, ललितकला, चित्रकला लगायतका क्षेत्रमा दक्ष जनशक्ति विकास गरिनेछ । | बुद्धकालीन र वुद्ध संस्कृतिमा आधारित कला र संस्कृतिलाई आर्थिक विकासको क्षेत्रका रूपमा अघि वढाउने गरी सम्झौताको तयारी भएको । |
| ७४ | गुणस्तरीय वस्तुको आपूर्ति सुनिश्चित गर्न गुणस्तर परीक्षण र नियमित अनुगमनमा जोड दिइनेछ । उपोक्ताको हकहित संरक्षणका लागि जागरण अभियान संचालन गरिनेछ । उपभोग्य वस्तुहरूको गुणस्तर कायम गरी सर्वसुलभ आपूर्तिको व्यवस्था गरिनेछ । नेपाल आयल निगमसँगको सहकार्यमा ग्यास भण्डार र बोटलिङ प्लान्टको स्थापना गरिनेछ । | ८ जिल्लामा १६ पटक ४८८ वटा पसल अनुगमन गरी आवश्यक कारवाही गरिएको ,<br>१२ वटै जिल्लामा उपभोक्ता जागरण अभियान सञ्चान भइरहेको ।<br>खाद्य वस्तुको प्रयोगशाला बहुवर्षीय ठेक्का अन्तर्गत निर्माण भैरहेको । |
| ७५ | आर्थिक वर्ष २०७६/०७७ मा एक निर्वाचन क्षेत्र एक औद्योगिक ग्राम स्थापना गर्ने कार्यक्रम अघि वढाइएको छ | ११ वटा निर्वाचन क्षेत्रमा स्थापना हुने औद्योगिक ग्रामको डिपिआर संघिय मन्त्रालयमा पठाइएको र ३ वटा क्षेत्रको डिपिआर पठाउने चरणमा रहेको । |

| ब.ब.को बुदा नं. | बजेट तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १४४ | वनको वैज्ञानिक व्यबस्थापन र उपयोगको नीति लिइनेछ । जैविक विविधताको संरक्षण र सम्बर्द्धन गर्दै वन अतिक्रमण रोक्न प्रभावकारी कार्यक्रम संचालन गरिनेछ । अतिक्रमित वन क्षेत्र फिर्ता, डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रणका लागि समुदायसँग सहकार्य गरिनेछ । | प्रदेश भित्रका ८ वटा साझेदारी वन, २ वटा चक्ला वन र १०२ वटा सामुदायिक वनमा वैज्ञानिक वन व्यबस्थापन कार्ययोजना तयार भई कार्यान्वयन भइरहेको । वनपैदावार चोरीनिकासी, वन अतिक्रमण तथा अन्य वनजन्य अपराध रोक्नका लागि आवश्यक नियन्त्रणात्मक कार्य भइरहेको । |
| १४५ | वन तथा वातावरण संरक्षण अन्तर्गत वनको वहुउपयोग नीति अवलम्बन गर्दै खाली जग्गाहरूमा वृक्षारोपण गरिनेछ । साथै तीस हजार हेक्टर वनमा वैज्ञानिक वन व्यवस्थापन गरिनेछ । | वृक्षारोपण गर्नका लागि आवशयक पर्ने विरूवा उत्पादनको कार्य भइरहेको । ८ वटा साझेदारी वन व्यबस्थापन समुह , २ वटा चक्ला वन व्यवस्थापन र करिब १४६ वटा सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना लागू भई काठ उत्पादनमा वृद्धि भइरहेको ।वैज्ञानिक वन व्यवस्थापन लागू भएका साझेदारी वन र चक्ला वनबाट मात्र यस आर्थिक वर्षको हाल सम्ममा ७६५६२.१९ क्यू.फि.काठ र २४३.२५ चट्टा दाउरा उत्पादन भएको उत्पादन कार्य जारी रहेको । |
| १४७ | राष्ट्रिय निकुन्ज, संरक्षित र मध्यवर्ती क्षेत्र लगायत वन क्षेत्रको आसपासमा हुने मानव र वन्यजन्तुको द्वन्द्व न्युनीकरणका लागि समुदायको क्षमता अभिवृद्धि, सचेतनामुलक एवं उद्दार तथा राहतका कार्यक्रम संचालन गरिनेछ । | मानव र वन्यजन्तुको द्वन्द्व न्यूनीकरणका लागि बर्दियाको ठाकुरवावा न.पा.वार्ड न .६ को मानव वस्ती तथा निकुञ्जको विचमा ७६० मी लम्बाई रहेको पक्की पर्खाल निर्माणको कार्य भैरहेको ।राष्ट्रिय निकुञ्ज संग समन्वय गरी उद्दार तथा राहत वितरणका कार्यहरु भैरहेको ।डिभिजन वन कार्यालय बर्दियामा यस आर्थिक वर्षमा १३६८२७० राहत रकम उपलब्ध भएकोमा हालसम्म १२५९२७० संबन्धित ब्यात्तिलाई उपलब्ध गराइसकिएको । |
| १४८ | जडिवुटी तथा सुगन्धित वनस्पतिको संभाव्यता अध्ययन गरि प्रत्येक जिल्लामा जडिवुटी तथा सुगन्धित वनस्पतिको पकेट क्षेत्र कार्यक्रम संचालन गरिनेछ । | मन्त्रालयबाट जडिबुटी तथा सुगन्धित वनस्पतिको संभाव्यता अध्ययन कार्य भैरहेको, जिल्लामा जडिबुटी तथा सुगन्धित वनस्पतिको पकेट कार्यक्रम संचालन भैरहेको, दाङ, प्यूठान र रोल्पामा टिमुरको पकेट क्षेत्र र अर्घाखाँची र पाल्पामा तेजपातको पकेट क्षेत्रको रुपमा विरुवा उत्पादन तथा खेती विस्तारका कार्यहरु संचालन गरिएको |
| १५८ | हाम्रो भाषा हाम्रो संस्कृति, समुन्नत बनाएर गरौं उन्नति भन्ने नारालाइ सार्थक तुल्याउन प्रादेशिक साहित्य कला एकेडेमी स्थापना गरिनेछ । | प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को मस्यौदा तयार भएको । |
| १५९ | पाल्पा दरबारलाई प्रादेशिक संग्रहालयको रूपमा विकास गर्न | पाल्पा दरबार संग्रहालय, तानसेन पाल्पा, जीवराज |

| ब.ब.को बुदा नं. | बजेट तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | आवश्यक बजेटको व्यबस्था भएको र गुल्मीमा जीवराज आश्रित संग्रहालय, पाल्पामा मगर संग्रहालय र अन्य संग्रहालयहरूको सवलीकरण गर्न र सर्वोदय पुस्तकालय घोराही, दाङको पूर्वाधार निर्माणका लागि बजेटको व्यवस्था भएको । | आश्रित संग्रहालय गुल्मी र मगर संग्रहालय, पाल्पाको निर्माण कार्य जारी रहेको । |
| १६१ | भौतिक विकास निर्माणका कृयाकलापहरू संचालन गर्दा वातावरणमा पर्ने प्रभावको अध्ययन गरी प्रतिकुल प्रभाव न्युनीकरण गर्ने उपायहरूको अवलम्वन गर्न कानुनी व्यबस्था गरिनेछ । यातायातका साधनहरूबाट उत्सर्जन हुने धुवाँको मापन गरी नियमन शुरू गरिनेछ । वातावरणीय अवस्थाको आकलन गर्न वायु, जल, ध्वनी, माटोको प्रदुषण अवस्था र विषादीको प्रयोगलाइ शुन्य गर्न संभाव्यता अध्ययन गर्नका लागि आवश्यक रकम विनियोजन गरिनेछ । | १८ वटा उद्योगहरूको प्रारम्भिक वातावरणीय परिक्षण र ३७ वटा उद्योगहरूको कार्य सूची (ToR) स्वीकृत भएको। सवारी साधन धुवाँ मापन गर्ने यन्त्र खरिद प्रक्रियामा रहेको। वातावरणीय अध्ययन संबन्धी परामर्शदाता छनोट भई सम्झौताको चरणमा रहेको। शुन्य विषादी सम्बन्धी अध्ययनका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानसँग सहकार्य गरी सम्झौता गर्ने प्रक्रियामा रहेको । |
| १६२ | एकीकृत जलाधार व्यवस्थापनको अवधारणा बमोजिम वाढी, पहिरो, खहरे, गल्छी तथा नदी कटान नियन्त्रण गर्न, पानी मुहान संरक्षण गर्न र उपल्लो एवं तल्लो तटीय अन्तरसम्बन्धको विकास गरी जमिनको उर्वराशक्ति वृद्धि गर्ने उद्देश्यका साथ भू संरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । पोखरी निर्माण र संरक्षणको कामलाई प्रोत्साहन दिइनेछ । | भू तथा जलाधार व्यवस्थापन कार्यालय, पाल्पा र दाङबाट १२ वटै जिल्लामा आकस्मिक पहिरो व्यवस्थापन तथा नदी नियन्त्रण, ग्रामीण सडकसँग भू संरक्षण कार्यक्रम, गल्छी पहिरो तथा खहरे रोकथाम, पानी मुहान संरक्षण तथा पोखरी निर्माण कार्यक्रम संचालन भइरहेको । |

## तालिका नं. ९.२ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान (रू. हजारमा)

## वन वन्यजन्तु, जैविक विविधता संरक्षण कार्यक्रम

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | जैविक विविधता संरक्षण र प्रवर्धन (सुचना केन्द्र स्थापना,अभिलेखीकरण आदि ) | १५ | १४५०० | ४ | २८.५७ | ३३५८ | २३.१५ | १५ | १०० | १४५०० | १०० |
| २ | वन क्षेत्रबाट सृजना हुने रोजगारी संबन्धी अध्ययन गर्ने | १ | १००० | १ | २५ | ० | ० | १ | १०० | १००० | १०० |
| ३ | प्रदेश भित्रका सिमसार क्षेत्रहरूको अध्ययन गरी प्रतिवेदन तयार गर्ने | १ | २००० | १ | ५० | ६ | ० | १ | १०० | २००० | १०० |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ४ | प्रदेशमा मानव वन्यजन्तु द्वन्द्व र व्यबस्थापन संबन्धी अध्ययन गर्ने | १ | १००० | १ | १० | ० | ० | ० | ० | ० | ० |
| ५ | कर्मचारी सीप विकास तथा क्षमता अभिवृद्ध तालिम (वैज्ञानिक वन व्यबस्थापन, वन स्रोत सर्भक्षण, GIS, EIA/IEE, जलाधार व्यबस्थापन, वन्यजन्तु व्यबस्थापन तथा उद्दार, सेवाकालीन तालिम आदि) | ७ | ७४९७ | ४ | ५७ | १६०० | २१.३४ | ७ | १०० | ७४९७ | १०० |
| ६ | विभिन्न दिवस/समारोह/प्रचार प्रसार आदि | १५ | १५००० | | ३० | ४२८१.१३ | २८.५४ | १५ | १०० | १५००० | १०० |
| ७ | वन, वातावरण, जलाधार, जडीवुटी तथा गैरकाष्ठ वनपैदावार संबन्धी कृयाकलाप संचालन र अनुगमन | १६ | ३५०० | १६ | ४५ | ३ | ०. | १६ | १०० | २१०० | १०० |
| ८ | वन व्यबस्थापन (रा.व, सा.व., क.व., धा.व. लगायतको कार्ययोजना तयारी, पुनरावलोकन, आइ इ इ, अनुगमन आदि) | १४ | ४२००० | १४ | ३० | ८५५१ | २०.३५ | १४ | १०० | ४२००० | १०० |
| ९ | वन संरक्षण (वन डढेलो रोकथाम तथा नियन्त्रण, वन अपराध नियन्त्रण, वन अतिक्रमण नियन्त्रण,चोरीनिकासी नियन्त्रण, वन्यजन्तु संरक्षण आदि) | १४ | २५००० | १४ | ३५ | ५७०४ | २२.८१ | १४ | १०० | २५००० | १०० |
| १० | कार्यक्रम (वार्षिक तथा अर्धवार्षिक योजना तर्जुमा तथा प्रगति समीक्षा गोष्ठी) | १ | ५०० | १ | १०० | ५०० | १०० | १ | १०० | ५०० | १०० |
| ११ | वन अनुसन्धान तथा सर्भेक्षणका लागि आवश्यक उपकरण, मेसिन (जि.पि.एस., भर्टेक्स, आदि) | ३ | ४५०० | ३ | ५० | २००० | ४४.४४ | 3 | १०० | ४५०० | १०० |
| १२ | सिमसार क्षेत्र संरक्षण, पोखरी निर्माण कार्यक्रम | ३५ | १४००० | ३ | ९ | १३९९.०४ | ९.९९ | ३२ | ९१.४२ | १२८०० | ९१.४२ |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १३ | सामुदायिक वन व्यबस्थापन | ३५ | १७५०० | ८ | २२.८५ | ४२२३ | २४.१३ | ३५ | १०० | १७५०० | १०० |
| १४ | सडक सौन्दर्यीकरण कार्यक्रम | १४ | १०५०० | १४ | २० | १७१७ | १८.३५ | १४ | १०० | १०५०० | १०० |
| १५ | वनमा आधारित उत्पादन कार्यक्रम (ढलापडा काठ दाउरा संकलन समेत) | | ७५०० | | | ४५५० | ६० | | १०० | ७५०० | १०० |
| १६ | चक्ला वन व्यबस्थापन | २ | २५००० | २ | ५० | ३८९० | १९.५६ | २ | १०० | २५००० | १०० |
| १७ | वृक्षारोपण कार्यक्रम (नर्सरी, विरूवा उत्पादन, वृक्षारोपण, निजी तथा कृषि वन आदि) | १४ | ६०००० | १४ | ४० | १८५३५ | ३०.८९ | १४ | १०० | ६०००० | १०० |
| १८ | साझेदारी वन व्यबस्थापन | ८ | ८५००० | ८ | ८० | ५५९७७ | ७० | ८ | १०० | ८५००० | १०० |
| १९ | मानव वन्यजन्तु द्वन्द व्यवस्थापन कार्यक्रम | २ | १०००० | २ | ३० | २३०० | २३ | २ | १०० | १०००० | १०० |
| २० | उच्च प्रविधियुक्त बहुउद्देश्य नर्सरी निर्माण | १ | १०००० | १ | २५ | १०० | ०.० | १ | १०० | १०००० | १०० |
| २१ | खाता जैविक मार्गमा वन्यजन्तु ओहोर दोहोर गर्ने सुरुङ/पुल निर्माणका लागी DPR तयार गर्ने | १ | १५०० | १ | २५ | ३८२ | २५ | १ | १०० | १५०० | १०० |
| २२ | वन,वातावरण,जैविक विविधता सम्बन्धी आवश्यक कानुन निर्माण | ३ | ५००० | १ | ३३ | २० | ०.४ | ३ | १०० | ५००० | १०० |

| | |
|---|---|
| वित्तीय प्रगति प्रतिशतः | ४०.७८ |
| भौतिक प्रगति प्रतिशतः | ६०.०० |

(स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

### तालिका नं. ९.३ जडीबुटी तथा गैरकाष्ठ वनपैदावार व्यवस्थापन कार्यक्रम

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | जडीवुटी तथा गैरकाष्ठ वनपैदावार व्यवस्थापन, व्यवसायीकरण संवन्धी अध्ययन, प्रचार प्रसार आदि | ३ | २२०० | ३ | ३० | ० | ० | २ | ६६ | १४०० | ६४ |
| २ | प्रवर्धन, उद्यम जडीवुटी तथा गैरकाष्ठ वनपैदावार विकास | १० | ६८०० | १० | ३५ | १२.३ | ०.१८ | १० | १०० | ३४०० | ५० |
| ३ | जडीवुटी, गैरकाष्ठ वनपैदावार व्यबस्थापन संबन्धी प्रशिक्षण, स्रोत सर्भेक्षण, उत्पादित वस्तुको व्यवसायीकरण, मुल्य अभिवृद्दि संवन्धी कृयाकलाप | १ | १००० | १ | ५० | ० | ० | १ | १०० | ५०० | ५० |
| ४ | जडीवुटी तथा गैरकाष्ठ वनपैदावार संरक्षण, व्यवस्थापन, व्यवसायीकरण सम्बन्धी क्रियाकलाप | १४ | २०००० | १४ | २० | ३९ | ० | १४ | १०० | २०००० | १०० |

| | |
|---|---|
| वित्तीय प्रगति प्रतिशतः | १९.०० |
| भौतिक प्रगति प्रतिशतः | ४०.०० |

(स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

### तालिका नं. ९.४ भू तथा जलाधार व्यवस्थापन कार्यक्रम

| ३२ | ५७. कृषि तथा पशुपंक्षी व्यवसायमा आकर्षणका लागि कृषि सहकारीहरुलाई परिचालन गरी कृषि बीमा तथा सुलभ कर्जाकार्यक्रम संचालन गरिनेछ।यसका लागि बैंक र बीमाकम्पनीहरुसँग सहकार्य गरिनेछ । | वाणिज्य बैंकहरुसंगको सहकार्यमा सञ्चालन हुने **सुलभकर्जा सहजीकरण कार्यक्रमको** सूचना प्रकाशन भएको। सहजकर्ता छनोटको अन्तिम चरणमा पुगेको। |
| ४६ | ५८. सहकारीमार्फत कृषकहरुको क्षमता वृद्धि गरी सेवाको मागगर्ने, योजना तयार पार्ने, बजारीकरण गर्न सक्षम बनाइनेछ ।साना सहकारीहरुको क्षमता बढाउन मर्जरको नीतिमा समेतजोड दिइनेछ । सहकारीहरुको क्षमता विकास र उत्पादनमा लाग्न सहयोग गर्ने उद्देश्यले सहकारी विकास कोष स्थापना गरी व्यवस्थित ढंगले सञ्चालन गरिनेछ । | सहकारी नियमावली स्वीकृतसँगै कोष परिचालन कार्यविधि तयार गरी **१५ करोडको सहकारी विकास कोष स्थापना** हुने। |

| ब.ब. बुँदा नं. | नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ५१ | ५९. सहकारी क्षेत्रको पुँजीलाई घरेलु तथा साना उद्योग, कृषिजन्यउत्पादन, पशुपंक्षी विकास, फलफूल उत्पादन जस्ता क्षेत्रमा प्राथमिकताकासाथ परिचालन गरी रोजगारी तथा स्वरोजगारी सिर्जना गर्दै उद्यमशीलताका माध्यमबाट गरिवी निवारणमा टेवा पुर्याउने नीतिलाई निरन्तरता दिइनेछ । | **सहकारी बजार निर्माण सहयोग कार्यक्रम, सहकारीबाट नविनतम सोचसहितका उत्पादन तथा रोजगारी प्रवर्द्धन** कार्यक्रम संचालनका लागि अनुदानग्राहीको छनोट प्रक्रिया सम्पन्न भएको। |

## तालिका नं. १०.२ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान

***(रु.लाखमा)***

| क.सं. | मुख्य कार्यक्रमहरु | वार्षिक लक्ष्य | | | दोश्रो चौमासिक प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | स्मार्ट कृषि गाँउ कार्यक्रम | सङ्ख्या | ७६ | ३१५० | ७६ | १०० | ९६ | ३.०४ | ७६ | १०० | ३०४२.२७ | ९६.५८ |
| ३ | सहकारीबाट नविनतम सोच सहितका उत्पादन तथा रोजगारी प्रवद्धन कार्यक्रम | जिल्ला | १२ | ५०० | १२ | १०० | ० | ० | १२ | १०० | ३५० | ७० |
| ४ | सहकारी बजार स्थापना कार्यक्रम | जिल्ला | ३ | १५० | ३ | १०० | ० | ० | ३ | १०० | १४७ | ९८ |
| ५ | स्थानीय तहको साझेदारीमा सार्बजनिक जग्गामा फलफुल तथा पुष्प बाटिका निर्माण | संख्या | १० | १०० | ८ | ८० | ० | ० | ८ | ८० | ८० | ८० |
| ६ | स्थानीय तहसंगको सहकार्यमा करार खेती कार्यक्रम(नयाँ) | हेक्टर | १००० | ३०० | ७०० | ७० | ० | ० | ७०० | ७० | २०० | ७० |
| ७ | भूमिहीन किसानका लागि करार खेती (क्रमागत) | हेक्टर | ३५९ | २०० | ३५९ | १०० | ० | ० | ३५९ | १०० | १५० | ७५ |
| ८ | गुठीको लागि संरचनात्मक सहयोग कार्यक्रम | पटक | ४ | २०० | २ | ५० | ० | ० | २ | ५० | ८० | ४० |
| ९ | नयाँ माछा पोखरी निर्माण | हेक्टर | ५७ | १७१ | ५७ | १०० | ० | ० | ५७ | १०० | १६२ | ९४.७ |
| १० | कृषि स्रोतकेन्द्र स्थापना | स्थान | ४ | २०० | ४ | १०० | ० | ० | ० | ० | ० | ० |
| ११ | स्थानीय तहसंगको सहकार्यमा चाक्लाबन्दी सहितको नमुना फार्म | पटक | २ | ५०० | २ | १०० | ० | ० | २ | १०० | २०० | ४० |

| क्र.सं. | मुख्य कार्यक्रमहरु | वार्षिक लक्ष्य | | | दोश्रो चौमासिक प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | खर्च बजेट % | परिमाण | परिमाण % | बजेट | खर्च बजेट % |
| | स्थापना कार्यक्रम | | | | | | | | | | | |
| १२ | स्रोत व्यक्ति विकासका लागि १०० युवा कार्यक्रम (हरित स्वयम सेवक) | पटक | २ | २०० | १ | ५० | ० | ० | १ | ५० | १०० | ५० |
| १३ | सहकारी मार्फत युवा/महिला उद्यमशिलता सहयोग कार्यक्रम(अन्य) | पटक | २ | ३०० | २ | १०० | ० | ० | ३ | १०० | १८५ | ६२ |
| १४ | मिसन कार्यक्रम (बङ्गुर, बाखा, लसुन/प्याज, कागती/सुन्तला | पटक | २६ | १८०० | २६ | १०० | ९.८९ | ०.४ | २६ | १०० | १४४० | ८० |
| १५ | कष्टम हायरिङ् सेन्टर स्थापना | पटक | १ | ६०० | १ | १०० | ० | ० | १ | १०० | ६०० | १०० |
| १६ | प्रोटेक्टड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम | पटक | १ | ४०० | १ | १०० | ० | ० | १ | १०० | २०० | ५० |
| १७ | कृषिजन्य वस्तुहरुको प्रशोधन उद्योग स्थापना तथा सुधार कार्यक्रम | पटक | १ | ४०० | १ | ५० | ० | ० | १ | ५० | २०० | ५० |
| १८ | स्थानीय तहको सहकार्यमा एकीकृत फर्म स्थापना | जिल्ला | १२ | २४० | १२ | १०० | ० | ० | १२ | १०० | १९२ | ८० |
| १९ | कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरुलाई उद्यमशिलता विकास अनुदान | पटक | २ | २५० | १ | १०० | ० | ० | १ | १०० | १५० | ६० |
| २० | शुलभकर्जा सहजीकरण कार्यक्रम | पटक | १ | १०० | ० | ० | ० | ० | १ | १०० | ६५ | ६५ |

*(श्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय)*

**नोटः कार्यक्रमहरु कार्यान्वयनको क्रममा रहेको र भुक्तानी प्रकृयामा नगइसकेकाले परिणाममा खर्च भएपनि बजेट खर्च नभएको।**

**तालिका नं. १०.३ गत आर्थिक वर्ष २०७५/७६ मा विनियोजित बजेट तथा २०७६ असार मसान्तसम्मको वित्तीय प्रगति विवरण** *(रु. हजारमा)*

| ब.उ.शी.नं. | बजेट शीर्षक | विनियोजित बजेट | असार मसान्तसम्मको | प्रतिशत |
|---|---|---|---|---|
| ७०५३२३११३ | चालु | ८९३०० | ४३२०० | ४८.३८ |
| ७०५३२३११४ | पुंजीगत | ५२६०० | ३११०० | ५९.१३ |

*(श्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय)*

**तालिका नं.-१०.४ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७७ असार मसान्तसम्मको खर्चको अनुमान**

*( रु. लाखमा )*

| ब.उ.शी.नं. | खर्च शीर्षक | विनियोजित बजेट | फागुन महिनासम्मको खर्च | प्रतिशत | असार मसान्तसम्मको अनुमानित खर्च % |
|---|---|---|---|---|---|
| साधारण (एकमुष्ठ) | चालु | ४६५६.८ | १९६६.०७ | ४२.२२ | ८२.६३ |
| | पुंजीगत | ११८६.६ | ५०७.१३ | ४२.७४ | |
| ३१२०००१२ | चालु | ३९२४.४ | २९.३२ | ०.७५ | ३६.२२ |
| ३१२०००१३ | चालु | ३५०० | ७९.१६ | २.२६ | ९६.५८ |
| ३१२०००१४ | चालु | ६४१.५ | ३२.५७ | ५.०८ | ८४.७ |
| ३१२०००१५ | चालु | ९१९.५ | ५६.३६ | ५.५३ | ६८.१५ |
| ३१२०००१५ | पुंजीगत | १०० | ० | ० | |
| ३१२०००१६ | चालु | २७९९.५ | ८२.१७ | २.९४ | ८५.४६ |
| ३१२०००१७ | चालु | २४६७ | ९.८९ | ०.४० | ९२.८३ |
| ३१२०००१८ | चालु | १५८७.६५ | १५१.४७ | ९.५४ | ५१.५८ |
| ३१२०००१९ | चालु | ६४९६.९० | | | ६७.८६ |
| ३१२०००१९ | पुंजीगत | ११४२.०० | १४९.५४ | १.९६ | |
| ३१२०००२० | चालु | २२०५ | ८.४५ | ०.३८ | ३३.१६ |
| ३१२०००२१ | चालु | ७८४.४८ | ९९.३३ | १२.६६ | ५९.९ |
| ३१२०००२२ | चालु | ५०६.५६ | १४२ | २८.०३ | ८१.६९ |

| ब.उ.शी.नं. | खर्च शीर्षक | विनियोजित बजेट | फागुन महिनासम्मको खर्च | प्रतिशत | असार मसान्तसम्मको अनुमानित खर्च % |
|---|---|---|---|---|---|
| ३१२००१२० | चालु | ७४९१ | २४.३४ | ०.३२ | ९२.१५ |
| **जम्मा** | | **४०४०८.८९** | **३३३७.८** | **८.२६** | **७४.४१** |

*(स्रोतः भू.व्य.कृ.स.म)*

## १०.११ राजस्व संकलनको विवरण

### १०.११.१ आर्थिक वर्ष २०७६/७७ मा प्रदेश राजस्व संकलन विवरण

**तालिका नं.- १०.५ आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्म राजस्व संकलन विवरण र २०७७ असार मसान्तसम्मको संशोधित अनुमान (रु. लाख)**

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत | असार मसान्तसम्मको संशोधित अनुमान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषि उत्पादन बिक्री | १२७.१५ | ७१.३३६५६ | ५६.१० | १३५.०५ | |
| २ | प्रशासनिक शुल्क | ८.८० | ४.८७७१ | ५५.४२ | ९.४० | |
| | **जम्मा** | **१३५.९५** | **७६.२१३६६** | **५६.०६** | **१४४.४५** | |

*(स्रोतः भू.व्य.कृ.स.म)*

## १०.१२ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण

- स्मार्ट कृषि गाउँ कार्यक्रममार्फत थप ८०० परिवार आवद्ध भई ५०० ले प्रत्यक्ष रोजगारी पाउने।
- युवा उद्यमशीलता तथा महिला सहकारीमार्फत सञ्चालित व्यवसायमा करिब २५० युवा तथा महिलाले कृषि फर्म सञ्चालन गर्ने।
- नवीनतम सोच सहितका कार्यक्रम तथा सहकारी बजार कार्यक्रमबाट ५०जना ले प्रत्यक्ष रोजगारी तथा २५०० सहकारीमा आवद्ध परिवार अप्रत्यक्ष लाभान्वित हुने।
- कृषि विकास कार्यक्रम तथा पशुपंक्षी विकास कार्यक्रममार्फत थप १२०० कृषकहरुले अनुदान मार्फत व्यव्साय शुरुवात तथा विस्तार गर्ने।
- अभियानमुखी (मिसन) कार्यक्रममार्फत कृषिमा आवद्ध थप २०० परिवार लाभान्वित हुने।
- हरित स्वयंसेवक परिचालनमार्फत १०० युवाहरु कृषि पेशामा आवद्ध भई रोजगार हुने।
- सुलभ कर्जा सहजीकरण तथा व्याजमा अनुदान कार्यक्रम मार्फत साना ठूला गरी ६०० उद्यमीलाई सहयोग पुग्ने तथा थप १२ जना ले स्थायी रोजगार पाउने।

- कृषिकर्मी  रोजगार कार्यक्रम मार्फत ५०० ले कृषिलाई रोजगारको रुपमा विकास गरिने।

## १०.१३ समस्या तथा चुनौतीहरु

- प्रयाप्त जनशक्तिको अभाव तथा कार्यालयहरुको भौतिक संरचना पुरानो भएकाले कार्यसम्पादनमा प्रभाव परेको ।
- चार कृषि ज्ञान केन्द्र तथा ६ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुको कार्यक्षेत्र २ जिल्ला भएकाले कार्यसम्पादनमा प्रभाव परेको।
- प्रदेशिक तथ्याङ्कहरु पूर्ण रुपमा अद्यावधिक भई नसकेकाले कार्यक्रम निर्माणमा जटिलता आइरहेको।

## १०.१४ समस्या समाधानका लागि चालिएका कदमहरु

- सुलभकर्जा सहजीकरण कार्यक्रम अन्तरगत एक जना सहजकर्ताको व्यवस्था हुने भएकाले कार्यालयगत कार्य गर्नका लागि केही सहयोग पुग्ने देखिएको।
- आवश्यकता तथा सम्भावना अनुसार कार्यालय सुदृढीकरणको प्रयासहरु भइरहेको।
- कार्यालय स्थापना नभएका जिल्लाहरुमा सम्पर्क कार्यालय व्यवस्थापन गरी कर्मचारी परिचालन गर्ने प्रयास भइरहेको।
- आगामी वर्ष पनि चालु आर्थिक वर्षका धेरै कार्यक्रमहरुले निरन्तरता पाउने हुनाले कार्यविधि निर्माणका लागि समय खर्च गर्नुपर्ने नदेखिएको।
- प्रादेशिक कृषि तथ्याङ्क संकलनका लागि कार्यक्रमहरु तय भएको।

## १०.१५ आगामी कार्यदिशा

- स्मार्ट कृषि गाउँ कार्यक्रमलाई सबै स्थानीय तहहरुमा विस्तार गर्ने तथा मिसन कार्यक्रमलाई वृहत बनाई  प्रदेशलाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने योजनाका साथ अगाडि बढ्ने।
- ब्याजमा अनुदान तथा सुलभ कर्जा सहजीकरण कार्यक्रमलाई प्राथमिकता साथ अगाडि लैजादै धेरै भन्दा धेरै किसानको पहुँचमा कृषि कार्यक्रम पुर्याउने।
- कृषकहरुलाई वर्गीकरण गरी गरीव किसानका लागि पोषण सुधार तथा कृषिकर्मी रोजगारी कार्यक्रम मार्फत खाद्य तथा पोषण सुरक्षा तथा रोजगारी उन्मुख कार्यक्रममा सहभागी गराउने, साना किसानहरुलाई सहकारीसँग जोडी व्यवसाय उन्मुख गराउने तथा कृषि ऋण उपलब्ध गराउने भने ठूला किसानलाई रोजगारी सिर्जना गर्न तथा सुलभ कर्जाको कार्यक्रम अगाडि बढाउने।
- प्रदेश अन्तरगत सबै जिल्लाहरुमा जिल्ला कार्यालयहरु स्थापना गरी सेवा सुसम्पन्न गराउने।
- स्थानीय तहहरुको समन्वय तथा सहकार्यमा करार खेती कार्यक्रमलाई विस्तार तथा व्यवस्थापन गरी खेती योग्य जमिनको सदुपयोग गर्ने।

- सहकारीहरु संस्थाहरुलाई विकास, प्रोत्साहन र प्रवर्द्धन गरी सबल तथा सक्षम बनाई कृषि रुपान्तरणको माध्यमको रुपमा परिचालन तथा आवश्यक नियमन गर्ने।
- कृषि मल र बीउको सहजता तथा आवश्यकता अनुसारको उपलब्धताको लागि सहजीकरण गर्ने।

## १०.१६ निष्कर्ष

वर्तमान परिप्रेक्षमा विश्वव्यापी माहामारीको रुपमा बढीरहेको कोरोना भाइरस रोग (COVID-१९) ले साना ठूला गरेर सबै खाले किसान वर्गहरु यस माहामारीबाट सिर्जित बन्दाबन्दी (Lockdown) को चपेटामा परेको अवस्था रहेको छ। एकातर्फ किसानहरुले खेत तथा बारीमा उत्पादन भएको कृषि उपजहरु बजारमा पुर्याउन नपाई सो उपजहरु नष्ट भइरहेको छ भने अर्कोतर्फ आवागमन र ढुवानीमा असहज भएको कारण किसानहरु समयमै बाली लगाउन नसक्ने अवस्थामा छन्।यसै गरी कोविड-१९ को विश्वव्यापी माहामारीको कारण भारत लगायत तेस्रो देशबाट समेत ठूलो सङ्ख्यामा युवाहरु गाँउ फर्किरहेका छन्। यस अवस्थामा कृषिकर्म गरिररेका किसानहरुलाई प्रोत्साहन गरी यस बन्दाबन्दीको अवस्थाबाट सिर्जना हुन सक्ने प्रभाव कम गर्नका साथै खाद्य तथा पोषण सुरक्षाका साथै रोजगारी सिर्जना गर्नका लागि तत्काल कोविड विशेष कार्यक्रम संचालन गर्न प्रस्ताव गरिएको छ।आ. व. २०७६।७७ सालमा संचालन हुने ठूला बजेटका केही कार्यक्रमहरुको सूचना प्रकाशन भई प्रस्ताव आव्हान गरेको तर विश्वव्यापी माहामारीको रुपमा आएको कोविड-१९ बाट सिर्जना भएको बन्दाबन्दीको कारण सूचनाको म्याद नपुग्दै प्रस्ताव संकलन रोक्नु परेको अवस्था रहेको छ। साथै जिल्लास्थित कार्यालयहरुबाट संचालन भइरहेका धेरैजसो कार्यक्रमहरुको फिल्ड प्रमाणीकरण, अनुदानग्राहीहरुको छनोट तथा सम्झौता प्रक्रिया भइसकेको छ।यस महामारीको अन्त्य लगत्तै आर्थिक भार सिर्जना भएका कार्यक्रम सुचारू रुपमा संचालन हुने र अपेक्षित रुपमा कार्यक्रम संचालन हुन सकेको खण्डमा मन्त्रालय तथा मातहतका कार्यालयहरुको कुल बजेटको ७५ प्रतिशत खर्च हुने देखिन्छ।

# परिच्छेद-११
# मुख्य न्यायाधिवक्ताको कार्यालय

## ११.१ पृष्ठभूमि

नेपालको संविधानको धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ । मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने व्यवस्था रहेको छ । मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुनेछ र संवैधानिक एवम् कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनुपर्नेछ । प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकिलबाट प्रदेश सरकारको प्रतिनिधित्व गरीने व्यवस्था गरेको छ । उक्त संवैधानिक व्यवस्था बमोजिम प्रदेश नं. ५ मा मिति २०७४ चैत्र २ गते मुख्य न्यायाधिवक्ताको नियुक्ति पश्चात् मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भई कार्य सञ्चालन भइरहेको छ ।

प्रदेश नं. ५ को **मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५** बमोजिम संविधानको धारा १६० मा उल्लखित काम, कर्तव्य, अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताले प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्या सम्वन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट वहस पैरवी गर्ने र प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने मुख्य कर्तव्य तोकिदिएको छ ।

## ११.२ दीर्घकालीन सोच

स्वच्छ, निष्पक्ष, न्यायपूर्ण समाजको निर्माण गरी कानुनी राज्यको अवधारणालाई व्यवहारमा लागू गर्नु ।

## ११.३ उद्देश्य

- व्यावसायिक कानुनी राय प्रदान गरी प्रदेश सरकार प्रतिको जनविश्वास बढाउने ।
- प्रभावकारी रुपमा प्रदेश सरकारको प्रतिरक्षा गर्ने तथा प्रदेश सरकारको तर्फबाट मुद्दा दायर गर्ने।
- लोकतान्त्रिक शासन प्रणालीको दिगो आधार न्यायको सुनिश्चितता प्रवर्द्धन गर्ने ।
- व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रुपमा स्थापना गर्ने ।

## ११.४ रणनीतिहरु

- प्रभावकारी प्रतिरक्षा एवम् मुद्दा दायर,

- व्यावसायिक कानुनी राय प्रदान गर्ने,
- पुस्तकालय व्यवस्थापन गर्ने,
- ऐन, नियम र कार्यविधि वनाउने कार्यमा प्रदेश सरकारका मन्त्रालय तथा अन्य कार्यालयलाई राय सुझाव दिने,
- हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण,
- आचार संहिता बनाउने,
- वार्षिक प्रतिवेदन तयार गर्ने,
- फैसलाको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने,
- जनशक्ति व्यवस्थापन गर्ने,
- मानव अधिकारको रक्षाका लागि आवश्यक कार्य गर्ने ।

## ११.५ कार्यक्षेत्र

संविधानले मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने र संवैधानिक एवम् कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने संवैधानिक जिम्मेवारी तोकेको छ।

मुख्य न्यायाधिवक्तालाई मुख्य न्यायाधिवक्ताको काम कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐनमा मूलतः सम्पादन गर्ने मुख्य कार्यहरु निम्न रहेका छनः-

- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकारको तर्फबाट वहस पैरवी गर्ने गराउने,
- प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,
- प्रदेशको मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने,
- प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,
- प्रदेश सरकार मातहत रहेका हिरासत तथा थुनुवा कक्षमा रहेका कैदिबन्दीहरु उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

- माथि उल्लेखित मुख्य कार्यहरु समेतका जिम्मेवारी प्रभावकारी रुपमा संपन्न गरी व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रुपमा स्थापना गर्नु ।

## ११.६ कानुनी तथा नीतिगत व्यवस्था

यस कार्यालयले ४.८.१ मा उल्लेखित नीति तथा कानूनको अतिरिक्त आफ्नो कार्य सम्पादनमा अवलम्बन गर्ने विशिष्ट नीति तथा कानूनहरु निम्नानुसार रहेका छन् ।

- मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५

## ११.७ संगठन संरचना तथा जनशक्ति

### ११.७.१ कार्यालयको संगठन संरचना




**तालिकानं.-११.१ दरबन्दी र पदपूर्तिको अवस्था**

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | पदपूर्ति संख्या | रिक्त दरबन्दी | कुल दरबन्दी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | उपन्यायाधिवक्ता | न्याय | सरकारी वकिल | रा.प.द्धितीय | १ | ० | १ |
| २ | शाखा अधिकृत | न्याय | सरकारी वकिल | रा.प.तृतीय | ३ | ० | ३ |
| ३ | नायव सुव्वा | प्रशासन | सामान्य प्रशासन | रा.प.अनं. प्र. | ० | २ | २ |
| ४ | कम्प्यूटर अपरेटर | विविध | | रा.प.अनं. प्र. | १ | ० | १ |
| ५ | लेखापाल | प्रशासन | लेखा | रा.प.अनं. प्र. | १ | ० | १ |
| १६ | ह.स.चा. | | | श्रेणीविहीन | १ | ० | १ |
| १७ | कार्यालय सहयोगी | | | श्रेणीविहीन | २ | ० | २ |
| | | | | **जम्मा** | **९** | **२** | **११** |

*(श्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय)*

साथै मुख्य न्यायाधिवक्ताको सुविधाका ह.स.चा. १ र का.स. १ पद पुर्ति रहेको ।

संगठन संरचना तथा कर्मचारीको पदपुर्तिको अवस्था हेर्दा संघीय निजामती सेवाको न्याय सेवा सरकारी वकिल समूहका एक जना उप न्यायाधिवक्ता, ३ जना कानुन अधिकृत रहने व्यवस्था छ भने अन्य कर्मचारी प्रदेश निजामती सेवा मा समायोजन भई आएका कर्मचारीहरु छन् ।

## ११.८ सम्पादन भएका महत्वपूर्ण कार्यहरु

**बहस एवं प्रतिरक्षा तर्फः**

- गत आ.व. बाट सरिआएका १३ वटा र यस आ.व.मा नयाँ दायर भएका २७ गरी जम्मा ४० बटा मुद्धाहरुप्रदेश सरकार र यस मातहतका निकायलाई विपक्षी बनाई सर्वाच्च अदालत,उच्च अदातल तुलसीपुर, बुटवल इजलास, जिल्ला अदालत रुपन्देही र उच्च अदालत तुलसीपुर इजलास,उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलास लगायतका निकायमा दर्ता भएका छन । जसमध्ये ४ वटा मुद्धाको रिट निवेदन खारेज, २ वटा तामेलीमा, ३ वटामा रिट जारी भएको छ भने बाँकी मुद्धाहरु चालु अवस्थामा छन।

**कार्यक्रम तर्फः**

- मिति २०७६/०५/०५ गते पाल्पा जिल्लामा कानून र न्यायका विषयमा स्थानीय तहका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन ।
- पाल्पा जिल्ला अन्तर्गतका १० वटा स्थानीय तहका न्यायिक समितिका संयोजक सहित सदस्यहरु महिला १६ जना र पूरुष १६ जनाले प्रत्यक्ष ज्ञान हासिल गर्नुभयो ।
- मिति २०७६/०६/१५ गते अर्घाखाँची जिल्लामा कानून र न्यायका विषयमा स्थानीय तहका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन ।
- उक्त कार्यक्रममा अर्घाखाँची जिल्ला स्थित ६ वटा स्थानीय तहका न्यायिक समिति संयोजक सहित २० जना पुरुष र ८ जना महिला सदस्यले सहभागिता जनाउनु भएको थियो ।
- मिति २०७६/०७/१ गते रुपन्देही जिल्लामा वैज्ञानिक अनुसन्धान र प्रभावकारी अभियोजन सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरिएको ।
- उक्त कार्यक्रममा अर्घाखाँची, गुल्मी, पाल्पा, कपिलबस्तु, नवलपरासी र रुपन्देही जिल्लाका सरकारी वकिलहरु तथा जिल्ला प्रहरी कार्यालय र मुद्दा चल्ने सम्पूर्ण इलाका कार्यालयहरुबाट एक/एक जना अनुसन्धानकर्ता प्रहरी अधिकृतहरुको सहभागिता रहेको थियो ।
- मिति २०७६/०७/०७ गते गुल्मी जिल्लामा कानून र न्यायका विषयमा स्थानीय तहका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन ।

- उक्त कार्यक्रममा गुल्मी जिल्ला अन्तर्गतका १२ वटा स्थानीय तहका न्यायिक समिति संयोजक सहित ४३ जनाले प्रत्यक्ष सहभागिता जनाउनु भएको थियो ।
- मिति २०७६/०८/१२ गते नवलपरासी जिल्ला स्थित महाकवी देवकोटा नमूना माध्यमिक विद्यालय सुनवलमा वाल न्याय सम्बन्धी सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम संचालन गरियो ।
- उक्त कार्यक्रममा महाकवी देवकोटा नमुना माध्यामिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत ७० जना विद्यार्थीहरुको सहभागिता रहेको थियो ।
- मिति २०७६/०८/१६ गते हिरासत तथा कारागार व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम दाङको घोराहीमा संचालन गरिएको ।
- उक्त कार्यक्रममा प्रदेश नं. ५ भित्रका १२ वटा जिल्ला स्थित सम्पूर्ण कारागार कार्यालयका प्रमुख तथा कारागार सुरक्षा व्यवस्थापनमा खटिएका सुरक्षा प्रमुखहरुको सहभागिता रहेको थियो ।
- मिति २०७६/०८/२४ गते प्यूठान जिल्लामा कानून र न्यायका विषयमा स्थानीय तहका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन ।
- उक्त कार्यक्रममा प्युठान जिल्ला भित्रका ९ वटा स्थानीय तहका न्यायिक समिति संयोजक तथा सदस्यहरुसहित २९ जनाले सहभागिता जनाउनु भएको थियो ।

## ११.९ वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण

छैन

**तालिका नं. ११.२ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान**

**(रु.हजारमा)**

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | अर्धवार्षिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १ | कानुन र न्यायका विषयमा स्थानीय तहका पदाधिकारीहरुसगँ छलफल एंव अन्तरक्रिया | ५ | ४०० | ४ | ८० | ३२० | १०० | ४ | ८० | ४०० | ८० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | अर्धवार्षिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| २ | बाल न्याय सम्बन्धी सरोकारवालासगँ कार्यशाला गोष्ठी | २ | २०० | १ | ५० | १०० | १०० | १ | ५० | २०० | ५० |
| ३ | रिट प्रतिरक्षा लिखित जवाफको स्तरियता एंव कानुनी राय विषयमा प्रभावकारिता विषयक गोष्ठी | ४ | ३२० | १ | २५ | २४० | ३३ | १ | २५ | ३२० | ३३ |
| ४ | वैज्ञानिक अनुसन्धान तथा प्रभावकारी अभियोजन सम्बन्धी प्रतिरक्षा कार्यक्रम | ४ | ४०० | १ | २५ | २०० | ५० | १ | २५ | २०० | ५० |
| ५ | मुख्य न्यायधवक्ता कार्यालयको प्रथम रणनीतिक योजना निमार्ण | १ | ३०० | ० | ० | ३०० | ० | ० | ० | ० | ० |
| ६ | हिरासत तथा कारागार व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २ | २०० | १ | ५० | १०० | १०० | १ | ५० | १०० | ५० |
| ७ | अन्तरप्रदेश स्तरीय अध्ययन अवलोकन तथा अनुभव आदानप्रदान कार्यक्रम | १ | ४०० | ० | ० | २०० | ० | ० | ० | ० | ० |
| ८ | प्रदेश अन्तगतका स्थानीय तहहरुद्धारा निर्मित सबै कानुनको संकलन,विश्लेषण,सुझाव र प्रकाशन | १ | ४०० | | | १०० | ८० | ० | ० | ० | ० |

*(श्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय )*

**तालिका नं.-११.३ आर्थिक वर्ष २०७५/७६ मा विनियोजित बजेटको वित्तीय प्रगति**

| ब.उ.शी.नं. | बजेट शीर्षक | मन्त्रालय / निकाय | खुद बजेट | असाढ मसान्त सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| ७०५२३२११३ | चालु | मुख्य न्यायाधिबक्ताको कार्यालय | १०४९२४१२ | ७०८७९३७ | ६७.५६ |
| ७०५२३२११४ | पुँजीगत | | १०००००००० | ८६००२२७.०० | ८६ |

*(श्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय)*

**तालिका नं. ११.४ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७७ असार मसान्तसम्मको खर्चको अनुमान**

*(रु. हजारमा)*

| ब.उ.शी.नं. | बजेट शीर्षक | विनियोजित बजेट | फागुन मसान्त सम्मको खर्च | प्रतिशत | असार मसान्तसम्मको अनुमानित खर्च % |
|---|---|---|---|---|---|
| २१६०००११३ | चालु | १५२६७ | ६३३३.३६ | ४१.४८ | ५० |
| २१६०००११४ | पुँजीगत | ७२६० | ५५८५.५५ | ७६.९४ | ८३.१३ |
| | जम्मा | २२५२७ | ११९१८.९१ | ५२.९० | ६६.५६ |

*(श्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय)*

## ११.१० राजश्व संकलनको विवरण

- यस कार्यालयले कुनै प्रकारको राजश्व संकलन सम्बन्धी कार्य नगर्ने ।

## ११.११ विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण

- यस कार्यालयले सम्पादन गर्ने क्रियाकलापले कुनै प्रकारको रोजगारी सिर्जना नगर्ने ।

## ११.१२ समस्या तथा चुनौतीहरु

- कार्यालयमा प्रयाप्त कोठाहरु नहुदा कार्यालयको कार्यसम्पादनमा जटिलता आएको ।
- कार्यालयको कार्यबोझ बढ्दै गरेकोले सरकारी वकिल तथा अन्य कर्मचारीहरुको दरबन्दी थप गर्नु ।
- बजेट अभावको कारणले मुद्धाको प्रतिरक्षाका लागि सर्वोच्च अदालत, काठमाडौ, उच्च अदालत तुलसीपुर इजलास, नेपालगञ्ज इजलास लगायतका अदालतमा उपस्थित हुन समस्या पर्ने गरेको ।

### ११.१३ समस्या समाधानका लागि चालिएका कदमहरु

- कार्यालयको विद्यमान सांगठनिक संरचनामा पुनरावलोकनको लागि यस कार्यालयबाट O&M सर्वेक्षण गरी सोको प्रतिवेदन आवश्यक पहल कदमीको लागि महान्यायाधिबक्ताको कार्यालय, काठमाडौमा पेश गरिएको ।
- कार्यालयको लागि छुट्टै भवन भाडामा लिने  बजेट माग गरिएको ।

### ११.१४ आगामी कार्यदिशा

- प्रदेश सरकार विरुद्धका मुद्धाहरुको प्रतिरक्षालाई प्रभावकारी बनाउने।
- कर्मचारीको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमका अवसरहरु प्रदान गर्ने।
- लिखित जवाफ, कानुनी राय लाई प्रभावकारी बनाउन सरोकारवाला निकायहरुसगँ प्रभावकारी समन्वय तथा अन्तरक्रियाहरु गर्ने।

### ११.१५ निष्कर्ष

नेपालको संविधानको भाग १२ धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ । मुख्य न्यायधिवक्ताको नियुक्ति सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने व्यवस्था रहेको छ।प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्या सम्वन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट वहस पैरवी गर्ने र प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने मुख्य कार्यक्षेत्र सहित मुख्य न्यायाधिबक्ताको कार्यालयको स्थापना गरिएको हो। **मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५**ले तोकिदिएको काम, कर्तव्य र अधिकारमा केन्द्रित भै यस कार्यालयले आफ्नो कामकारवाहीहरु संचालन गर्दै आएको छ ।यसका आगामी काम कारवाहीहरु स्वच्छ, निश्पक्ष, न्यायपूर्ण समाजको निर्माण गरी कानुनी राज्यको अवधारणालाई व्यवहारमा लागू गर्ने दिशामा केन्द्रित हुनेछन् ।

# परिच्छेद-१२
# प्रदेश योजना आयोग

## १२.१.पृष्ठभूमि

प्रदेश सरकारले लिएको दीर्घकालीन सोचलाई सार्थक बनाउनको लागि योजनावद्ध तरिकाले अगाडि बढ्ने उद्देश्यका साथ प्रदेश योजना आयोगको गठन भएको हो।सीमित स्रोत र साधनबाट असीमित आवश्यकतालाई पूरा गर्दै समृद्ध प्रदेश बनाउने दिशामा प्रदेश योजना आयोगले प्रथम आवधिक योजना तर्जुमा गरेको छ। यसका साथै आयोगले प्रदेश सरकारको दूरगामी सोच सहितको विकास अवधारणा तयार गर्ने, अवधारणा अनुसारको उद्देश्य तथा लक्ष्यहरु निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेशस्तरका महत्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवम् मूल्याङ्कन गरी प्राप्त सूचनाका आधारमा अध्ययन एवम् विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता बमोजिमको राय, सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने उद्देश्यका साथ विज्ञ संगठनको रुपमा प्रदेश योजना आयोगको गठन गरिएको हो।

## १२.२.दीर्घकालीन सोच

समृद्ध प्रदेश, खुसी जनताको सोचअनुसार प्रदेश विकासका लागि दूरगामी सोचसहितको विकास ढाँचा तयार

## १२.३.उद्देश्य

- आर्थिक विकासको निमित्त स्रोत र साधनहरुको पहिचान तथा व्यवस्थापन गर्नु
- प्रदेश विकासका सम्भाव्य क्षेत्रहरुको अध्ययन अनुसन्धान गर्नु
- नीति आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नु
- सरकारका विभिन्न तहहरुसँगको समन्वयबाट प्रभावकारी ढंगले कार्यक्रम संचालन हुने वातावरणको सिर्जना गर्नु

## १२.४.रणनीति

- आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा साथै खनिज व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयहरुका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरु सिफारिस गर्ने
- योजनाको विकास तथा कार्यान्वयको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक निर्माण गर्ने

- अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रिया अवलम्वन
- प्रदेशको विकाससम्वन्धी नीति, योजना कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा प्रदेश सरकारका विभिन्न निकायहरुमा लागू गरी संस्थागत गराउने
- मूल्याङ्कनका मापदण्ड तयार गरी प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्ने र त्यसको आधारमा नीति तथा कार्यान्वयको तहमा गर्नुपर्ने सुधारका सम्वन्धमा सुझाव दिने
- प्रदेश र स्थानीय तहको विकास सम्वन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय सहयोग गर्ने

### १२.५. कार्यक्षेत्र

प्रदेश योजना आयोगका कार्यक्षेत्र देहाय बमोजिम रहेका छन्

- दीर्घकालीन सोच,तथ्यपरक नीति तथा योजना तर्जुमा,
- अनुगमन तथा मूल्याङकन,
- तहगत समन्वय,
- अध्ययन,अनुसन्धान तथा अन्वेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह,सुझाव र सहयोग प्रदान गर्ने।

### १२.६. कानुनी तथा नीतिगत ब्यवस्था

प्रदेश योजना आयोग (गठन तथा कार्यसंचालन) आदेश,२०७४ जारी गरी प्रदेश योजना आयोग गठन भएको हो।प्रदेश सरकारको आ.व.२०७५/७६ नीति तथा कार्यक्रमको बुँदा नं.१६ मा प्रदेश योजना आयोग गठन भई प्रदेशको आवधिक योजना बनाउने कार्यमा क्रियाशील रहने बिषय उल्लेख छ।

### १२.७ संगठन संरचना र जनशक्ति विवरण

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश,२०७४ वमोजिम प्रदेश योजना आयोगमा माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा देहाय वमोजिमका पदाधिकारीहरु एवम् कर्मचारीहरु रहने व्यवस्था छ ।

## १२.७.१ संगठन संरचना

**प्रदेश योजना आयोगको संगठन संरचना देहाय अनुसार रहेको छ ।**



**तालिका नं.-१२.१ दरबन्दी र पदपूर्तिको अवस्था**

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रशासकीय प्रमुख | प्रशासन | सा.प्र. | अ. नवौं/दशौं | १ | १ | ० | |
| २ | सहायक प्र.प्रमुख | प्रशासन | सा.प्र. | अ.सातौं/आठौं | १ | १ | ० | |
| ३ | सहायक | प्रशासन | सा. प्र. | पाँचौ/अ.छैठौं | २ | २ | ० | |
| ४ | सह-लेखापाल | प्रशासन | लेखा | पाँचौ/अ.छैठौं | १ | १ | ० | |
| ५ | ह.स.चा. | | | श्रेणीविहीन | २ | २ | ० | २ जना करार |
| ६ | का.स. | | | श्रेणीविहीन | २ | १ | १ | १ जना करार |
| **जम्मा** | | | | | ९ | ९ | ९ | |

*श्रोतः प्रदेश योजना आयोग*

## १२.८ आर्थिक वर्ष २०७६/७७ फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु

**(क) "लुम्बिनी प्रादेशिक अस्पताल सुधार सुझाव उच्चस्तरीय समिति"** गठन भई अस्पतालको अल्पकालीन सुधारको लागि प्रारम्भिक प्रतिवेदन प्रदेश सरकारमा पेश गरिएको छ । दीर्घकालीन सुधारको लागि गुरुयोजना निर्माण प्रदेश सरकारसमक्ष पेश गरिएको छ। आगामी दिनमा सोही गुरुयोजना अनुसारको DPR तयार गर्ने गरी अस्पतालको काम अघि बढाइँदै छ ।

**(ख) दिगो विकास लक्ष्यको आधार तथ्याङ्क प्रकाशनः** संयुक्त राष्ट्र संघ विकास कार्यक्रम (UNDP)को आर्थिक सहयोगमा दिगो विकास लक्ष्यको आधार तथ्याङ्क (SDG Base Line Report) तयार गरी प्रकाशन गर्नुका साथै सार्वजनिकीकरण गरिएको छ ।

**(ग) पूर्वाधार विकास प्राधिकरणः** यस प्रदेशको समग्र भौतिक पूर्वाधर विकासको लागि पूर्वाधार विकास प्राधिकरण स्थापनाका गर्ने कार्यको लागि प्रदेश योजना आयोगबाट मस्यौदा तयारी गरी प्रदेश सरकारद्वारा प्राधिकरण गठन तथा सञ्चालनको आदेश स्वीकृत भई उक्त प्राधिकरण गठन गरिएको छ ।

**(घ) विकासमा समन्वयका लागि प्रदेशमा कार्यरत गैससहरुसँग अन्तरक्रियाः** प्रदेश योजना आयोगले प्रदेश नं. ५ भित्र क्रियाशील गैर सरकारी तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसँग प्रदेश सरकारले लिएका लक्ष्य

तथा उद्देश्यहरुलाई पूरा गर्न प्रदेश सरकारसँग समन्वय गरी आफ्ना कार्यक्रमहरु सञ्चालन गर्न अनुरोध गर्दै विभिन्न छलफल, गोष्ठी तथा अन्तरक्रियाहरु सञ्चालन गरेको छ ।राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुसँग भएको छलफल तथा अन्तरक्रियाको मिति देहाय वमोजिम रहेको छ ।

- UNDP नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा तयार गरिएको दिगो विकास आधार तथ्याङ्क प्रतिवेदन (SDG's Base Line Report) मिति २०७६ साउन १० गते माननीय मुख्यमन्त्री शंकर पोखरेलज्यूद्वारा सार्वजनिक गरिएको ।
- UNICEF नेपालले सन् २०१९/२० मा प्रदेशभित्र सञ्चालन गर्ने कार्यक्रमहरुको बारेमा मिति २०७६ साउन २१ गते सार्वजनिकीकरण गरेको ।
- प्रदेशभित्र कार्यक्षेत्र भएका गैससहरुसँग माननीय मुख्यमन्त्रीज्यूको समुपस्थितिमा मिति २०७६ साउन २९ गते छलफल तथा अन्तरक्रिया गरिएको ।

**(ङ) मित्र राष्ट्र चीनको सिचुआन प्रान्तसँग भगिनी सम्वन्ध स्थापनामा आयोगको सहभागिताः** जनवादी गणतन्त्र चीनको सिचुवान प्रान्तसँग प्रदेश नं. ५ सरकारको भगिनी सम्वन्ध स्थापना कार्यमा आयोगका सदस्य डा.बिष्णु प्रसाद गौतमले मिति २०७६ आश्विन महिनामा माननीय मुख्यमन्त्रीज्यूको नेतृत्वमा सो प्रान्तको भ्रमण गरी प्रदेश सरकारको उक्त कार्यमा सहयोग गर्नुभएको छ ।

**(च) मापदण्ड निर्माणः**

- चालु आ.व.२०७६/७७ मा प्रदेश योजना आयोगले **"बहुवर्षीय आयोजना स्वीकृति तथा ठेक्का बन्दोवस्त सम्वन्धी मापदण्ड,२०७६"** निर्माण गरी प्रदेश सरकारबाट स्वीकृत भैसकेको छ र उक्त मापदणड वमोजिम बहुवर्षीय आयोजनाहरुको स्वीकृति दिने काम सुरु भएको छ । हालसम्म ११ (एघार) वटा परियोजना तथा कार्यक्रमको स्वीकृति प्रदान गरिसकिएको छ ।
- निश्चित मापदण्डमा आधारित रहेर मात्रै प्रदेश गौरवका आयोजना छनोट र कार्यान्वयन गर्नका लागि प्रदेश योजना आयोगले **"प्रदेश गौरवका आयोजना निर्धारण सम्वन्धी मापदण्ड,२०७६"** तयार गरेको छ।उक्त मापदण्ड मन्त्रिपरिषद्को बैठकले पारित गरेको छ।

**(छ) लुम्बिनी प्रादेशिक अस्पतालको गुरुयोजनाः**

- लुम्बिनी प्रादेशिक अस्पताललाई विशिष्टीकृत अस्पतालको रुपमा विकास गर्न गुरुयोजना तयारीको लागि परामर्शदाता (Consultant) सँग सम्झौता भई गुरुयोजनाको काम अगाडि बढीसकेको छ ।

**(ज) परियोजना बैंकः**

- योजनामा आधारित रहेर प्रदेशको विकास गर्दै प्रदेशको समृद्धि र जनताको खुसी हासिल गर्नको लागि रूपान्तरणकारी तथा प्रतिफलमुखी आयोजनाहरू छनोट गरी कार्यान्वयन गर्दै लैजानुपर्ने हुन्छ। प्रथम आवधिक योजनाले तय गरेका लक्ष्यहरू हासिल गर्नका लागि प्रदेशमा गर्नुपर्ने कुल लगानीको करिब ६२% लगानी निजी क्षेत्रबाट हुने अनुमान गरिएको छ । सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरु समेत हासिल गर्नका लागि प्रदेश सरकारलाई उपलव्ध सीमित वित्तीय स्रोतलाई प्रभावकारी हिसाबले लगानी गर्नु वाञ्छनीय हुन्छ । प्रदेश सरकारले कृषि, उद्योग र पर्यटनलाई प्रदेश समृद्धिको आधारको रुपमा लिएको छ भने यी आधारहरुको परिचालन गर्नको लागि भौतिक पूर्वाधारको विकासलाई महत्वपूर्ण रणनीतिको रुपमा लिइएको छ । यी लगायत योजनाबद्ध विकासको माध्यमद्वारा मानवीय आवश्यकताहरु पूरा गर्नको लागि विपद् व्यवस्थापन तथा वातावरणको संरक्षण गर्दै गुणस्तरीय सेवाप्रवाह गर्ने रणनीतिहरु लिइएको छ ।
- प्रदेश योजना आयोग अन्तर्गत ५ जना प्रविधिकहरुको सेवा करार गरी एक परियोजना बैंक कार्यदल बनाएर परियोजना बैंक निर्माणका लागि पूर्व सम्भाव्यता अध्ययन शुरु गरिएको छ। २० वटा परियोजनाको प्रतिवेदन तयार गर्ने लक्ष्य राखिएकोमा ५ वटाको सम्पन्न भइसकेको छ।बन्दा बन्दीको कारण परियोजना बैंकको काममा ठूलो असर गरेको छ तापनि अनलाईन माध्यमको प्रयोग गर्दै प्रतिवेदनहरु निर्माणको काम जारी छ।यस आ.व.को अन्त्यसम्म १० वटा परियोजनाको प्रतिवेदन तयार हुने अपेक्षा छ।

**(झ) स्थानीय तहहरुको आवधिक योजना निर्माणः**

- प्रदेशभित्रका स्थानीय तहहरुको आवधिक योजना निर्माणमा सहयोग गर्ने उद्देश्यले मिति २०७६ साल मंसीर महिनामा प्युठान जिल्लाका आवधिक योजना निर्माण नगरेका स्थानीय तहहरुसँग १ (एक) दिने अन्तरक्रिया कार्यक्रम गरिएको थियो। वर्तमानको अवस्था देखिने तथ्याङ्क नै आवधिक योजनाको मुख्य आधार भएकाले मिति २०७६ साल पुस २२ र २३ गते दाङको भालुवाङमा रोल्पा, दाङ, प्युठान, बाँके र बर्दियाका स्थानीय तहहरुसँग, मिति २०७६ साल पुस २५ र २६ गते बुटवलमा रुपन्देही, कपिलवस्तु र नवलपरासी पश्चिमका स्थानीय तहहरुसँग, मिति २०७६ साल पुस २७ र २८ गते गुल्मीको रिडीमा पाल्पा, गुल्मी, अर्घाखाँची र रुकुम पूर्वका स्थानीय तहहरुसँग संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विकास गरिएको तथ्याङ्क संकलनमा प्रयोग हुने APP सम्वन्धी २/२ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । उक्त अभिमुखीकरण कार्यक्रमले स्थानीय तहहरुलाई

तथ्याङ्क संकलन सम्वन्धी कार्य र आवधिक योजना निर्माण कार्यमा सहयोग पुग्न जाने अपेक्षा प्रदेश योजना आयोगले लिएको छ ।

**(ञ) Wash Plan र खानेपानी संकल्प कार्ययोजना:**

- प्रदेश योजना आयोगले अघि सारेको अवधारणालाई मूर्त रुप दिन प्रदेश समन्वय परिषदमा तथा विभिन्न तहमा पटकपटक छलफल, अन्तरक्रिया गरिएको र हाल १०९ स्थानीय तहहरुको Wash Plan को Field Data Collection सम्बन्धित कार्य भइरहेको छ।

**(ट) अनुगमन तथा मूल्याङकन:**

प्रदेश योजना आयोगले प्रदेश सरकारबाट गत आ.व.२०७५/७६ मा सञ्चालन गरेका आयोजनाहरुको अनुगमन तथा सुपरिवेक्षणको कार्यको शुरुवात गरेको छ । अनुगमन गरिएका स्थानहरुको विवरण यस प्रकार रहेको छ ।

- उपाध्यक्षज्यूको नेतृत्वमा पाल्पाको रिब्दीकोट गाउँपालिकाले गत आ.व.२०७५/७६ मा सञ्चालन गरेको प्रदेश सरकारको सशर्त अनुदानबाट सञ्चालन गरेका बहुउद्देश्यीय सभाहल र खेल मैदान आयोजनाको अनुगमन मिति २०७६ साल मंसिर महिनामा गरिएको ।
- प्रदेश योजना आयोगका सदस्यज्यूहरु डा.बिष्णु प्रसाद गौतम र श्री पुष्पा भुसाल (लुईटेल) लगायत आयोगका कर्मचारीहरुको संयुक्त टोलीबाट दाङ, प्युठान र रोल्पा जिल्लाका केही स्थानहरुमा गत आ.व.२०७५/७६ मा प्रदेश सरकारका मन्त्रालयहरुद्वारा सञ्चालन गरिएका पूर्वाधार निर्माणअन्तर्गत सडक निर्माण र कृषि सम्वन्धी आयोगजनाहरु अन्तर्गत स्मार्ट कृषि गाउँ सम्वन्धी आयोजनाहरुको अनुगमन गरिएको छ भने आगामी दिनमा सञ्चालन गरिने केही योजनाहरु (सौर्य उर्जा उत्पादन, पर्यटन विकासमा सहयोग पुग्ने केही आयोजनाहरु) को लागि स्थान अवलोकनको कार्य समेत सम्पन्न गरिएको छ ।
- प्रदेश योजना आयोगका सदस्य डा.बिष्णु प्रसाद गौतमको नेतृत्वमा प्रविधिकहरुको टोलीले सेखुनिया ताल कपिलवस्तुको सिंचाई योजना (चालु) तथा कपिल अन्तर्राष्टय व्यापारिक केन्द्रको पूर्वसम्भाव्यता अध्ययनको प्रतिवेदन, रोल्पा-प्यूठानमा गई त्यहाँको भिंग्री बजारको शहरी विकास सम्भावना सम्बन्धी अध्ययनको प्रतिवेदन बुझाएको छ।
- प्रदेश योजना आयोगका सदस्यज्यूहरु डा. बिष्णु प्रसाद गौतम र श्री पुष्पा भुसाल (लुईटेल) लगायत प्राविधिक टोलीले पाल्पाको रामपूरको भौगोलिक अध्ययन तथा हिल स्टेशनको लागि उपयुक्त स्थानको सम्भावना अध्ययन तथा पाल्पाकै मादिको कृषि सम्भावनाको अध्ययन गरी प्रतिवेदन बुझाएको छ।
- यस्तै धेरै अध्ययनहरुको प्रतिवेदन तयारीका क्रममा रहेका छन्।

**(ठ) अन्य कार्यहरुः**

- विद्युत प्राधिकरण र उर्जा तथा जलस्रोत मन्त्रालय, AEPC सँग अन्तरक्रिया तथा प्रदेश योजना आयोगबाट प्रस्तुतीकरण भएको ।
- दाङको दंगीशरण गाउँपालिकाबाट पेश हुन आएको थारु साँस्कृतिक संग्रहालय सम्वन्धी DPRको विषयमा माग गरिएको राय प्रतिक्रिया दिइएको ।
- रामपुर-कपुरकोट सडक अन्तर्गत प्युठानको भिङ्ग्री-दाखाक्वाडी सडक खण्डको DPRसम्वन्धमा भौतिक पूर्वाधार विकास मन्त्रालयबाट माग गरिएकोमाआयोगबाट राय प्रदान गरिएको ।
- बुटवल-भैरहवा आसपासका सडक करिडोर सम्वन्धी अन्तरक्रिया कार्यक्रम GIZसँगको सहकार्यमा मिति २०७६ साल पुस २४ गते सम्पन्न भएको ।
- राष्ट्रिय योजना आयोगसँग सबै प्रदेशका योजना आयोगहरुसँग समन्वय तथा अन्तरक्रिया कार्यक्रम गरिएको ।
- नेपाल उद्योग परिसंघ (CNI)द्वारा आयोजित **"पूर्वाधार विकास सम्मेलन"** मा परियोजनाहरुको प्रस्ताव तथा स्टलराखी प्रदर्शनीमा सहभागिता जनाएको ।
- प्रदेशका सबै मन्त्रालयहरुका प्रवक्ताहरुसँग हरेक महिनाको ८ गते नियमित छलफल गर्ने कार्यको थालनी गरिएको ।
- मिति २०७६ साल साउनदेखि प्रदेश योजना आयोगले मासिक योजना बुलेटिनको प्रकाशन गर्न थालनी गरेको ।

## १२.९ कानुन निर्माणको अवस्था

**आ.व. २०७६/७७ को यस आयोगसँग सम्वन्धित विषयमा कानून निर्माणको अवस्था:**

- प्रदेश अनुगमन तथा मूल्याङकन दिग्दर्शन-२०७५
- बहुवर्षीय आयोजना स्वीकृति तथा ठेक्का सम्बन्धी मापदण्ड,२०७६

**तालिका नं. १२.२ स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान**

***(रु. हजारमा)***

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | स्थानीय तहको आवधिक योजना निर्माण सम्वन्धी अन्तरक्रिया, गोष्ठी, कार्यशाला। | ६८ | ५०० | ६८ | ६२.३८ | ५०० | ९५ | ६८ | ६२.३८ | ५०० | ९५ |
| २ | परियोजना बैंक निर्माण (पूर्व सम्भाव्यता अध्ययन)। | १५ | २९.५० | ४ | २६.६७ | ५०० | १६.९५ | १२ | ८० | १००० | ३० |

*श्रोतः प्रदेश योजना आयोग*

**तालिका नं.- १२.३ आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७७ असार मसान्तसम्मको खर्चको अनुमान**

| ब.उ.शी.नं. | बजेट शीर्षक | विनियोजित बजेट | फागुन मसान्त सम्मको खर्च | प्रतिशत | असार मसान्तसम्मको अनुमानित खर्च % |
|---|---|---|---|---|---|
| | चालु | १५००० | ५०८१.५६८ | ३३.८८% | ५० |
| | पुँजीगत | ५००० | ६८६.२४७ | १३.७२% | १०० |
| | जम्मा | २०००० | ५७६७ | ४७.५९% | |

*श्रोतः प्रदेश योजना आयोग*

## १२.१० विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारी विवरणः

यस आयोगले सञ्चालन गर्ने विकासे आयोजना नभएकोले रोजगारीको विवरण नभएको ।

## १२.११ समस्या तथा चुनौतीहरु

### चुनौती तथा अवसरहरु

प्रदेश योजना आयोगको आवश्यकता अनुसारको दरबन्दी तथा संगठन संरचना नभएकोले सो अनुसारको दरबन्दी तथा जनशक्ति प्राप्त गर्न चुनौतीको रुपमा रहेको छ भने प्रदेशको विकास र समृद्धिको लागि आवश्यक अध्ययन,विश्लेषण र अनुगमन अनुसन्धान गर्दै प्रदेशका सम्पूर्ण मन्त्रालय,कार्यालय तथा निकायहरुलाई समन्वय,सहजीकरण र मार्गनिर्देशन गरी प्रदेश सरकारका नीति कार्यक्रम बजेट तथा विकासका गतिविधिलाई व्यवस्थित र प्रभावकारी बनाउने अवसर छ।

## १२.१२ समस्या समाधानका लागि चालिएका कदमहरु

- कर्मचारी व्यवस्थापनका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा आग्रह गरिएको,
- आगामी आ.व.मा प्रदेश योजना आयोगका कामकारवाही अझ व्यवस्थित र प्रभावकारी बनाउन विभिन्न मापदण्ड र कार्यविधि तयार गरिएको छ।

## १२.१२ आगामी कार्यदिशा

- परियोजनाहरुको व्यवस्थित अध्ययन गर्नका लागि परियोजना बैकको निर्माण गरी कार्य भइरहेको,
- चौमासिक प्रगति समीक्षा हालसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा भइरहेकोमा आगामी आ.व.देखि प्रदेश योजना आयोगद्वारा सम्पन्न गर्ने कार्यक्रम तय भएको,
- प्रदेशलाई डिजिटल प्रदेशको दिशामा अघि बढाउन सूचना प्रविधि प्रतिष्ठानसँग सहकार्य र समन्वय गर्ने,
- स्नातकोत्तर अध्ययनरत छात्रछात्राहरुको लागि शोध अनुसन्धान वृत्ति(प्रदेश विकाससँग सम्बन्धित शीर्षकहरुमा)रु.१ लाख छात्रवृत्ति प्रदान गर्ने,
- GIS प्रणाली स्थापना र संचालन गर्ने,

## १२.१४ निष्कर्ष

प्रदेश योजना आयोग आ.व. २०७५/७६ सम्म अलग्गै निकायको रुपमा नभई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एउटा ईकाइको रुपमा रहेको थियो । गत आ.व.२०७६/७७ मा प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दोस्रो संशोधन पछि अलग्गै सचिवालयको स्थापना हुन पुगेको हो र प्रदेश योजना आयोग भर्खरै मात्र संस्थागत हुने कार्य भएको छ । गत आ.व.मा आयोगले स्थानीय तहको आवधिक योजना निर्माणमा सहयोग पुर्याउने उद्देश्यले आवधिक योजना निर्माण सम्बन्धी तालिम सञ्चालन गरेको थियो जसमा ६८ वटा पालिका सहभागी भएका थिए।यस्तै प्रदेशका परियोजनाहरु व्यवस्थित र प्रभावकारी होस् भन्ने उद्देश्यले परियोजना बैंक निर्माण भई यससम्बन्धी कार्य

अगाडि बढीरहेको छ। आगामी आ.व.२०७७/७८ देखि आयोगको काम कारवाही अझ प्रभावकारी एवं दक्ष भई प्रदेश सरकारको "समृद्ध प्रदेश,खुसी जनता" को सोच पूरा गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्रदेशको समग्र आर्थिक अनुशासन कायम गरी प्रदेश सरकारले गर्ने खर्च जुटाउन स्रोत व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी रहेको यस मन्त्रालयले स्थापना कालदेखि आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । हाल सम्म आ.व. २०७४/७५ को आंशिक तथा आ.व. २०७५/७६ र आ.व. २०७६/७७ समेत गरी तीनवटा बजेट तर्जुमा गरी प्रदेश संसदमा पेश गरी स्वीकृत गराइसकेको छ । विषयतग मन्त्रालयहरुलाई बजेट कार्यान्वयनमा सहजीकरण गर्नुका साथै नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँट र प्रदेश सरकारको तर्फबाट स्थानीय तहहरुमा अनुदान हस्तान्तरणसमेत गर्दै आएको छ । प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेको राजस्व संकलन र सोको बाँडफाँटको व्यवस्थापन समेत गर्ने गरेको छ । विषयगत मन्त्रालयहरुका विभिन्न बजेट कार्यान्वयन इकाइहरुको स्थापना भई साविकको भन्दा पुँजीगत खर्च बढ्दो क्रममा रहेको छ | यसका साथै अनुदान व्यवस्थापन र राजस्व बाँडफाँट तथा बजेट कार्यान्वयन सम्बन्धमा समय समयमा स्थानीय तहहरुसँगको समन्वय र सहकार्यले प्रदेश र स्थानीय तहहरुबीचको सम्बन्ध थप प्रगाढ बन्दै गएको छ । प्रदेशको समग्र विकासको लागि स्रोत साधन व्यवस्थापनका साथै विषयगत मन्त्रालयहरुको पुँजीगत खर्चमा बढोत्तरीका माध्यमबाट समृद्ध प्रदेश सुखी जनताको दीर्घकालीन लक्ष्य हासिल गर्ने दिशामा आयोग क्रियाशील रहँदै आएको छ ।

# परिच्छेद-१३

# निष्कर्ष र सुझाव

## १३.१ निष्कर्ष

नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणालीको अवधारणा अनुसार देशको सन्तुलित, समन्यायिक र द्रुत विकासको लागि प्रदेश तहका सरकारको महत्वपूर्ण भूमिका रहेको छ । तीन तहबीचको समन्वय, सहकारिता र सहअस्तित्वका आधारमा विकास निर्माण र सेवा प्रवाह गर्ने महत्वपूर्ण भूमिका रहेको प्रदेश तहमा यस अवधिसम्म आइपुग्दा संगठन संरचना तथा कानुन निर्माण, कर्मचारी समायोजन लगायतका काम सम्पन्न भएका छन् । प्रदेशको प्रथम पञ्चवर्षीय आवधिक योजना तर्जुमा भएको छ | दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण भएको छ । प्रदेश सरकारले प्रस्तुत गर्ने वार्षिक नीति कार्यक्रम तथा बजेट लगायतबाट प्रदेशले गर्नुपर्ने कामको स्पष्ट मार्गदर्शन प्राप्त भएको छ ।

आर्थिक वर्ष २०७६/७७ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमहरूको पूर्ण कार्यान्वयनको लागि मन्त्रालयहरु निरन्तर प्रयासरत रहेका छन । हाल सम्ममा विनियोजित बजेटमध्ये चालुतर्फ ३२.१० प्रतिशत र पुँजीगततर्फ ३०.५४ प्रतिशत रकम खर्च भइसकेको छ ।समग्रमा प्रदेशको हालसम्ममा ३१.३१ प्रतिशत रकम खर्च भइसकेको छ भने गत आ.व.को सोही अवधिमा चालुतर्फ १३.३३ प्रतिशत र पुँजीगततर्फ १८.०५ प्रतिशत रकम खर्च भई प्रदेशको १५.११ प्रतिशत रहेको थियो । यस आर्थिक वर्ष २०७६/७७ मा अघिल्लो आर्थिक वर्ष २०७५/७६ को सोही अवधिको तुलनामा १६.२० प्रतिशतले बढी रहनुले प्रदेशको कार्यसम्पादन थप प्रभावकारिता आएको देखिन्छ । पुँजीगत खर्चमा अपेक्षित लक्ष्य हासिल गर्न तथा खर्च प्रणालीमा वृद्धि गर्न बहुवर्षीय आयोजना छनोट गरी कार्यान्वयन प्रणाली थालिएको र सोको लागि बहुवर्षीय आयोजना स्वीकृति तथा ठेक्का सम्वन्धी मापदण्ड, २०७६ समेत प्रदेश सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ । दोस्रो चौमासिक सम्ममा धेरै कार्यक्रमहरूको अख्तियारी प्रदान गरिएको छ । प्रदेश सरकारबाट सम्पादन हुने कार्यलाई सूचना प्रविधिमैत्री बनाउने उद्देश्यले सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान स्थापना भइसकेको छ ।यसले प्रदेशको सेवा प्रवाह र विकास निर्माणका कार्यहरुलाइ थप सरलीकृत गर्नुका साथै समय र लागतमा समेत कमी आउने अपेक्षा गरिएको छ ।

तर यस प्रदेशमा विकास निर्माण र सेवा प्रवाहमा विभिन्न समस्याहरु नदेखिएका पनि होइनन् । जसले गर्दा आर्थिक वर्ष २०७६/७७ को दोस्रो चौमासिकसम्मको भौतिक एवम् वित्तीय प्रगति निर्धारित लक्ष्य अनुरुप हुन नसकेको देखिन्छ । विशेषतः दरबन्दी अनुसारको जनशक्ति उपलब्ध हुन नसक्नु र भर्खरै स्थापना भएको प्रदेश लोक सेवा आयोग कर्मचारी पदपूर्ति सम्बन्धी नीतिगत तथा संरचनागत तयारी चरणमै रहेकोले सो निकायबाट स्वीकृत संगठन संरचना र दरबन्दी अनुसारको जनशक्तिको पदपूर्तिका कार्यहरु अगाडि बढ्न सकेका छैनन् ।

तहगत सरकार र अन्तरमन्त्रालयका बीचमा समन्वयको कमीले गर्दा आयोजना तथा कार्यक्रमबीच दोहोरोपना रहनु, साझा अधिकारको विषयमा संघीय सरकारबाट कानुन नबन्दा प्रदेशले आफ्ना सबै कानुन निर्माण गर्न नसक्नु, कर्मचारीमा दक्षता एवम् प्राविधिक ज्ञानको अभाव, कार्यान्वयन गर्न नसकिने एवम् महत्वकांक्षी आयोजना तथा कार्यक्रममा बजेट विनियोजन हुनु प्रादेशिक तथ्याङ्कहरु पूर्ण रुपमा अद्यावधिक हुन नसकेको, प्रदेशको आफ्नो स्रोतको अभाव लगायतका समस्याका कारण अपेक्षित उपलब्धि हासिल हुन नसकेको यथार्थ हाम्रो सामु रहेको छ ।

## १३.२ सुझाव

माथि उल्लेख गरिएका समस्याहरुको समाधान गरी अपेक्षित उपलब्धि हासिल गर्न प्रदेश सरकारका निकायहरु र सो निकायमा कार्यरत जनशक्ति क्रियाशील रहेका छन् । कुशल राजनीतिक नेतृत्व र सक्षम तथा सबल प्रशासनिक संरचना नै यस प्रदेशको सबैभन्दा सवल पक्ष तथा अवसरको रुपमा रहेको छ । प्रदेशका सबै स्थानीय तहहरुसमेत सेवा प्रवाह र विकास निर्माणका कार्यमा अहोरात्र खटिरहेका छन् भने प्रदेश र स्थानीय तहहरुबीच असल सम्बन्ध स्थापित हुन पुगेको छ । यस प्रदेशमा विकास साझेदार संस्था तथा गैर सरकारी क्षेत्र को सहयोगको सम्भावना समेत रहेको छ । यस अवसरलाई उच्चतम प्रयोग गरी प्रदेशको हित अनुकुल परिचालन गर्न आवश्यक देखिन्छ । यसका साथै यस प्रतिवेदनमा उल्लेख गरिएका समस्याहरु समाधानार्थ निम्नानुसारका सुझावहरु अवलम्बन गर्न आवश्यक देखिएको छ ।

- तीन तहबीचको समन्वयको आधारमा मात्र आयोजना तथा कार्यक्रम निर्धारण गर्ने,
- बजेट तर्जुमा गर्दा स्पष्ट कार्यक्रम तथा आयोजना पहिचान गर्नुपर्ने,
- अन्तरमन्त्रालयगत र महाशाखागत समन्वय बढाउनुपर्ने,
- संघीय तहको कानुनहरु निर्माणको लागि आवश्यक पहल गर्ने
- आवश्यक कानुन तथा कार्यविधिहरु समयमै निर्माण गर्ने,
- प्रदेश लोक सेवा आयोगबाट कर्मचारीको पदपूर्ति गर्ने प्रकृयालाई अगाडि बढाउनुपर्ने,
- संगठनको आवश्यकता र कर्मचारीमा रहेको क्षमताबीचको कमी पहिचान गरी कर्मचारीलाई उपयुक्त तालिम दिने,
- सूचना प्रविधिको विकास र प्रयोग बढाउने,
- स्रोतको अभाव पूर्ति गर्न प्रदेश तहले राजस्वको दायरा बढाउने,
- तथ्यपरक र कार्यान्वयनयोग्य आयोजना तथा कार्यक्रम तर्जुमाका लागि विषयगत मन्त्रालय तथा मातहतका निकायहरुको विनियोजन दक्षता अभिवृद्धि गर्नु पर्ने ।